# ?kfGt/Of

**समाज अध्ययन**

*सम्पादक*

राजाराम गौतम

**शान्तिका लागि साझा अभियान**

**Collective Campaign for Peace (COCAP)**

# ?kfGt/Of

**समाज अध्ययन**

**ISSN: 1816-2592**

***रूपान्तरण : समाज अध्ययन*** नेपाली भाषामा प्रकाशित हुने अर्ध-प्राज्ञिक जर्नल हो । यो जर्नल वर्षमा दुई पटक काठमाडौंबाट प्रकाशित हुन्छ । शान्ति, लोकतन्त्र, मानव अधिकार र सामाजिक सुरक्षाको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था शान्तिका लागि साझा अभियान (COCAP) यसको प्रकाशक हो ।

यस जर्नलमा समाज विज्ञानसँग सम्बन्धित सबै किसिमका लेखहरू छापिनेछन् । यससम्बन्धी थप जानकारीको लागि पछाडि पानामा सम्पादकीय नीति हेर्नुहोला । लेखरचना तलको ठेगानामा पठाउन सकिने छ ।

**सर्वाधिकार** © : कोक्यापको लिखित स्वीकृतिबिना यस पुस्तकलाई पुनः उत्पादन गर्न पाइने छैन । तर गैरनाफामुखी उद्देश्यले नागरिकहितका लागि यस प्रकाशनका कुनै पनि अंक वा भाग कोक्याप र सम्बन्धित लेखकको नाम साभार गरी प्रयोग गर्न पाइने छ ।

**प्रकाशक**

**शान्तिका लागि साझा अभियान** (COCAP)

अनाम मार्ग, अनामनगर,

पोष्ट बक्स : १५१४२ केपीसी १०१०, काठमाडौं, नेपाल

फोन : ९७७-१-४२६५१४३/४२६०४९८, फ्याक्स : ९७७-१-४२६०४९८

E-mail : info@cocap.org.np Website : www.cocap.org.np

© **प्रकाशक**

**मूल्य** : रु. २००/-

**आवरण तस्वीर** : **नरेन्द्र श्रेष्ठ**

**आवरण डिजाइन तथा लेआउट** : दामोदर दवाडी

(**आवरण तस्वीरबारे** : पशुपतिनाथस्थित वृद्धाश्रमकी एक वृद्धा)

पूर्णाङ्क ७, वैशाख २०६८
?kfGt/Of
**समाज अध्ययन**

# विषयसूची

**लेखहरू**

◆ सामाजिक सुरक्षा : एक समाजशास्त्रीय विश्लेषण १
*होमराज दाहाल*

◆ नेपालमा सामाजिक सुरक्षाका चुनौती १५
*पूर्णचन्द्र भट्टराई*

◆ सबैका लागि सामाजिक सुरक्षा ३९
*विष्णु रिमाल*

◆ के नेपालले सामाजिक सुरक्षाको बढ्दो माग धान्न सक्ला ? ५७
*सिडी भट्ट*

◆ सामाजिक सुरक्षा : कानुनी व्यवस्था र आगामी सम्भावना ६७
*रमेश बडाल*

◆ पेन्सन प्रणाली : एक तुलनात्मक अवधारणा ८१
*गोर्डन एल क्लार्क*

◆ वृद्धवृद्धाका सामाजिक सुरक्षाका मुद्दा ९७
*डा. तारालाल श्रेष्ठ*

◆ अपांगता भएका नागरिकको सामाजिक सुरक्षा ११५
*ध्रुव सिम्खडा*

◆ सकारात्मक बाटोमा एकल महिलाका मुद्दा १३३
*लिली थापा*

◆ सामाजिक सुरक्षा र बालसंरक्षण अनुदान १४५
*विष्णुप्रसाद गौली*

# सामाजिक सुरक्षा : एक समाजशास्त्रीय विश्लेषण

**होमराज दाहाल**

## पृष्ठभूमि

सामाजिक सुरक्षाको अवधारणाको विकास लोककल्याणकारी राज्यको प्रादुर्भावसँगै भएको हो । द्वितीय विश्वयुद्धपछि सामाजिक न्याय र सामाजिक सेवाको लागि सरकारले कार्य गुर्नपर्दछ भन्ने बलियो लहर आयो । खासगरी स्वास्थ्य , शिक्षा, आय, आवास र व्यक्तिगत सेवाहरू राज्यले नागरिकलाई प्रदान गर्नुपर्ने भयो । राज्यले नागरिकको कल्याणकारी कार्यका लागि वस्तु र सेवाहरूको व्यवस्था गर्नु नै लोककल्याणकारी राज्यको दायित्व हुन आयो ।

पश्चिमी विकसित मुलुकहरूमा लोककल्याणकारी समाजको दह्रो व्यवस्थापन भइरहेको छ । समाजशास्त्रीय दृष्टिकोणहरू तीन प्रकारले विभाजित छन्-

१. प्रकार्यात्मक दृष्टिले कुरा गर्दा आधुनिक औधोगिक समाजमा द्वन्द्वहरू न्यूनीकरण गर्न र समाज सन्तुलित राख्न सामाजिक नीतिहरू लागू गरिनुपर्छ ।

२. मार्क्सवादी दर्शनअनुसार पुँजीवादी आर्थिक प्रणालीबाट प्राप्त हुने सुविधाहरूबाट नागरिकहरूले पुँजीवादी सामाजिक सम्बन्ध स्वीकार्ने हुँदा लोककल्याणबाट यो व्यवस्था टिकिराख्ने सम्भावना रहन्छ ।

३. मानव अधिकारको अवधारणाअनुसार उदार लोकतान्त्रिक समाजमा आरामपूर्वक सहभागी हुन नागरिकहरूलाई न्यूनतम लोककल्याणकारी सहयोग प्राप्त भएकै हुनुपर्छ ।



यसरी माथिका तीन भिन्न धारहरू समाजशास्त्रीय परिप्रेक्षमा देखिँदा के भन्न सकिन्छ भने समाजमा नियन्त्रण र सन्तुलन आवश्यक छ । लोककल्याणकारी लाभ प्राप्त गर्दै नागरिकहरू सरकारद्वारा नियन्त्रित र अनुशासित बनाएका हुन्छन् । तर मार्क्सवादीहरू यी प्राप्त व्यवस्थाहरू राजनीतिक श्रम आन्दोलनहरूबाट नै प्राप्त भएको विश्वास गर्दछन् । तसर्थ यो विचारले सामाजिक द्वन्द्वको समीकरण बनाउँछ जसले गर्दा मजदुर र मालिक दुवैले लाभ प्राप्त गरिरहेका हुन्छन् । महिलावादीहरू भने लोककल्याणका लागि महिलाहरूले अझै धेरै अधिकार प्राप्त गर्न बाँकी रहेको छ भनी मान्दछन् ।

सन् १९७० को दशकपछि विस्तारै आर्थिक उदारीकरण र विश्वव्यापीकरण सुरु हुँदै गएपछि लोककल्याणकारी राज्य र त्यसले दिने सामाजिक सुरक्षाको व्यवस्थामा पनि केही परिवर्तन देखिन थाले । शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रहरूमा सामुदायिक प्रणाली विकास गर्दै त्यसअन्तर्गत् जनताको सामाजिक सुरक्षाको विकास गर्ने नीति लिन थालियो । यसरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, निजी संस्थाहरू र सामुदायिक संस्थाहरूसँग साझेदारी गरी राज्यले सामाजिक सुरक्षाको भूमिका निर्वाह गर्ने नवीन मान्यता आएको छ । अन्तर्राष्ट्रिय प्रणालीमा यसले कमजोर वर्गलाई कसरी सुरक्षित बनाउने भन्ने गम्भीर बहस जारी छ ।

## सामाजिक सुरक्षा

सामाजिक नीतिका सम्बन्धमा समाजशास्त्रीहरूको ध्यान कम गएको हो कि भन्ने मत पनि देखिन्छन् । नीति-निर्माण भनेको राजनीतिक र न्यायिक क्षेत्रको कुरा हो, तसर्थ समाजशास्त्रमा यसको परिचर्चा कति आवश्यक छ ? भनी प्रश्न नउठेको होइन । तर इमिल दुर्खेम, म्याक्स वेबर र कार्ल मार्क्सले यथेष्ट रूपमा सामाजिक नीतिहरूका बारेमा छलफल गरिएकाले समाजशास्त्रमा यसको गम्भीर छलफल भएको छ पनि भनिएको छ । सामाजिक सेवा प्रदायक संस्था मूल रूपमा राज्य नै हो र राज्यले जनताको जीवनशैलीमा गुणात्मक सुधार ल्याउन जे जति सेवाहरू प्रदान गर्दछ त्यसले सामाजिक सुरक्षाको प्रबन्ध हुन्छ । साथै बालबच्चाहरू, वृद्धवृद्धाहरू र अपांगहरूका लागि कार्य गरिरहेका सामाजिक संस्थाहरूले प्रदान गरिरहेका सामाजिक सेवाहरूले पनि सामाजिक सुरक्षामा टेवा पुगेको हुन्छ । तर निजी क्षेत्रको विश्वव्यापी भूमिका भएको आजको बाह्रौं शताब्दीको सुरुमा निजी क्षेत्रको सामाजिक सेवा र उसको दायित्व टड्कारो रूपमा अपेक्षित भएको छ ।

लोककल्याणकारी राज्यले के कस्तो सामाजिक दायित्व पूरा गर्नुपर्दछ भनी समाजशास्त्रीहरूले दार्शनिक  मतहरू राख्ने गर्दछन् । सामाजिक सुरक्षा र गरिबीको

बीचमा के सम्बन्ध छ ? पुनर्वितरण प्रणाली कस्तो हुने र त्यसले समाजको कमजोर वर्गलाई कसरी फाइदा पुग्छ ? यस्ता प्रणालीगत र वैचारिक प्रश्नहरूको उत्तरको खोजी गर्नु सामाजिक सुरक्षासम्बन्धी विश्लेषणमा महत्व राख्दछ ।

## कार्ल मार्क्सका दृष्टिकोण

कार्ल मार्क्सको सम्पूर्ण सैद्धान्तिक विश्लेषण, राजनीतिक आन्दोलनहरू र जीवनी नै मानव समुदायको शोषणबाट मुक्ति, असमानता हटाउनु र सुरक्षित समाज निर्माण गर्नमा नै व्यतित भएको थियो । उनी सन् १८१८ मा जर्मनीमा जन्मिएका थिए । उनी दार्शनिक हेगलबाट प्रभावित भए पनि हेगेलप्रति आलोचनात्मक रहे । उनको भेट सन् १८४४ मा एङ्गेल्ससँग भयो । त्यसपछि दुवै मिलेर सन् १८४८ मा कम्युनिस्ट घोषाणपत्र प्रकाशित गरे । यो राजनीतिक दस्तावेज सम्पूर्ण रूपमा मजदुर, महिला, उपेक्षित र गरिब वर्गको उत्थानका लागि लेखिएको दस्तावेज थियो । त्यसपछिका मार्क्सका प्रकाशनहरू तिनै गरिब, मजदुरहरूको मुक्तिका लागि सैद्धान्तिक तवरले सामाजिक सुरक्षातर्फका लेखहरू निर्देशित छन् ।

कार्ल मार्क्स मानिसलाई एक सामाजिक प्राणी मात्र होइन, ऊ एक व्यक्तिको रूपमा पनि रहन सक्छ भनी मान्दथे । सामाजिक व्यवस्थाको अध्ययन र विश्लेषणको क्रममा मार्क्सले पुँजीवादी समाजको विश्लेषण गरे । पुँजीवादी संरचनामा श्रम विभाजनद्वारा शोषण गरिएको हुन्छ भन्ने उनको तर्क थियो । तसर्थ महिलाहरू, गरिबहरू र मजदुरहरू शोषित एवम् पीडित हुन्छन् । यस्तो व्यवस्थामा पुँजीपतिहरूकै सुरक्षा र समृद्धि हुन जान्छ । प्राचीन समाजमा पुरुषहरूद्वारा महिलाहरू र बालबालिकाहरूमाथि शोषण हुन्थ्यो । पुरुष शोषकको रूपमा रहन्थ्यो । सामाजिक, सांस्कृतिक परिवर्तनसँगै पुँजीवादसम्म आइपुग्दा पुँजीपतिद्वारा श्रमिकहरूसँग श्रम गर्ने समय किन्छन् र श्रमिकहरूले श्रमिकहरूको समय बेच्छन् । बाँच्नका लागि श्रमिकहरूले यो भन्दा अरू कुनै विकल्प पाउँदैनन् । यसरी श्रमिकले एउटा कुनै खास प्रविधिमा क्षमता विकास गर्दछ र त्यही सानो घेरामा ऊ जिउँदछ । उसका सम्पूर्ण मानवीय सम्भावनाहरूको विकास हुन पाउँदैन ।

पुँजीवादमा कृतिम रूपमा नै भए पनि व्यक्ति समुदायबाट टाढिन पुग्छ । आफ्नै बारेमा सोच्ने, संघर्ष गर्ने र अरूको वास्ता नगर्ने बन्दछन् । श्रमको प्रक्रिया विभाजन गरिन्छ । जसले गर्दा एकता वा एकीकरण हुन सक्दैन । उत्पादन प्रक्रियामा व्यक्तिमा क्षमताहरू न्यूनीकरण गरिँदै औजारको रूपमा सीमित पारिन्छन् । यसरी उत्पादित वस्तुको उत्पादन प्रक्रियामा व्यक्तिले सीमित योगदान गरेको हुन्छ । समष्टीगत रूपमा मजदुर आफ्नो उत्पादनबाट आफैँ टाढा हुन्छ । उत्पादित वस्तुमाथिको नियन्त्रण



मजदुर आफैँले गुमाउँछ र मानिस मानिसबाट तुच्छ मानिस बन्दछ । मानिस मेशिनको तुलनामा अति नै महत्वहीन एक भाग बन्दछ ।

पुँजीवादी अवस्थाको यस्तो दीनहीन अवस्थाको समाधान गर्नको लागि कार्ल मार्क्सले राजनीतिक निष्कर्ष निकाले । यी निष्कर्षहरूबाट नै सामाजिक सुरक्षा र मुक्ति सम्भब छ भन्ने उनको निष्कर्ष थियो । साम्यवादी समाजमा मात्र सर्वहारावर्गहरू सुरक्षित रहन सक्थे, क्षमताअनुसार कार्य गर्न सक्थे । साम्यवादमा जुनसुकै मानिस पनि आफ्नो इच्छा मुताविक जुनसुकै कार्य गर्न स्वतन्त्र हुन्छ । समाजले नै उत्पादनको नियन्त्रण लिएको हुन्छ । पुँजीपतिहरूको उत्पादनमा नियन्त्रण रहँदैन । मानिसहरूले आज एउटा कार्य गर्ने र भोलि अर्को कार्य गर्ने गर्न सक्छन् । बिहान सिकार खेल्ने, दिउँसो माछा मार्ने र साँझ बस्तुभाउको हेरचाह गर्न सक्छन् भने राति समालोचक वा लेखक बन्न सक्छन् । कार्ल मार्क्सका अनुसार एकै दिनमा एकै व्यक्ति सिकारी, माझी, गोठालो वा लेखक नभए तापनि ती सबै कामहरू गर्न सक्छन् समाजको सबै कुरामा नियन्त्रण रहेको हुन्छ । संक्षेपमा भन्नुपर्दा श्रमको विभाजनको समाप्ति भएको हुन्छ । साम्यवादमा सामाजिक, राजनीतिक र आर्थिक सुरक्षा हुन्छ । पुँजीवादको अन्त्यगरी साम्यवादको प्राप्ति भएपछि यी सबै कुराहरू सम्भव हुनेछन् ।

## इमिल दुर्खेमका दृष्टिकोण

इमिल दुर्खेमको जन्म सन् १८५८ मा फ्रान्समा भएको थियो । यिनी आजको युगमा परम्परावादी दार्शनिक मानिन सक्छन्, तर उनी त्यस समयमा उदारवादी र सुधारवादी मानिन्थे । उनी कार्ल मार्क्सजस्तो क्रान्तिकारी थिएनन् । उनी सामाजिक रोगहरू तत्कालीन फ्रेन्च समाजमा छन् र तिनीहरूको निदान आवश्यक छ भन्दथे । उनी आधुनिक समाजमा रहेको नैतिक मूल्य र मान्यताहरूको ह्रासप्रति चिन्तित थिए । उनले जनतालाई पागलपनयुक्त कार्यहरू बन्द गरी यथार्थ चिन्तनमा आउन आह्वान गरे ।

दुर्खेमका अनुसार समाजवाद भनेको नैतिक मूल्य र मान्यतामा आधारित वैज्ञानिक व्यवस्था हो र यो कुनै राजनीतिक लक्ष्य प्राप्त गर्ने साधन वा आर्थिक निर्धारणवाद होइन । उनी मार्क्सवादबाट आफूलाई अलग राख्थे । उनी बन्द, हडताल र हिंसाका विरुद्धमा थिए । सर्वहारा वर्ग नै क्रान्तिका प्रमुख कर्ता हुन् भन्ने उनमा विश्वास थिएन । वैज्ञानिक समाजशास्त्र प्रयोग गरेर नैतिक सिद्धान्तहरूको अबलम्बन गर्नु नै समाजवाद हो भन्ने उनको मान्यता थियो ।

दुर्खेमका अनुसार समाजवादलाई जीवित राख्न समाजमा केही आवश्यकताहरू पूर्ति गर्नुपर्दछ । यसरी आवश्यकता पूरा गर्न समाजका संरचनाहरूले काम गर्नुपर्छ ।

जसरी प्राणीहरू जीवित रहन उसका अंगहरूले क्रियाशील भएर कार्यहरू गर्दछन्, त्यसरी नै समाजलाई व्यवस्थित र निरन्तर रूपमा सञ्चालन गर्न समाजका इकाईहरू, परिवार, समूह, धर्म, राजनीतिक संस्थाहरू, आर्थिक संस्थाहरू र नातेदारी आदिले निरन्तर रूपमा आ-आफ्नो काम गरिरहनुपर्छ । समाज एवम् सांस्कृतिक इकाईहरूले बिनाकारण कार्य गर्दैनन् । जब कार्य हुँदैन भने त्यसको परिणाम पनि हुँदैन । त्यसकारण समाजका इकाईहरूले गर्ने कार्य नै समाजका आवश्यकता पूरा गर्नु हो । उदाहरणका लागि दण्डको कारण अपराध हो र दण्डको कार्य अपराध रोक्नु हो । यदि अपराध भएन भने दण्डको आवश्यकता नै पर्दैन । त्यस्तै परिवारको महत्वपूर्ण कार्यहरू भनेको बालबच्चाको लालन-पालन, हेरचाह र जीविकोपार्जनमा आवश्यकता पूरा गर्नु हो । माया-ममता दिनु, मनोरञ्जन र सुरक्षा दिनु हो । यसले गर्दा परिवारमा हामीको भावना जागृत गर्दै एकताबद्ध रूपमा संगठित बनाएर राख्दछ । यदि परिवारले यी मूलभूत कार्यहरू गर्न सकेन भने परिवारमा अनेक विकृति देखिन्छन् र परिवार नै तहसनहस हुन्छ । त्यस्तै राष्ट्रका पनि समाजप्रति कर्तव्यहरू छन्, राष्ट्र वा राज्यले नागरिकका जिउ-धनको सुरक्षा गर्नु उसको प्रथम दायित्व हो । जुन राष्ट्रले नागरिकको जिउ-धनको सुरक्षा गर्न सक्दैन, त्यस्ता राष्ट्र कमजोर राष्ट्र हुन जान्छ र राष्ट्रिय संकट आइपर्छ ।

## म्याक्स वेबरका दृष्टिकोण

म्याक्स वेबरको जन्म सन् १८६४ मा जर्मनीमा भएको थियो । उनी युवा अवस्थामा आएर अर्थशास्त्र, इतिहास र समाजशास्त्रप्रति आकर्षित हुन पुगे । वेबरको चमत्कारको सिद्धान्त सामाजिक सुधार र सामाजिक सुरक्षाको लागि महत्वपूर्ण मानिन्छ । उनको अर्को महत्वपूर्ण सिद्धान्त सत्तासँग सम्बन्धित छ भन्ने उनको अर्को केन्द्रिकृत विश्लेषण हो । उनले धर्म, अर्थ, राजनीति, कानुन आदि विषयहरूमा युरोपमा तार्किक परिणामहरू आएका छन् भनेका छन् । उनले युरोपमा इसाई धर्मभित्रको प्रोटेस्टेन्ट मूल्य र मान्यताहरूबाट नै तार्किक र अर्थपूर्ण बोध हुन गएको र पुँजीवादको विकास भएको मत राखेका छन् । ककचनीमा कन्फुसियसको धार्मिक प्रभाव र भारतमा हिन्दु धर्मको प्रभावले पुँजीवादको विकासमा अवरोध सिर्जना भएको छ भन्ने मान्यता उनी राख्दथे ।

उनी अतिवादी राजनीतिक चिन्तन राख्दैनथे । न त उनी मार्क्सवादी नै थिए । तर मार्क्स र वेबरमा पुँजीवादको विश्लेषण गर्ने सन्दर्भमा समान जोड थियो । पुँजीवादको विरुद्ध क्रान्ति गरी साम्यवादसम्म पुग्ने मार्क्सको लक्ष्य थियो भने वेबर समाजको परिवर्तन क्रमिक रूपले गर्नुपर्दछ, सामाजिक सुधार र सामाजिक सुरक्षा गर्नुपर्दछ भन्ने मान्यता राख्दथे । समाजलाई विध्वंश गर्ने होइन विस्तारै परिवर्तन



गर्नुपर्दछ भन्ने मान्यता वेबरको थियो । भिडतन्त्रले राम्रो समाजको निर्माण गर्दछ भन्ने कुरामा उनको विश्वास थिएन । मध्यमवर्गीय अदूरदर्शी कर्मचारीतन्त्रबाट पनि परिवर्तन वा सुधारको सम्भावना उनले देखेनन् । निरंकुश नेताहरूबाट समाजको अग्रगामी सुधार वेबरले देखेनन् । उनको विश्वास ठूला राजनेताहरूमा थियो । तिनै चमत्कारिक नेताहरूबाट नै सामाजिक, राजनीतिक सम्भव हुने बताए । उनले लोकतन्त्र नै राजनीतिको उत्तम व्यवस्था हो भन्ने कुरामा विश्वास गरे । यसकारण राजनीतिमा लोकतान्त्रिक व्यवस्था नै सबैभन्दा गतिशील व्यवस्था हो, यसले नै राजनेताहरू उत्पादन गर्न सक्दछ । उनको विचारमा सत्ता तीन प्रकारका हुन्छन् । ती हुन्- तार्किक, निरंकुश र चमत्कारिक । यी तीनै प्रकारका सत्ताका गुण र दोषहरू हुन्छन् । अहिलेको विश्वमा भने चौंथो पनि सत्ता छ, त्यो हो लोकतान्त्रिक ।

प्रत्येक मानवले बिना उद्देश्य कुनै पनि कार्य गर्दैन । प्रत्येक क्रियामा कुनै किसिमको उद्देश्य लुकेको हुन्छ भन्ने मान्यता वेबरको थियो । समाजलाई बुझ्न सामाजिक क्रिया, अधिकार र शक्तिको आधार लिनुपर्दछ भन्ने मान्यता उनको थियो । वेबरद्वारा प्रतिपादित क्रिया, सिद्धान्त, सत्ताको प्रकार, नैतिक मूल्यहरूसहितको पुँजीवादको विकासका अवधारणाले सामाजिक र राजनीतिक सुधारका साथै मानवीय सुरक्षा र राष्ट्रियताको रक्षा आदि विषयमा महत्वपूर्ण योगदान दिएको छ ।

## नयाँ सहस्राब्दी नयाँ दृष्टिकोण

१९ औं र २० औं शताब्दीमा विचारहरू मार्क्स, दुर्खेम र वेबर आदिले समाज विकासको सिद्धान्तहरू र सामाजिक सुधारका कार्यक्रमहरूको वैचारिक प्रस्तावनाहरू प्रस्तुत गरे । ती विचारहरूउपर २० औं शताब्दीको मध्य र अन्त्यसम्ममा प्रतिक्रियाहरू आए । २० औं शताब्दीको अन्त्य र २१ औं शताब्दीको वर्तमानमा उत्तर आधुनिकतावादीहरू (Post modernists) ले त्यस्ता विशाल सिद्धान्तहरूको विरोध गर्दै व्यवस्थित व्यवस्थाको विरोध गरे । उनीहरूले आधुनिक सिद्धान्त (Modern theory) को विरोध गरे । आधुनिक सिद्धान्तले दोस्रो विश्वयुद्धपछिको विश्वको स्थिति र समस्यातर्फ इंगित गरेका छन् । तर उत्तर आधुनिकतावादीहरू भने विशाल सिद्धान्तहरूको विरोध गर्दै यो नयाँ संसारमा नयाँ दृष्टिकोणहरूको आवश्यकता बोध गर्दछन् । आजको वर्तमान विश्वले भोगिरहेको यथार्थमा यी विवादका सेरोफेरो भने निम्न छन्- ती हुन् (१) समाजको प्रकृति र संरचना, (२) व्यक्ति र समाजबीच सम्बन्ध, (३) आधुनिक राज्यको प्रकृति र यसको संरचना एवम् यसको व्यक्ति र समाजसँगको सम्बन्ध । यसरी माथिका तीन प्रमुख विषयवस्तुहरूमा आधारित भएर उत्तरआधुनिक सिद्धान्तहरू पनि निर्मित हुने क्रममा छन् ।

## बेलायत र अमेरिकामा सामाजिक सुरक्षा

गरिबीको रेखामुनि रहेकाहरूको भरणपोषण गर्नु र बेरोजगारी, अवकाश र बिरामी पर्दा पाउने सुविधाहरू पश्चिमी मुलुकहरूमा सामाजिक सुरक्षाअन्तर्गत् पर्दछन् । बेलायतमा सामाजिक सुरक्षा भन्नाले राज्यद्वारा नागरिकहरूको जीवन निर्वाहका लागि व्यवस्था गरिने न्यूनतम बन्दोबस्त हो भन्ने मान्यता पाइन्छ ।

अमेरिकी राज्यप्रणालीमा श्रम विभागको व्यवस्था गरिएको छ । सो विभाग हाम्रो देशको श्रममन्त्रालयको पर्याय मान्न सकिन्छ । यसले मजदुर र व्यवस्थापनबीच न्यानो सम्बन्ध कायम गर्ने, मजदुरको अवस्थामा सुधार ल्याउने र ज्यालादारी काम गर्नेहरूको पक्षपोषण गर्दछ । कानुनमा यस्ता प्रावधान छन् यसले श्रमिकको स्वास्थ्य र सुरक्षाको ग्यारेन्टी गर्दछ । प्रतिघन्टा न्यूनतम ज्याला निर्धारण गर्दछ । रोजगारीमा भेदभावको प्रतिबन्ध लगाउँछ । बेरोजगारी बीमाको व्यवस्था गर्छ र घाउ, चोटपटक र मृत्यु भएमा मजदुरले राहत पाउने ग्यारेन्टी गर्दछ । यस व्यवस्थाले मजदुरको पेन्सनको व्यवस्था, रोजगारी तालिमको व्यवस्था, जागिर प्राप्तिका उपायहरू बन्दोबस्त गर्दछ । अपांग, महिला, अल्पसंख्यक समुदाय, वृद्धवृद्धा कामदारहरू र युवाहरूको लागि रोजगारीको विशेष प्रबन्ध गर्दछ । सामाजिक सुरक्षाका लागि अमेरिकामा अर्को विभागको व्यवस्था गरिएको छ । जसलाई स्वास्थ्य र मानवसेवा विभाग भन्ने गरिन्छ । यसको Health care financing administration भन्ने शाखाले अमेरिकाको पाँचमा एक नागरिकलाई स्वास्थ्य सेवा गरेको थियो । राष्ट्रपति बाराक ओबामा प्रशासनले स्वास्थ्य सेवामा आमूल सुधार ल्याउन नयाँ नीति ल्याएका छन् । जसले अब झन् धेरै जनता स्वास्थ्य सेवाबाट लाभान्वित हुनेछन् । Medicare/ Medicaid कार्यक्रमबाट करिब १० करोड जनता त्यहाँ लाभान्वित भइरहेका छन् । त्यहाँ ३० हजारभन्दा बढी अनुसन्धान कार्यक्रमहरू सञ्चालित छन् । जसमा क्यान्सर, मधुमेह, बाथ, मुटुका रोगहरू र एचआईभी एड्स (HIV AIDS) जस्ता रोगहरू पर्दछन् । त्यस्तै स्वास्थ्यसम्बन्धी अन्य निकायहरू पनि छन् जसले खाद्यान्न आपूर्ति प्रणाली, औषधिको वितरण र सरुवा रोग नियन्त्रण कार्य गर्दछन् । मानसिक स्वास्थ्य र लागू औषधि नियन्त्रणमा पनि राज्य सक्रिय छ ।

स्थानीय निकायको प्रमुख दायित्वभित्र सर्वसुलभ शिक्षाको व्यवस्था हुने हुँदा तल्ला निकायहरूले स्तरीय र निःशुल्क शिक्षा प्रदान गर्दछन् भने केन्द्रले नीति र आर्थिक प्याकेज वितरण गर्दछ । विद्यार्थी ऋण, सापटी, गरिब र निमुखाको शैक्षिक व्यवस्था र अपांगको लागि व्यवस्था साथै व्यावसायिक शिक्षाको बन्दोबस्त त्यहाँ गरिन्छ । हाल अमेरिकामा विद्यार्थीस्तर वृद्धि, शिक्षण प्रणालीमा सुधार, अभिभावक र परिवारलाई विद्यार्थी शिक्षणमा सहभागी बनाउने, शिक्षा आर्जन र रोजगारीको दुवै



अवसर दिने, तालिम दिने, आर्थिक छात्रवृत्तिको व्यवस्था र सूचना एवम् प्रविधिले सबै विद्यार्थी सक्षम गराउने कार्य हुँदै आएको देखिन्छ ।

## इजरायलमा सामाजिक सुरक्षा

पूर्वप्राथामिक तहका विद्यार्थीदेखि बयोवृद्ध नागरिकहरूसम्म सबै इजरायलीहरूले विविध शैक्षिक कार्यक्रमहरूबाट फाइदा पाइरहेका छन् । ५ वर्षदेखि १६ वर्षको उमेरसम्म विद्यालय अनिवार्य रूपमा जानुपर्ने प्रावधान छ भने १८ वर्षको उमेरसम्म निःशुल्क शिक्षा प्रदान गरिन्छ । अनिवार्य तथा निःशुल्क नभए पनि ३ र ४ वर्षका प्रायः सबै बालबालिकाकाहरूलाई कुनै न कुनै पूर्वप्राथामिक शिक्षा कार्यक्रममा सहभागी बनाइएका हुन्छन् ।

दशौं हजारको संख्यामा बयस्कहरू विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्ना भएका हुन्छन् । यिमध्ये केही आधारभूत विद्या र सीपमा सुधार ल्याउन भर्ना भएका छन् भने केही व्यावसायिक तालिमको विकास गर्न, उनीहरूको शिक्षाको कार्यक्षेत्र विस्तार गर्न र नयाँ रुचीको बारेमा शिक्षा लिन भर्ना भएका हुन्छन् । धेरैजसो नयाँ आप्रबासीहरूलाई प्रायः ५ महिने अबधिको हिब्रु भाषाको तालिम दिइन्छ । यो तालिमपश्चात् प्रायः नव आगन्तुकहरू दैनिक वार्तालापमा संलग्न हुन सक्षम हुन्छन् । इजरायलको व्यापक चिकित्सा नेटवर्क र उच्चचिकित्सक-बिरामी अनुपातको प्रमाण इजरायलको न्यून बालमृत्यूदर तथा उच्चऔषत आयुमा पाइन्छ । इजरायलको बालमृत्युदर केवल ५.८ प्रति एक हजार र औषत आयु महिलाहरूको ८०.३ तथा पुरुषहरूको ७६.१ रहेको छ । वृद्धहरूको सेवा, एकल अभिभावकहरूका लागि सहायता, बालबालिका र किशोर-किशोरीहरूका निमित्त कार्यक्रमहरू, मदिरा दुर्व्यसनको उपचार तथा रोकथामका कार्यक्रमहरू व्यक्ति विशेष तथा परिवारहरूका निमित्त उपलब्ध सेवाहरूमध्ये पर्दछन् ।

## सामाजिक सुरक्षा र संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्रसंघको बडापत्रको मुख्य उद्देश्यमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको प्रत्याभूति दिनुका साथै सम्पूर्ण मानवको आर्थिक, सामाजिक सांस्कृतिक, मानवीय समस्याहरूको समाधान र मानव अधिकार एवम् आधारभूत स्वतन्त्रताको प्राप्तिका लागि सहयोग गर्नु एवम् माथिको कार्य पूरा गर्न राष्ट्रहरूबीच सुमधूर सम्बन्ध कायम गर्ने केन्द्र बन्नु संयुक्त राष्ट्रसंघको उद्देश्य रहेको छ । माथिको सिद्धान्त र उद्देश्यहरूको विश्लेषणबाट के प्रष्ट हुन्छ भने गरिबी न्यूनीकरण, रोजगारीको अवसर, भोकबाट मुक्ति, स्वस्थ जीवन, शैक्षिक सुधार, आवासको व्यवस्था, जनसंख्या नियन्त्रण, महिला

विकास, बाल अधिकार, परिवार, युवा, वृद्धवृद्धाको अवस्था, आदिवासी जनजातिको कल्याण, अपांग कल्याण, लागू औषध नियन्त्रण, अपराध नियन्त्रण आदि क्षेत्रमा संयुक्त राष्ट्रसंघको विभिन्न निकायहरू विश्वभर फैलिएर सामाजिक सुरक्षाका लागि कार्य गरिरहेका छन् ।

संयुक्त राष्ट्रसंघका सामाजिक सुरक्षासम्बन्धी कार्यहरू जनता केन्द्रित (People Centered) छन् । जसअनुसार व्यक्तिहरू, परिवारहरू र समुदायहरू नै विकासको केन्द्रमा राखिन्छ । सन् १९९५ को कोपनहेगेन सम्मेलनले २१ औं शताब्दीका लागि गरिबी, बेरोजगारी र सामाजिक विखण्डनविरुद्ध विश्वव्यापी संघर्ष गर्ने निर्णय गर्दै ऐक्यबद्धता जाहेर गरेको थियो । गरिबी निवारण सहस्राब्दी विकास लक्ष्यअनुसार संसारभर सन् २०१५ सम्ममा गरिबी आधा घटाउने लक्ष्य लिएको थियो । तर यो लक्ष्य सन् २०११ मा आइपुग्दा पूरा गर्न निकै मेहेनत गर्नुपर्ने देखिन्छ । संसारका सबै भागमा यो लक्ष्य पूरा हुन असम्भव भएको छ ।

FAO को आँकडाअनुसार विकासशील देशहरूमा १७ प्रतिशत व्यक्तिहरू कुपोषणका सिकार भएका छन् । तर शिक्षाको क्षेत्रमा निश्चित प्रगति देख्न सकिन्छ । सन् २०१५ सम्ममा सबैलाई शिक्षित बनाउने लक्ष्यमा ठोस प्रगति भएको छ । युवाहरू सन् २००० सम्ममा ८७ प्रतिशत शिक्षित भेटिएका छन् । सन् २०१५ सम्ममा सो प्रतिशत ९१ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । विश्वमा भोकमरीको समस्यामा पनि केही सुधार आएको छ । दोस्रो विश्वयुद्धपछि एकछाक खान नपुग्नेहरूको संख्या विकासशील देशहरूमा ५० प्रतिशत थियो भने सन् २००० सम्म आइपुग्दा त्यो २० प्रतिशतमा झरेको छ । जनसंख्या वृद्धि उच्च भएपनि खाद्यान्नको उत्पादन पनि धेरै बढेकोले यसो भएको हो । भोकमरीका कारणले प्रति ८ सेकेण्डमा एक बच्चाको मृत्यु हुन्छ । यसबाट विश्वव्यापी भोकमरीको समस्या कति डरलाग्दो छ भन्ने प्रष्ट हुन्छ । विश्वका अधिकांश भू-भागमा बाल मृत्युदर घट्दो छ भने मानिसको औषत आयु बढ्दो छ । यसबाट के देखिन्छ भने हाल स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार आएको छ । सरसफाई, शुद्ध खानेपानी , खाद्यहरू र स्वास्थ्य केन्द्रको व्यवस्थाले मानिसहरू पहिलेभन्दा कम बिरामी छन् र स्वस्थ पनि छन् । तर केही सरुवा रोगहरू एचआईभी एड्स, मलेरिया, क्षयरोगजस्ता रोगहरूबाट लाखौं मानिसहरू प्रभावित छन् । संयुक्त राष्ट्रसंघले सबैका लागि स्वास्थ्य नारा अगाडि ल्याएर प्रजनन स्वास्थ्य र परिवार नियोजनका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

आवासको हिसाबले संसारमा घर नभएकाहरूको अवस्था भयावह छ । सन् १९५० मा न्युयोर्क मात्र एउटा सहर थियो जसको जनसंख्या १ करोडभन्दा बढी थियो । तर सन् २००० मा १ करोडभन्दा धेरै जनसंख्या भएका सहरहरू १९ पुगेका



थिए । त्यस्तै विश्वको कूल जनसंख्याको आधा मानिसहरू सहरमा रहन्छन् । सहरमा बस्नेमध्ये पनि ४० प्रतिशत झुपडीमा रहन्छन् । आवासविहीन गाउँ र सहरका मानिसहरूलाई आवासको व्यवस्था साथै अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु हालको प्रमुख कार्यक्रम हुनुपर्दछ । संयुक्त राष्ट्रसंघले साक्षरताको दशक (२००३-२०१२) भनी घोषणा गरी विश्वव्यापी शिक्षामा सुधार ल्याउने कार्यक्रम विश्व संस्था र राष्ट्रहरू मिलेर अगाडि बढाएका छन् । तर पनि ५६ प्रतिशत बालिकाहरू विकासशील देशहरूमा प्राथमिक शिक्षाबाट वञ्चित छन् ।  त्यस्तै प्रौढहरूको ठूलो समूह निरक्षर छन् । त्यसमध्ये दुई तिहाई निरक्षर महिलाहरू पर्दछन् । गरिब मुलुकहरूमा शैक्षिक अवस्था नाजुक छ ।

आगामी ५० वर्षमा संसारको जनसंख्यामा ठूलो वृद्धि हुनेछ । त्यसको दाँजोमा विकासको गति कस्तो हुनेछ भन्ने अहम् प्रश्न हाम्रो सामू छ । महिला र पुरुष दुवै एक रथका दुई पांग्रा हुन् । गरिबी न्यूनीकरण र भोकबाट मुक्तिमा महिलाको भूमिका निर्णायक हुन जान्छ । प्राथमिक तहसम्म सबै शिक्षित बनाउने लक्ष्य प्राप्त गर्न बालिकाहरूको शिक्षा अति महत्वपूर्ण हुन जान्छ । यसै सन्दर्भमा बालबालिकाहरू परिवारबाट वञ्चित हुँदै समुदाय र विश्वबाट निरन्तर पलायन हुने अवस्थामा पनि पुग्दछन् । विश्वभरका १ करोड १० लाख बच्चाहरू पाँच वर्ष नपुग्दै मर्दछन् । यसका कारणहरू गरिबी, अभाव, शोषण र हिंसा पर्दछन् । समाजमा यस्ता सामाजिक समूह पनि छन् जसलाई सामाजिक एकीकरण आवश्यक पर्दछ । विशेष हेरचाह र संरक्षणको आवश्यकता पर्दछ ।

## आईएलओ महासन्धि १६९ र सामाजिक सुरक्षा

सामाजिक सुरक्षाको सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ आदिवासी जनजातिको हितमा महत्वपूर्ण रहेको छ । सन् २००७ को सेप्टेम्बरमा यस महासन्धिलाई नेपालले अनुमोदन गरी सो कार्य गर्ने दक्षिण एसियामा पहिलो राष्ट्र बनेको छ । महासन्धि १६९ मा आदिवासी जनजातिहरूको जमिन र प्राकृतिक स्रोत साधन माथिको अधिकार, शिक्षा, संस्था र सामाजिक सुरक्षा, स्वास्थ्य व्यवसायिक प्रशिक्षण, भर्ना, रोजगारी जस्ता प्रावधानहरू समेटिएका ४४ धाराहरू छन् । सामाजिक सुरक्षासम्बन्धी धाराअनुसार आदिवासीहरूको रक्षा गर्ने गरी सामाजिक सुरक्षासम्बन्धी योजनाहरूको विकास प्रगतिशिल रूपमा गरिने र भेदभाव नगरिने व्यवस्था गरिएको छ ।

सरकारहरूले ती जनतालाई पर्याप्त स्वास्थ्य सेवा दिने, स्वास्थ्य सेवा समुदायमा आधारित हुने, प्राथमिक स्वास्थ्य सेवामा जोड दिने आदि उपाय अबलम्वन गरिने उल्लेख छ । आदिवासीहरूलाई समान आधारमा सबै तहमा शिक्षाको अवसर उपलब्ध

गराउने, शैक्षिक कार्यक्रम कार्यान्वयनमा आदिवासीका प्रतिनिधिलाई तालिम दिने र उनीहरूको अधिकार सुनिश्चित गर्ने प्रावधान राखिएको छ । आदिवासी जनताका बाल व्यवस्थाहरूले आफ्नै मातृभाषा शिक्षा हाँसिल गर्न पाउने र मातृभाषाको संरक्षण गरिने उल्लेख छ । यसरी यो महासन्धिले आदिवासी जनजातिहरूको सामाजिक सुरक्षामा ठूलो योगदान दिनेछ । नेपालले यसलाई अनुमोदन गरे तापनि कार्यान्वयन भने फितलो देखिन्छ ।

## सार्क संगठनको प्रतिबद्धता

बाह्रौं सार्क सम्मेलन इस्लामावाद पाकिस्तानमा सन् २००४ मा भएको थियो । सो सम्मेलनले गरिबी निवारणका लागि कार्ययोजना (Plan of Action) तय गऱ्यो । सो कार्य योजनाको सामाजिक सुरक्षाको बन्दोबस्त गर्ने प्रतिबद्धता यस्तो थियो–

१. निर्धन समूहहरूलाई खाद्य सामग्रीको सहयोग गर्ने ।

२. वृद्धवृद्धा भत्ताको व्यवस्था, घरमुलिको निधन भएमा बाँकी सदस्यहरूको पालन पोषणको लागि भत्ताको व्यवस्था, सबैभन्दा गरिब र दरिद्रका लागि योजना ल्याउने ।

३. सर्वसुलभ स्वास्थ्य सेवा

४. साझा पिउने पानी र सरसफाइको व्यवस्था

५. परम्परागत पारिवारिक संरचनाको संरक्षण

साथै २०१० अप्रिलमा भएको बाह्रौं सार्क शिखर सम्मेलनले हरित र सुखी दक्षिण एसिया (Green and Happy South Asia) को नारा दिँदै जनस्तरमा मित्रता सूचनाका आदान-प्रदानमा जोड दियो । साथै युवा, महिला, निजी क्षेत्र, सामाजिक संस्थाहरू, आर्थिक संस्थाहरूको संयुक्त प्रयासबाट जलवायु र सामाजिक सुरक्षाको व्यवस्थामा जोड दियो । यी विभिन्न सम्मेलनले उच्च महत्वका निर्णय गरे तापनि सार्क राष्ट्रको योजना कार्यान्वयन पक्ष फितलो देखिन्छ ।

## निष्कर्ष

समाजशास्त्रीय दृष्टिकोणमा सामाजिक सुरक्षाको सवाल महत्वपूर्ण रहेको छ । सामाजिक सुरक्षाको दार्शनिक पक्षको परिमार्जनसँगै कार्ल मार्क्स, दुर्खेम र वेबरले सामाजिक हितका लागि सैद्धान्तिक पक्षपोषण गरेको पाइन्छ । बेलायत र अमेरिकामा बीमा, स्वास्थ्य सेवा, शिक्षा, स्वास्थ्य, रोजगारी, भत्ता आदि क्षेत्रमा सामाजिक सुरक्षाको



लागि राम्रो व्यवस्था भए पनि राज्यले ठूलो प्रतिशत जनसंख्यालाई सामाजिक सुरक्षा दिन नसकेको देखिन्छ । त्यस्तै संयुक्त राष्ट्रसंघअर्न्तगत् धेरै निकायहरू छन् । जसले विश्वका अरबौं जनतालाई सामाजिक सेवा प्रदान गरिरहेका छन् । तर त्यो पर्याप्त देखिँदैन । आदिवासी जनजातिहरूको हक अधिकार र सुरक्षाका लागि आईएलओ महासन्धि १६९ नेपालले पनि अनुमोदन गरिसकेको अवस्थामा उनीहरूको स्थिति अझै भेदभावविहीन भइसकेको छैन । सार्क राष्ट्रहरूले सम्मेलनमार्फत् यस क्षेत्रमा जनतालाई सुखी बनाउने प्रण गरे तापनि यसक्षेत्रमा जनताको सामाजिक सुरक्षाको अवस्था सन्तोषजनक मान्न सकिँदैन ।

स्वास्थ्य, शिक्षा, आय, आवास र व्यक्तिगत सेवाहरू राज्यले गर्नुपर्दछ भन्ने प्रस्तावनाबाट नै लोककल्याणकारी राज्यको अवधारणाको विकास भएको हो । दोस्रो विश्वयुद्ध पछिको चौतर्फी असुरक्षाका बीच सामाजिक सुरक्षा र लोककल्याणकारी राज्यको कार्यान्वयन युरोप र अमेरिकामा हुन थाल्यो । प्रक्रियात्मक सिद्धान्तले आवश्यकता पूर्ति गर्न मार्क्सवादी दृष्टिकोणले पुँजीवाद टिकिराख्न र उदारवादी दृष्टिले लोकतन्त्रको स्वामित्वका लागि समाजका कमजोर वर्गलाई सामाजिक सुरक्षामार्फत् दायित्व लिनुपर्ने भयो । महिला आन्दोलन, मजदुर आन्दोलन र युवा आन्दोलनले ६० र ७० को दशकमा तीनका वर्गीय मागहरू पूरा गर्नुपर्ने भयो । सामाजिक सन्तुलनका लागि पनि सामाजिक सुरक्षातर्फ कदम चालिन थाले ।

कार्ल मार्क्स र एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणा पत्रमार्फत् कमजोर, गरिब र मजदुरका पक्षमा विश्वव्यापी अभियान नै चाले र साम्यवादी आन्दोलनका प्रभावमा मजदुरको ज्याला, समय र रोजगारीको ग्यारेन्टी हुनुपर्ने भयो । मार्क्सका विचारमा पुँजीवादमा श्रमको शोषण हुन्छ र साम्यवादमा मात्र सर्वहाराहरू सुरक्षित र स्वतन्त्र रहन सक्छन् भन्ने थियो । त्यस्तो समाजमा श्रमको विभाजन नै अन्त्य हुन्छ र शान्त, संवृद्ध र समतामूलक समाज निर्माण हुन्छ भन्ने थियो तर वर्तमान सन्दर्भमा मार्क्सवादी दर्शनअनुसार साम्यवादी देशहरू असफल भएका र चीनको आर्थिक विकास पुँजीवाद अँगालेका कारण भएको हुनाले साम्यवादी शासनप्रणालीका रूपमा स्वीकार्य हुने देखिँदैन ।

इमिल दुर्खेम नैतिक समाजवादी दार्शनिक थिए । यिनले श्रम विभाजनद्वारा समाज सन्तुलित र व्यवस्थित हुन्छ भनी मान्दथे । धर्मको कार्य पनि समाजमा सुरक्षा र व्यवस्था कायम गर्नु हो भन्दथे । सामाजिक तथ्यहरूको विश्लेषणबाट सामाजिक चेतनाको विकास गर्नु उनको लक्ष्य थियो । म्याक्स वेबरको मतमा लोकतन्त्रबाट नै विशाल र सक्षम नेतृत्व उत्पादन हुन सक्दछ र राष्ट्रप्रति नागरिकको ठूलो कर्तव्य हुन्छ । तसर्थ चमत्कारिक नेतृत्वबाट सामाजिक, आर्थिक, परिवर्तन सम्भव छ भन्ने

थियो । वेबरले सामाजिक कार्यमा व्यक्तिको सम्बन्ध हुन्छ । व्यक्ति उद्देश्यमूलक कार्य गर्दछ भन्दथे । समाज सुधार क्रमिक रूपमा गर्नुपर्दछ भन्ने उनको मत थियो । उत्तर आधुनिकतावादीहरू भने विशाल सिद्धान्तहरूको खण्डन गर्दै आजको नयाँ संसारमा नयाँ दृष्टिकोणको आवश्यकता औंल्याउँछन् ।

बेलायत र अमेरिकामा सामाजिक सुरक्षाअन्तर्गत् गरिबहरूको भरण-पोषण, रोजगारी, बीमा, बिरामीको औषधिमूलो, पेन्सन आदि कुराहरू पर्दछन् । न्यूनतम् बन्दोबस्त राज्यले नागरिकलाई गरेकै हुनुपर्दछ । शिक्षा र स्वास्थ्यका क्षेत्रमा स्थानीय निकायहरूमार्फत् सेवा दिइएको हुन्छ । मध्यपूर्वको राष्ट्र इजरायलमा सामाजिक क्षेत्रमा राम्रो व्यवस्थापन गरिएको पाइन्छ । त्यहाँ १८ वर्षसम्मका बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षा प्रदान हुन्छ । प्रौढहरूलाई तालिम र अध्यापन गरिन्छ ।

संयुक्त राष्ट्रसंघका विभिन्न निकायहरूले विश्वभर गरिबी न्यूनीकरण, रोजगारी, भोकमरीबाट मुक्ति, शैक्षिक सुधार, आवासको व्यवस्था, महिला र बालअधिकार, आदिवासी जनजातिको कल्याण, लागू औषध नियन्त्रण आदि क्षेत्रमा कार्य गरेर सामाजिक सेवा र सुरक्षामा प्रशस्त कार्य गर्दै आएको छ । आईएलओ महासन्धि १६९ लाई नेपालले अनुमोदन गरेर सकारात्मक कार्य गरेको छ । जसअनुसार सरकारहरूले सम्बन्धित जनतालाई पर्याप्त स्वास्थ्य सेवाहरू उपलब्ध भएको सुनिश्चित गर्ने वा निजहरूले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम उपलब्धस्तर उपभोग गर्नसक्ने गरी निजहरूको आफ्नै जिम्मेवारी र नियन्त्रणअन्तर्गत् यस्ता सेवाहरू तय गरी उपलब्ध गराउन निजहरूलाई स्रोतहरू उपलब्ध गराउनुपर्नेछ । स्वास्थ्य सेवाहरू सम्भव भएसम्म समुदायमा आधारित हुनेछन् । सम्बन्धित जनताको सहयोगमा यस्ता सेवा गरी सञ्चालन गरिनेछ । दक्षिण एसियाली राष्ट्रहरूमा विश्वको एक चौथाईभन्दा बढी जनसंख्या रहन्छन् । तर यस क्षेत्रमा गरिबी, अशिक्षा, रोग, भोग, छुवाछुत, हिंसा, शरणार्थी समस्या समाधान गर्नु अति आवश्यक भइसकेको छ । सामाजिक सुरक्षा, सद्भाव, समाजसेवा, सामूहिक हित र सहयोगी समाजको निर्माण गर्नु आजको आवश्यकता हुन गएको छ ।

## सन्दर्भ सामाग्रीहरू


१. Declaration (2010), *Sixteenth Saarc Summit, Thimpu, SAARC Secretariat,* Kathmandu.

२. *अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९, (२०१०) ILO कार्यालय,* ललितपुर, नेपाल





३. Outline Us Government (2000), *office of International Information Programs,* United States Department of State.

४. *Basic Facts about the United Nations (2004). United Nations,* New York.

५. *David J. and Julia J. (2000) Dictionary of Sociology, Harper Collins Publisher,* Glasgow.

६. *Ritzer, G.(1996) Sociological Theory, Mc Graw Hill,* New York (4th edition )

७. *Slattery, M. (2003). Key Ideas in Sociology,* Nelson Thorne's ltd, U.K.

८. *Israel EK Parichaya (2002). Naba Raj Adhikari, Embassy of Israel,* Kathmandu




**लेखक परिचय** : होमराज दाहाल त्रिचन्द्र कलेजमा समाजशास्त्र/मानवशास्त्र अध्यापन गर्छन् । उनले त्रिभूवन विश्वविद्यालयबाट मानवशास्त्र/समाजशास्त्र स्नातकोत्तमा सर्वोत्कृष्ट अंक (गोल्ड मेडलिस्ट) ल्याएका थिए ।

# नेपालमा सामाजिक सुरक्षाका चुनौती

पूर्णचन्द्र भट्टराई

## पृष्ठभूमि

सामाजिक सुरक्षाको माध्यमबाट असहाय, वृद्ध, असक्त एवं असमर्थ नागरिकहरूको संरक्षण गरी उनीहरूले सम्मानजनक रूपले जीवन यापन गर्ने वातावरण बनाउनु सभ्य राज्यको परिचय हो । यो अवधारणाको विकास १६ औं शताब्दीमा बेलायतबाट सुरु भएको पाइन्छ । यसैक्रममा सत्रौं शताब्दीमा आएर संयुक्त राज्य अमेरिका र क्यानडामा सामाजिक सहयोग प्रणालीको थालनी गरियो । सोही समयमा औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत कामदारहरू कुनै कारणले काम गर्न असमर्थ भएमा वा मृत्यु भएको अवस्थामा कामदार तथा परिवारका सदस्यलाई आर्थिक सहयोग उपलब्ध गराउने परिपाटीको सुरुवात भएको पाइन्छ । सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गर्ने क्रममा उन्नाइसौं शताब्दीको सुरुमा आइपुग्दा संयुक्त राज्य अमेरिकाका कतिपय राज्य तथा स्थानीय निकायहरूले सरकारी कर्मचारीहरूलाई निवृत्तिभरणको व्यवस्था प्रारम्भ गरेको पाइन्छ । त्यही समयताका विकसित पश्चिमा मुलुकहरूमा निजी क्षेत्रका उद्यमीहरूले आफ्नो प्रतिष्ठानमा कार्यरत कामदारहरू घाइते भएमा वा बिरामी परेमा वा मृत्यु भएमा क्षतिपूर्तिस्वरूप सुविधा तथा सहुलियत दिनुपर्ने गरी कानुनी व्यवस्थासमेत गरेको पाइन्छ । सन् १९३० को विश्व आर्थिक मन्दीले सृजित व्यापक बेरोजगारीबाट आम नागरिकको जीवनस्तरमा पर्न गएको दुस्कर प्रभावलाई सामना गर्न सुरुका वर्षहरूबाट अमेरिकाका कतिपय राज्यहरूले वृहत् निवृतिभरण तथा बेरोजगार बीमा कार्यक्रमहरूको थालनी गरेको देखिन्छ । तत्पश्चात् यस



कार्यक्रमलाई विश्वका अधिकाशं विकसित तथा विकासोन्मुख देशहरूले कुनै न कुनै रूपमा सञ्चालन गरिरहेका छन् ।

## सैद्धान्तिक आधार

विश्वमा सामाजिक सुरक्षा योजना दुई किसिमले सञ्चालन गर्ने गरेको पाइन्छ । यसलाई सामाजिक सुरक्षा आयाम (Dimension of Social Security) भन्ने गरिन्छ । अधिकांश मुलुकहरूमा राज्यले संकलन गरेको राजश्वको विनियोजनबाट वृद्धभत्ता, बेरोजगार बीमा, विधवा भत्ता, आधारभूत स्वास्थ्य सेवाजस्ता कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । यस किसिमको सामाजिक सुरक्षा योजनामा नागरिकहरूको योगदानको आवश्यकता पर्दैन । राज्यकोषबाट नै यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइन्छ । यसप्रकारका योजनाहरूलाई समश्रेणीगत आयाम (Horizontal Dimension) अन्तर्गत् राखिएको छ । आजकल यस्ता सामाजिक संरक्षणका कार्यक्रमहरूलाई Universial social; Protection को रूपमा बढी चिन्ने गरिन्छ । नेपालको सन्दर्भमा जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता, प्राथमिक स्वास्थ्य सुविधा, अनिवार्य प्राथमिक शिक्षा आदि पर्दछन् । यसैगरी रोजगार प्रदान गर्ने निकायले आफ्नो संस्था वा कम्पनीमा कार्यरत कामदार तथा कर्मचारी र सरकारले आफ्ना राष्ट्रसेवक कर्मचारीलाई उनीहरूले योगदान कोष (Contribution Fund) मा गरेको योगदानको आधारमा र राज्यकोष वा संस्थाको आफ्नै कोषबाट विशेष व्यवस्था गरी कामदार तथा कर्मचारीहरूलाई कार्यरत रहेकै अवस्थामा वा आवकाशपछि उपलब्ध गराउने योगदानमूलक सामाजिक सुरक्षा सुविधाहरू सञ्चालन गरिएको हुन्छ । यसप्रकारका योजनाहरूलाई उर्ध्वश्रेणीगत आयाम (Vertical Dimension) अन्तर्गत् राखिएको हुन्छ । यसलाई योगदानमा आधारित सामाजिक सुरक्षा भनेर सरल रूपमा बुझ्न सकिन्छ । अहिले विश्वका प्रायः सबै देशहरूले सञ्चालनमा ल्याएका सामाजिक सुरक्षा योजना तथा कार्यक्रमहरू यी दुई आयाममा आधारित छन् । सामाजिक सुरक्षा योजनाको उर्ध्व श्रेणीगत आयाममा पर्ने योजना तथा कार्यक्रमहरूलाई अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सामाजिक सुरक्षासम्बन्धी अभिसन्धी नं. १०२[1] ले स्पष्ट रूपमा व्यवस्था गरेको छ ।

सामाजिक संरक्षणका (Social Protection) कार्यक्रम कार्यान्वयन ढाँचा[2] :

---

[1] International Labour Confrence Convention no 102, Minimum Standerd of Social Security, 1952

[2] International Labour Organization बाट प्रस्तुत तालिम सामाग्रीबाट

| | | |
|---|---|---|
| | | कामदार/कर्मचारीहरू (Civil Service & Private Secter Employees) |
| सामाजिक बीमाबाट सञ्चालन हुने कार्यक्रमहरू | ९ | आश्रित परिवार सुविधा |
| | ८ | अशक्तता सुविधा |
| | ७ | मातृत्व संरक्षण सुविधा |
| | ६ | परिवार र बालबच्चाको हेरचाह सुविधा |
| | ५ | रोजगारीमा घाइते सुविधा |
| | ४ | वृद्धावस्था सुविधा |
| | ३ | बेरोजगारी सुविधा |
| | २ | बिरामी सुविधा |
| | १ | औषधोपचार सुविधा |
| राज्यकोषले प्रदान गर्ने | | सबैलाई स्वास्थ्य उपचार,<br>बेरोजगार तथा गरिबहरूलाई सहयोग,<br>बालबालिकालाई सुविधा<br>जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई सुविधा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निजामती तथा सार्वजनिक क्षेत्रका कामदार | निजी क्षेत्रका कामदार | अनौपचारिक क्षेत्रका कामदार | बेरोजगार | बाल-बालिका | जेष्ठ नागरिक |

## नेपालमा सामाजिक सुरक्षा

नेपालमा सामाजिक सुरक्षा योजना तथा कार्यक्रमलाई हेर्दा खासगरी समश्रेणीगत (Horizontal) र उर्ध्वश्रेणीगत (Vertical) दुवै आयाममा आधारित सामाजिक सुरक्षा



कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । सामाजिक सुरक्षा योजना तथा कार्यक्रमको इतिहास हेर्दा नेपालमा कर्मचारीहरूको सामाजिक सुरक्षा व्यवस्थाको थालनी विसं. १९९१ मा 'सैनिक द्रव्य कोष' को स्थापना बाट सुरु भएको पाइन्छ । यस कोषको स्थापना राष्ट्रको सेवामा रहेका सैनिकहरूको सेवानिवृत्त जीवनमा आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले गरिएको थियो । विसं. २००१ मा निजामती कर्मचारीहरूका निमित्त 'निजामती प्रोभिडेन्ट फन्ड' को व्यवस्था गरी सेवाबाट निवृत्त भएपछि निजामती कर्मचारीहरूलाई सञ्चित रकमबाट आर्थिक सहयोगको व्यवस्था आरम्भ गरियो । यस योजनालाई विस्तार गरी हाल सबै क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई समाहित गरिएको छ । यसैगरी स्वास्थ्य ऐन, २०५३ तथा स्वास्थ्यसम्बन्धी नियमावली र शिक्षा ऐन, २०२८ तथा शिक्षासम्बन्धी नियमावलीबमोजिम स्वास्थ्य सेवा र शिक्षा सेवाअन्तर्गत् कार्यरत कर्मचारी तथा शिक्षकहरूको सामाजिक सुरक्षा सम्बन्धमा निजामती कर्मचारीहरू सरहकै व्यवस्था गरिएका छन् ।

नेपालमा संगठित निजी क्षेत्रका सार्वजनिक उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूलाई संस्थागतरूपमा सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा नेपाल कारखाना र कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन, २०१६ मा केही प्रावधानहरू समावेश गरिएका थिए । उक्त ऐन खारेज गरी लागू गरिएको श्रम ऐन, २०४८ मा दश जना वा सोभन्दा बढी कामदार वा कर्मचारी काम गर्ने प्रतिष्ठानहरूका कामदार तथा कर्मचारीहरूको लागि कल्याणकारी व्यवस्थासम्बन्धी प्रावधानहरू समावेश गरिएका छन् । ती प्रावधानहरूलाई थप व्यवस्थित गर्न श्रम नियमावली, २०५० लागू गरिएको छ । यसैगरी बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ द्वारा कल्याणकारी कोषमा रकम जम्मा गर्ने र उपयोग गर्नेसम्बन्धी व्यवस्था उल्लेखित छ । ट्रेड युनियन ऐन, २०४९ ले कामदारहरूको हकहितको संरक्षण तथा सम्बर्द्धन र तिनीहरूको आर्थिक तथा सामाजिक समुन्नतिका लागि ट्रेड युनियनद्वारा सघाउ पुऱ्याइने प्रावधान राखिएको छ । यी व्यवस्थाहरू प्रतिष्ठानमा काम गर्ने कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षाका लागि महत्वपूर्ण पक्षहरू हुन् ।

नेपालको हालको कूल श्रम शक्ति एक करोड नाघिसकेको[3] र सोको नब्बे प्रतिशतभन्दा बढी कामदार तथा कर्मचारीहरू असंगठित एवं अनौपचारिक क्षेत्रमा कार्यरत रहेका छन् । तर तिनीहरूको सामाजिक सुरक्षा सम्बन्धमा कुनै पनि क्षेत्रबाट सम्बोधन हुन सकेको छैन । औपचारिक क्षेत्रमा कार्यरत आठ प्रतिशत श्रमिक वर्गको सामाजिक सुरक्षा सुनिश्चित हुन नसकेको विद्यमान अवस्थामा अनौपचारिक क्षेत्रमा

[३] नेपाल श्रमशक्ति सर्वेक्षण दोस्रो २०६४/६५ संक्षिप्त नतिजा केन्द्रीय तथ्यांक विभाग भाद्र, २०६६

कार्यरत श्रमिक वर्गको सामाजिक सुरक्षाको सम्भावना एकदमै न्यून रहेको छ। सारमा विद्यमान स्थितिमा नेपालमा अत्याधिक कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षाको विषयमा गम्भीर भएर सोच्नुपर्ने स्थिति छ।

आर्थिक वर्ष २०५१/५२ देखि निश्चित उमेरभन्दा माथिका सबै जेष्ठ नागरिक र विधवा महिलाहरूलाई राज्यकोषबाटै मासिक भत्ताको व्यवस्था सुरु गरिएको पाइन्छ। सामाजिक सुरक्षणको क्रम क्रमशः लोपोन्मुख जनजाति, दलित, अपांग, मुसलमान र कर्णाली अञ्चलका प्रत्येक परिवारका पाँच वर्ष मुनिका दुईजनासम्म बच्चालाई मासिक रु.२००।- का दरले पोषणको व्यवस्थासम्म विस्तार भएको पाइन्छ।

## संवैधानिक तथा नीतिगत व्यवस्था

समाजको सन्तुलित विकासका निमित्त केही यस्ता आधारभूत विषयहरू महत्वपूर्ण हुन्छन् जसले नागरिकलाई जीवनको सुरक्षा र भयबाट मुक्ति दिलाउँछ। सामाजिक समानता वा सामाजिक न्यायसँग पनि सामाजिक सुरक्षालाई आबद्ध गरेर हेर्ने गरिन्छ। सामाजिक सुरक्षाको अभावमा समाजमा कमजोर व्यक्तिले संरक्षण पाउन सक्दैन र आधारभूत सुविधा प्राप्त गर्न कठिन बन्दछ। यसैले सामाजिक सुरक्षालाई नागरिकका हकमध्ये एक महत्वपूर्ण पक्षको रूपमा लिने गरिन्छ र नेपालको अन्तरिम संविधानले यसलाई समेट्ने प्रयास गरेको देखिन्छ।

**(क) संवैधानिक व्यवस्था** : नेपालको अन्तरिम संविधानमा देहायबमोजिम सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरू समाविष्ट रहेको पाइन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ ले रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकको व्यवस्था गरेको छ जसमा महिला, श्रमिक, वृद्धवृद्धा, अपांग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था धारा १८(२) ले गरेको छ। संविधानको राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत् धारा ३३ (झ) मा राज्यको दायित्वमा सुकुम्बासी, कमैया, हलिया, हरुवा चरुवालगायतका आर्थिक सामाजिकरूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने निर्देशक सिद्धान्तको रूपमा समावेश गरेको छ।

यसैगरी संविधानको धारा ३५ राज्यका नीतिहरूमा समेत सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरू समावेश रहेको छ, यसमा धारा ३५ (९) मा राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपांग अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्बन गर्नेछ भन्ने व्यवस्था रहेको छ। धारा ३५(१७) मा वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अबलम्बन गर्ने प्रावधान



समाविष्ट रहेको छ। देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अबलम्बन गर्ने राज्यको नीतिको रूपमा धारा-३५(७) मा उल्लेख गरिएको छ।

**(ख) कानुनी तथा नीतिगत व्यवस्था** : नेपालमा सामाजिक संरक्षण तथा सुरक्षाको क्षेत्रलाई व्यवस्थित गर्न थप्रै कानुनी तथा नीतिगत व्यवस्था भएका छन् जसमा राष्ट्रिय श्रम नीति- २०५६, श्रम ऐन- २०४८, श्रम नियमावली- २०४८, ट्रेड युनियन ऐन- २०४९, औद्योगिक व्यवसाय ऐन- २०४९, बोनस ऐन- २०३०, बोनस नियमावली- २०३९, निजामती सेवा ऐन- २०४९, निजामती सेवा नियमावली-२०५०, कर्मचारीहरूको सेवागत ऐन नियमहरू (स्वास्थ्य सेवा, संसद, शिक्षा, संस्थान आदि), जेष्ठ नागरिकसम्बन्धी ऐन- २०६३, अपांग संरक्षण तथा कल्याण ऐन- २०३९, कमैया श्रम (निषेध गर्ने)सम्बन्धी ऐन- २०५८, बालबालिकासम्बन्धी ऐन- २०४८, बालबालिकासम्बन्धी नियमावली- २०५१, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि- २०६५, मुलुकी ऐन- २०२०, वैदेशिक रोजगार ऐन- २०६४, वैदेशिक रोजगार नियमावली- २०६४, समाज कल्याण ऐन- २०४९, कर्मचारी सञ्चयकोष ऐन- २०१९, नागरिक लगानी कोष ऐन- २०४७, बालश्रम (निषेध र नियमित गर्ने) ऐन- २०५६, स्थानीय स्वायत्त शासन ऐन- २०५५, स्थानीय स्वायत्त शासन नियमावली- २०५६, चियाबगानसम्बन्धी श्रम नियमावली- २०५०, श्रमजीवि पत्रकारसम्बन्धी ऐन- २०५३ र नियमावली-२०५३, जनपद प्रहरी तथा सशस्त्र प्रहरीसम्बन्धी नियमावली र यिनका कल्याणकारी कोषसम्बन्धी निर्देशिका, सैनिक ऐन, नियम तथा सैनिक कल्याणकारी कोषसम्बन्धी नियमावली, न्यायाधिशहरूको सेवा सुविधासम्बन्धी ऐन तथा नियमाबलीहरू, त्रिवर्षीय योजना २०६७/६८-२०७१/७२, श्रम तथा रोजगार नीति- २०६२, जेष्ठ नागरिक नीति, बालश्रम निवारणसम्बन्धी गुरुयोजना २०६१-७१, अपांगता सेवा राष्ट्रिय कार्य योजना- २०६०, जेष्ठ नागरिकसम्बन्धि राष्ट्रिय कार्य योजना- २०६० मुख्य रहेका छन्।

**(ग) तीन वर्षीय योजनामा** (२०६७/६८-६९/७०) **सामाजिक सुरक्षा** : त्रिवर्षीय योजनाको आधार पत्रमा देशमा जनसंख्याको ठूलो हिस्सा सामाजिक सुरक्षाको दृष्टिले जोखिमयुक्त परिस्थितिमा गुज्रिरहेको उल्लेख गर्दै सामाजिक सुरक्षालाई नागरिकको अधिकारको रूपमा स्वीकार गरेको छ। गरिबी, बेरोजगारी आर्थिक विषमता, प्राकृतिक प्रकोप, सामाजिक द्वन्द्वलगायतका कारणले जोखिमहरूमा वृद्धि भएको परिप्रेक्षमा जोखिमहरूको न्यूनीकरण गरी आम जनतालाई तिनको सामना गर्दै गरिबी निवारण गर्न योजना क्रियाशील हुने प्रतिबद्धता समेत दर्शाइएको छ। यस क्रममा त्रिवर्षीय योजनाले मानव विकासको महत्वपूर्ण माध्यमका आर्थिक रूपले जोखिममा रहेका तथा सामाजिक रूपले वहिष्करणमा परेका सीमान्तकृत व्यक्ति,

समूह र समुदायहरूलाई न्यूनतम सामाजिक सुरक्षा प्रदान गर्दै जोखिमको सामना एवं व्यवस्थापन गर्न समर्थ तुल्याउने गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य लिएको छ। यस योजनाले 'सबैका लागि सामाजिक सुरक्षा' को लक्ष्य प्राप्तिका लागि विपन्न, सीमान्तकृत जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायबाट बिस्तार गर्दै लैजाने, सामुदायिक अग्रसरता र समुदायमा आधारित हेरचाह सुरक्षालाई विशेष प्रोत्साहन दिने, सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सामाजिक, आर्थिक एवं मानवीय विकाससँग आबद्ध गर्ने, छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत सन्दर्भमा उपयुक्त एवं प्रभावकारी हुने एकीकृत सामाजिक सुरक्षा प्रणालीमा सुदृढीकरण गर्ने र सामाजिक सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयनको प्रभावकारीतामा सुधार गर्ने रणनीतिसमेत अंगिकार गरेको छ।

यसैगरी योजनाले सबैभन्दा विपन्न, सीमान्तकृत र जोखिममा रहेका व्यक्ति, क्षेत्र समुदायबाट बिस्तार गरी सबैलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आधारभूत शिक्षा प्रदान गर्ने, साथै जेष्ठ नागरिक, बालबालिका, एकल महिला, शारीरिक अपांगता भएका व्यक्ति एवं जोखिममा रहेका नागरिकलाई न्यूनतम सामाजिक सुरक्षाको दायरामा ल्याउने, परित्यक्त एवं निराश्रितहरूका लागि आश्रयस्थल, विपन्न र बेरोजगार व्यक्तिलाई रोजगारीका अवसर प्राप्त गर्न सीपमुलक तालिम दिने, विभिन्न कार्यक्रम र निकायहरूअन्तर्गत् छरिएर रहेको सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गर्दै मुलुकको सन्दर्भमा उपयुक्त र प्रभावकारी हुने एकीकृत सामाजिक सुरक्षा प्रणालीमा सुदृढीकरण गरिने, सार्वजनिक निर्माण कार्यका माध्यमबाट तोकिएको हदसम्म रोजगारीको प्रत्याभूति प्रदान गरिने, लक्षित समूहका व्यक्तिहरूको तथ्यांक अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको प्रक्रिया एवं प्रशासनलाई पुनरावलोकन एवं सुधार गरी सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाउने कार्यनीति अबलम्बन गरिने छ।

**(घ) बजेट तथा नीति कार्यक्रममा सामाजिक सुरक्षा :** नेपाल सरकारको वार्षिक बजेट तथा तद्अनुसारका विनियोजन ऐनले समेत सामाजिक सुरक्षासम्बन्धी नीतिगत तथा सारभुत व्यवस्थाहरू गरेको छ, जसमा जेष्ठ नागरिक, अशक्त अपांगसम्बन्धी कार्यनीति सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिसम्बन्धी व्यवस्था आदि रहेको पाइन्छ। यसैगरी श्रमिक/मजदुर, कामदार कर्मचारीहरूको पारिश्रमिकमा करारोपण गरी उनीहरूको निमित्त भिन्दै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने व्यवस्थासमेत गतवर्षको बजेटले आरम्भ गरेको देखिन्छ।

## कार्यक्रमहरू

**(क) कामदार कर्मचारीहरूको सामाजिक सुरक्षा :** श्रम ऐन तथा नियमावली र



निजामती सेवा ऐन नियमहरूले कर्मचारी तथा श्रमिकहरूको सामाजिक सुरक्षाको व्यवस्थाहरू गरेको पाइन्छ, जसमा नोकरीको सुरक्षा, स्वास्थोपचार सुविधा, उपदान, पेन्सन, अशक्त भत्ता, पारिवारिक जीवन वृत्ति सुविधालगायतका विषयहरू समावेश भएको पाइन्छ।

**(ख) सामाजिक सुरक्षा अनुदान :** समाजका जेष्ठ नागरिक, असहाय विधवा र अशक्त अपांगता भएका नागरिकहरूको लागि न्यूनतम रूपमा भए पनि सामाजिक सुरक्षा प्रदान गर्नको लागि राज्यले सामाजिक सुरक्षा कार्यक्रम नियमित रूपमा सञ्चालन गर्दै आएको छ। यसक्रममा आव २०५१/०५२ बाट जेष्ठ नागरिक, विधवा तथा अपांगता भएका व्यक्तिहरूलाई प्रदान गर्न प्रारम्भ भएको सामाजिक सुरक्षा कार्यक्रम नेपालमा वृहत् कार्यक्रमको आरम्भ तथा कोशेढुंगाको रूपमा लिइन्छ। आव ०६५/६६ देखि एकल महिला, लोपोन्मुख आदिवासी जनजाति, अपांगता भएका व्यक्ति, कर्णाली अञ्चल र दलित नागरिकको उमेरसमूह घटाई जेष्ठ नागरिकको लक्षित समूह कायम गरी सामाजिक सुरक्षाबापत सुविधा उपलब्ध गराइएको छ। सरकारले उक्त सामाजिक सुरक्षा भत्ताका अलावा जेष्ठ नागरिक उपचार कार्यक्रम बाल संरक्षण अनुदानलगायतका थुप्रै सामाजिक सुरक्षामूलक कार्यक्रमहरू सञ्चालनमा स्रोत विनियोजन गरेको छ।

**(ग) खाद्यान्न सहयोग कार्यक्रम :** यसभन्दा पहिला खाद्य उपलब्धता कमजोर भएका स्थानहरूमा कामको निमित्त खाद्यान्नजस्ता वस्तुगत कार्यक्रममा आधारित सामाजिक संरक्षणका कार्यक्रमहरू नेपालमा सञ्चालनमा आएको देख्न सकिन्छ। यसैगरी विद्यालयमा पौष्टिक आहार, दिवा खाना, बालिका शिक्षाको निमित्त तेल अनुदानजस्ता खाद्यान्न सहयोगका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। यस सामाजिक सुरक्षा कार्यक्रममा विपन्न तथा अत्यन्त पिछडिएका परिवारका बालबालिकाको पोषण स्थितिमा सुधार रहेको पाइन्छ।

**(घ) संरक्षणजनित कार्यक्रम :** वृद्धाश्रम, अनाथालय, लोपोन्मुख जाति जनजातिको संरक्षण, शरणार्थीहरूको आश्रयजस्ता संरक्षणजनित कार्यक्रमहरू सञ्चालनमा आएका छन्।

**(ङ) अप्रत्यक्ष सामाजिक सुरक्षाजन्य कार्यक्रम :** जेष्ठ नागरिक उपचार सुविधा, जेष्ठ नागरिकलाई निःशुल्क उपचारजस्ता थुप्रै अप्रत्यक्ष तवरबाट सामाजिक सुरक्षामा योगदान प्रदान गर्ने कार्यक्रमहरू सञ्चालनमा रहेको पाइन्छ।

नेपालमा सञ्चालित सामाजिक सुरक्षा र संरक्षणका मुख्य कार्यक्रमहरू तालिकामा देखाइएको छ-

| | स्वास्थ्य | शिक्षा | कृषि / आपूर्ति | सामाजिक सुरक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १. **सामाजिक सहयोग** Social Assistance (Government financed) | ◆ निःशुल्क स्वास्थ्य सेवा (Free health)<br>◆ प्रजनन स्वास्थ्य सुत्केरी (Maternity) सुविधा-<br>हिमाल १५०० पहाड १००० तराई ५,००<br>◆ जेष्ठ नागरिक स्वास्थोपचार कार्यक्रम- प्रतिव्यक्ति ५०००।- सम्म प्रेस्क्रिप्सन बमोजिम<br>◆ १४ वर्ष मुनिका बालबालिकाको लागि निःशुल्क मुटुको भल्भ फेर्ने उपचार (Heart treatment- Vulve change)<br>◆ ७० वर्ष माथिका वृद्धवृद्धाहरूका लागि निःशुल्क मुटु उपचार सेवा | ◆ निशुल्क प्राथमिक शिक्षा (Free education)<br>◆ छात्रवृत्ति (Scholarships) बालिका तथा दलित<br>◆ विद्यालय दिवा खाजा कार्यक्रम<br>◆ छोरी विद्यालय पठाउनेको निमित्त बालिका शिक्षा प्रोत्साहन कार्यक्रम तेल, पोशाक तथा पोषण कार्यक्रम<br>◆ निःशुल्क शिक्षा (Free education)<br>◆ छात्रवृत्ति (Scholarships) | ◆ दुर्गम क्षेत्र खाद्यान्न ढुवानी अनुदान-आपूर्ति<br>◆ दुर्गम क्षेत्र नुन ढुवानी अनुदान-आपूर्ति<br>◆ महिलालाई जग्गा-जमिनको स्वामित्वमा रजिष्ट्रेसन २५ प्रतिशत छुट सुविधा<br>◆ विधवा विवाह, अन्तरजातिय विवाह प्रोत्साहन-गृह मन्त्रालय<br>◆ दलित तथा जनजातिहरूको निमित्त सीपमूलक तालिम श्रम र शिक्षा मन्त्रालय | ◆ सामाजिक सुरक्षा अनुदान (Social Transfers)<br>◆ जेष्ठ नागरिक भत्ता (Senior citizens allowance)–<br>जेष्ठ नागरिक मुलुकभर ७० वर्ष ५००।-<br>जेष्ठ नागरिक कर्णाली ६० वर्ष ५००।-<br>विधवा एकल ६० वर्ष ५००।-<br>दलित देशभर ६० वर्ष ५००।-<br>◆ अपांगता भएका (पूर्ण अशक्त अपांगता भएका रु. १,०००।- र आंशिक अशक्त अपांगता भएका रु. ३००।-) व्यक्तिलाई प्रदान गरिने भत्ता (Disability allowance)<br>◆ बालसंरक्षण अनुदान (Child grant)<br>२०६६ कार्तिक बाट लागू<br>कर्णाली अञ्चल ५वर्ष मुनिका बालबालिकाको लागि प्रति महिना २००।-<br>दलित बालबालिका ५ वर्ष मुनिका २००।- सबै बालबालिकाको लागि<br>◆ विशेष संरक्षण अनुदान<br>लोपोन्मुख जाति कुसुण्डा, वनकरिया, सुरेल, हायू, राजी, किसान, लेप्चा, मेचे, कुशबडिया सबै ५००।-<br>राउटे सबै १०००।-<br>◆ कामको निमित्त खाद्यान तथा नगद कार्यक्रम (Cash/food for work programmes)<br>◆ वृद्धाश्रम, बालगृह, अनाथालय<br>◆ दैवीप्रकोप उद्धार तथा राहत<br>◆ खाद्यान्न ढुवानी अनुदान<br>◆ द्वन्द्व प्रभावित परिवार तथा बालबालिकालाई राहत कार्यक्रम (६ जिल्ला)<br>◆ द्वन्द्व प्रभावित परिवारलाई शैक्षिक, अपांगता क्षतिपूर्ति, बेपत्ताका तथा जीवन गुमाएका परिवारलाई आर्थिक सहयोग | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ◆ विपन्न आवास कार्यक्रम<br>◆ बालश्रम निवारण<br>◆ कमैया तथा हलिया मुक्ति तथा पुनर्वास | |
| २. **सामाजिक बीमा** (Social Insurance-Worker/ employer financed) | ◆ स्वास्थ्य बीमा (Health insurance) | | | ◆ सञ्चय कोष (Provident fund)<br>◆ निवृत्तिभरण (Civil service pension)<br>◆ बेरोजार बीमा (Unemployment insurance)<br>◆ प्रजनन स्वास्थ्य बीमा (Maternity insurance)<br>◆ वैदेशिक रोजगार कल्याणकारी कोष<br>◆ वैदेशिक रोजगार बीमा<br>◆ श्रमिक कल्याणकारी कोष प्रतिष्ठानस्तर र केन्द्रीय कल्याणकारी कोष | |
| ३. **सामाजिक सुरक्षा सञ्जाल** (Social Safety Net) | | ◆ दलित, सीमान्तकृत तथा लोपोन्मुख जातिका विद्यार्थीलाई | ◆ खाद्यान्न ढुवानी अनुदान, नुनु ढुवानी अनुदान, मट्टितेलमा दोहोरो मूल्य | ◆ सामाजिक सुरक्षा सञ्जाल ६ जिल्लामा (Social safety net)<br>◆ एक परिवार एक रोजगार कार्यक्रम (कर्णाली) | |
| | | निःशुल्क शिक्षा तथा विशेष छात्रवृत्ति कार्यक्रम | अनुदान | ◆ लोपोन्मुख जातिका प्रत्येक सदस्यलाई सामाजिक सुरक्षा भत्ता<br>◆ लापोन्मुख कुसुण्डा जातिकालाई विवाह, घर निर्माण आदिमा राज्यबाट प्रदान गरिएको सहयोग<br>◆ अन्तरजातीय विवाह अनुदान | |
| ४. **श्रम कानून बमोजिमका व्यवस्था** (Labour Legislation-Employer financed) | ◆ व्यावसायजन्य स्वास्थ्य (Occupational health and safety) | | | (क) न्यूनतम ज्याला (Minimum wage)<br>◆ **श्रमिक/मजदुर–** नेपाल सरकार श्रम ऐन<br>◆ **जुट मजदुर–** नेपाल सरकार श्रम ऐन<br>◆ **चिया मजदुर–** नेपाल सरकार श्रम ऐन<br>◆ **श्रमजीवि पत्रकार–** श्रमजीवि पत्रकारसम्बन्धी ऐन (नेपाल सरकार)<br>◆ **कृषि मजदुर–** जिल्ला विकास समिति (स्थानीय स्वायत्त शासन ऐन नियम)<br>◆ **अन्य मजदुर–** प्रमुख जिल्ला | |

| | |
|---|---|
| अधिकारी (आर्थिक प्रशासन नियम)<br>❖ कामदार कटौतिमा क्षतिपूर्ति<br>❖ चोटपटकमा क्षतिपूर्ति<br>❖ उपदान, सञ्चयकोष<br>❖ औषधि उपचार<br>❖ बिदा | ❖ बोनस<br>❖ रोजगारीमा पुन: प्राथमिकता<br>❖ मजदुर कल्याणकारी कोष (केन्द्रीय र प्रतिष्ठान स्तर)<br>◆ निजामती कर्मचारीलाई<br>❖ पेन्सन, उपदान<br>❖ सञ्चयकोष थप<br>❖ अशक्तवृत्ति, शैक्षिकवृत्ति<br>❖ जीवन बीमा,<br>❖ नागरिक लगानी कोष,<br>◆ औषधोपचार, निजामती अस्पतालमा उपचारमा छुट, महँगी भत्ता |



| | |
|---|---|
| **५. अन्य**<br>(क) शासकीय सुधार<br>(ख) महत्वपूर्ण सामाजिक अभ्यास | ◆ बालमैत्री स्थानीय सरकार<br>◆ मजदुर भलाई कोष<br>◆ कर्मचारी कल्याणकोष<br>◆ गुठी प्रणाली |

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमलाई मूलत: नगद हस्तान्तरणमूलक (Cash Transfer) कार्यक्रलाई बुझ्ने गरिन्छ । यसो हुनुमा यस्ता खास कार्यक्रमको नाम नै सामाजिक सुरक्षा कार्यक्रमको रूपमा बजेट तथा कार्यक्रमबाट इंगित गरिनु र आमरूपमा यिनै कार्यक्रमलाई सामाजिक सुरक्षाको रूपमा चित्रित गरिने परिपाटी मुख्य रहेको छ । आव ०६६/६७ मा जेष्ठ नागरिक, अशक्त अपांगता, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा व्यवस्था कार्यक्रमको लागि कूल बिनियोजित बजेटको २.९७ प्रतिशत बिनियोजित गरिएको थियो । यसबाहेक सामाजिक सुरक्षा कार्यक्रम विस्तारका लागि अन्य क्षेत्रहरूमा (उत्पीडित, उपेक्षित, मधेसी, मुस्लिम, सामाजिक समावेशीकरण आदि) समेत राज्यले बजेटको व्यवस्था गरेको छ ।

समग्रतामा विश्लेषण गर्दा नेपालमा जेष्ठ नागरिक, असाहाय विधवा, अपांगता भएका व्यक्ति, श्रमिक वर्ग र अतिगरिब विपन्नको सामाजिक सुरक्षाको निमित्त विगतमा विभिन्न प्रयासहरू गरिएको पाइन्छ ।

उपरोक्त बमोजिमका सामाजिक सुरक्षाका कार्यक्रम तथा नीति कार्यान्वयनका निमित्त मुलुकका विभिन्न संगठनहरू क्रियाशील रहेका छन्, जसमा केन्द्रीय तहमा स्थानीय विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय, शान्ति तथा पुन:निर्माण मन्त्रालय, समाजकल्याण परिषद, केन्द्रीय बाल कल्याण समिति, कर्मचारी सञ्चयकोष, कौषी तोषाखाना, नेपाली सेना तथा नेपाल प्रहरीहरूको कल्याणकारी कोष, सार्वजनिक संस्थान र मातहतका विभाग तथा निकायहरू संलग्न रहेका पाइन्छन् भने स्थानीय तहमा जिल्ला विकास समितिहरू, नगरपालिका तथा गाउँ विकास समितिहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज सामुदायिक संस्थाहरू, जिल्ला तहका विषयगत (शिक्षा,

महिला तथा बालबालिका कार्यालय स्वास्थ्य कार्यालय र स्वास्थ्य संस्थाहरू) कार्यालयहरू बालकल्याण समिति, बालगृह/वृद्धाश्रम आदि मुख्य रहेका छन् । केही नवीन प्रयासहरू-

## श्रम बजार सुधार

नेपाल सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सन् २००७ बाट अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा श्रम बजार सुधार कार्यक्रमको प्रारम्भ गरेको छ । मूलतः श्रम लचकताबाट उपयुक्त लगानीको वातावरण निर्माण, श्रम लचकताबमोजिम मजदुरहरूमा पर्नसक्ने प्रभाव हटाउन सामाजिक सुरक्षासम्बन्धी व्यवस्था गर्न, विशेष आर्थिक क्षेत्रमा (SEF) खुल्ने उद्योग व्यवसायका सम्बन्धमा श्रमसम्बन्धी विशेष व्यवस्थाहरू मिलाउन, श्रम ऐन नियमहरूमा कामदार तथा लगानीकर्ताहरूको हितलाई सन्तुलित बनाउन, श्रम विवादहरूको निरूपण गर्न राष्ट्रिय श्रम आयोगको व्यवस्था मिलाउन, श्रमसम्बन्धी कानुन नियमहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार निरन्तर सुधार तथा अध्यावधिक गर्न, नयाँ औद्योगिक नीति तर्जुमाका क्रममा रहेकाले यस नीतिलाई श्रमसम्बन्धी विधि-विधानबाट परिपोषण गर्न, अत्यावश्यक सेवासम्बन्धी व्यवस्थालाई अन्तर्राष्ट्रिय मान्यताअनुसार अध्यावधिक गर्न यो श्रम बजार सुधार कार्यक्रम प्रारम्भ गरिएको हो ।

नेपाल सरकारले आरम्भ गरेको श्रम बजार सुधार प्रयासको उद्देश्य कामदारहरूको पारिश्रमिक सुविधा र सुरक्षाका साथै कार्यअनुकूलको वातावरण निर्माण गर्नुका साथै मुलुकमा औद्योगिक वातावरणको तर्जुमाद्वारा यस क्षेत्रमा लगानी अभिवृद्धि माध्यमबाट रोजगारी विस्तारका अवसर विकास गर्नु रहेको छ । श्रम बजार सुधार कार्यक्रमअन्तर्गत् नेपाल सरकारले श्रम कानुनमा सुधार गरी सुमधुर श्रम सम्बन्धको विकास गर्ने उद्देश्य राखेको छ । श्रम कानुन सुधारका मुख्य तीन पक्ष रहेका छन् जसमा श्रम लचकता, कामदारहरूको समाजिक सुरक्षाको सुनिश्चितता तथा ट्रेड युनियन र रोजगारदाताहरूको संगठनात्मक स्वतन्त्रताको प्रत्याभूति गर्नु रहेको छ । श्रम मन्त्रालयको नेतृत्वमा सञ्चालित यस सुधार कार्यक्रमले श्रम ऐन र नियम, बोनस ऐन र नियम, सामाजिक सुरक्षा ऐन र नियम, सांगठनिक स्वतन्त्रता ऐन र नियम, राष्ट्रिय श्रम/मजदुर आयोग ऐन र नियम तर्जुमा गरी विधायिकामा प्रस्तुत गर्नेछ । उक्त कार्यदलबाट हाल रोजगारदाता र कामदार प्रतिनिधि ट्रेड युनियन महासंघहरू बीचको छलफलबाट प्रारम्भिक मस्यौदाको प्रारूप बनाउने कार्य भइरहेको छ ।

## सामाजिक सुरक्षा कोषको गठन

नेपालको अन्तरिम संविधान, २०६३ को मूलमर्म र यसले प्रत्याभूत गरेको सामाजिक सुरक्षासम्बन्धी मौलिक हकलाई वास्तविकरूपमा कार्यान्वयन गर्ने क्रममा



नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७[4] बाट आर्थिक ऐन, २०६६ मार्फत् एक प्रतिशत सामाजिक सुरक्षा कर लगाउने व्यवस्था गरेको छ । बजेट वक्तव्यको बुँदा नं. २८५ (क) मा ‘वृद्ध भत्ता, असहाय भत्ताजस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू क्रमशः विस्तार गर्दै लगिएको छ । भविष्यमा यसलाई विस्तार गर्ने सन्दर्भमा सामाजिक सुरक्षा कर लगाउनेतर्फ अध्ययन गरिने छ । सामाजिक सुरक्षा करको व्यवस्था प्रारम्भ नगरिएसम्म पारिश्रमिक आय-आर्जन गर्ने व्यक्तिबाट करयोग्य आयको पहिलो स्ल्याबमा एक प्रतिशत कर लगाउने प्रस्ताव’ अनुरूप प्रस्तुत व्यवस्था कार्यान्वयन गर्ने क्रममा २०६७ श्रावण महिनादेखि सबै किसिमका पारिश्रमिक आय प्राप्त गर्ने व्यक्तिहरूबाट एक प्रतिशत सामाजिक सेवा कर असुल गर्ने प्रक्रिया आरम्भ भयो । यसरी नेपालमा सामाजिक सुरक्षा योजना तथा कार्यक्रम सञ्चालन गर्न विस्तृतरूपमा अध्ययन गरी सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न २०६७/७/१८ मा अर्थ मन्त्रालयका राजश्व सचिव कृष्णहरि बास्कोटाको संयोजकत्वमा ट्रेड युनियन महासंघहरू रोजगारदाता प्रतिनिधि र नेपाल सरकारको समानरूपमा त्रिपक्षीय प्रतिनिधित्व रहेको एक उच्चस्तरीय ‘सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति’ गठन गऱ्यो । यसै समितिको प्रतिवेदनमा आधारित रही हाल नेपाल सरकारले सामाजिक सुरक्षा कोष नियमावली २०६७ जारी गरी कार्यान्वयन प्रक्रियासमेत आरम्भ गरेको देखिन्छ ।

समितिले सरोकारवालासँको वृहद परामर्श तथा नेपालस्थित आईएलओ, विश्व बैंक, एडीबी, युनिसेफ तथा अन्य दातृसंस्थाहरूसँग राय परामर्शहरूसमेत प्राप्त गरको थियो । यस पश्चात् आयोजित दुई दिवशीय कार्यशाला गोष्ठिमा नेपालको सामाजिक सुरक्षा योजनाको मार्गदिशाका सम्बन्धमा त्रिपक्षीय सहमति भएको थियो । सामाजिक सुरक्षा योजनासम्बन्धी अध्ययन सम्पन्न गरी यसको कार्यान्वयनसम्बन्धी कार्य योजनासहित देहायबमोजिम सिफारिस गरेको छ । दीर्घकालीन तथा तत्कालिन सिफारिसको रूपमा बर्गीकरण गरिएका उक्त सिफारिसमा सामाजिक सुरक्षा योजना तत्काल प्रारम्भ गर्न निम्न मुख्य सिफारिस[5] गरेको देखिन्छ ।

१. सामाजिक सुरक्षा योजनालाई तत्काल सञ्चालन गर्न छुट्टै संगठनात्मक संरचनाको रूपमा सचिवालय खडा गर्ने ।

२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनार्थ स्वायत्त निकाय गठन गर्नेतर्फ आवश्यक कारबाही अगाडि बढाउने ।

---

४ आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य पृष्ठ ५६ बुँदा नं. २८५ क, नेपाल सरकार, अर्थ मन्त्रालय २०६६

५ सामाजिक सुरक्षासम्बन्धी अध्ययन प्रतिवेदन २०६७ भाग ७, सामजिक सुरक्षा अध्ययन कार्य समिति

३. आगामी आर्थिक वर्षको बजेटमा सचिवालयको सञ्चालनार्थ आवश्यक बजेट विनियोजन गर्ने ।

४. सामाजिक सुरक्षासम्बन्धी कानुन तर्जुमा गरी संसदमा पेश गर्ने व्यवस्था मिलाउने ।

५. बीमा ऐनमा संशोधन गरी सामाजिक सुरक्षा कोषलाई समेत बीमासम्बन्धी काम गर्ने अधिकार प्रदान गर्ने ।

६. आगामी आवबाट बेरोजगार बीमा, दुर्घटना बीमा, प्रजनन् स्वास्थ्य र स्वास्थ्य उपचार बीमा प्रारम्भ गर्ने । यसको लागि आगामी बजेट वक्तव्यमै स्पष्ट रूपमा उल्लेख गर्ने ।

७. आव ०६६/६७ मा कट्टी गरिएको १ प्रतिशत रकम छुट्टै खातामा तत्काल दाखिला गर्ने ।

८. आगामी आवदेखि सामाजिक सुरक्षा करको रकम भिन्दै राजश्व शीर्षकमा जम्मा गर्ने व्यवस्था मिलाउने ।

९. सामाजिक सुरक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यसको सफल कार्यान्वयन भएका देशहरूको अध्ययन भ्रमण गरी अनुभव आदान-प्रदान गर्ने ।

१०. मन्त्रिपरिषद्बाट सामाजिक सुरक्षा योजना सञ्चालनार्थ कार्यकारी आदेश जारी गर्ने ।

११. २०६७ श्रावण १ गतेदेखि नै सुरु गरी सामाजिक सुरक्षा योजनामा सहभागी सदस्यहरूलाई सदस्यता कार्ड वितरण गर्ने ।

१२. सामाजिक सुरक्षा योजनामा सरकार, व्यवसायी र योगदानकर्ताको योगदानको सुनिश्चितता एकिन गर्ने ।

## सामाजिक संरक्षणको राष्ट्रिय प्रारूप तर्जुमा

राष्ट्रिय योजना आयोगले आगामी अन्तरिम योजनामा सामाजिक संरक्षणमूलक कार्य र रोजगारी सिर्जनालाई अत्यन्त महत्वपूर्ण पाटोको रूपमा लिएको छ । यस क्रममा नेपालमा सञ्चालित सामाजिक संरक्षण कार्यक्रमको समग्र विश्लेषण गरी आगामी दिनमा सञ्चालन हुने सामाजिक संरक्षण कार्यक्रमको खाका निर्माणको कार्य प्रारम्भ भएको छ । आयोगका सदस्य सचिवको संयोजकत्वमा गठित राष्ट्रिय समितिले मूलतः आगामी योजना, मध्यकालीन तथा दीर्घकालीन किसिमा सामाजिक



संरक्षणको राष्ट्रिय प्रारूप सिफारिस गर्नेछ । यसमा आगामी योजना तथा समयक्रममा अवलम्बन गर्नुपर्ने सामाजिक संरक्षणका नीति, कार्यनीति विषयगत निकायका कार्यक्रमहरूको अन्तरसम्बन्ध र यसमा गर्नुपर्ने सुधार सहितको सामाजिक संरक्षणका Visonary दृष्टिकोण निर्माणका निमित्त प्रारम्भिक प्रतिवेदन बुझाइसकेको छ भने विस्तृत प्रतिवेदन तर्जुमाको क्रममा रहेको छ । राष्ट्रिय योजना आयोगको अगुवाइमा तयार हुने यस सामाजिक संरक्षणको ढाँचाले मुलुकले अवलम्बन गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई फलिभूत बनाउनसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## समस्याहरू

सामाजिक सुरक्षा र संरक्षण राज्यको उच्च प्राथमिकता र प्रतिबद्धताका क्षेत्रमा पर्ने भए तापनि यसको कार्यान्वयनमा थुप्रै चुनौतीहरू विद्यमान देखिन्छन् जसलाई निम्न बुँदामा राख्न सकिन्छ-

(**क**) **नीतिगत** : सामाजिक सुरक्षा संरक्षणसम्बन्धी कार्यक्रमहरूको नीतिगत स्पष्टता छैन, सामाजिक संरक्षण र सामाजिक सुरक्षाका कार्यक्रमहरू मिसमास हुँदा राज्यको दायित्व निर्धारणमा समेत समस्याहरू देखिएका छन् । गरिबी र अभावभन्दा अन्य सूचकमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको बाहुल्यता रहेको छ । Cash Transfer base social security मा कूल वार्षिक बजेटको करिब ३ प्रतिशतभन्दा बढीको बिनियोजन भए पनि कार्यक्रम सञ्चालन गर्ने स्थानीय निकाय र स्थानीय जनशक्तिको केन्द्रदेखि स्थानीयस्तरसम्म कम प्राथमिकताको रूपमा रहेका छन् ।

(**ख**) **कार्यक्रमको ढाँचा तथा दायरा** : सरकारी कार्यक्रम स्थानीय आवश्यकता र प्राथमिकताभन्दा सरकारको चाहनाबाट निर्देशित लोकप्रियताको दृष्टिले नगद बितरणमुखी र Supply Oriented रहेका देखिन्छन् । सामाजिक सुरक्षा कार्यक्रमले छोडेको सीमित संख्या दलित, पिछडिएको वर्ग र अति बिपन्न हुने गरेको जुन उक्त वर्गको ठूलो हिस्सा हुँदा सामाजिक सुरक्षाले कमजोरलाई उकास्न उचित योगदान दिन नसकेको अनुभूति भएको छ । यसैगरी लक्षित समूहको पहिचानमा कठिनाई (उमेर गणना, नागरिकता नभएको आदि, दलित, जनजाति आदि) देखिने गरेका छन् ।

बोनस ऐनबमोजिम सबै प्रतिष्ठानले बोनस वितरण गरी बाँकीरहेको रकमको ३० कोषको प्रभावकारी अनुगमन हुन नसकेको र प्रभावकारी कार्यक्रमसमेत तर्जुमा हुन नसकेकोले यसमा जम्मा भएको डेढ अर्बभन्दा बढी रकम श्रमिकको हितमा उपयोग हुन सकेको छैन ।

(**ग**) **संगठनात्मक** : सामाजिक सुरक्षाका कार्यक्रमहरू अधिकांशतः स्थानीय

निकाय तथा सेवा तहका कार्यालयहरूबाट वितरण हुने हुन्छ । तर यस्तो सामाजिक सुरक्षाको कार्यक्रमलाई प्रभावकारी बनाउने एकीकृत तथा समन्वयात्मक संगठनात्मक संरचना तथा यस अनुसारको प्रशासनिक संरचना, वित्तीय स्रोत र व्यवस्थापन क्षमताको विकासमा ध्यान जान सकेको छैन । फलतः कार्यक्रम प्रभावकारी नहुने, समयमा नपाउने, चुहावट र जन गुनासाहरू धेरै आउने गरेका छन् ।

स्थानीय निकायमा सेवा प्रवाहका जनप्रतिनिधि नै जनताप्रति जवाफदेही हुने विकेन्द्रीत शासनको ढाँचा भए तापनि लामो समयदेखि जनप्रतिनिधि नहुँदा यसको वास्तविक कार्यान्वयन, पारदर्शिता र लक्षितमा पुऱ्याउन समस्याहरू देखिएका छन् । स्थानीय निकाय तथा सेवा प्रवाह तहमा कर्मचारीको अभाव रहेका र भएका गाउँ विकास समितिका सचिवहरूसमेत सदरमुकाम केन्द्रीत हुँदा कार्यक्रम तथा वितरण प्रणाली प्रभावकारी हुन नसेको स्थिति छ । प्रशासनिक बजेटको व्यवस्था नगरिनुले यसको उचित कार्यान्वयनमा स्थानीय निकायहरूको उदासिनता बढेको पाइन्छ । सामाजिक सुरक्षाका कार्यक्रमहरूका बारेमा स्थानीय सेवा प्रदायकहरूलाई प्रशिक्षित नगरिँदा यसले उचित महत्व नपाउने र अतिरिक्त कामको रूपमा हेरिने गरेको छ ।

(घ) **वित्तीय स्रोत साधन** : सामाजिक सुरक्षा कार्यक्रमलाई लोकप्रिय कार्यक्रमको रूपमा उद्घोषण गरिएको छ । कार्यक्रमको निमित्त आवश्यक बजेट विनियोजन नहुने, समयमा निकासा नहुनाले यसको कार्यान्वयनमा प्रभाव पर्ने गरेको छ । सामाजिक सुरक्षाका निमित्त अवलम्बन गरिएका व्यवस्थाहरूमा प्रशस्त कमी रहेका छन् । हालै जस्तै विधवा भत्तालाई पनि उमेरमा आबद्ध गरिएको विषयलाई सम्मानित अदालतबाट निर्देशनात्मक आदेशसमेत भएको छ ।

सामाजिक सुरक्षा कार्यक्रमलाई लोकप्रियतामूलक राजनीतिक लाभका दृष्टिले उपयोग गर्ने सोच व्याप्त रहेको छ । कर्णाली रोजगार कार्यक्रम घोषणा भएको लामो समयसम्म प्रभावकारी ढंगले कार्यान्वयनमा आउन सकेको छैन । अपांगता भएका व्यक्तिलाई भत्ता दिने लोकप्रिय उद्घोषण भए तापनि भत्ता पाउनेको संख्या कोटामा सीमित गर्ने प्रणालीका कारण सबै अपांगले भत्ता पाउन नसकेको र समान स्तरका कसैले भत्ता पाउने कसैले नपाउने अवस्था सिर्जना भएको टिप्पणी हुने गरेको छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सन् २००९ सम्म बँधुवा बालश्रमिक, सडक बालबालिका, बाल भरिया, घरेलु बालश्रमिक, खानीमा बाल मजदुर, गलैंचा बालमजदुर, अवैध ओसार पसार र बेचबिखनमा परेका बालबालिका गरी सात किसिमका निकृष्ट बाल श्रम उन्मुलन गर्न महत्वाकाङ्क्षी बाल श्रम निवारण गुरुयोजना तर्जुमा भएको छ । तर यसबमोजिम लक्ष्य हाँसिल हुन सकेन ।

सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन गर्दा विद्यार्थीको संख्याको आधारमा



सीमान्तिकृत र दलित छात्रवृत्तिको रकम निकासा नहुने भएकोले दामासाहीले बाँडेको (उदाहरणका लागि ग्वालटार उमावि सिन्धुलीमा मावि तहमा सीमान्तीकृत छात्रवृत्ति प्रतिविद्यार्थी वार्षिक रु. १४७/- का दरले बाँडेको, (देशान्तर-केदार सुवेदी, मिति ०६६ फागुन १६ ) अवस्था पाइएको छ ।

(ङ) **समन्वय** : विभिन्न निकायहरूका बीच सामाजिक सुरक्षाका उस्तै-उस्तै कार्यक्रमको दोहोरोपना रहने र एकद्वारको अभाव तथा अन्तर निकाय समन्वय प्रणालीसमेत कमजोर रहने गरेको छ । केन्द्र र सेवा प्रवाह निकायका बीच पर्याप्त समन्वय नहुँदा समयमा विवरण प्राप्त नहुने, कार्यप्रगतिको अवस्था जानकारी नहुने र कतिपय अवस्थामा स्रोतको प्रयोगको अवस्थासमेत अन्योल हुने गर्दछ भने सरकार र दाताका बीच कार्यक्रमको ढाँचा तथा कार्यान्वयन प्रणालीमा एकरूपताको अभाव छ ।

(च) **प्रक्रियागत** : सामाजिक संरक्षणका कार्यक्रमहरू विभिन्न निकायहरूमा छरिएर कार्यान्वयन हुँदा कतिले दोहोरो पाउने र कति वञ्चित अवस्थामा रहने गर्दछ । कार्यक्रमको प्रशासनिक प्रक्रिया झञ्झटिलो र कार्यान्वयन गर्ने प्रशासनिक संयन्त्र कमजोर छ । कमजोर तथा शैक्षिक जागरण नभएको वर्गले प्रक्रिया पूरा गर्न कठिन भई यस्तो सुविधाको पहुँचबाट टाढा रहने जोखिम विद्यमान छ ।

(छ) **अनुगमन तथा मूल्यांकन** : सामाजिक सुरक्षासम्बन्धी अधिकांश कार्यक्रमहरू परम्परागत ढंगबाट कार्यान्वयन हुने गरेका छन् । केन्द्र-स्थानीय स्तरसम्म कार्यान्वयनको अनुगमन सूचकहरूको निर्माण गरी प्रभावकारी अनुगमन मूल्यांकन पद्धतिको व्यवस्था नहुँदा लक्षित वर्गले के-कति लाभ हाँसिल गर्न सकेका छन्, कार्यक्रमले विपन्न वर्ग तथा जोखिममा परेका कतिलाई जोखिमबाट बाहिर निकाल्न सहयोग गऱ्यो र गरिबी निवारणमा कस्तो योगदान पुऱ्याएको छ लेखा-जोखा हुन सकेको छैन ।

(ज) **सूचना तथा तथ्यांक** : सामाजिक सुरक्षाको कार्यक्रमको निमित्त आधारभूत तथ्यांक, त्यसमा पनि उमेरगत, जाति, क्षेत्रगत तथा लैंगिक खण्डीकृत तथ्यांकको अभाव छ । सामाजिक सुरक्षा कार्यक्रमहरू मूलतः गरिब तथा कमजोर समक्ष पुग्नुपर्नेमा भरपर्दो तथ्यांकको अभावमा लक्षित वर्ग पहिचान हुन नसक्दा लक्षित वर्गले कति फाइदा पाए भन्ने यकिन हुने अवस्था नै छैन । उदाहरणको लागि वृद्ध भत्ता सबैलाई वितरण भएको छ । फलतः करिब २५ प्रतिशत गरिबीमा रहेको अनुमान गर्दा बाँकी अन्य वर्गमा गएको स्पष्ट हुन्छ ।

लक्षित समूहको लगत कट्टाको विवरण प्राप्त हुन कठिनाई, लक्षित समूहको संख्यात्मक विवरण अर्थात तथ्यांक गाविस/नपाबाट जिविसमा र जिविसबाट मन्त्रालयमा समयमा प्राप्त गर्दासम्म समस्या भइरहनु ।

## चुनौतीहरू

सामाजिक सुरक्षा र संरक्षणका नीति योजना तथा कार्यक्रम कार्यान्वयनमा थुप्रै चुनौतीहरू विद्यमान रहेका छन् । जसमा मुख्यतः निम्न देखिन्छन् :

**(क) बजेटमा बढ्दो चाप** : हाम्रो जस्तो सीमित स्रोत साधन तर विकासको उच्च आकाङ्क्षाको अवस्थामा सामाजिक सुरक्षा र संरक्षणमुखी कार्यक्रमहरूले बजेटमा उच्चचाप पारेको छ, यसको क्रम दिनानुदिन बढ्दो छ जसलाई सन्तुलनमा राख्नु महत्वपूर्ण चुनौती देखिएको छ ।

**(ख) कार्यक्रम कार्यान्वयन तथा वितरण** : विद्यमान स्थानीय निकायको संरचना तथा उपलब्ध जनशक्तिको कारण छरिएर रहेको बस्तीहरूमा घर-दैलोमा नै सामाजिक सुरक्षाको रकम तथा कार्यक्रम पुऱ्याउनु निकै चुनौतीपूर्ण बनिरहेको छ ।

कार्यक्रमको राम्रो प्रचारप्रसार नहुनु तथा प्रक्रियागत समस्याले सामाजिक सुरक्षा कार्यक्रमलाई सबैको पहुँचमा पुऱ्याउन सकिएको छैन, छुटेकोमा दलित, पिछडिएको वर्ग तथा जोखिममा परेकाहरूको संख्या बढी रहेको अनुसन्धानहरूबाट औंल्याइनु यस कार्यक्रमको गम्भीर चुनौती बनेको छ ।

**(ग) प्रभावको आँकलन** : कार्यक्रमको प्रभावको अध्ययन हुन नसक्दा यसको वास्तविक फाइदा आँकलन हुन सकेको छैन, लक्षित वर्गले अधिकाधिक फाइदा पाएको सुनिश्चित हुनु महत्वपूर्ण चुनौती बनेको छ ।

**(घ) राजनीतिकरण** : सामाजिक सुरक्षाका वितरणमुखी कार्यक्रम राजनीतिक लोकप्रियता उन्मुख भएका छन्, दायरा र दबाब दिनानुदिन बढिरहेको छ जसले समता र स्रोत व्यवस्थापनबीचको सन्तुलनमा समेत चुनौती सिर्जना गरेको छ ।

**(ङ) उपयुक्त सूचना प्रणालीको अभाव** : देशभरमा सञ्चालनमा रहेका सामाजिक सुरक्षा सम्बद्ध कार्यक्रमहरूको लक्षित संख्या, लाभान्वितको संख्या, पहुँच नपुगेकाहरूको विवरण, आगामी वर्षको निमित्त प्रक्षेपण जस्ता आधारभूत विषयवस्तुको सूचना प्रणाली स्थापना हुन नसक्दा हचुवामा आधारित हुने गर्दछन् । यसैगरी विषयगत मन्त्रालय तथा केन्द्रीय सरोकार निकायहरूसँग व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुन नसक्नु तथा नगद हस्तान्तरणमुखी कार्यक्रम व्यक्तिगत घटना दर्ता कार्यक्रमसँग एकीकृत गर्न नसकिएकोले अभिलेख अद्यावधिक गर्न चुनौती बनेको छ ।

**(च) परनिर्भरताको प्रवृत्ति** : राज्यको सहायताबाट जीवन चलाउने प्रणालीको प्रोत्साहनले अनेकौं नाम र बहानामा सामाजिक सुरक्षाको सुविधा माग गर्ने जमात बढिरहेको र यसले अन्ततोगत्वा परनिर्भरताको सिर्जना भई आलसी र अकर्मण्यताको विस्तार हुने जोखिम रहेको छ ।



**(छ) सेवाग्राहीको दायरा** : एक दशकको द्वन्द्वको कारण बिस्थापित तथा जोखिममा परेकाहरू छरिएर रहेका, उनीहरूको पहिचानमा समस्यालगायतमा राजनीतिकरूपमा भइरहने हेरफेर आदिबाट यस्ता जोखिमयुक्त अवस्थाका परिवारलाई विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न निकै चुनौतीपूर्ण रहेको छ । यस्तै खाद्यान्न संकट तथा वातावरणीय परिवर्तनले यसको आकार र प्रकृतिमा परिवर्तन आउने अवस्था देखिएको छ जसलाई सम्बोधन गर्नु कम चुनैतीपूर्ण छैन ।

## निष्कर्ष

सामाजिक सुरक्षा मानवीय सुरक्षा र संरक्षणको महत्वपूर्ण पक्ष हो, जसले कमजोर तथा सहायता आवश्यक भएको अवस्थामा सुरक्षाको सुनिश्चित गराई व्यक्तिलाई उसको भविष्यको जोखिम न्यून गर्न सहयोग पुऱ्याउँछ । सामाजिक सुरक्षा नेपालमा मात्र नभई समकालीन विश्वका विभिन्न मुलुकहरूमा कार्यान्वयन भइरहेको छ । देश र संगठनअनुसार सामाजिक सुरक्षाका कार्यक्रम र अवधारणामा विभिन्नता पाइने भएकोले यससम्बन्धी दृष्टिकोणमा प्रशस्त फरक पाउन सकिन्छ ।

समाजका सबै वर्ग र क्षेत्रको हितको लागि खासगरी जोखिममा परेका अशक्त वा अति गरिबीको अवस्थामा रहेका नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु राज्यको प्रमुख दायित्व हुन्छ । गरिबी, रोग र असुरक्षाको चपेटामा परेका र प्राकृतिक प्रकोप, उमेर आदिको कारणले आश्रयहीन र अशक्त अवस्थामा रहेका व्यक्ति र समुदायलाई सामाजिक सुरक्षा दिएर मानवोचित ढंगले बाँच्नका निमित्त आवश्यक पर्ने न्यूनतम सहयोग र भरथेग उपलब्ध गराउने कार्यलाई मुलुकको दायित्वको रूपमा लिइने हुनाले नै नेपालमा वृद्धभत्ता दिने, सेवा निवृत्त कर्मचारीलाई निवृत्तिभरण दिने, आधारभूत शिक्षा र स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने समेतका सामाजिक सुरक्षा कार्यक्रमहरूको सञ्चालन भएको हो । देशमा जनसंख्याको ठूलो हिस्सा सामाजिक सुरक्षाको दृष्टिले जोखिमयुक्त परिस्थितिमा गुज्रिरहेको छ । गरिबी, बेरोजगारी एवं अर्धबेरोजगारी, विषमता, प्रकोप, द्वन्द्वलगायतका कारणले जोखिमहरूमा वृद्धि भइरहेका छन् । यस्ता जोखिमहरूको न्यूनीकरण गरी आम जनतालाई तिनको सामना गर्न सक्षम बनाउन नसकेसम्म दिगो शान्ति स्थापना हुन गाह्रो पर्दछ ।

विगत केही वर्षदेखि सरकारले प्रभावकारी सामाजिक सुरक्षा प्रणालीको आवश्यकताप्रति सजग हुँदै गरिबीको मारमा परेका, बालबालिका, जेष्ठ नागरिक, श्रमिकहरू, अपांगता भएका व्यक्तिहरू, लोपोन्मुख जातजातिहरू, ऋणग्रस्त एवं द्वन्द्व प्रभावित व्यक्तिहरू र एकल महिलाहरू कामदार कर्मचारी तथा निवृत्त राष्ट्रसेवकहरूका लागि विभिन्न कार्यक्रमहरू अगाडि ल्याएको र ठूलो लगानी (Huge Amount) गरेको छ । सरकारबाट सञ्चालित सामाजिक संरक्षण (Protection) मूलक कार्यहरूले

नागरिकहरूलाई जोखिमबाट बचाउन तथा यस्ता जोखिमबाट हुनसक्ने क्षतिको सामना गर्ने क्षमता विकास गर्न एक हदसम्म सहयोग पुऱ्याएको पनि छ ।

नेपालले यस क्षेत्रमा नै महत्वपूर्ण मानिएको जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रम आरम्भ गरेर उदाहरण नै प्रस्तुत गरेको हो । पछिल्ला समयमा सरकारले शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, तथा कमजोर वर्गमा जाने नगद हस्तान्तरणको क्षेत्रमा जोड दिएको छ । यस क्षेत्रमा गरिएको लगानीको प्रतिफल र प्रभावको आँकलन हुन नसक्दा न्यून स्रोतको उपयोगको सम्बन्धमा विवादहरू हुने गरेको पाइन्छ । यसैगरी गत आर्थिक वर्षबाट आरम्भित योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमले नियमित तलब प्राप्त गर्ने कामदार कर्मचारीलाई मात्र समावेश गरेकोमा अनौपचारिक क्षेत्रमा कार्यरत १ करोड १७ लाख ७९ हजार श्रमशक्तिलाई[6] नै यसको दायराभित्र ल्याउन आवश्यक छ । कामदार कर्मचारीहरूको योगदान जम्मा हुन थालेको करिब डेढ वर्ष व्यतित भइसक्दासमेत यसको कुनै स्किम प्रारम्भ हुन नसक्नुले योगदानकर्ताहरूको विश्वासमा ह्रास आउन सक्दछ ।

आजको समाज अधिकारमा आधारित धारणामा (Right base approach) आधारित विकासमा अग्रसर छ । यसले विकास र शान्तिपूर्ण जीवन बिताउने अधिकारको अवधारणा राख्दछ, । जसले मानव पुँजीको संरक्षण र विकास गर्न सहयोग गर्ने भएकोले यसको कार्यान्वयनमा महत्वाकांक्षी योजनाको घोषणामा देखिने राजनीतिक आतुरतालाई कार्यान्वयनको यथार्थताले परिपोषित गर्न  गम्भीर हुन आवश्यक देखिन्छ । सामाजिक सुरक्षाका कार्यक्रमहरू फैलावट र गुणस्तरका दृष्टिले समेत अपर्याप्त देखिएका छन् । नियमनकारी अनुगमन गर्ने संयन्त्रको समेत कमी रहेको देखिन्छ । सामाजिक सुरक्षासम्बन्धी कतिपय कार्यक्रमहरू व्यवस्थापनका दृष्टिले छरिएर रहेका र प्रशासनिक तथा वित्तीय संभाव्यता, दिगोपन, वितरणमूलक तथा कार्यात्मक दक्षताको हिसाबले, मूल्यांकन नगरीकन सञ्चालनमा आएका पनि छन् भने अर्कोतर्फ, राजनीतिक दलहरू लगायतका सबै सरोकारवालाहरूमा सामाजिक संरक्षणको विस्तारमा देखापरेको सहमति, सरकारकातर्फबाट अभिव्यक्त प्रतिबद्धता, विकासका साझेदारहरूको यस क्षेत्रमा बढ्दो अभिरुचिले गर्दा भएका कार्यक्रम र तिनको कार्यान्वयन प्रक्रियालाई सुव्यवस्थित बनाएर, कार्यक्रमको बिस्तार गर्दै वितरण प्रणालीलाई पनि सोहीअनुसार सुव्यवस्थित एवं सुदृढ गर्नु वर्तमानको आवश्यकता हो ।

[6] नेपाल श्रम सर्वेक्षण दोस्रो (२०६४/६५) संक्षिप्त नतिजा, केन्द्रीय तथ्यांक विभाग, २०६६



## सन्दर्भ सामाग्रीहरू


१. नेपालको अन्तरिम संविधान २०६३,
३. स्थानीय स्वायत्त शासन ऐन २०५५,
३. स्थानीय स्वायत्त शासन नियमावली २०५६,
४. श्रम ऐन २०४८,
५. गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि स्थानीय विकास मन्त्रालय
६. *National Framework for Social Protection, Draft Report,* National Planning Commission 2067
७. *सामाजिक सुरक्षा योजनासम्बन्धी अध्ययन प्रतिवेदन*- २०६७, अर्थ मन्त्रालय
८. निजामती सेवा ऐन- २०४९,
९. निजामती सेवा नियमावली-२०५०,
१०. *सामाजिक सुरक्षा हाम्रो माग* नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)- २०६७
११. जेष्ठ नागरिकसम्बन्धी ऐन- २०६३,
१२. अपांग संरक्षण तथा कल्याण ऐन- २०३९,
१३. बालबालिकासम्बन्धी ऐन- २०४८
१४. बालबालिकासम्बन्धी नियमावली- २०५१,
१५. *सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि*- २०६५,
१६. वैदेशिक रोजगार ऐन- २०६४,
१७. श्रम तथा रोजगार नीति- २०६२
१८. *त्रिवर्षीय योजनाको आधार पत्र (२०६७/६८-२०६९/७०),* राष्ट्रिय योजना आयोग




**लेखक परिचय** : विगत २७ वर्षदेखि नेपालको निजामती क्षेत्रमा कार्यरत भट्टराई हाल श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा सहसचिव छन् । लामो समय स्थानीय विकास मन्त्रालयमा काम गरिसकेका उनी सामाजिक सुरक्षा योजना अध्ययन कार्यसमिति र सामाजिक संरक्षण राष्ट्रिय प्रारूप तर्जुमा समितिमा रहेर कार्य गरेका छन् । सार्वजनिक प्रशासन, विकास योजना, सामाजिक सुरक्षा, स्थानीय स्वायत्त शासन तथा विकेन्द्रीकरण, श्रम व्यवस्थापन र वैदेशिक रोजगार व्यवस्थापनमा रुची राख्ने उनका यससम्बन्धी लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

# सबैका लागि सामाजिक सुरक्षा

**विष्णु रिमाल**

## सन्दर्भ र पृष्ठभूमि

१६ वर्षसम्म गाडी चलाएका बुटवलका रमेश खाँडलाई ४७ वर्षको उमेरमा नै पक्षघात भयो । उनी खानपीनका मामिलामा पनि अनुशासित थिए र सवारी हकाइमा पनि । तथ्याङ्कले देखाएअनुरूप लामो समयसम्म एउटै 'पोजिसन' मा बसी-बसी गाडी चलाउनुपर्दा धेरैजसो चालकलाई हुने गरेको पक्षघात उनलाई पनि हुन पुग्यो । काम छोड्ने बेलामा उनी 'हल न चल' हुन पुगे । केही हजार रुपैयाँको मासिक तलब र कहिले-काहीँ अतिरिक्त 'ट्रीप' बाट जोडेको केही आय, काम छोड्ने समयमा पुग्दा उनीसँग बाँकी रहेन । काम पनि छैन, शरीरले साथ पनि दिँदैन, र बेरोजगारीको स्थितिमा सुको दाम कतैबाट पनि आउने स्थिति छैन ।

के गर्ने ? यो प्रश्न ड्राइभर रमेशको मात्र होइन थुप्रै चालकहरूको हो नेपालमा !

पेसाले पत्रकार गजेन्द्र बुढाथोकी ०६५ असोज ८ गते पत्रकार सम्मेलनबाट घर फर्किने क्रममा मोटरसाइकल दुर्घटनामा परे । उनले आफ्नो कलमले सयौं पाठकहरूलाई ताजा समाचारको स्वाद दिएका छन् । र, कैयन 'मै हूँ' भन्नेको सातो उडाएका पनि छन् । दुर्भाग्यवस दुर्घटनापछि उनी थला परे । जुन दिन जिउ डेग चलेन, ठीक त्यही समयबाट भयो- उनको रोजगारी र सबै आम्दानीको स्रोतको समाप्ति । यस्तो अप्ठारोमा बाँकी जीवन काट्ने कसरी ? आफूमाथि आश्रित परिवारको भविष्य सुनिश्चित गर्ने कसरी ?



यो प्रश्न उनको मात्रै हैन, सयौं नेपाली सञ्चारकर्मीहरूको हो- जो निश्चित 'बाइट' बेचेर दैनिक गुजारा गर्न बाध्य छन् ।

०६५ भदौ ८ गते, लाजिम्पाट सरस्वतीस्थानमा घर बनाउने काम गर्दागर्दै गाईघाटका चन्द्रमान राई दुई तलामाथिबाट भुइँमा पछारिए । गम्भीर घाइते चन्द्रमानलाई साथीभाइहरूले अर्थोपेडिक्स अस्पतालमा भर्नासम्म त गरिदिए तर पैसाको जोहो नहुँदा उपचार खर्च जुटाउन उनको असक्त ज्यान अस्पतालकै क्यान्टिनमा भाँडा माज्न बाध्य भयो । उनलाई न त काम लगाउने ठेकेदारले वास्ता गऱ्यो, नत घरधनीले !!

कानुनले के भन्छ ? यो प्रश्न, रोजगारीको औपचारिक कागजातबिना नै 'मुखको भरमा मजदुरी गर्ने' थुप्रै चन्द्रमानहरूको हो हाम्रो देशमा !!!

भृकुटी कागज कारखानाका श्रमिक यमबहादुर खड्काको कागज काट्छाँट गर्ने मेसिनमा पेलिएर ०६५ चैत १२ गते ज्यान गयो । आठ महिनाअघि साउन महिनामा ग्रेन्डिङ मेसिनमा करेन्ट सट हुँदा ३२ वर्षीय शिवको पनि इहलिला समाप्त भयो । २०६७ बैशाख १३ गते बाराको हुलास स्टील इण्डस्ट्रिजका गोपाल बि.क.को कोरोगेशन मेसिनमा च्यापिएको पन्जा झिक्न खोज्दा बायाँ हात दुई टुक्रा भयो । केमीकलसँग दिनहूँ संगत गर्नुपर्ने ३७ वर्षे धनबहादुर आलेलाई मुटुको व्यथा लाग्यो ।

श्रम कानुनले औपचारिक क्षेत्र भनेर परिभाषित गरेको कारखानामा काम गर्ने यस्ता थुप्रै मजदुरहरू वर्षौंदेखि एउटै ठाउँमा काम गर्दै आएको भए पनि कानुनी रूपमा 'स्थायी' को दर्जा नपाएका कारण 'औषधि उपचार, सुविधा, क्षतिपूर्ती' जस्ता सामान्य 'राहत' बाटसमेत वञ्चित छन् । बालबालिकाको शिक्षा, आफूमाथि आश्रित परिवारको हेरचाह, सेवा निवृत्त भएपछिको उपदान/पेन्सन जस्ता कुरा त 'कल्पना' का विषय जस्तामात्रै छन् ।

यी दृष्टान्त काल्पनिक घटना होइनन्, नेपाल टेलिभिजनद्वारा प्रसारित श्रमसम्बन्धी कार्यक्रम- 'श्रम र सिर्जना' को विभिन्न अङ्कहरूमा देखाइएका दृष्य हुन् । र, हाम्रो श्रमको संसारमा हुने रोजानाका भोगाइहरू हुन् ।

पछिल्लो तथ्याङ्कमा आधारित हुने हो भने राज्यले 'जेष्ठ नागरिक' को दर्जा दिएको झन्डै ७ लाख पाका मानिसहरू नेपालमा छन् । ३ लाख भन्दामाथि 'एकल' महिलाहरू छन् । उनीहरूमध्ये अधिकांशलाई भर-अभरमा सहयोग गर्ने कोही छैन ।

आफ्नो भूगोलभित्रका सबै नागरिकको जीवनको सुरक्षा गर्ने जिम्मा राष्ट्रको हो, आधुनिक देशका संविधान र कानुनहरूले यसै भन्छ । तर यस्तो भइरहेको छैन किन ? यसको लागि के गर्नुपर्ला त ? यी सबैको जवाफमा आज-भोलि हामीहरूले भन्ने गरेका छौं- सामाजिक सुरक्षा प्रणालीको स्थापना !

## संक्षेपमा सामाजिक सुरक्षा

सामाजिक सुरक्षाले सामान्यतया सामाजिक बीमा कार्यक्रमलाई जनाउँछ, जसले गरिबी, वृद्धावस्था, अशक्तता, बेरोजगारीको अवस्थामा सुविधा उपलब्ध गराउँछ। यस्ता बीमा कार्यक्रमहरूमा गरिएको योगदानको आधारमा जनताले सुविधा र सेवा प्राप्त गर्छन्। यस्ता सेवाहरूमा व्यापक प्रचलनमा आएका सेवाहरू हुन्- पेन्सनको व्यवस्था, अपांगतामा सुविधा, मृत्युपछि आश्रितहरूलाई दिइने सुविधा र बेरोजगारीमा सुविधा। 'सामाजिक सुरक्षा' भन्नासाथ यसभित्र गास, बास, कपास, शिक्षा र स्वास्थ्य सेवासमेत पर्दछ। संक्षेपमा, अप्ठ्यारोमा परेका आफ्ना नागरिकलाई सामाजिक रूपमा संरक्षण दिने कार्य नै सामाजिक सुरक्षा हो।

## आमधारणा र अर्थ

कतिले 'सामाजिक सुरक्षा' लाई गुण्डागर्दी, हत्या/हिंसा, लुट, बलात्कार जस्ता सामाजिक अपराधबाट नागरिकलाई प्रशासनिक संरक्षण दिने कार्यको रूपमा बुझ्ने गरेका छन्। कोहीले यसलाई गृहमन्त्रालयले बाँड्ने आर्थिक/सहायता/चन्दा/पुरस्कार (आसचपु) को रूपमा पनि बुझेका छन्। मै हुँ भन्ने 'विद्वान'हरूले पनि यसलाई वृद्ध/विधवा भत्ता वा अन्धा/अपाङ्ग र बेसहाराहरूलाई दिइने 'सहायता'को रूपमा मात्र अर्थ्याउने गरेका छन्।

सामान्यतया सामाजिक सुरक्षा प्रणाली भनेको राज्यले जनहितमा ल्याएको एउटा कार्यक्रम हो, जुन अहिले विश्वका विभिन्न देशहरूमा विद्यमान छ। अप्ठ्यारो समयमा आर्थिक दुरावस्थाबाट श्रमजीवि नागरिकलाई जोगाउन यो प्रणालीलाई 'औषधि' को रूपमा प्रयोग गर्ने गरिएको छ। यदि श्रमिक मर्‍यो, बिरामी वा अस्वस्थ भयो भने यो प्रणाली लागू हुँदा, त्यो श्रमिकका परिवारले राज्यबाट सहायता पाउन सक्छन्। आम रूपमा भन्नुपर्दा यस्ता कार्यक्रमले निश्चित समय काम गरेका श्रमिकलाई उसले गरेको कामको अवधिको आधारमा रकम उपलब्ध गराउँछ। रकम कति भन्ने कुरा चाहिँ धेरै पक्षमा निर्भर रहन्छ।

सिङ्गो सामाजिक सुरक्षा प्रणालीलाई दुई भागमा बाँडेर बुझ्न सकिन्छ। पहिलो, सामाजिक सहायता (सोसल असिस्टेन्स)- यसलाई सबै नागरिकले आम रूपमा पाउने राज्यको अनुदान पनि भन्न सकिन्छ। यो 'च्यारिटी' हो, राज्यको दायित्वअन्तर्गत् नागरिकले पाउने सहायता हो। दोस्रो, सामाजिक संरक्षण (सोसल प्रोटेक्सन)- यो रोजगारीमा रहेकाहरूको समेत योगदानमा आधारित र उनीहरू तथा उनीहरूमाथि आश्रितहरूले पाउने सुविधा हो।



सामाजिक सुरक्षा प्रणालीको पहिलो हिस्सा 'कल्याणकारी' काम हो भने दोस्रो 'अधिकार' को रूपमा हुने प्राप्ति हो- जहाँ आफूले योगदान गरेको थैलीको आधारमा सहायता पाइन्छ। यस्तो सहायता, बुढेसकालको भत्ता वा विधवा भत्ता पनि हुन सक्छन्। दीर्घसेवा गरेबापतको उपदान वा सेवा निवृत्त भएपछि पाइने 'पेन्सन' पनि हुन सक्छ। यो आश्रित परिवारले पाउने सुविधादेखि बेरोजगार भत्ता पनि हुन सक्छ।

सामाजिक सुरक्षालाई 'मानव अधिकार' मानिन्छ। तर बिडम्बना विश्वका अल्पसंख्यामा रहेका व्यक्तिहरू मात्र यो 'अधिकार' बाट लाभान्वित छन्। विश्व जनसंख्याको आधा हिस्सा त कुनै पनि प्रकारका सामाजिक संरक्षणबाट वञ्चित छन्। दक्षिण एसिया र सब-सहारा अफ्रिकाका देशहरूमा सामाजिक सहायताको सामान्य सुविधामा पहुँच हुने नागरिकहरूको संख्या १० प्रतिशतभन्दा पनि कम छ। ओईसीडी (आर्थिक सहयोग र विकासका लागि संगठन- अर्गनाइजेशन फर इकोनोमिक को-अपरेशन एन्ड डेभलपमेन्ट) भित्रका ३० वटै देशहरूले आफ्नो कूल ग्राहस्थ उत्पादनको औसत १३ प्रतिशत सामाजिक सुरक्षामा खर्च गर्ने प्रतिबद्धता जनाएका छन्, जबकि कम आय भएका देशहरूले सालाखाला २ प्रतिशतमात्र।

## ऐतिहासिकता र आवश्यकता

सामाजिक सुरक्षा प्रणाली लागू गरिनुपर्छ भन्ने माग हाम्रो जस्ता देशका कतिपय नीति निर्माताहरूले सुने भने एउटै जवाफ पाइन्छ- सम्भव छैन, गरिब देशले गर्न सक्दैन। विकासले गति लिएपछि, सम्पन्न भएपछि गरौंला, तर इतिहासका पानाहरू पल्टाउने हो भने तथ्य विल्कुल पृथक देखिन्छ। आजका कतिपय विकसित देशहरूले चरम सङ्कटको सामना गर्न सामाजिक सुरक्षा प्रणालीलाई नै भरपर्दो माध्यमको रूपमा अपनाएका थिए।

सन् १९२९ मा अमेरिकी स्टक मार्केट क्षतिग्रस्त हुनपुग्यो, जसले अमेरिकी अर्थतन्त्रमा ठूलो सङ्कट निम्त्यायो। अमेरिकी कृषि प्रणालीसमेत धरासायी भयो र बहुसंख्यक अमेरिकीले आफू टाट पल्टँदै गएको अनुभव गर्न थाले। सन् १९३० को 'महान मन्दी' को नामबाट चिनिएको त्यो वित्तीय संकटबाट मुलुकको अर्थतन्त्रलाई उकास्न तत्कालिन अमेरिकी राष्ट्रपति फ्रान्कलिन डेलानो रुजभेल्टले 'न्यु डिल' को नामले चर्चित सामाजिक सुरक्षा प्रणाली लागू गरे। 'विज्ञ' हरूको चर्को आलोचना र जनसाधारणको व्यापक समर्थनबीच लागू गरिएको त्यो योजना अमेरिकी इतिहासमा महत्वपूर्ण घटना ठहरिन पुग्यो। जसले त्यो समयमै विभिन्न सामाजिक बीमाका कार्यक्रममार्फत् धेरै अमेरिकीहरूलाई रोजगारी सिर्जना गरी राहत उपलब्ध गराइयो।

अधिकांश पश्चिम युरोपेली मुलुकहरूले संकटबाट पार पाउन यस्तै सामाजिक सुरक्षा प्रणालीको बाटो अनुशरण गरे। दोस्रो विश्वयुद्धपछि 'खरानी' भएको जापानले

## संक्षेपमा विश्वको श्रमशक्ति

- विश्वमा झन्डै २० करोड मानिसहरू पूर्णतः बेरोजगार छन् ।
- कूल श्रमशक्तिको ४३ प्रतिशतभन्दा बढी श्रमजीवि गरिबहरू दैनिक अमेरिकी डलर २ भन्दा कम आयमा सिङ्गो परिवार बाँच्न विवस छन् ।
- हरेक ७ जनामा १ बालबालिका विश्वमा काम गर्न विवस छन् ।
- हरेक वर्ष २० लाख श्रमिकहरू कार्य थलोमा हुने दुर्घटनाको सिकार हुने गरेका छन् (हिसाब गर्दा यो सालाखाला दिनमा ६,००० हुन जान्छ) ।
- आगामी १० वर्षमा थप ५० करोड युवाहरू कामको खोजीमा श्रमको संसारमा आउने छन् ।
- विश्वमा १ अर्बभन्दा धेरै जनता झुपडी वा त्यस्तै अभावग्रस्त बस्तिमा जीवन बिताउन बाध्य छन् ।
- विश्वमा ५ अर्ब ३० करोड मानिसहरू कुनै पनि प्रकारको सामाजिक सुरक्षाबाट वञ्चित छन् ।

पनि आफ्नो समृद्धिमा सामाजिक सुरक्षा प्रणालीलाई नै माध्यम बनायो । हाम्रो देशको आजको नेतृत्वदायी पुस्ता, राजनीतिक र सामाजिक आन्दोलनमा संलग्न हुँदाको समयमा 'दरिद्र' ठहरिने दक्षिण कोरियाले सामाजिक सुरक्षा प्रणालीकै माध्यमद्वारा आफूलाई छोटै समयमा 'ओईसीडी' को सदस्य बनाउन सफल भयो ।

तर सामाजिक सुरक्षा प्रणालीको मोडेल विश्वभरि एकै प्रकारको भने छैन । सामाजिक सुरक्षा प्रणाली लागू गरिएको शताब्दी नाघीसकेको ओईसीडी देश र युरोपेली देशहरूमा लागू भएका सामाजिक योजनाहरूलाई विश्लेषण गर्ने हो भने, मूलतः तीन भागमा वर्गीकरण गर्न सकिन्छ-

- 'नर्डिक वा सामाजिक लोकतान्त्रिक' मोडल,
- जर्मनीको 'सामूहिक संलग्नता (कर्पोऱ्याटिस्ट)' मोडल र
- बेलायत तथा संयुक्त राज्य अमेरिकाले अपनाएको 'उदार' मोडेल ।

नर्डिक मोडलमा सबै नागरिकलाई समेट्ने सामाजिक कानुनी प्रणाली र संस्थागत गरिएको सामाजिक अधिकारको सिद्धान्त (सोसल इन्टाइटलमेन्ट प्रिन्सिपल) मा आधारित पक्षहरू संलग्न छन् । यसले पहिलो शर्त राज्यले नागरिकलाई कामको ग्यारेन्टी गर्नुपर्ने मान्यता राख्छ । जर्मनीको सामूहिक संलग्नताको मोडलका पक्षहरू-



व्यापक दायरा समेट्ने श्रम कानुनमा आधारित मूख्य सामाजिक बीमा, नगदी सुविधामा विशेष जोड र मूल परियोजनालाई बिकेन्द्रित स्कीमद्वारा सञ्चालन गर्नु हुन् । 'उदार' मोडेलमा अघिल्लो दुईको तुलनामा कम सामाजिक खर्च र बजारको भूमिकालाई बढी जोड दिइएको छ । खास-खास लक्षित समूहमा सहायता दिइने र 'कर' द्वारा निर्धारित स्कीम यसका पक्षहरू हुन् । आजसम्मको अनुभवले बताएको छ, यी मोडेलहरूमध्ये पहिलोमा गरिबी र असमानता न्यून हुँदै गएको पाइन्छ भने तेस्रोमा ज्यादा गरिबी र ठूलो असमानता रहेको छ । एस्पिङ एन्डरसेनले जर्मनीको मोडललाई नीजि योगदानमा भरपर्ने र काममुखी भनेका छन् । नर्डिक मोडललाई सबैलाई समेट्ने मूल्य-मान्यता बोकेको (युनिभर्सलिस्ट भ्याल्यूज) र अमेरिकी-बेलायती मोडेलाई 'बचेखुचेको मात्र बाँड्ने प्रवृत्ति' भनेका छन् ।

आईएलओले यो अभिसन्धिलाई आफ्नो 'फ्लागसिप' अभिसन्धि मान्दछ । कुनै सदस्य राष्ट्रले यी मध्ये कुनै तीन विधालाई लागू गरेमा यो अभिसन्धि पारित गरिएको

## अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) र सामाजिक सुरक्षा

अन्तर्राष्ट्रिय श्रम सन् १९५२ मा तयार पारेको 'सामाजिक सुरक्षा (न्यूनतम स्तर)' नामको अभिसन्धि नं. १०२ ले सामाजिक सुरक्षालाई व्याख्या गरेको छ । निम्न नौ समूहमा बर्गीकरण गरी, त्यसैले सामाजिक सुरक्षालाई 'श्रमिकहरूको मौलिक हक मात्र नभई 'मर्यादित काम' को एउटा अंग' समेत भनेको छ ।

- बेरोजगारी सुविधा
- औषधोपचार
- विरामी हुँदाको सुविधा
- वृद्धावस्थाको सुविधा
- काम गर्दा हुने दुर्घटना र चोटपटक बापतको सुविधा
- परिवार र बालबच्चाको हेरचाह सुविधा
- मातृत्व संरक्षण सुविधा
- अपांगताको सुविधा
- आश्रित परिवारको हेरचाह सुविधा

मानिन्छ । यसले सम्बन्धित राष्ट्रलाई क्रमशः सामाजिक सुरक्षाको घेरा बढाउँदै लैजाने अनुमति दिन्छ । उल्लेखित लाभहरूको ग्यारेन्टी गर्ने, श्रमिक र रोजगारदातालाई

परियोजना सञ्चालनमा सहभागी गराउने, किटिएका लाभहरू दिलाउन संयन्त्र स्थापना र त्यसको उपयुक्त प्रशासनको आम दायित्व राज्यमा रहने र कर वा योगदान आधारित बीमामार्फत् सामूहिक लगानी गराउने कुरा यसमा अन्तर्निहित सिद्धान्त हुन् । आ-आफ्नो आर्थिक-सामाजिक अवस्था हेरी सामाजिक सुरक्षाको घेरा विस्तार गर्न सदस्य राष्ट्रहरूलाई यो अभिसन्धिले 'पारित गर्न र लागू गर्न खुकुलो प्रावधान' राखेको छ । सदस्य देशहरूले- 'सबै नागरिकलाई समेट्ने योजनाद्वारा, आय आधारित, एकमुस्ट रकम तोकेर वा दुवै विषयलाई मिसाएको सामाजिक बीमाद्वारा, वा सामाजिक सहायताका स्कीमद्वारा' यसलाई लागू गर्छन् । सदस्य राष्ट्रहरूले अनुमोदन गर्ने हो भने अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि १०२ सामाजिक सुरक्षाको लागि कोसेढुङ्गा हो । यसले आफ्नो प्रतिबद्धताबाट पछि हट्नबाट रोक्छ । अनुमोदन नगर्ने राष्ट्रका लागि यो मार्गदर्शन पनि हुन सक्छ ।

सारमा भन्नुपर्दा, सबै ओईसीडी देशहरूले सामाजिक सुरक्षा प्रणालीलाई आधुनिकीकरण तथा दीगो वृद्धिको माध्यम मानेका छन्, आफ्नो देशभित्रको गरिबी घटाउने मूल तत्व स्वीकारेका छन् । उनीहरूले आम नागरिकले पाउने सहायता र लक्षित समूह आधारित परियोजना मिश्रित सामाजिक सुरक्षा प्रणाली अपनाएका छन् । र, यदी उनीहरूले जस्तै कम आय भएका अन्य मुलुकहरूले पनि सामाजिक सुरक्षा प्रणाली अपनाउने हो भने अपेक्षित सामाजिक परिवर्तन हुने र विश्व अर्थतन्त्रले ध्यान दिनैपर्ने अवस्था सिर्जना हुन सक्छ ।

## नेपाली श्रम बजार र सान्दर्भिकता

हरेक तहको समाजले आफू अनुकूल 'सामाजिक सुरक्षा' को व्यवस्था गरेको हुन्छ । सामन्ती कृषि प्रणालीमा आधारित नेपाली समाजले पनि केही 'प्रयास' गरेको थियो । त्योबेला सामूहिकतामा आधारित ठूला परिवार थिए र 'मर्दा/पर्दा' समाजका सदस्यहरूद्वारा 'सबै मिली एकलाई सहयोग गर्ने' विधि अपनाउने गरिएको थियो । भलै यस्ता उपायहरू भौगोलिक क्षेत्र र जात-जाति तथा समुदाय अनुरूप फरक-फरक रहेको थियो ।

उदाहरणको लागि गुठी, ढिकुर वा ढुकुटी, धर्म भकारी, पैंचो, पर्म, सघाउ र 'मारवाडी/जैन, थकाली' आदि जाति तथा समुदाय आधारित 'सेवा समिति'हरूलाई लिन सकिन्छ । पूर्वी तथा मध्यपहाडी क्षेत्रका क्षेत्री/बाहुनहरूद्वारा प्रभावित समाजमा मानिस मर्दा 'मानो-चामल भर्ने' प्रचलन अनुरूप किर्यामा बसेकालाई घ्यू/चामल दिइने जस्तै प्रचलन मध्यतराईका विभिन्न जातिहरूमा पनि पाइन्छ । सामूहिकताको यस्तो प्रयत्न आदिबासी/जनजातिहरूमा त झनै ज्यादा पाइन्छ ।

तर अहिले हामी परम्परागत प्रचलन र आधुनिक सामाजिक संरक्षण प्रणाली



बीचको 'पुरानोलाई छोडेको, तर नयाँमा नजोडिएको' संक्रमणकालिन अवस्थामा छौं । सिङ्गो जनसंख्याको ठूलो हिस्सा श्रमशक्तिको रूपमा रहेको हाम्रो समाजमा, एकातिर कृषि कार्यबाट ठूलो समूह बाहिरिएको छ भने अर्कोतिर १९ औं शताब्दीको युरोपेली समाजको जस्तो पुँजीवादी उत्पादनप्रणालीमा गाँसिई सकेको पनि छैन । नेपाली समाज एकातिर परम्परागत 'सामूहिक' प्रचलनबाट सानो परिवार, व्यक्तिगत उपभोगको बाटोमा बेगका साथ अघि बढिरहेको छ, अर्कोतिर हाम्रो श्रमको संसार सामन्ती उत्पादन सम्बन्ध र आधुनिक पुँजीवादी प्रणालीबीचको द्विविधा र दोसाँधमै अलमलिइरहेको छ ।

नेपाली अर्थतन्त्र ९० प्रतिशत अनौपचारिक क्षेत्र आधारित छ । तुलनात्मक रूपमा औपचारिक क्षेत्रमा श्रमिकका अधिकार केही संरक्षित भए पनि २० औं लाखको संख्यामा रहेका अनौपचारिक क्षेत्रमा श्रमिकका न्यूनतम अधिकार पनि सुरक्षित छैनन् । बाँधाको रूपमा काम गर्न बाध्य हुनुपर्ने वा न्यूनतम ज्यालाजस्ता विषयबाट वञ्चित हुनुपर्ने नेपाली श्रम क्षेत्रको आम चलन हुन् । ठूलो मात्रामा बयस्क श्रमिकहरू बेरोजगार हुनुपर्ने र त्यत्तिकै संख्यामा बालश्रमको प्रयोग हुने नियति हाम्रो देशको श्रम क्षेत्रले भोगिरहेको छ । उत्पादनका प्रक्रियाको हिसाबले श्रम क्षेत्रको प्रकृति 'संगठित र असंगठित, औपचारिक र अनौपचारिक, देशीय र अन्तरदेशीय' गरी विभाजित हुन पुगेको छ । रोजगारीका सर्तको हिसाबले नेपाली श्रम 'नियमित (स्थायी/अस्थायी) र नियमित श्रम-सम्बन्धमा नपरेका (करार, दैनिक ज्यालादारी, घर आधारित, मौसमी, पार्ट टाइम आदि)' गरी मूल दुई श्रेणीमा बाँडिएको छ ।

माथि चर्चा गरेझैं, नियमित श्रम-सम्बन्धमा रहेका श्रमशक्तिले सीमित सामाजिक सुरक्षाका सुविधा पाए तापनि अत्याधिक ठूलो संख्यामा 'नियमित श्रम-सम्बन्धमा नपरेका' श्रमशक्तिले 'काम गरेको दिनको ज्याला' बाहेक केही पनि पाउँदैनन् । श्रम क्षेत्रमा आम रूपमा हुने गरेको 'स्थायी-अस्थायी/ ज्यालादारी-करार' र 'हायर/फायर-नो वर्क नो पे' जस्ता विषय आधारित विवाद श्रम क्षेत्रमा जन्मनुका कारणहरूमध्ये एक यही हो ।

बेरोजगारी र कुनै पनि सामाजिक संरक्षणको प्याकेज विहीन अवस्थामा रहेको राज्यमा एकैचोटी दुईखालका चुनौती सिर्जना हुन्छन् । युवा र बयस्क जनसंख्या बेरोजगार हुँदा त्यसले 'निराश तथा असन्तुष्ट युवा' विद्रोह निम्ताउँछ । यसको पछिल्लो उदाहरण अफ्रिकी मुलुक ट्युनिसियाको केही हप्ता अघिको विद्रोहलाई लिन सकिन्छ । जनसंख्याको उमेर ढल्कँदै जाँदा जेष्ठ नागरिक र सहाराहीनहरूको लालन-पालनको दायित्व राज्यमा पर्न जान्छ, जसले झट्ट हेर्दा फजुल खर्च जस्तो लाग्ने सामाजिक खर्चको भारमुनि राज्य थेग्नै नसक्ने गरी दबिँदै जान्छ । नेपालको उदाहरण लिने हो भने अहिले सालाना ८ अर्ब रूपैंया सामाजिक सहायताका विभिन्न शीर्षकमा

खर्चन राज्य बाध्य छ । जति रकम राज्यले व्यक्तिमाथि खर्च गरिरहेछ, त्यसबाट पाउने व्यक्तिको भने गुजारा चल्दैन । तर जति खर्च वर्षेनी हुँदैछ, त्यसको सोधभर्ना कसरी गर्ने भन्नेमा राज्य उत्तरहीन अवस्थामा चिन्तित छ ।

यदि सामाजिक सुरक्षा प्रणाली लागू हुँदो हो त उत्पादक समयमा प्रत्येक व्यक्तिले आफूले गरेको योगदानको आधारमा सुविधा लिने थियो । तिनका बालबालिकाको शिक्षा/दिक्षा र आश्रित परिवारलाई दिनुपर्ने सुविधा, उच्चआय भएका नागरिक र उद्यमीमा लगाइने 'प्रगतिशील कर' बाट थेगिने थियो । जब योगदानकर्ता नागरिक सेवा निवृत्त हुन्छ र जेष्ठ नागरिकमा रूपान्तरित हुन्छ, जीवनभर उसैले गरेको योगदानबाट सिर्जित कोषले राज्यको सार्वजनिक खर्चको भारबहन गर्ने थियो ।

अर्थ-राजनीतिको दृष्टिबाट हेर्ने हो भने नेपालमा हामी एक युगलाई बिदा गरी नयाँ युगमा प्रवेश गर्दैछौं । सन् १९३० को दशकको मन्दीबाट अमेरिका उठेको

**सामाजिक सुरक्षामा आईएलओ अभिसन्धि नं. १०२ को सान्दर्भिकता**

- अक्टोबर १४, २०१० सम्ममा ४७ मुलुकहरूले यो अभिसन्धि अनुमोदन गरिसकेका छन् । पारित गर्ने सदस्य देशले आ-आफ्नो देशका कानुनहरूमा यसका प्रावधानलाई समायोजन गरिसकेका छन् ।
- अभिसन्धि १०२ ले समेट्ने ९ वटै विधाहरू लगभग सबै औद्योगिक देशहरूले समेटेका छन् ।
- थुप्रै विकासशील देशहरू, यो अभिसन्धिद्वारा अभिप्रेरित हुँदै सामाजिक सुरक्षाको मार्गमा अघि बढेका छन् । यद्यपि उनीहरूका सबै कार्यक्रमले समाजको 'सानो' हिस्सालाई मात्र समेटेको देखिन्छ । बेरोजगार भत्ता र पारिवारिक सुविधा जस्ता सहायता अझै नसमेटिनुलाई उदाहरणको रूपमा लिन सकिन्छ ।
- ल्याटिन अमेरिकको धेरैजसो सामाजिक सुरक्षा परियोजना अन्तर्राष्ट्रिय सामजिक सुरक्षा मापदण्ड वा अभिसन्धि १०२ द्वारा प्रभावित पाइन्छ ।
- युरोपेली काउन्सीलको मातहतमा बनाइएको युरोपेली सामाजिक सुरक्षा ऐन निर्माणमा अभिसन्धि १०२ लाई नमुनाको रूपमा लिइएको छ । यसको निर्माणमा आईएलओको प्रत्यक्ष संलग्नता रह्यो ।
- युरोपेली सोसल चार्टरले सम्बन्धित देशहरूले अभिसन्धि १०२ ले माग गरेसम्मको न्यूनतम सामाजिक संरक्षण प्रदान गर्नुपर्ने हक दिएको छ ।



दृष्टान्त होस् वा समस्त पश्चिम युरोप र हालका ओईसीडी देशको पृष्ठभूमि होस्, सबैको उन्नतिको आधार सामाजिक सुरक्षा प्रणाली हुन सक्यो भने, यो ऐतिहासिक मोडमा नेपालले अपनाउनुपर्ने नयाँ सामाजिक नीतिको रूपमा 'सामाजिक सुरक्षा प्रणाली' को स्थापना नै हुन सक्छ ।

## नयाँ प्रयास र संभावित चुनौतीहरू

नेपालमा अहिले पनि 'लक्षित समूह' आधारित सामाजिक सहायताका रूपमा केही कार्यक्रमहरू सञ्चालित छन् (हेर्नुहोस्, तालिका- १) । पछिल्लो समयमा श्रमको संसारलाई लक्षित गरी सामाजिक संरक्षणको नयाँ कार्यक्रमको थालनीका लागि केही प्रयाससमेत सुरु भएको छ । उदाहरणको लागि सरकारले गत आर्थिक वर्षको बजेटमार्फत् नियमित पारिश्रमिक लिने सबै कामदार/कर्मचारीको पारिश्रमिकमा एक प्रतिशत सामाजिक सुरक्षा कर लगाई 'सामाजिक सुरक्षा कोष' निर्माणको प्रक्रिया आरम्भ गरेकोलाई उल्लेख गर्न सकिन्छ ।

आम रूपमा पहिले नीति-नियम-कानुन बनाएर यस्तो 'कोष' स्थापना गरिन्छ । तर हाम्रो देशमा भने पहिले कोषमा रकम जम्मा गरेर कानुन र विधि बनाउने प्रक्रिया थालिएको छ । यसले एकातिर सामाजिक सुरक्षासम्बन्धी कानुन निर्माण गर्न सरोकारवालाहरूलाई हतारो लगाई दियो भने अर्कोतिर 'कानुनबिना नै सङ्कल गरिएको रकम कहाँ जम्मा गर्ने, कोषको व्यवस्थापन कसरी गर्ने, कोषका योगदानकर्ता कामदार/कर्मचारीबाहेक कुन-कुन पक्ष हुने, सामाजिक बीमाका कस्ता-कस्ता स्कीम निर्माण गर्ने' भन्ने कामका लागि सक्रिय हुनसमेत अभिप्रेरित गऱ्यो ।

तसर्थ, अर्थमन्त्रालयले आफ्नै संयोजकत्वमा ट्रेड युनियनका प्रतिनिधिहरू, उद्यमी/व्यवसायी, संगठनका प्रतिनिधिहरू र नेपाल सरकारको सरोकारवाला मन्त्रालयका अधिकारीहरू सम्मिलित त्रिपक्षीय कार्यदल गठन गऱ्यो, जसले सर्वसम्मतिमा तत्काल सामाजिक सुरक्षा प्रणाली स्थापना गर्ने प्रस्ताव अघि साऱ्यो ।

## संक्षेपमा नेपालको श्रमशक्ति

- नेपालमा १ करोड १७ लाख ७९ हजार व्यक्ति रोजगारीमा रहेका छन्, यो संख्याको आधाभन्दा बढी (५३ प्रतिशत) महिलाहरू छन् ।
- श्रमशक्तिको अत्याधिक हिस्सा गाउँ आधारित छ, तर सहरीया रोजगारीको ठूलो हिस्सा (झण्डै ५६ प्रतिशत) पुरुषले ओगटेको देखिन्छ ।
- सिङ्गो श्रमशक्तिमा लगभग १७ प्रतिशतमात्र (१९ लाख ९१ हजार) पारिश्रमिक-रोजगारीमा छन्, त्यसको पनि ७९ प्रतिशतभन्दा माथि निजी

क्षेत्रमा काम गर्छन् ।

- रोजगारमध्ये ४६ प्रतिशत मात्र मासिक पारिश्रमिक लिएर काम गर्छन्, बाँकी सबै पिसरेट, हप्ते तथा दैनिक ज्यालादारीमा काम गर्छन् ।
- नेपाली श्रमिकहरूमध्ये अझै पनि सयमा २४ जनालाई पारिश्रमिकबापत नगदको सट्टा जिन्सी दिइन्छ । नेपालमा स्थायी श्रमिकबाहेक अरूहरूले तलबी बिदा, सञ्चय कोष, उपदान र शिक्षा-स्वास्थ्य-आवाससँग जोडिएका सुविधाहरू पाउँदैनन् । जसको कारण नियुक्ति पत्र दिने/नदिने, स्थायी गर्ने-नगर्ने, नो वर्क-नो पे, हायर-फायर जस्ता विषयमा विवाद हुने गरेको छ ।
- नेपाली श्रमिकहरूको औसत मासिक आम्दानी ५११७ रूपैयाँभन्दा बढी भए तापनि ठूलो संख्यामा रहेका श्रमिकहरूले दैनिक १९० रूपैयाँभन्दा बढी ज्याला पाएका छैनन् ।
- तर 'बेरोजगार-अर्धबेरोजगार र श्रमको अल्प उपयोग' गरी तीन हिस्सामा चर्चा गरिएको रोजगारविहीनहरूको संख्या कूल श्रमशक्तिको ३०.१ प्रतिशत छ । श्रमको अल्प उपयोग भनेको- 'पूर्ण बेरोजगार, चाहेर पनि पूर्ण रोजगारी नपाउने, अपर्याप्त कमाई हुने र शिक्षा सुहाउँदो पेसा नपाउनु हो ।
- श्रम बजारमा पहिले कहिल्यै रोजगारीमा संलग्न नभएका ८१ हजार बेरोजगार रहेका छन्, र १ लाख ७२ हजार पहिलेको रोजगारी गुमाएकाहरू छन् ।
- २० देखि २९ वर्ष उमेर समूहका नेपालीहरू ८ प्रतिशतभन्दा माथि अर्धबेरोजगार छन्, अर्धबेरोजगारमा पुरुषहरूको सङ्ख्या महिलाको तुलनामा धेरै छ ।
- नेपालमा बालश्रमिकको सङ्ख्या २० लाख ९७ हजार छ ।

*- नेपाल श्रम शक्ति सर्वेक्षण-२०६४/६५*

यो प्रस्तावसँगै अब नेपालमा लक्षित समूह आधारित २ किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरू लागू हुने छन् । पहिलो, २०५१ सालदेखि सुरु गरिएको राज्य कोषद्वारा खर्च गरिने सामाजिक सहायता । र दोस्रो, कामदार/कर्मचारी, रोजगारदाता र राज्य समेतको योगदानमा आधारित सामाजिक संरक्षणाको कार्यक्रम ।

यद्यपि, सामाजिक सुरक्षा कहाँबाट थाल्ने र कहाँ पुग्ने भन्नेमा बहस अझै जारी छ । सरोकारवाला ३ पक्षमध्ये ट्रेड युनियन महासंघहरूले भने आफ्नो प्रारम्भिक



प्रस्ताव सार्वजनिक गरिसकेका छन् । ट्रेड युनियनहरू प्रस्तावित सामाजिक सुरक्षा कोषलाई आफ्नो तलबबाट १ प्रतिशत कर काटिएका श्रमिकहरूमा आधारित रहेर लागू गर्ने पक्षमा छन् । यो प्रस्तावबाट करिब २० लाख श्रमिकहरूलाई तत्काल समेट्न सकिन्छ । ट्रेड युनियन, रोजगारदाताका संगठन र सरकार सम्मिलित त्रिपक्षीय सञ्चालक संयन्त्रले निर्धारण गर्ने समय-सीमाभित्र सबै श्रमिकलाई यसको दायराभित्र ल्याउनु पर्छ । यसो हुनसके प्रस्तावित सामाजिक सुरक्षा कोषले १ करोड १७ लाख ७९ हजार श्रमशक्तिलाई समेट्ने छ ।

## सामाजिक सुरक्षा प्रणालीका लागि त्रिपक्षीय कानुनी प्रयत्न

सामाजिक सुरक्षाका सन्दर्भमा आईएलओका अभिसन्धिहरू नं. १०२ (सामाजिक सुरक्षा न्युनतम स्तर निर्धारणसम्बन्धी), नं. १२१ (रोजगारीका क्रममा चोटपटक हुँदाको सुविधासम्बन्धी), नं. १२८ (वृद्धाबस्था, अशक्तता र आश्रितहरूको सुविधासम्बन्धी), नं. १३० (औषधोपचारसम्बन्धी), नं. १६८ (बेरोजगारी भत्तासम्बन्धी) र, नं. १८३ (मातृत्व संरक्षणसम्बन्धी) मापदण्ड निर्धारण गर्ने अभिसन्धिहरू हुन् । अभिसन्धि नं. ११८ (समान व्यवहारसम्बन्धी) र नं. १५७ (प्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी) प्रवासी श्रमिकलाई केन्द्रमा राखेर निर्माण गरिएका सामाजिक सुरक्षासम्बन्धी 'समन्वयात्मक' श्रम मापदण्डहरू हुन् । नियमित सुपरिवेक्षण (दफा २२, आईएलओ संविधान), प्रतिनिधित्व (दफा २४, आईएलओ संविधान), उजुरी (दफा २६, आईएलओ संविधान) र, संगठन स्वतन्त्रताको उल्लंघन हुँदाको विशेष प्रक्रियालाई

| | |
|---|---|
| • श्रम ऐन-०४८ मा परिमार्जन | रोजगारी सिर्जनाको लागि खुकुलो वातावरण तयार गर्नका लागि । |
| • नयाँ सामाजिक सुरक्षा ऐन र बेरोजगार सुविधासम्बन्धी ऐन | अनावश्यक 'हायर/फायर र नो पे'बाट श्रमिकहरूको संरक्षण गर्नका लागि । |
| • ट्रेड युनियन ऐन-०४९ मा परिमार्जन | सामाजिक संवादको भरपर्दो संयन्त्र निर्माण गर्नका लागि । |
| • राष्ट्रिय श्रम आयोग ऐन | छिटो र प्रभावकारी न्याय सम्पादनको नयाँ संवैधानिक निकाय स्थापना गर्नका लागि । |
| यसका साथै यी ऐनहरू जारी हुँदा र नयाँ सामाजिक बीमाका योजनाहरू लागू गर्न बाधा पुऱ्याउने विद्यमान श्रमसम्बन्धी कानुनहरूमा (उदाहरणका लागि बीमा ऐन र श्रमसम्बन्धी नियमावलीहरू) समेत सामयिक संशोधन गरिने छ । | |

आईएलओले यी मापदण्ड लागू गर्ने ४ संयन्त्रहरू (मेकानिजम) भनेको छ ।

नेपालमा पनि नयाँ सामाजिक सुरक्षा प्रणाली लागू गर्न आवश्यक पर्ने कानुन निर्माणको लागि आईएलओले सहजीकरण गरिरहेको छ र श्रम तथा यातायात व्यवस्था मन्त्रालयसहित नेपाल उद्योग वाणिज्य महासंघ र नेपालका मान्यता प्राप्त सबै ट्रेड युनियन महासंघहरू संलग्न रहेको कार्यदलले निम्न कानुनहरूको प्रारम्भिक मस्यौदा गरिसकेको छ । यी कानुनहरूलाई एक्ला-एक्लैभन्दा पनि एकैचोटी 'प्याकेज' मा व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने र राष्ट्रिय संकल्पको रूपमा श्रम बजारको लोकतान्त्रीकरण गर्ने अपेक्षा लिइएको छ ।

माथि चर्चा गरभैं सिङ्गो सामाजिक सुरक्षा प्रणालीलाई 'वृद्ध-असहाय-अपाङ्ग जस्ता सहायताग्राही' लाई दिइने सामाजिक सहायता (सोसल एसिस्टेन्स) र विश्वव्यापी प्रचलनमा रहेको 'पेन्सन-उपदान-औषधोपचार-शिक्षा-स्वास्थ्य बीमा-बेरोजगार सुविधा आदि' जस्ता सेवालाई सामाजिक संरक्षण (सोसल प्रोटेक्सन) का रूपमा दुई भागमा विभाजन गर्नुपर्छ । पहिलो कामलाई राज्यले नागरिकमाथि उनीहरूको आयअनुसार लगाएको करमार्फत् सहायता प्रदान गर्ने र दोस्रो पाटोलाई भने यो कोषद्वारा व्यवस्थापन गरिनुपर्छ ।

ट्रेड युनियनहरू सामाजिक सुरक्षा प्रणालीको स्थापनासँगै श्रम बजारमा विद्यमान 'स्थायी-अस्थायी' जस्ता विवाद सदाको लागि अन्त्य गरिनुपर्ने पक्षमा रहेका छन् । त्यसैले एक दिन काम गरेको होस् वर्षौंदेखि कार्यरत श्रमिक, सबैलाई रोजगारीको क्रममा होस् वा त्यसपछि, सेवा अनुरूपको सुविधामा भेदभाव गरिनुहुन्न । यसो हुनासाथ अहिलेको 'हायर/फायर- नो वर्क/नो पे' जस्ता विवादहरूको सम्बोधनसमेत हुनेछ । आजका दिनमा कुनै श्रमिक निस्काशित हुँदा आफ्नो आर्थिक माग पूरा गराउन कार्यथलोमा धर्ना कस्ने प्रचलनको अन्त्य हुनेछ, श्रमिकहरू आ-आफ्नो सामाजिक सुरक्षा परिचय-पत्र बोकी सामाजिक सुरक्षा कोषको कार्यालयमा पुग्नेछन् । यो प्रणाली लागू भएपछि नेपालका उद्यमी-इलमीहरूले एकचोटी सामाजिक सुरक्षा कोषमा सहमतिमा तय गरेको योगदान तिरेपछि श्रमिकका अतिरिक्त आर्थिक माग पूरा गर्नुपर्ने दायित्वबाट उन्मुक्तिसमेत पाउनेछन् । र, श्रमिकहरूले स्थायी होस् वा अस्थायी या करार-ठेक्कामा काम गर्ने, दैनिक ज्यालादारी, आजको तुलनामा 'सुरक्षित र मर्यादित भविष्य' पाउने छन् ।

तर, यो 'परियोजना' चुनौतीविहीन भने निश्चय नै छैन । आजसम्मको छलफलमा ट्रेड युनियनहरू यो मामिलामा जति स्पष्ट छन्, त्यही मात्रामा व्यवसायीहरू स्पष्ट छैनन् । उनीहरूमा अझै अलमल देखिन्छ । सरकारी संयन्त्रसमेत द्विविधाग्रस्त छ । ट्रेड युनियनहरूले यी सबै विषयलाई व्यवस्थापन गर्न र धारणामा एकरूपता ल्याउन सामाजिक सुरक्षा प्रणालीसम्बन्धी राष्ट्रिय सम्मेलन गर्नुपर्ने प्रस्ताव अघि सारेका



छन् । उनीहरूले सामाजिक सुरक्षा कोषको सञ्चालन तथा विभिन्न परियोजना डिजाइन कार्यान्वयनका लागि आवश्यक पर्ने एउटा संस्था (विश्वमामा यस्तो संस्थालाई सोसल सेक्युरिटी एड्मिन वा सोसल सेक्युरिटी अर्गनाइजेसन भन्ने प्रचलन छ) सुरुमै निर्माण गरिनुपर्ने प्रस्तावसमेत अघि सारेका छन् । ट्रेड युनियनहरूले 'एउटा स्कीम असफल हुँदा अर्कोमा असर पर्न नदिने गरी' विभिन्न स्कीमलाई सञ्चालन र व्यवस्थापन गर्नुपर्ने सुझावसमेत अघि सारेका छन् ।

सामाजिक सुरक्षा प्रणाली सञ्चालनमा नफुकेको 'गाँठो' भनेको योगदानको दर हो । कस-कसले कोषमा लागानी गर्ने भन्नेमा सुरुमा 'द्विपक्षीय कि त्रिपक्षीय' भन्ने बहस थियो । युनियन र उद्यमीहरूको साझा अडान 'त्रिपक्षीय' हुनुपर्ने रहेपछि यो विवाद सैद्धान्तिक रूपमा हल भएको छ । सरकारले श्रमिकलाई १ प्रतिशत कर लगाइसकेकोले युनियनहरूले योगदानको अनुपात 'श्रमिकको १ भए व्यवसायिहरूको कम्तिमा पनि २.५ हुनुपर्ने' र सरकारको पनि त्यति नै हुनुपर्ने तर्क अघि सारेका छन् । १ प्रतिशत योगदान गर्ने सबै श्रमिकलाई तत्काल यो कोषको दायराभित्र ल्याउने र १ प्रतिशत कर लागेका श्रमिकले काम गर्ने क्षेत्रका सबै इलमी-उद्यमी-व्यवसायीले आफ्ना प्रत्येक श्रमिक बराबर २.५ को अनुपातमा योगदान गर्ने प्रस्ताव युनियनको छ ।

## सामाजिक सुरक्षा कोषको वित्तः १:२.५:२.५ अनुपातको हिसाब-किताब कसरी बुझ्ने ?

हालको प्रचलित कानुनबमोजिम सामाजिक सुरक्षाको लागि एकजना स्थायी श्रमिकको पारिश्रमिकबाट ११ प्रतिशत (१० प्रतिशत सञ्चय कोष र १ प्रतिशत सामाजिक सुरक्षा कर) काटिन्छ । यसमा सम्बन्धित रोजगारदाताले प्रत्येक श्रमिकको पक्षमा मोटामोटी उसको पारिश्रमिकको 'सञ्चय कोषमा १० प्रतिशत, उपदान अधिकतम- ८.३३ प्रतिशत, औषधी उपचार- २.०५ प्रतिशत, सुत्केरी खर्च र अन्य भइपरी आउने खर्च- ५ प्रतिशत' गरी २५.३८ प्रतिशतसम्म खर्च गर्छ । यदि श्रमिकको योगदान (११ प्रतिशत) लाई १.१ प्रतिशत मान्ने हो भने व्यवसायिले अहिले नै स्थायी श्रमिकलाई गरिरहेकको योगदानलाई अन्तिम अङ्क मानेर हिसाब गर्दा अनुपातमा त्यो २.५३८ हुन आउँछ । यसलाई मोटो अनुपातमा ढाल्दा १ अनुपात २.५ हुन्छ । सरकार 'नमुना रोजगारदाता बन्नुपर्छ' भन्ने विश्वव्यापी मान्यता अनुरूप 'एकजना व्यावसायीको प्रत्येक श्रमिकमाथि जति योगदान हुन्छ, त्यसमा नघटाउने हो भने राज्यको भागमा पर्ने आनुपात पनि २५.३८ प्रतिशत अर्थात् २.५ हुन जान्छ । यसरी श्रमिक:रोजगारदाता:सरकारको अनुपात १:२.५:२.५ हुन्छ । यसबाट व्यवसायीहरूमाथि केही व्ययभार बढ्दैन, तलको तालिका हेरौं-

| दायित्व | योगदान प्रतिशत | थप व्ययभार | कैफियत |
|---|---|---|---|
| श्रमिकको दायित्व | १०.१ प्रतिशत | १ प्रतिशत | १० प्रतिशत पहिलेको सञ्चय कोष र १ प्रतिशत अहिलेको प्रस्ताव |
| रोजगारदाताको दायित्व | २५ प्रतिशत | थप केही नपर्ने उपदान | सञ्चय कोष र यसैमा संलग्न |
| राज्यको दायित्व | २५ प्रतिशत | २५ प्रतिशत | सरकारको लागि नयाँ व्ययभार |
| श्रमिकःरोजगारदातः सरकार | १.१:२.५:२.५ | | वास्तविक अनुपात |

प्रस्तावित सामाजिक सुरक्षा ऐन, अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि १०२ कै सैद्धान्तिक आधारमा निर्माण हुने हुँदा तत्काल कम्तिमा ३ वटा स्कीम लागू गर्नुपर्ने बाध्यता रहन्छ। त्यसैले, अर्थमन्त्रालयको संयोजकत्वमा गठित कार्यदलले हाललाई ४ विधाहरू- औषधोपचार, दुर्घटना बीमा, मातृत्व संरक्षण सुविधा र बेरोजगार बीमा परियोजनालाई समेट्ने सुझाव गरेको छ। परियोजनाले औपचारिक-अनौपचारिक, संगठित-असंगठित, स्थानीय-बहुराष्ट्रिय, ज्याला रोजगारी-स्वरोजगार गरी सबै तह र तप्काका श्रमिकलाई क्रमशः समेट्दै लाने र सुविधासमेत सोहीअनुरूप विस्तार गर्दै जाने युनियनको दीर्घकालीन प्रस्तावमा सबैको सैद्धान्तिक सहमति रहेको छ।

***तालिका- १, नेपालमा सामाजिक सहायता कार्यक्रम र लक्षित समुदाय***

नेपालमा सामाजिक संरक्षणका कार्यक्रमहरू सामग्रिक छैनन्। स्वास्थ्य, शिक्षा, रोजगारी, मातृत्व संरक्षण तथा जेष्ठ नागरिक र बेसहाराहरूका लागि दिइने सुविधा अधिकांश लहडबाजीमा सुरु गरिएको 'प्रचारमुखी' कार्यक्रम जस्ता देखिन्छन्। जसले गर्दा पाउनेको लागि यो सहायता- 'हात्तीको मुखमा जिरा' हुन पुगेको छ भने राज्यको लागि थेग्न गाह्रो पर्ने भार। नेपालमा सञ्चालित सामाजिक सहायताका कार्यक्रमका केही विवरण तल उल्लेख गरिएको छ-



| कार्यक्रम | लक्षित समूह | पाउने सहायता | सुरु गरेको वर्ष |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | कुनै पनि पेन्सन नपाउने ७० वर्ष माथिका सबै, ६० वर्ष माथिका सबै दलित र कर्णाली अञ्चलका नागरिकहरू | महिनाको रु. ५०० | २०५१ सालबाट |
| विधवा तथा एकल महिला भत्ता | ६० वर्ष माथिका सबै | महिनाको रु. ५०० | २०५४ सालबाट |
| असक्त/अपाङ्गता सहायता भत्ता | १६ वर्ष माथिका पूर्णअसक्त | महिनाको रु. १००० | ... सालबाट |
| | १६ वर्ष माथिका आंशिक असक्त | महिनाको रु. ३०० | ... सालबाट |
| बालसंरक्षण अनुदान | कर्णाली र गरिब दलित परिवारका बालबालिका (२ जना सम्म) | महिनाको रु. २०० | २०६६ सालबाट |
| 'सबैको लागि शिक्षा' छात्रवृत्ति | दलित बालबालिका, बालिका, असक्त, कर्णाली, सिमान्तकृत र द्वन्द्व प्रभावित बालबालिका | वर्षको रु. ४०० | २०६६ सालबाट |
| मातृत्व संरक्षण सुविधा | सरकारी अस्पतालमा जाँच गराउने गर्भवती महिला | हिमाली क्षेत्रमा रु. १५००, पहाडी क्षेत्रमा रु. १००० र तराईमा रु. ५०० | २०६२ सालबाट |
| कर्णाली रोजगारी योजना | बेरोजगार नागरिक | दैनिक रु. २०० | २०६३ सालबाट |
| लोपोन्मुख आदिवासी/जनजाति | १० सुचिकृत जाति/जनजातिहरू | मासिक रु. ५०० (राउटे जातिलाई रु. १०००) | २०६६ सालबाट |
| जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम | ६० वर्ष माथिका | वर्षको २ पटक रु. २००० | |

## सन्दर्भ सामाग्री


**पिटर टाउनसेन्ड** (सं.), *बिल्डिङ डिसेन्ट सोसाइटिज : रिथिङ्किङद रोल अफ सोसल सिक्युरिटी एण्ड डेभलपमेन्ट,* आईएलओ, जेनेभा, २००९

Ong ljHau{**,** *सोसल सिक्युरिटी सिस्टम इन लेटिन अमेरिका इन द ट्वान्टीएथ सेन्चुरी एण्ड द मोडल अफ युरोपीयन वेलफेयर स्टेट,* मिति तथा स्थान अनुउल्लेखित

**विष्णु रिमाल/उमेश उपाध्याय/पदम खतिवडा** (सं.), *इसुज अफ वर्ल्ड अफ वर्क इन नेपाल,* जिफन्ट, काठमाडौं, २००५

**विश्व बैंक**, *बिल्डिङ्ग रेजिलेन्स एण्ड अपरच्युनिटी, द वर्ल्ड बैंक्स सोसल प्रोटेक्सन एण्ड लेवोर स्ट्राटेजी २०१२/२०२२* (विश्व बैंक/अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रमुख तथा पदाधिकारीसँग अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ तथा ग्लोबल युनियन फेडरेसनका प्रतिनिधिहरूबीचको उच्चतहको बैठकमा प्रस्तुत आधारपत्र), वासिङ्टन डीसी, जनवरी १८-२०, २०११

**एलओ स्वीडेन**, *द स्वीडिस लेवोर मार्केट- फ्याक्टस् एण्ड फिगर,* www.lo.se

**संयुक्त राष्ट्रसंघीय नियोग** (नेपाल) द्वारा आयोजित *'वर्कसप अन सोसल प्रोटेक्सन'* विषयक एकदिने कार्यशालामा प्रस्तुत कार्यपत्र तथा सामग्रीहरू-

- **संयुक्त राष्ट्रसंघ**, *सोसल प्रोटेक्सन फ्लोर इनिसियटिभ (कन्सेप्ट नोट),* मिति तथा स्थान अनुल्लेखित
- **नेपालमा सामाजिक सुरक्षा-** *बाल सुविधाको व्यवस्थाको आगमन, युनिसेफ नेपालको अवधारणा पत्र,* जुन २००९
- **अ म्याट्रिक्स अफ** *मेजर सोसल प्रोटेक्सन प्रोग्राम इन नेपाल,* (नेपाल सरकारको कार्यक्रमहरूद्वारा संकलित)

**जिफन्ट**, *संविधान सभाका माननीय सदस्यहरू तथा ट्रेड युनियनकर्मीहरूबीचको अन्तर्क्रियामा वितरित सन्दर्भ सामग्रीको सेट,* काठमाडौं, जनवरी ४, २०१०

**केन्द्रीय तथ्याङ्क विभाग**, *नेपाल श्रमशक्ति सर्वेक्षण २०६४/६५,* काठमाडौं

**नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)**, *श्रम र सिर्जना-रेडियो तथा टेलिभिजनबाट प्रसारित कथाहरू,* काठमाडौं, २००९


## वेबसाईट आधारित सामग्री


**ILO,** Global Extension of Social Security; http://www.





socialsecurityextension.org/gimi/gess/ShowCountryProfiles.do ? aid=2

**What is Social Security** ? http://en.wikipedia.org

**The horizontal social clause and social mainstreaming in the EU**; http://www.socialsecurity.fgov.be/eu/docs/agenda/26-27_10_10_sia_en.pdf

**Why social Security** ? http://www.ilo.org/gimi/gess/ShowTheme.do ? tid=402

**Social Policy Highlights**, International Social Security Association; www.issa.int

**Various Articles**: www.gefont.org





**लेखक परिचय** : विष्णु रिमाल राजनीतिक हिसाबले नेकपा एमालेसँग सम्बद्ध छन् । उनी एमाले पोलिटब्युरो सदस्य हुन् र पार्टीको श्रमिक संगठन जिफन्टका अध्यक्षसमेत रहेका छन् । झन्डै साढे दुई दसकदेखि ट्रेड युनियन आन्दोलन र श्रमिक संगठनको राजनीतिमा सम्बद्ध हुँदै आएका रिमालका श्रमिक आन्दोलन, श्रम अधिकार, श्रमिकको सामाजिक संरक्षण लगायतका विषयमा थुप्रै लेख, रचना र पुस्तकहरू प्रकाशित भएका छन् । सिभिल इन्जिनियरिङ्को शैक्षिक पृष्ठभूमि भएका रिमालले एमबीएसम्म अध्ययन गरेका छन् ।

# के नेपालले सामाजिक सुरक्षाको बढ्दो माग धान्न सक्ला ?

**सिडी भट्ट**

## परिचय

धेरै विकासशील देशहरूमा सामाजिक सुरक्षा गरिबी र असुरक्षालाई सम्बोधन गर्न प्रयोग गरिने नीतिगत ढाँचाको रूपमा प्रकट भएको छ । यसले व्यक्ति/परिवारहरूलाई जीविकासम्बन्धी बहुसंख्यक समस्याहरू घटाउन राज्य, बजार, नागरिक समाज र परिवार अथवा यिनीहरूको संयोजनबाट उपलब्ध हुने सुविधाहरूलाई जनाउँछ । जीविकासम्बन्धी समस्याहरूले कम क्रियाशील गरिब व्यक्तिहरू (जस्तै बालबालिका, वृद्धवृद्धा, अशक्त र विधवा) का साथै क्रियाशील व्यक्तिहरू (विशेषगरी बेरोजगारहरू) लाई प्रतिकूल असर गरिरहेको हुन्छ । प्राथमिकरूपमा सामाजिक सुरक्षा एउटा सामाजिक क्रान्तिको कार्यक्रम हो, जसले यी दुवै किसिमका मानिसहरूलाई चाहिएको बेलामा सामाजिक सुरक्षा उपलब्ध गराउँछ । यसका साथै यसमा प्रभावकारी श्रम बजारलाई प्रोत्साहन गरी गरिबी र असुरक्षा घटाउने नीति तथा कार्यक्रमहरू हुन्छन्, जसले आकस्मिक समयमा तिनीहरूलाई संकटबाट बचाउन सक्छ ।[1] यहाँ पाँचवटा प्रमुख उपायहरू छन् (यो भन्दा बढी पनि हुन सक्छन्) जुन राज्यले सामाजिक सुरक्षा उपलब्ध गराउने संयन्त्रको रूपमा विकास गर्न सक्छ । पहिलो, माथि उल्लेख गरिएजस्तै श्रम बजारको सुधारबाट, दोस्रो, खराब स्वास्थ्य, अशक्तता,

[1] www.adb.com



कार्यसम्बन्धी क्षति र वृद्ध अवस्थासँग सम्बन्धित आसन्न जोखिमहरूबाट सुरक्षा उपलब्ध गराउने सामाजिक बीमा संयन्त्रको विकासबाट, तेस्रो, समाजका सीमान्तकृत र अति असुरक्षित समूहहरू जोसँग अन्य कुनै पनि उपयुक्त सहारा हुँदैन । जस्तै : विधवा, वृद्धवृद्धा आदिका लागि प्राथमिक रूपमा तयार पारिएको विशेष सामाजिक सहायता तथा कल्याण प्याकेजबाट, चौंथो, समुदायस्तरको असुरक्षा सम्बोधन गर्ने सूक्ष्म बीमा, कृषि बीमा, सामाजिक कोष र प्राकृतिक विपत्तिको सामना गर्ने कार्यक्रमहरू सहितका सूक्ष्म तथा क्षेत्रमा आधारित योजनाहरू (जस्तैः कर्णाली क्षेत्रको विकासका लागि विशेष योजनाहरू) र पाँचौं, बालबालिकाको स्वस्थ्यकर र उत्पादनशील विकासको सुनिश्चितताको लागि बाल सुरक्षा जस्तैः दिवा भोजन, छात्राहरूका लागि विशेष योजना आदिबाट ।

माथिका सबै उपायहरूको सम्मिश्रणका कारण विकासशील मुलुकहरूमा यो ढाँचालाई सामाजिक सुरक्षा प्रणालीभन्दा बढी रुचाइएको छ । जीविकाको लागि बहुसंख्यक नागरिकहरू औपचारिक अर्थतन्त्रमा निर्भर रहने अवस्थामा मात्र सामाजिक सुरक्षा बढी उपयोगी हुन्छ । एउटा परिभाषित योगदानबाट यसखाले सामाजिक सुरक्षालाई व्यवस्थित गर्न सकिन्छ ।

सामाजिक सुरक्षाका समर्थकहरूलाई दुई धारमा विभाजित गर्न सकिन्छ- उपकरणवादी र कार्यवादी । उपकरणवादी सोचको प्रतिनिधित्व गर्नेहरू विकास लक्ष्य (जस्तैः सहस्राब्दी विकास लक्ष्य) प्राप्तिका लागि चरम गरिबी, असमानता र असुरक्षालाई निष्क्रिय ठान्छन् । यो अवधारणामा सामाजिक सुरक्षालाई जोखिम व्यवस्थापन संयन्त्रको स्थानमा राख्नुजस्तै हो, जसले अपूर्ण अथवा अपुग बीमा (र अन्य) बजारहरूलाई समाजमा निजी बीमाले अझ विशिष्ट भूमिका नखेलुञ्जेल क्षतिपूर्ति गर्नेछ । कार्यवादी समूहले प्रायः चरम गरिबीको स्थायित्व, असमानता र असुरक्षालाई सामाजिक अन्याय र संरचनात्मक असमानताको लक्षणको रूपमा विश्वास गर्छ र सामाजिक सुरक्षालाई नागरिकताको अधिकारको रूपमा हेर्छ । व्यापक अनौपचारिक अर्थतन्त्रको सन्दर्भमा अधिकांश कार्यरत जनसंख्याको लागि औपचारिक सामाजिक सुरक्षाको व्यवस्थापन लगभग शून्य हुन्छ । यसका अतिरिक्त विकासशील मुलुकहरूमा सीमित स्रोत-साधनका कारणले गरिब जनतासम्म पुग्ने राज्यको क्षमता सीमित हुन्छ । यस्तो अवस्थामा नीति कार्यान्वयन र गैरराज्य संस्थाहरूको नियन्त्रण गरी तल्लो तहसम्म सामाजिक सुरक्षा उपलब्ध गराउन राज्यलाई उत्तरदायी बनाईराख्न सामाजिक सुरक्षा प्रदान गर्नसक्ने बहुसंख्यक सहयोगी संस्थाहरू महत्वपूर्ण हुन्छन् ।[२]

[२] 'डिबेटिङ सोसल प्रोटेक्सन' डेभेरो, एस. र स्याबाट्स-व्हीलर, आर. (२००७) आईडीएस बुलेटिन ३८.३, इन्स्टिच्युट अफ डेभेलपमेन्ट स्टडीजः ब्राइटन ।

## इतिहास

ओट्टो भोन बिस्मार्कद्वारा तयार पारिएको पुरानो सामाजिक बीमा कार्यक्रम स्वीकार गर्ने पहिलो राष्ट्र जर्मनी थियो । यो कार्यक्रमको समग्र लक्ष्य कामदारको कल्याणलाई प्रोत्साहन गरी जर्मन अर्थतन्त्रलाई अधिकतम् कार्यक्षमतामा चुस्त राख्ने र अझ आमूल परिवर्तनशील समाजवादी विकल्पहरूको आह्वानलाई निस्तेज पार्ने थियो । कामदारसँग मिलेर सन् १८८४ मा क्षतिपूर्ति कार्यक्रम स्थापना भयो र अर्को वर्ष बिमारी बीमासम्बन्धी कानुन बन्यो, जसले जर्मनहरूलाई सामाजिक बीमा सिद्धान्तमा आधारित आम्दानी सुरक्षाको एउटा विस्तृत प्रणाली प्रदान गऱ्यो ।

आफ्नो रूढीवादी परिचयका बाबजुद यस्ता कार्यक्रम ल्याएकोमा बिस्मार्कलाई समाजवादी भनिन्छ, जसरी त्यसभन्दा ७० वर्षपछि राष्ट्रपति रुजबेल्टलाई भनियो । सन् १९३५ मा ती अमेरिकी राष्ट्रपतिले आर्थिक सुरक्षालाई सामाजिक बीमासँग मिलाउने नयाँ शब्द समावेस गरी सामाजिक सुरक्षा ऐन-कानुनमा हस्ताक्षर गरे ।

पहिलो विश्वयुद्धपश्चात् धेरै क्षेत्रहरूमा सामाजिक बीमा योजना द्रुत गतिमा विकास भयो । त्यतिखेर स्थापना भएका अन्तर्राष्ट्रिय संस्थाहरू जस्तैः आईएलओ र इन्टरनेशनल कन्फरेन्स अफ नेसनल युनियन्स अफ म्युचुयल बेनिफिट सोसाइटिज र सिक्नेस इन्स्योरेन्स फण्ड (जुन ब्रसेल्समा सन् १९२७ मा स्थापना भएको थियो र पछि इन्टरनेशनल सोसियल सेक्युरिटि एसोसिएसन बन्यो) आदिको कार्यसूचीमा सामाजिक सुरक्षा समावेश गरिएको थियो । सन् १९४१ मा एटलान्टिक चार्टरमा राष्ट्रपति रुजबेल्ट र संयुक्त अधिराज्यका प्रधानमन्त्री विन्स्टन चर्चिलले श्रमिकस्तर, आर्थिक उन्नति र सबैका लागि सामाजिक सुरक्षा वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरे । दोस्रो विश्वयुद्ध चर्किएको बेला सन् १९४२ मा संयुक्त अधिराज्यको सरकारले बेभरिज प्लान सार्वजनिक गऱ्यो, जसले पहिलो एकिकृत सामाजिक सुरक्षा प्रणालीको स्थापनाको नेतृत्व गऱ्यो । फ्रान्समा पियरे लरोक नेतृत्वको सरकारले सम्पूर्ण जनसंख्यासम्म सामाजिक सुरक्षा विस्तार गर्ने प्रयत्नको नेतृत्व गऱ्यो र सन् १९४६ मा राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको स्थापना भयो ।[3]

सन् १९४४ मा युद्धपछिका कठिनाइ हटाउने क्रममा आईएलओको ऐतिहासिक फिलाडेलफिया घोषणाले सामाजिक सुरक्षाका इकाईहरूको विस्तार र अन्तर्राष्ट्रिय अथवा क्षेत्रीय आधारमा सामाजिक सुरक्षा संस्थाहरूबीच प्रक्रियागत र प्रत्यक्ष सहयोगको प्रोत्साहन, सूचनाको निरन्तर आदान-प्रदान र सामाजिक सुरक्षा लागू गर्न

[3] http.www.ilo.org/wow/ILOinhistory/lang--en/WCMS_120043/index.htm



आइपर्ने साझा समस्याहरूको अध्ययनको आह्वान गऱ्यो । एक वर्षपछि संयुक्त राष्ट्र संघको साधारणसभाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा स्वीकार गऱ्यो जसको धारा २२ ले भनेको छ, 'समुदायको सदस्य भएकाले प्रत्येक मानिससँग सामाजिक सुरक्षाको हक रहेको छ ।' सन् १९५२ मा आईएलओले सामाजिक सुरक्षा (न्यूनतम स्तर) सम्झौता (न.१०२) स्वीकार गऱ्यो र सन् २००१ मा सामाजिक सुरक्षा र सबैका लागि विस्तारसम्बन्धी विश्वव्यापी अभियानको सुरुवात गऱ्यो ।[4]

## नेपालमा सामाजिक सुरक्षा

नेपालमा वर्षौंदेखि सामाजिक मूल्य र मान्यता (राज्यबाट होइन) द्वारा नियन्त्रित परम्परागत सामाजिक सुरक्षा प्रणाली छ र परिवारले सामाजिक सुरक्षाको सबैभन्दा प्रभावकारी एक संयन्त्रको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका अतिरिक्त कर्तव्यको संस्कृति, स्वेच्छिक सेवा र दानमा आधारित परम्परागत नागरिक समाज संस्थाहरूले पनि महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यसरी हेर्दा आपतको समयमा एक-अर्कालाई सहयोग गर्ने प्रायः सबै समुदायहरूका आ-आफ्नै योजनाहरू हुन्छन् । यद्यपि आधुनिक संगठनहरूको आवागमनसँगै यस्ता मूल्य-मान्यताहरूमा द्रुत गतिमा परिवर्तन भइरहेको छ ।

सामाजिक सुरक्षाका वैधानिक व्यवस्थाहरू पद्मशमशेर राणाको पालादेखिका सबै संविधानहरूमा देख्न सक्छौं । सबै संविधानहरूमा सामाजिक न्याय र समाजका सुरक्षासम्बन्धी केही प्रावधानहरू हुन्छन्, जसका प्रशस्त उदाहरणहरू इतिहासका पानाहरूमा हेर्न सकिन्छ । अन्तरिम संविधान (२०६३) ले सामाजिक सुरक्षा अधिकार र नागरिकलाई आर्थिक र सामाजिक सुरक्षा उपलब्ध गराउने राज्यको कर्तव्यसम्बन्धी सर्त राखेको छ । संस्थागत क्षेत्रहरू जस्तैः सरकारी, बैंकहरू र राज्यद्वारा सञ्चालित निगमहरूमा काम गर्ने मानिसहरूलाई निवृत्तिभरण सुविधाको हकदार बनाएको छ भने अन्यले अवकास पाउँदा बकस रकम पाउँछन् ।

अस्थायी कामदारहरूका लागि दाताको सहयोगमा नेपाल सरकारले कामका लागि खाद्यान्न, वृद्ध मानिसलाई र विधवालाई भत्ताजस्ता कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । योसँगै वृद्ध-वृद्धा, अपांग, बालबालिका र कमजोर स्वास्थ्यका कारण काम गर्न नसक्नेहरूलाई परिवार आफैंले हेरचाह गर्छ । यस्तो अवस्थामा हाम्रो समाजमा परिवार नै सबैभन्दा ठूलो सामाजिक सुरक्षाको माध्यम हो भन्न सकिन्छ । तर विश्वको यो भागमा पनि आधुनिकताको प्रवेशसँगै यस्ता मूल्य-मान्यताहरू

[4] http.www.ilo.org/wow/ILOinhistory/lang--en/WCMS_120043/index.htm

कमजोर भएका छन्, परिवारहरू टुक्रिँदैछन् र सामाजिक सुरक्षाका परम्परागत धारणाहरू आफैँ संकटमा परेका छन् । अहिले मानिसहरू सामाजिक सुरक्षाका लागि राज्यको मुख ताक्छन् र यसका लागि अधिकारयुक्त गैरसरकारी संस्था, नागरिक समाज र श्रम संगठनहरूले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यहाँ यसलाई पुनः परिभाषित गर्न र सोहीअनुसार नीति-निर्माण गर्न अत्यन्त जरुरी भएको छ ।

सुरुमा भनिएजस्तै सामाजिक सुरक्षा एक विस्तृत धारणा हो, जसमा विभिन्न क्षेत्रहरू हुन्छन्, जहाँ नागरिकको सुरक्षाका लागि राज्यको हस्तक्षेप आवश्यक हुन्छ । नेपालको सन्दर्भमा स्वास्थ्य, शिक्षा, हाउजिङ, खाद्यान्न, पानी, विद्युत, सरसफाई, वृद्ध भत्ता, सेवा वितरण, बेरोजगार भत्ता, सुत्केरी भत्ता, गरिबी न्यूनीकरणजस्ता अन्य थुप्रै क्षेत्रहरूमा सामाजिक सुरक्षा आवश्यक हुन्छ । रोचक कुरा के भने, अहिले यी सबै विषयहरू केन्द्रबिन्दुमा छन् । त्यसो त अन्तरिम संविधानले सामाजिक सुरक्षालाई महत्व दिएको छ र कामको अधिकार, शिक्षा, स्वास्थ्य, खाद्यान्न, सामाजिक सुरक्षा, सामाजिक न्याय आदि नयाँ अधिकारहरूको व्यवस्था गरेको छ । तर पनि विवादको चुरो भनेको नेपालले त्यो पूरा गर्न सक्छ कि सक्दैन भन्ने हो । हामी कसलाई संरक्षण दिन गइरहेका छौं भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण छ । के हामी काठमाडौंको रिङरोडभित्र बसोबास गर्ने मानिसहरूलाई मात्र संरक्षण दिन गइरहेका छौं कि त्यसभन्दा बाहिर बस्नेलाई पनि ? त्यस्तै के हामी जागिर र घर दुवै हुनेलाई मात्र संरक्षण गर्न गइरहेका छौं वा तिनीहरूलाई जोसँग केही छँदैछैन ? यी प्राथमिक रूपमा सम्बोधन गर्नुपर्ने केही विषयहरू हुन् । किनकि नीति निर्माणमा यहाँ ठूलो गल्ती भएको छ जुन राज्यको सामग्री र संस्थागत ढाँचासँग प्रत्यक्ष सम्बन्धित छन् र यस्ता अधिकारहरू लागू गर्न एकदमै कमजोर छन् । उदाहरणका लागि राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा करको कूल योगदान १२ प्रतिशत रहेको छ, जुन विभिन्न सामाजिक शक्तिहरूको माग धान्नको त कुरै छोडौं राज्यको प्रशासन धान्न पनि पर्याप्त छैन । अर्को महत्वपूर्ण सवाल भनेको के हामी सामाजिक संरक्षण चाहन्छौं अथवा सामाजिक सुरक्षा ? त्यो किनभने दुवै फरक शब्दावली हुन् र फरक उपयोग राख्छन् । नेपालको सन्दर्भमा जहाँ ठूलो संख्यामा मानिसहरू अनौपचारिक क्षेत्रमा काम गर्छन्, यहाँ सामाजिक संरक्षण महत्वपूर्ण हुन्छ ।

सबैभन्दा ठूलो द्विविधा यहीं उत्पन्न हुन्छ कि नेपाली राजनीतिक नेताहरू र सरोकारवाला समूहहरू संविधानमा अधिकारहरू समावेश गराउनमै व्यस्त हुन्छन् तर यी अधिकारहरू निश्चित गर्ने संयन्त्र विकास गर्दैनन् । मुलुकको करको दायरा वृद्धि नगरेसम्म राजनीतिक दलहरूद्वारा प्रस्तुत कल्याणकारी राज्यको कार्यसूची पूरा हुनेवाला छैन । करको दायरा तबमात्र फराकिलो हुन्छ जब हामी औद्योगीकरण,



कृषिमा आधुनिकीकरण र अरू अर्थतन्त्रका उत्पादनशील क्षेत्रहरूतर्फ अग्रसर हुन्छौं जसबाट मुलुकलाई प्रतिस्पर्धात्मक र तुलनात्मक फाइदा हुन्छ । तर यस्तो अवस्था आएको छैन । हामी केवल वित्तीय पुँजीवादलाई प्रोत्साहन गरिरहेका छौं जसले केही उत्पादन गर्दैन तर सबैथोक उपभोग गर्छ । वित्तीय बजारमा काम गर्ने र यसलाई सञ्चालन गर्नेले ठूलो मात्रामा पैसा कमाउँछन्, तर यो क्षेत्रमा व्यावसायिक सामाजिक उत्तरदायित्वको अभावले नागरिकको व्यापक कल्याणतर्फ कमैमात्र योगदान दिएको छ । यसले कूल गार्हस्थ उत्पादनमा ४ देखि ५ प्रतिशतको योगदान दिएको छ । बिना लगानी अथवा कामदारहरूलाई सेयर उपलब्ध नगराई नाफा आर्जन गर्न गरिने पुँजीको पुनःपरिचालन (पुँजीवादी चक्र) अर्को समस्या हो । यसले सन् १९९० देखि गति लिन थाल्यो र अहिले यो चरम अवस्थामा पुगेको छ । गगनचुम्बी भवनहरू, वित्तीय क्षेत्रहरू र ज्ञानमा आधारित सेवा उद्योगको वृद्धिले नेपालमा ठूलो मात्रामा पुँजीलाई बाँधेर राखेको छ, जुन मुठ्ठीभर मानिसका लागि केही मात्रामा फाइदाजनक सावित भएको छ तर ठूलो संख्यामा रहेका कामदारहरूलाई होइन । त्यो किनभने यसको विकेन्द्रिकृत असर काठमाडौं बाहिर जान सकेको छैन । वास्तवमा नेपालमा यसको केन्द्रिकृत असर परेको छ । जमिनको प्लटिङमात्र एउटा यस्तो योजना हो जो काठमाडौं बाहिर गएको छ जुन राज्य, समाज र वातावरण सबैका लागि लामो समयसम्म हानिकारक हुनेछ । वर्षौंदेखि नेपाल कामदारहरूबाट प्राप्त रेमिट्यान्सबाट चल्दै आएको छ, तर यी कामदारहरू राज्यद्वारा कम महत्व दिइएका मानिसहरू हुन् । राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा तिनीहरूको योगदान २५ प्रतिशत रहेको छ ।

पुँजी निर्माणका विद्यमान प्रक्रियाले हामीलाई उपभोक्तावादी मुलुक बनाएको छ, जहाँ पुँजी वस्तु उत्पादनका लागि नभई अझ धेरै पुँजी उत्पादनका लागि प्रयोग हुन्छ । राजनीतिक नेताहरू बढिजसो लोकप्रिय हुने ध्याउन्नमा आर्थिक र सामाजिक उन्नतिबिना राजनीतिक अधिकारहरू स्थापित गर्न नसकिने तथ्यलाई महसुस नगरी आकाशमुनिका सबै कुरा उपलब्ध गराउने वाचा गरिरहेका छन् ।

आधारभूत सुविधाहरू जस्तैः स्वास्थ्य र शिक्षाको क्षेत्रमा हामी अधोन्नतितर्फ लागेका छौं । यो किन भएको हो भने हामी सञ्चार, विद्यालय र अस्पतालहरू प्रतिस्पर्धात्मक आर्थिक मोडेलअनुसार सञ्चालन गरिरहेका छौं र यसले निजी र सार्वजनिक र पैसा हुने र नहुनेको बीचमा ठूलो खाडल बनाइदिएको छ । यसको प्रतिनिधि उदाहरण भनेको हामी प्रक्रियागत रूपमै सार्वजनिक संस्थाहरू (जस्तैः सार्वजनिक अस्पताल, सार्वजनिक विद्यालय, सार्वजनिक व्यवसायहरू आदि) लाई विघटन गरिरहेका छौं र निजी संस्थाहरूलाई प्रोत्साहन गरिरहेका छौं । फेरि पनि वास्तविकता के हो भने अधिकांश नेपालीहरू ग्रामीण भेगमा बसोबास गर्छन् जो पाँच तारे होटलजस्तो सुविधा प्रदान गर्ने निजी विद्यालय अथवा निजी अस्पतालको खर्च

जुटाउन सक्दैनन् । यस्ता निजी संस्थाहरूले समाजमा कामदारको योगदानलाई अवमूल्यन गरी तिनीहरूको स्वतन्त्रता र प्रतिष्ठालाई कमजोर पार्ने अधिनायकवादी विचारधारा जन्माउँदैछन् । नेपालको हकमा प्रशासनमा राजनीतिक संरक्षणको विस्तार र उपस्थिति राज्यको कार्यदक्षताविहिनताको सूचक हो । राजनैतिक संरक्षणको प्रक्रियाले कर्मचारीतन्त्र (प्रशासन) मा रोजगारीको गणितीय बिस्तार गरेको छ तर यो कर्मचारीतन्त्र (प्रहरी प्रशासनसहित) ले राज्य निर्माणको त कुरै छाडौं, सामाजिक सुरक्षामा समेत थोरैमात्र भूमिका खेलेको छ । बरू यो प्रक्रियाले निराशाजनक रूपमा धनी र गरिबबीचको दुरीलाई अझ विस्तार गरी समाजमा नयाँ वर्गको स्थापना गरेको छ । परिणामस्वरूप यसको असर प्रजातन्त्रको मुटुमा पर्नेछ । सरकारी तथ्यांकले गरिबी ४२ प्रतिशतबाट २५ प्रतिशतमा झरेको देखाउँछ । के यो सही छ त ? गरिबी साँच्चिकै घटेको भए कसरी विभिन्न टिभी/रेडियो र पत्रपत्रिकाहरूमा हामी मानिसहरू भोकमरीले मरिरहेको सुनिरहेका र पढिरहेका छौं ? अक्सफोर्ड विश्वविद्यालयले हालसालै गरेको अध्ययनले ७५ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेको देखाउँछ । यसले गरिबीको मापन हामी कसरी गर्छौं र कसलाई संलग्न गराउँछौं भन्ने जस्ता आधारभूत प्रश्नहरू जन्माउँछ । के यो पनि राजनीति, पहुँच र अवसरहरूमा काठमाडौं केन्द्रित भएजस्तै हो ?

सरकारसँग केही सामाजिक संरक्षणका कार्यक्रमहरू छन् जस्तैः निजामति सेवा निवृत्तिभरण प्रणाली, जेष्ठ नागरिक र विधवा भत्ता, कामका लागि खाद्यान्न, लघु ऋण, लघु बीमा आदि । यद्यपि यसबाट लाभान्वित सदस्यहरूका अनुसार कार्यक्रमको समग्र पहुँच र बजेट धेरै कम छ । प्राथमिक रूपमा सामाजिक संरक्षणको मुख्य समस्या भनेको सामाजिक संरक्षणमा सरकारले छुट्याउने कम खर्च नै हो किनकि सामाजिक क्षेत्रमा गरिने लगानी अनुत्पादक हुन्छ भन्ने सोचाई व्याप्त छ । हामीसँग सामाजिक सुरक्षाका जे-जति सुविधाहरू भए पनि यसले करिब १० प्रतिशत मात्र रहेको औपचारिक क्षेत्रमा काम गर्ने मानिसहरूलाई समेट्छ र धेरै थोरैमात्र (केही भत्ता वितरण कार्यक्रमबाहेक) अनौपचारिक क्षेत्रमा काम गर्नेहरूलाई अथवा कामै नगर्नेहरूलाई समेट्छ । श्रम संगठनहरू र उद्योग वाणिज्य महासंघको सहमतिमा अर्थ मन्त्रालयले नयाँ सामाजिक सुरक्षा योजना तयार पार्दैछ जसले बीस लाख मानिसलाई समेट्नेछ । यो सुविधा छुट्टै सामाजिक सुरक्षा कोषबाट प्राप्त हुनेछ । करको दायरामा रहेको आम्दानीमा १ प्रतिशत कर वृद्धि गरी सरकारले सामाजिक सुरक्षाको सुरुवात गरेको छ । यो साँच्चिकै लागू गरिए राम्रो सुरुवात हुनेछ । तर यसले मात्र समस्याको समाधान हुँदैन । हामीले रोजगारी वृद्धि गर्नुपर्छ, साना उद्योगधन्दाहरूको स्थापना गर्नुपर्छ र तिनीहरूलाई राज्य र नागरिकप्रति उत्तरदायी बनाउनुपर्छ । व्यापारिक समुदायहरूबीच आर्थिक राष्ट्रियताको विकास गर्नुपर्छ जसको नेपालमा पूर्णरूपले कमी छ ।



राजनीतिको केन्द्र काठमाडौं लक्षित सहयोगलाई प्राथमिकता दिनुको सट्टा हामीले यस्ता समस्या सुल्झाउन महत्वपूर्ण योगदान दिन सक्ने विकासलाई प्राथमिकता दिनुपर्छ । महत्वपूर्ण कुरा के हो भने राज्य एक्लैले सामाजिक संरक्षणको काम गर्न सक्दैन, यसलाई निजी क्षेत्रको सहयोग आवश्यक पर्छ । यहाँ स्वामी रामदेवलाई उद्धृत गर्नु उपयोगी हुन्छ जसले भनेका थिए, उद्योग र व्यवसायलाई सेवाको रूपमा अभ्यास गर्न सकिन्छ, यदि यसमा संलग्न मानिसहरूले तिनीहरूको जीवन पद्धति : उत्पादन र बजार व्यवस्थापनमा उत्तरदायी ढंगले योगिक आयामको प्रयोग गर्छन् भने धनी र गरिबबीचको खाडल पुर्न सकिन्छ । त्यसकारण निजी क्षेत्रले मानिसहरूलाई उपभोक्ताको दृष्टिले व्यवहार गर्नुभन्दा समाज र मानिसकै कारणले धन कमिने र राज्य भएकै कारणले आर्थिक गतिविधि सञ्चालन हुने भएकाले तिनीहरूलाई कहिल्यै बिर्सन नहुने यथार्थलाई मनन गर्नुपर्छ ।

## निष्कर्ष

अहिलेको विश्वका धेरै राज्यहरू आधारभूत रूपमा सामाजिक सुरक्षा र कल्याणकारी सेवाहरूमा खर्च वृद्धि गर्दैनन् किनकि यो क्षेत्रमा खर्च गर्नाले राज्यलाई वित्तीय फाइदा नहुने धेरैको विश्वास छ । श्रम संगठनहरूसहितको नागरिक समाजले मुलुकलाई वित्तीय संकट र संक्रमणबाट बचाउने आर्थिक नीतिबारे अभियान चलाउनुपर्छ । विश्वका श्रम संगठनहरू यस्तो अभियान चाल्नसक्ने अवस्थामा छन् । श्रम संगठन नागरिक समाजको एउटा पाटो भएकाले बजारको आर्थिक क्षमता र राज्यको राजनीतिक शक्तिबाट नागरिकलाई सुरक्षित राख्नु यिनीहरूको कर्तव्य हो । अर्को शब्दमा तिनीहरूले राजधानी बाहिर शक्ति सन्तुलन (आर्थिक र राजनीतिक), कर्मचारीतन्त्र र राजनीतिक दलहरूलाई वृहत् समाजको पक्षमा हेरफेर गरी पुँजीवादको हानिकारक तर्कको सामना गर्नुपर्छ । १९९० ताका परिवर्तनका बाहक र ठूलो नागरिक समाजका हिस्सा दुवै श्रम संगठनहरू मुलुकलाई विकासतर्फ धकेल्न असफल भएका थिए । त्यस विपरीत तिनीहरू बजार अथवा राजनीतिक समाज (राजनीतिक दलसहित) मा टुक्रिएका थिए । श्रम संगठनहरूले तिनीहरूको निहीत स्वार्थपूर्ति गर्न समय-समयमा श्रम शक्ति, ठूलो नागरिक समाज र वृहत जनसंख्यालाई सक्रिय बनाएका छन् ।

सांगठनिक गतिविधिको सामना गरिरहेका राजनीतिक र आर्थिक संरचनाहरू सम्भवतः वृहत् आर्थिक मन्दीयताको सबैभन्दा ठूलो मारमा परेका छन् । संगठनहरूले श्रम बजार लचकता, सरलता र राजनीतिक रूढीवादको अनुदार नीतिको दुई दशकसम्म सामना गरिसके । जब विश्वव्यापी आर्थिक मन्दी विश्वभरि फैंलदै गयो यसबाट नेपाल पनि अछुतो रहन सकेन । औपचारिक रोजगारी गर्नेहरूको न्यूनतम

पारिश्रमिक बढेको छ । तर यो तिनीहरूको दैनिक आवश्यकता पूरा गर्न अपर्याप्त भएको छ । अनि सामाजिक सुरक्षा अथवा बेरोजगार बीमा नभएका, संकटमा पार लगाउने व्यक्तिगत बचत नभएका विकासशील देशहरूको अनौपचारिक अर्थतन्त्रमा काम गर्ने कामदारहरूको अवस्था सधैं जोखिममा रहेको छ । नेपालमा सामाजिक सुरक्षा प्रणालीको भविष्य ठूलो मात्रामा राज्यको उपस्थिति र आउने दिनमा लिइने आर्थिक नीतिमा निर्भर रहन्छ । सम्भवतः बजार, राज्य र नागरिक समाजबीचको उपयुक्त सन्तुलनले यो समस्याको समाधानका लागि योगदान दिनसक्छ । राज्यलाई प्रमुख दुश्मन र बजारलाई मित्र ठान्ने व्यबहारले गरिबी, बेरोजगारी र अन्य यस्तै समस्याहरू सम्बोधन गर्दैन । विश्व 'वासिङ्टन कन्सेन्सस' भन्दा धेरै अघि बढिसकेको छ । तर हामी अझै यताउति अलमल्लिरहेको जस्तो देखिन्छौं ।

***अनुवादक : दीपक अधिकारी***



**लेखक परिचय** : सिडी भट्ट नागरिक समाजका विषयका विज्ञ हुन् । उनले बेलायतमा लण्डन स्कुल अफ इकोनोमिक्स र बरमिङ्गम युनिभर्सिटीमा अध्ययन गरेका छन् । अमेरिकाको लाउस राज्यमा रहेको वासिङ्टन युनिभर्सिटी अन्तर्गतको जर्ज वारेन ब्राउन स्कुलमा उनी सामाजिक विकास विषयका शोधकर्ता रहेका छन् । उनले उत्तरी अमेरिका, ल्याटिन अमेरिका र एसियामा विभिन्न अवसरमा कार्यपत्रहरू प्रस्तुत गरेका छन् । उनी पत्रपत्रिकामा लेख रचना लेख्छन् । हाल उनी फ्रेडिक इबर्ट स्टिफ्टटुङ फेससँग आवद्ध छन् ।

# सामाजिक सुरक्षा : कानुनी व्यवस्था र आगामी सम्भावना

**रमेश बडाल**

प्रत्येक दिन दुर्घटनाको कारण श्रमिकको मृत्युको समाचार हाम्रो लागि नौलो होइन । श्रमिकको मृत्युको कारण निजमा आश्रित बालबालिका टुहुरो हुने र बिचल्लीमा पर्ने गरेको समाचार नियमित सुनिने गरेको पाइन्छ । कारखाना बन्द भएको कारण रोजगारी अन्त्य भएको समाचारले हामीलाई आश्चार्य बनाउन छाडिसकेको छ । सुत्केरी भएको एक-दुई हप्तामै शरीरलाई दाउमा राखेर काम गर्नुपर्ने बाध्यता र विवशता भएका श्रमिकहरूको सम्वेदनालाई हामीले सामान्य रूपमा लिने गरेका छौं । बिरामी हुँदा औषधि-उपचार गर्न खर्च नपाई मृत्युको मुखमा पुग्ने कुरा नियमित नै हुने गरेको हुँदा त्यसलाई समाचार नै बनाउनु पर्ने आवश्यकता ठानिएको छैन । किनकि यी हाम्रो घर छिमेकमा दिनहूँ हुने गरेको हुनाले नियमित दैनिक जीवनको रूपमा यसलाई लिने गरिएको छ ।

अर्कोतिर कुनै रोजगारीमा प्रवेश गरेको व्यक्ति बूढो नभएसम्म किन एउटै ठाउँमा काम गरिरहन चाहन्छ ? किन कुनै उद्योगबाट कटौतीमा पर्नासाथ श्रमिकहरू आन्दोलन गर्न बाध्य छन् ? यस्तो आन्दोलनले लगानीमैत्री वातावरण भएन भनेर समाचार आइरहन्छ, तर कहिल्यै समस्याको दीर्घकालीन समाधान गर्न कानुनी व्यवस्था हुनुपर्दछ भन्ने कुरामा किन कलम चलेको पाइँदैन ?

यी समस्याको समाधानको विषय हाम्रो गम्भीर सरोकारको विषय हुनुपर्दछ ।



मलाई लाग्छ यी यस्ता गम्भीर विषय हुन्, जसलाई हामीले समाधान नगरी लगानीमैत्री वातावरण बन्न सक्दैन । तर पनि हामी यी समस्याको समाधान गर्न किन सकिरहेका छैनौं ? के हामीमा समस्या समाधान गर्ने ज्ञान नभएको कारणले हो ? के हामी गरिब भएको कारणले हो ? इच्छाशक्तिको कमीको कारणले हो ? यस सम्बन्धमा हामीले गम्भीर रूपमा विचार विमर्शको थालनी गर्नु आवश्यक छ ।

यसको समाधानको उपाय सामाजिक सुरक्षाको एकिकृत प्रणालीको विकास र त्यसको कार्यान्वयन हो । यसका लागि हामीले सामाजिक सुरक्षाका सबै विधाहरूलाई एकिकृत रूपमा व्यवस्थापन गरेर सबै समस्याहरूलाई हल गर्न सकिने व्यवस्था गर्न सकिन्छ । यसका लागि सामाजिक सुरक्षाका सम्बन्धमा विद्यमान कानुनमा रहेको प्रावधानको संक्षेपमा उल्लेख हुनु आवश्यक हुन्छ ।

## श्रमिकको सामाजिक सुरक्षाको कानुनी व्यवस्था

नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन-२०१६ र नियमावली-२०१९ ले सामाजिक सुरक्षाका केही प्रावधानको व्यवस्था गरेको थियो । उक्त कानुनी व्यवस्थाअनुसार १५ दिन आधातलबी बिरामी बिदा र ४५ दिन तलबी सुत्केरी बिदा पाउने व्यवस्था गरियो, तर त्यस्तो अवस्थामा थप उपचार खर्च दिने व्यवस्था गरिएको थिएन । त्यसरी नै काम गर्दागर्दै चोटपटक लागेमा उपचारमा बस्नु परेको दिनको आधा तलब क्षतिपूर्ति पाउने व्यवस्था गरियो । अंगभंग भएको अवस्थामा भने बढीमा तीन वर्षको तलब बराबर क्षतिपूर्ति दिने व्यवस्था भयो । मृत्यु भएको अवस्थामा भने आश्रितलाई दुई वर्ष बराबरको तलब क्षतिपूर्ति दिने व्यवस्था मिलाइएको थियो । यसरी नै पाँच वर्ष सेवा गरेपछि उपदान र सुरुदेखि नै संचयकोषको व्यवस्था गरिएको थियो । यद्यपि सुरुमा राखिएको पेन्सनसम्बन्धी व्यवस्था कार्यान्वयनमै आएन ।

श्रम ऐन-२०४८ लागू भएपछि श्रम नियमावली-२०५० मार्फत् ऐनमा रहेका प्रावधानलाई केही स्पष्ट गर्ने काम गऱ्यो । तर चियाबगानसम्बन्धी श्रम नियमावलीले भने चिया श्रमिकलाई प्रदान गर्ने सामाजिक सुरक्षामा आधारभूत परिवर्तन ल्याउन सकेन । प्रतिष्ठानको काम गर्दागर्दै चोटपटक लागेमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च व्यवस्थापकले व्यहोर्नु पर्दछ । र, सो अवधिमा बिदामा बस्दा अस्पतालमा बसेको अवधिको पूरा र घरमा बसी उपचार गर्दा आधा पारिश्रमिक दिनुपर्छ । तर एक वर्षभन्दा लामो समय उपचार गर्नुपर्दा भने पारिश्रमिक दिनु नपर्ने व्यवस्था गरिएको छ ।

अंगभंग भएको अवस्थामा भने अशक्तता प्रतिशतका आधारमा बढीमा पाँच वर्षको पारिश्रमिक (चिया बगानमा चार वर्ष) क्षतिपूर्तिबापत पाउँछन् । मृत्यु भएको

**निजी क्षेत्रमा सामाजिक सुरक्षा**

| विषय | सुविधाहरू |
|---|---|
| मातृत्व संरक्षण | सेवा अवधिमा २ पटक ५२ दिनको तलबी बिदा<br>चिया बगानमा २ पटक ४५ दिनको तलबी बिदा |
| काम गर्दागर्दै चोटपटक | डाक्टरी प्रमाणपत्रको आधारमा पूरा उपचार खर्च<br>अस्पताल भर्ना भएमा पूरा तलबी र नभएमा आधा तलबी बिदा |
| कामको दौरान | अंगभंग भएमा अवस्था हेरी ५ वर्षसम्मको दुर्घटना (चिया बगानमा ४ वर्षसम्मको)<br>कामदार अशक्तताको प्रतिशतअनुसार क्षतिपूर्तिको व्यवस्था |
| काममा दुर्घटनाले मृत्यु भएमा वा आजीवन अपांग भएमा | नजिकको हकवालालाई ३ वर्षको तलब<br>परिवारको १ जनालाई रोजगारीमा प्राथमिकता |
| स्वेच्छिक अवकाश | अवकाश सुविधा सेवा अवधिको आधारमा<br>०३-०७ वर्ष-प्रत्येक सेवा वर्षको आधा महिनाको तलब<br>१०-१५ वर्ष- प्रत्येक सेवा वर्षको २० दिनको तलब<br>१५ वर्षभन्दा बढी-प्रत्येक सेवा वर्षको १ महिनाको तलब |
| | चिया-बगानमा |
| | ०४-१० वर्ष- प्रत्येक सेवा वर्षको १० दिनको तलब<br>०७-१५ वर्ष प्रत्येक सेवा वर्षको १५ दिनको तलब<br>१५ वर्षभन्दा बढी- प्रत्येक सेवा वर्षको १ महिनाको तलब |
| वृद्धावस्था | संचय कोष- मासिक तलबको १० प्रतिशत श्रमिकबाट १० प्रतिशत रोजगारदाताबाट जम्मा गर्ने<br>चिया बगान मासिक तलबको ५ प्रतिशत श्रमिकबाट र ५ प्रतिशत रोजगारदाताबाट जम्मा गर्ने |
| बिरामी | प्रतिवर्ष १५ दिनको तलबी बिदा |
| औषधोपचार | प्राथमिक उपचार<br>कल्याणकारी कोषबाट क्षतिपूर्ति र राहत व्यवस्था |



अवस्थामा भने हकवालालाई तीन वर्षको पारिश्रमिक एकमुष्ठ दिने व्यवस्था गरिएको छ। यसरी नै संचयकोषमा श्रमिकको तलबबाट १० प्रतिशत रकम कट्टी गरी रोजगारदाताले १० प्रतिशत नै थप गरी जम्मा गर्नुपर्छ। (चियाबगानको हकमा ५ प्रतिशत कट्टी गरी ५ प्रतिशत नै थप गर्ने व्यवस्था छ) तीन वर्ष (चिया बगानमा चार वर्ष) वा सोभन्दा बढी सेवा गरेपछि उपदान दिनुपर्ने व्यवस्था गरिएको पाइन्छ) र उपदान रकम उपदान कोषमा जम्मा गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ। त्यसरी नै वर्षमा १५ दिन आधा तलबी बिरामी बिदा र ५२ दिन (चियाबगानमा ४५ दिन) प्रसुति बिदाको व्यवस्था गरिएको पाइन्छ। यसबाहेक प्रतिष्ठानबाट श्रमिक कटौती गर्दा एक वर्ष सेवाबापत एक महिनाको पारिश्रमिक क्षतिपूर्ति दिने व्यवस्था बेरोजगारी भत्ता जस्तै हो। तर उपदान लिएमा क्षतिपूर्ति नपाउने गरिएबाट यसको पनि उचित प्रयोग भएको छैन।

विद्यमान सुविधा सबै श्रमिकको लागि प्रदान गरिएको छैन। यस्तो सुविधा केवल दश जना वा सोभन्दा बढी कामदार कर्मचारी कार्यरत रहेको प्रतिष्ठानका स्थायी श्रमिकलाई मात्र लागू हुने हुनाले हाम्रो श्रम बजारमा जहिले पनि श्रमिकहरू स्थायी चाहने र उद्योगीहरू स्थायी नगर्ने सोचाइमा रहन्छन। यसले जहिले पनि श्रमिक र व्यवस्थापनबीचमा विवाद सिर्जना गर्न मद्दत पुऱ्याएको पाइन्छ।

## सामाजिक सुरक्षासम्बन्धी अन्य केही प्रावधान

सामाजिक सुरक्षाका कतिपय प्रावधानहरू नेपालका अन्य कानुनमा समेत छरिएर रहेको छ। तिमध्ये महत्वपूर्ण कुरा निम्नअनुसार उल्लेख गर्न सकिन्छ-

**यातायात सेवा** : यातायात सेवामा काम गर्ने प्रत्येक चालक, परिचालक, चेकर, हेल्पर र कर्मचारीको अनिवार्य दुर्घटना बीमा गर्नुपर्छ। जसअनुसार चालकको एक लाख पचास हजार र अन्य कर्मचारीको एक लाखको बीमा गरेको हुनुपर्छ। जीप, ट्र्याक्टर, भ्यान, टेम्पो, पावर टेलर जस्ता सवारीको हकमा एक लाखको बीमा गर्नुपर्छ। यात्री बीमा पचास हजारको र तेस्रो पक्ष बीमा पाँच लाखको गर्नुपर्ने व्यवस्था गरिएको छ।

**श्रमजीवि पत्रकार** : श्रमजीवि पत्रकारलाई वर्षमा १२ दिन तलबी बिरामी बिदा ६० दिन सुत्केरी बिदा दिनुपर्छ। श्रमजीवि पत्रकारको कल्याणका लागि प्रत्येक वर्ष नाफा भएको रकमको ५ प्रतिशत रकम कल्याणकारी कोषमा राख्नुपर्ने र त्यस्तो रकम दुर्घटना, बिरामी, हुँदा वा शिक्षाको व्यवस्था गर्न र सहुलियत दरमा ऋण दिन खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसरी नै पत्रकारको तलबबाट १० प्रतिशत कट्टी गरी १० प्रतिशत थप गरी

सञ्चयकोषमा जम्मा गर्नुपर्ने र पाँच वर्ष वा सोभन्दा बढी सेवा गर्ने मजदुरलाई उपदान दिने व्यवस्था छ । यसरी नै व्यवस्थापकले प्रत्येक श्रमजीवि पत्रकारको बीमा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**पर्यटन श्रमिक** : पर्यटन समूहले पर्वतारोही दलले सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथ प्रदर्शक, आधार सिविरका कामदार र उचाइमा जाने कामदारलाई स्थानीय पथ प्रदर्शकलाई समेत ५० हजारदेखि दुई लाख सम्मको व्यक्तिगत दुर्घटना बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी नै पदयात्रा तथा जलयात्रा नियमावलीले सो टोलीसाथ जाने नेपालीको ५० हजारको दुर्घटना बीमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**निजामती, सेना, प्रहरी तथा सामुदायिक विद्यालयका शिक्षकहरू** : निजामती कर्मचारी, सामुदायिक विद्यालयका शिक्षकहरू, प्रहरी र सेना क्षेत्रमा सञ्चयकोष, बिरामी बिदा, प्रसुती बिदाका अतिरिक्त उपदान वा पेन्सन पाउने व्यवस्था गरेको छ । यसबाहेक, पारिवारिक निवृत्तभरण वा उपदानको व्यवस्था पनि गरिएको छ । निजामती कर्मचारीको भ्रमणको क्रममा २० हजार बराबरको बीमा गर्नुपर्ने व्यवस्था छ ।

नेपालका विभिन्न कानुनलाई अध्ययन गर्दा समग्रमा निम्न लिखित सुविधाहरू प्रदान गर्ने गरेको देखिन्छ । तर यस्तो सबै सुविधा सबै क्षेत्रमा काम गर्ने श्रमिकले पाउने गर्दैनन्-

- सञ्चयकोष, उपदान, निवृत्तिभरण जस्तो वृद्धावस्थाको संरक्षण
- तलबी बिरामी बिदा
- अस्पताल भर्नासहितको उपचार खर्च
- अंगभंग बापतको क्षतिपूर्ति
- प्रसुती बिदा र सुत्केरी खर्च
- सन्ततीवृत्ति (आश्रितलाई दिने सहयोग)
- अशक्तवृत्ति
- बेरोजगारी अवस्थामा संरक्षण
- परिवारलाई दिने निवृत्तिभरण र उपदान

उल्लेखित व्यवस्था संगठित क्षेत्रको सरकारी र गैरसरकारी क्षेत्र क्षेत्रमा लागू हुन्छ । तर नेपालमा रहेका श्रमिकमध्ये ठूलो हिस्सा ओगट्ने अनौपचारिक श्रम क्षेत्रलाई उल्लेखित व्यवस्थाले समेटेको पाइँदैन । हामीले औपचारिक क्षेत्रको सामाजिक



**निजामती र अन्य सरकारी कर्मचारीका सामाजिक सुरक्षा**

| विषय | सुविधाहरू |
|---|---|
| मातृत्व संरक्षण | ६० दिने तलबी बिदा, सेवा अवधिमा २ पटक तर निजमती सेवामा महिना थप बेतलबी बिदा लिन पाउने गरिएको |
| काम गर्दाको अवस्थामा औषधोपचार | कर्मचारीको तहअनुसार १२ देखि २१ महिनाको तलब नेपाल मेडिकल बोर्डको सिफारिसमा थप सहयोग |
| काम गर्दागर्दै चोटपटक | उपचार खर्च, मेडिकल बोर्डको सिफारिसमा विदेशमा उपचार |
| कामको दौरान दुर्घटना उल्लेखित | उपचार खर्च तलबी बिदामाथि औषधोपचारमा खर्च<br>अंगभंग भई सेवाबाट हटेमा अशक्तता पेन्सन |
| काममा दुर्घटनाले मृत्यु भएमा वा आजीवन अशक्त भएमा | पेन्सनको ५० प्रतिशत आश्रितहरू र परिवारका लागि |
| स्वेच्छिक अवकाश | सेवा अवधिको आधारमा उपदान वा पेन्सन |
| वृद्धावस्था | सञ्चय कोष, पेन्सन वा उपदान |
| सेवा अवधिमा मृत्यु | कर्मचारी सञ्चयकोषबाट थप सहयोग, द्वन्द्वमा मारिएकालाई थप सहयोग |
| बिरामी | प्रतिवर्ष १२ दिनको तलबी बिदा |

सुरक्षा प्रणालीलाई हेरेर अनौपचारिक क्षेत्रमा हूबहू लागू गर्न भने सकिँदैन । यसका लागि औपचारिक क्षेत्र र अनौपचारिक क्षेत्रको अर्थतन्त्रबीचको भिन्नता र त्यसबाट रोजगारीको अवस्थामा पार्ने भिन्नतालाई अध्ययन गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू तय गरिनु पर्दछ ।

## कार्यान्वयनको अवस्था

जब सामाजिक सुरक्षाको प्रत्याभूतिको विषयमा छलफल हुन्छ हामीहरू भन्ने गर्दछौं देश नै गरिब भएको हुँदा यसलाई कार्यान्वयन गर्न सकिँदैन । वास्तवमा के हामी गरिब देशका नागरिक भएको कारणले समाजिक सुरक्षाको प्रत्याभूति नभएको हो ? अवश्य होइन । हामीहरूको इच्छाशक्तिमा गरिबी छ । इच्छाशक्तिलाई

बढाउना साथ सामाजिक सुरक्षाको एकिकृत प्रणाली लागू गर्न समस्या उत्पन्न हुने देखिँदैन । यसका लागि हामीले इतिहासमा अन्य देशले कस्तो अवस्थामा सामाजिक सुरक्षा प्रणालीलाई लागू गरेका रहेछन् भनी हेर्नु अर्थात् अध्यायन गर्नु पर्दछ । कुनै पनि देश धनी र विकसित भएर स्थायीत्व प्राप्त गरेपछि मात्र सामाजिक सुरक्षाको विकास गरेको नभई गरिब, अविकसित र अस्थीर राजनीतिक परिवेशबाट अगाडि बढ्नका लागि यसलाई माध्यमको रूपमा प्रयोग गरेको पाइन्छ ।

अमेरिकाले सन् १९२८-३० को दशकमा भोगेको आर्थिक मन्दीबाट देशलाई अगाडि बढाउनको लागि वेभरेज कमिशन बनाई सामाजिक सुरक्षाका एकिकृत अवधारणा विकास गरेको थियो । जसलाई १९३५ मा ऐन नै बनाई लागू गरियो । सोही वर्ष न्युजिल्याण्डले पनि सामाजिक सुरक्षा कानुन ल्याएको थियो । भारतमा समेत निजी क्षेत्रका कामदार कर्मचारीलाई राज्य बीमाको प्रणाली दोस्रो विश्वयुद्धपछि र स्वतन्त्रताको क्रममा लागू भएको थियो । यसैले माओवादी युद्धबाट अगाडि बढेको र विकसित नभएको वर्तमान अवस्थालाई नै समाजिक सुरक्षा प्रणाली लागू गर्ने प्रस्थान विन्दुको रूपमा लिन उचित हुन्छ भन्ने विश्लेषणको आधारमा भावि कानुनमा सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु पर्दछ ।

## कस्तो प्रणालीलाई अवलम्बन गर्ने ?

सामाजिक सुरक्षाको विषयलाई कार्यान्वयन गर्नका लागि दुनियाँमा दुई विधि चल्दै आएको छ । एउटालाई Horizontal dimension भनिन्छ भने अर्कोलाई Vertical dimension भनिन्छ । बढीभन्दा बढी नागरिकलाई सामाजिक सुरक्षाका योजना (Scheme) मा समाविष्ट गर्नको लागि राज्यले राजस्वबाट संकलित रकम विनियोजनको माध्यमबाट आफ्नो क्षमताअनुसार राज्यका सम्पूर्ण नागरिकलाई समाहित गरी सेवा सुविधा उपलब्ध गराउने प्रयास गर्दछ । यसलाई Horizontal dimension विधि भनिन्छ । विद्यमान वृद्ध भत्ता, सुत्केरी खर्चको वितरण जस्ता विषयहरू यसअन्तर्गत् पर्दछ । यसको कार्यान्वयन राज्यले बजेटको माध्यमबाट गर्ने हुँदा नागरिकले अधिकारको रूपमा दाबी गर्न नपाउने र राज्यको इच्छामा निर्भर रहन्छ ।

अर्कोतिर रोजगारदाता र श्रमिकको दुवै पक्षको वा एउटा पक्षले मात्र गर्ने भए पनि नियमित रूपमा हुने योगदानमा आधारित कोष (Contributory fund) मा गरेको योगदानको आधारमा सामाजिक सुरक्षाको प्रत्याभूति हुने कार्यहरू Vertical dimension भित्र पर्दछन् । अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सामाजिक सुरक्षासम्बन्धी अभिसन्धि नं १०२ मा उल्लेख भएअनुसारका खासगरी नियमित पारिश्रमिकका अतिरिक्त औषधोपचार सुविधा (Medical Care Benefit), बिरामी हुँदाको सुविधा (Sickness Insurance Benefit), बेरोजगारी सुविधा (Unemployment Benefit), वृद्धावस्थाको सुविधा, कामगर्दा हुने दुर्घटना र चोटपटक बापतको सुविधा (Employment injury insurance benefit), परिवार र बालबच्चाको हेरचाह सुविधा, मातृत्व संरक्षण बीमा सुविधा (Maturity Insurance Benefit), अपांगताको सुविधा, आश्रित परिवारको हेरचाह सुविधा यसमा पर्दछन् ।



सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित कार्यान्वयन गर्ने क्रममा कुनै एक पक्षलाई मात्र लिनुभन्दा दुवैलाई समन्वयात्मक रूपमा अगाडि बढाउँदै लैजाने तर योगदानमा आधारित प्रणालीबाट सबै श्रमिकलाई संरक्षण गर्ने विधि तय गरिनु उचित हुन्छ ।

## कस्तो कानुनी संरचना उचित हुन्छ ?

सामाजिक सुरक्षाको सवालमा हामीले छलफल गर्दा कस्तो कानुनी संरचना बनाउने भन्ने विषयमा गम्भीर विचार विमर्श हुनु पर्दछ । यसको लागि सबैभन्दा पहिला विद्यमान श्रम बजारको समस्या समाधान गर्ने विधिको विषयमा केही कुरा उल्लेख गर्न चाहन्छु-

**(क) लचरक्षा प्रणालीमा** (Flexicurity Model) **आधारित हुनुपर्ने** :

सामाजिक सुरक्षाको एकिकृत प्रणालीको विकासको लागि तयारी गर्दा यसलाई श्रम बजारलाई नियमन गर्ने सबै कानुनलाई समग्रमा परिमार्जन गरिनु पर्दछ । केवल सामाजिक सुरक्षाको विषयलाई मात्र उठाउनु हुँदैन भन्ने मान्यता विकास भएको छ । यसै मान्यताको आधारमा नेपालका ट्रेड युनियनहरू र उद्योग वाणिज्य माहासंघबीचमा जति मात्रामा सामाजिक सुरक्षा त्यति नै मात्रामा श्रम लचकताको विषयमा जान सकिने भनी सहमतिसमेत भएको छ । यस कुराबाट पनी सामाजिक सुरक्षाको विषय प्रत्यक्ष रूपमा श्रम लचकताको विषयमा जोडिएको छ ।

यस सम्बन्धमा हामीले लगानीमैत्रि वातावरण बनाई श्रमिकलाई श्रम शोषण हुने अवस्थाबाट समेत मुक्त गर्ने उपाय भनेको श्रम लचकता र सामाजिक सुरक्षा दुवैको प्रत्याभूति हुने लचरक्षा (Flexicurity) मोडलअनुसार नै श्रम कानुनको समग्र व्यवस्थापन हुनु पर्दछ ।

**(ख) श्रम बजारको विवादको जड**

हामीले सामाजिक सुरक्षाको विषयमा छलफल गर्दा यसले दीर्घकालिन रूपमा श्रम बजारको विद्यमान मुख्य कारक के हो र त्यसलाई कसरी निराकरण गर्नु पर्दछ भन्ने कुरा ध्यानमा राखिनु पर्दछ । विद्यमान कानुनले सामाजिक सुरक्षा र रोजगारीको सुरक्षा स्थायी श्रमिकलाई मात्र प्रदान गर्दछ । त्यसैले सबै श्रमिकहरू दुवै सुरक्षाको लागि स्थायी हुन चाहन्छन । अर्कोतिर उद्योगीहरू उपदान, सञ्चयकोष, बिदालगायतको

सुविधामा हुने लगानी जोगाउन र स्थायी भएपछि सेवाबाट हटाउन सकिँदैन भनी श्रमिकलाई स्थायी नगरी अस्थायी, करार तथा ज्यालादारीमा वर्षौंसम्म काममा लगाउने गरेको कारण नै श्रम बजारमा टकराव उत्पन्न भएको पाइन्छ। यो समस्याको समाधानको लागि स्थायी अस्थायी करार ज्यालादारी वा अन्य जेसुकै नाम प्रयोग गरे पनि उनीहरूलाई काम गरेको दिनबाटै सामाजिक सुरक्षाको प्रत्याभूति गरिएमा श्रम बजारलाई केही हदसम्म लचिलो बनाउन सकिन्छ। यसले विद्यमान श्रम बजारको मूल कारकलाई समेत सम्बोधन गर्न सकिन्छ।

**(ग) कस्ता-कस्ता सुविधाहरू प्रदान गर्ने :-**

हामीले अब तर्जुमा गर्ने सामाजिक सुरक्षासम्बन्धी प्रावधानहरू ILO को Social Security (Minimum standards ) Convention N0 १०२ ले तोकेको न्यूनतम  कुराहरूको प्रत्याभूति गर्नु जरुरी छ। यसबाहेक अन्य केही सामाजिक बीमा योजनालाई हामीले कार्यान्वयन गर्न सक्दछौं। मेरो विचारमा निम्न लिखित सामाजिक बीमा कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन गर्न सकिन्छ-

- औषधोपचार खर्च
- वृद्धावस्थामा दिइने पेन्सन वा उपदान र सञ्चयकोष
- दुर्घटना वा व्यवसायजन्य रोगको उपचार र क्षतिपूर्ति
- प्रसुती संरक्षण
- अपांगता वा कमजोर शारीरिक अवस्थामा प्रदान गरिने सुविधा
- आश्रितलाई प्रदान गरिने सुविधा
- बेरोजगारी बीमा

अन्य सुविधाहरू सम्बन्धित श्रमिक तथा रोजगारदाताले गरेको योगदानको आधारमा प्रदान गरिनु पर्दछ। यस्तो व्यवस्था गर्दा अनौपचारिक क्षेत्रको श्रमिकको लागि भने एकतर्फ योगदान वा अन्य विकल्प प्रयोग गरी योगदानलाई व्यवस्थित गरिनु पर्दछ।

**(घ) सुविधाको व्यवस्थापन :**

हाम्रो देशको वर्तमान श्रम कानुनले उपदान दिनेसम्बन्धी व्यवस्था गरेको र त्यसको प्रयोजनका लागि सम्बन्धित प्रतिष्ठानले नै छुट्टै कोष गठन गरी रकम छुट्याउने व्यवस्था गरेको छ। उक्त कोष कसको संरक्षणमा रहने, कोषले तिर्न नपुग भएको रकम कसले व्यहोर्ने ? उपदान रकम सेवा अवधिअनुसार फरक-फरक दर भएकोले कुन हिसाबले सो रकम कोषमा जम्मा गर्ने ? प्रतिष्ठानको



जिम्मामा नै उक्त कोष सञ्चालन गरिने हो भने प्रतिष्ठानले नै सो रकम ऋण लिन वा प्रयोग गर्न पाउने/नपाउने ? प्रतिष्ठान घाटामा गएपछि मजदूरहरूको उपदानको प्रत्याभूति कसले दिने ? यी कुराहरूप्रति हामी अहिलेसम्म अनुत्तरित नै छौं।

दुर्घटना र क्षतिपूर्तिको भार पनि व्यवस्थापक माथि रहेको छ। साना स्तरको उद्योगमा भएको दुर्घटनाबाट २/४ जना श्रमिकको मृत्यू वा अंगभंग भएमा उद्योग नै बिक्री गर्दा पनि नपुग्ने क्षतिपूर्तिको भार व्यवस्थापक माथि आउन सक्छ। र यसले कार्यरत श्रमिकलाई बेरोजगार बनाई दिन सक्छ। यसले औद्योगिक शान्तिमा प्रतिकूल असर पार्न सक्ने अवस्था छ।

विद्यमान सञ्चयकोषमा रकम जम्मा नगरेमा कुनै कारबाही हुने व्यवस्था छैन। यसले सञ्चयकोषमा रकम जम्मा नगर्ने कुनै व्यवस्थापकलाई कारबाही गरी असुली गर्न सक्दैन। त्यसैले वर्षौंसम्म सञ्चयकोष जम्मा नगर्ने प्रवृत्तिको समेत विकास भएको पाइन्छ। यस्तो सबै सामाजिक सुरक्षाका सबै समस्याहरू एकिकृत रूपमा नै समाधान गर्न सामाजिक सुरक्षा संस्थाको स्थापना गरिनु पर्दछ।

यसका लागि सामाजिक सुरक्षाको एकिकृत व्यवस्था सम्बन्धमा छुट्टै ऐन तर्जुमा गर्नु आवश्यक छ। यस क्रममा हालसम्म भएको छलफलको आधारमा तयार भएको मस्यौदा सामाजिक सुरक्षा संस्था ऐनले निम्नअनुसार व्यवस्थापन गर्ने प्रयास गरेको छ :

१. सामाजिक सुरक्षा संस्थाको सञ्चालन नेपाल सरकार, रोजगारदाता, तथा ट्रेड युनियन समावेश भएको त्रिपक्षीय समितिको निर्णयअनुसार सञ्चालन गर्ने।

२. सामाजिक सुरक्षा संस्थाअन्तर्गत् प्रत्येक सुविधाको लागि छुट्टाछुट्टै कोष स्थापना गरीने।

३. प्रत्येक कोषको हिसाब भिन्न-भिन्न रूपमा सञ्चालन हुने र त्यसको लागि निर्धारण हुने योगदान र सुविधाहरूको निर्धारण छुट्टाछुट्टै रूपमा हुने र एउटा कोष जोखिममा परेमा अन्य कोषबाट ऋण लिन नपाउने व्यवस्था गरी अन्य कोषलाई जोखिममा पर्नबाट जोगाउने।

४. प्रत्येक कोषको प्रमुख र संस्थाको प्रमुख कार्यकारी अधिकृत रहेको संस्थाको नियमित सञ्चालन गर्ने व्यवस्थापन समिती निर्माण गर्ने। यसले नै संस्थाको प्रशासनिक व्यवस्थापन गर्ने।

५. बीमांकककाे सिफारिसमा मात्र योगदानको दर निर्धारण गरिने र सबै कोषको लागि योगदान प्राप्त गर्दा छुट्टाछुट्टै नभई एकै पटक र एकै साथ

प्राप्त गर्ने । योगदानको दर निर्धारण भएपछि श्रमिक, रोजगारदाता र सरकारको योगदान त्रिपक्षीय समितिले निर्धारण गर्ने । प्राप्त योगदान आन्तरिक व्यवस्थापन विधिबाट कोषहरूमा पठाउने ।

६. कोषहरूलाई जोखिममा पर्नबाट बचाउनको लागि निश्चित रकम जोखिम व्यहोर्ने कोष बनाई राखिने, जसको माध्यमबाट सामाजिक सुरक्षा प्रणालीमा उत्पन्न हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न सकिने ।

७. कोषहरूमा प्राप्त योगदानलाई लगानी गर्न सकिने व्यवस्था मिलाइएको छ । यसको लागि संस्थाले लगानीसम्बन्धी छुट्टै र एकिकृत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ ।

८. सामाजिक सुरक्षा संस्था स्थापना भएपछि देशभरका सबै प्रतिष्ठान र श्रमिकको दर्ता अनिवार्य रूपमा संस्थामा गर्नुपर्ने र काम प्रारम्भ गर्नासाथ नै योगदान गर्नुपर्ने व्यवस्था मिलाइएको छ । यदि छोटो समयको लागि काममा लगाएको कारण योगदान गर्न असमर्थ भएमा त्यस्तो योगदान बराबरको रकम श्रमिकलाई नै भुक्तानी दिनुपर्ने गरी श्रमिकलाई शोषण गर्ने नियत राखी योगदान नगर्ने प्रवृत्तिलाई निरुत्साहित गरिएको छ ।

९. सुविधाको दर तथा सुविधा पाउने अवधि त्रिपक्षीय समितिले निर्धारण गर्ने व्यवस्था गरी जुन स्थानबाट योगदान गरिएको हो सोही स्थानबाट सुविधा पाउने व्यवस्था गरिएको छ । यसको लागि श्रमिकले संस्थाको केन्द्रसम्म धाउनु नपर्ने व्यवस्था गरिएको छ ।

१०. प्रशासनिक खर्च र सञ्जालमा ठूलो रकम खर्च भई संस्था धरापमा पर्नबाट जोगाउन संस्थाले आफ्नै कार्यलय सीमित स्थानमा स्थापना गर्ने तर योगदान तथा सुविधाको वितरण देशभरि रहेका बैंक तथा वित्तीय संस्था र स्थानीय निकायमार्फत् गर्ने/गराउने व्यवस्थालाई खुला राखिएको छ । प्रशासनिक खर्चमा हुने कमीको कारण सुविधामा वृद्धि गर्न मद्दत गर्न सक्छ ।

११. सामाजिक सुरक्षा संस्थाले दाबी नगरिएको रकम प्राप्त गर्ने व्यवस्था गरिएको छ । यसको अर्थ हो, कुनै पनि कम्पनीले कुनै श्रमिक वा अन्य कसैलाई तिर्नु पर्ने रकम सम्बन्धित व्यक्तिले दाबी नगरेमा वा बीमा रकम बीमाकर्ताले दाबी नगरेमा वा बैंकमा रहेको रकम खातावालाले दाबी नगरेमा त्यस्तो रकम संस्थामा सर्नेछ । संस्थामा ५ वर्षभित्र दाबी भएमा सम्बन्धीत व्यक्तिलाई दिइने तर दाबी नभएमा सामाजिक सुरक्षा संस्थामा सर्ने व्यवस्था गरी कोषलाई थप सवल बनाउने प्रयास भएको छ ।



पहिलो चरणमा तत्कालै बेरोजगारी बीमा लागू गरी कारखाना बन्द भएको कारण बेरोजगार हुन पुगेको श्रमिकलाई अर्को रोजगारी नपाएसम्मको लागि अर्थात केही समयसम्म भत्ता प्रदान गर्ने व्यवस्थाको प्रस्ताव गरिएको छ । यसरी नै तत्काल नै प्रसुती संरक्षण, दुर्घटना र क्षतिपूर्ति र औषधि उपचारसम्बन्धी बीमा प्रणाली लागू गर्ने सिफारिससमेत त्रिपक्षीय सहभागितामा आधारित कार्यक्रमबाट प्राथमिकता निर्धारण भएको छ । यसअनुसार सामाजिक सुरक्षाको एकिकृत व्यवस्थापन हुन सकेमा श्रम शोषणको कारणबाट उत्पन्न हुने श्रम विवादलाई केही हदसम्म न्यूनीकरण गरी लगानीमैत्री वतावरणसमेत सिर्जना गर्न सकिन्छ र अन्तरीम संविधानले परीकल्पना गरेको सबै नागरिकको लागि सामाजिक सुरक्षाको हकलाई समेत कार्यान्वयन गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री


१. नेपालको अन्तरिम संविधान, २०६३

२. श्रम ऐन २०४८

३. श्रम नियमावली २०५०

४. चिया बगानसम्वन्धी श्रम नियमावली २०५०

५. सवारी तथा यातायात व्यवस्था ऐन २०४९

६. सवारी तथा यातायात व्यवस्था नियमावली २०५४

७. श्रमजीवि पत्रकार ऐन २०५१

८. श्रमजीवि पत्रकार नियमावली २०५३

९. बोनस ऐन २०३०

१०. बोनस नियमाबली २०३९

११. निजामती सेवा नियमावली २०४९

१२. प्रहरी नियमावली २०४९

१३. नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन- २०१६

१४. नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदूरसम्बन्धी नियमावली- २०१९

१५. कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षा : स्थिति विश्लेषण तथा सुधारका क्षेत्रहरू- अध्ययन प्रतिवेदन, श्रम तथा यातायात व्यवस्था मन्त्रालय

१६. श्रमिक खबर, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का विभिन्न अंकहरू

१७. श्रम संसारका बाह्र वर्ष, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)

१८. नेपाल सरकारद्वारा गठित सामाजिक सुरक्षा योजनासम्बन्धी अवधारणा अध्ययन कार्यदलको प्रतिवेदन २०६७

१९. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सामाजिक सुरक्षासम्बन्धी महासन्धि नं १०२

*http://en.wikipedia.org/wiki/Social_Security_(United_States)*

*http://en.wikipedia.org/wiki/Social_welfare_in_New_Zealand*

Social Protection in Nepal, Human development Unit South Asia Region, World Bank (Un Published) June -2009



**लेखक परिचय** : रमेश वडाल नेपाल ट्रेड युनियन महासंघ जिफन्टका विदेश विभाग सचिव हुन् । त्रिभुवन विश्वविद्यालयअन्तर्गत् नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक तथा पुना विश्वविद्यालयबाट श्रम कानुन तथा श्रम कल्याणका विषयमा स्नातकोत्तर, आईएलओको अन्तर्राष्ट्रिय तालिम केन्द्र इटालीको टुरिनबाट अन्तर्राष्ट्रिय श्रम मापदण्ड विषयमा डिप्लोमा, पुनरावेदन अदालत बार एशोसिएशन पाटनको सचिव तथा अध्यक्ष भई काम गरिसकेका छन् । हाल उनी श्रमसम्बन्धी विभिन्न विषयमा नेपाल सरकार, आईएलओ र अन्य राष्ट्रिय संस्थाहरूको परामर्शदाताको हैसियतमा काम गर्छन् ।

# पेन्सन प्रणाली : एक तुलनात्मक अवधारणा

**गोर्डन एल क्लार्क**

## सिंहावलोकन

२१ औं शताब्दीको पहिलो दशकमा 'बेबी बुम' पिँढीको सेवा निवृत्ति र आर्थिक शासनका प्रतिद्वन्द्वी प्रणालीबीच विश्वव्यापी प्रतिस्पर्धा सुरु भयो । जसले गर्दा पेन्सन प्रणाली, अर्थशास्त्र र व्यवस्थापनमा पेन्सन व्यवस्थापन अनुसन्धानको आकर्षक र महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित हुँदै छ । निवृत्तिभरणबारे जान्ने हो भने सामाजिक सुरक्षा, स्तम्भ (स्तम्भ १), सौजन्य पेन्सन र अवकाश योजना (स्तम्भ २), र व्यक्तिगत आम्दानी खाता स्तम्भ (स्तम्भ ३) हरूबीचको सम्बन्ध बुझ्नुपर्दछ । एङ्लो अमेरिकन विश्व, धेरैजसो महादेशीय युरोप र ल्याटिन अमेरिकाबीच उल्लेखित निवृत्तिभरण आम्दानीका ३ स्तम्भका संरचनामा उल्लेखनीय फरकहरू छन् । त्यसका साथै भविष्यमा पेन्सन दिइनेवालाहरूको सन्दर्भमा पनि देशहरूबीच उल्लेखनीय भिन्नता छन् ।

जबकि एङ्लो अमेरिकन देशहरूले सामाजिक सुरक्षाका सबै शिर्षकहरूमा लगानी गर्दैनन् । उनीहरू सम्पूर्ण निवृत्तिभरण कोष जम्मा गर्ने दायित्व लिन्छन् (स्तम्भ २) । जबकि, महादेशीय युरोपियन देशहरू भने कोषविहीन सामाजिक सुरक्षामा निर्भर रहन्छन् (स्तम्भ १) । यी कोषहरूको व्यवस्थापनका कारण ठूला निगमहरूको आर्थिक व्यवस्थापन र सम्बन्धित संरचनाहरूका लगानी व्यापारमा तात्विक असर पार्दछ ।



विश्वव्यापी व्यापारलाई वृद्धि गर्ने सोचअनुरूप, एङ्लो अमेरिकन निवृत्तिभरण कोष र आर्थिक सेवा प्रदायक उद्योगहरूले सञ्चित आर्थिक कोष निकाल्ने कामलाई द्रुततर गतिमा अघि बढाएका छन् । कोषीय निवृत्तिभरणको व्यवस्थाको कल्पना नगरिएका देशहरूमा समेत एङ्लो अमेरिकन देशहरूमा निवृत्तिभरण कोषहरूको क्रिया र लगानी रणनीतिबाट लिएको फाइदाको ख्याल गरिएको छ ।

खासमा, महादेशीय युरोप र संक्रमणको पूर्वी युरोपको अर्थतन्त्रमा पनि यस्तो खालको परिवर्तन हराएको छैन । जबकि उनीहरूले सामाजिक सुरक्षा र निवृत्तिभरण प्रक्रियालाई पुनर्परिभाषित गरेका छन् ।

## परिचय

वास्तवमा भन्ने हो भने सामाजिक सुरक्षाको साहित्य बीसौं शताब्दीका सम्पन्न मुलुकहरूको ऐतिहासिक विकास र मूल नै हो (गोस्ता एस्पिङ, १९८९) । धेरै अध्ययनहरूले खास देशविशेष र परम्परालाई टेकेर गरिने मध्यस्थता, वर्ग लेनदेन र अन्तरपुस्ता सामाजिक सम्झौताअन्तर्गत्का कल्याणकारी प्रावधानहरूलाई जोड दिएका छन् । केही थोरै देशहरूको सम्पूर्ण कोषीय सामाजिक सुरक्षा निवृत्तिभरण उत्तरदायित्व छ । जसमा सबैभन्दा बढी योगदान गर्दा पनि कम लाभ हुने सम्भावना हुन्छ । सरकारले छुटेपछि तिर्ने व्यवस्थामा सामाजिक सुरक्षा पेन्सनको दायित्व लिन्छ (हेर्नुस्, गर्बर र वाइज, १९९७ )।

त्यतिमात्रै होइन, सामाजिक सुरक्षा र यसको अरू स्वरूपका बारेमा पर्याप्त बहस पनि भइनैरहेका छन् । वास्तवमा, अमेरिका र अन्यत्र सामाजिक सुरक्षालाई आंशिक रूपमा कोषीय निवृत्तिभरण खातामा रूपान्तरण गर्ने प्रस्तावहरू पनि भएका छन् । (फेल्डस्टेन, १९९८) सामाजिक सुरक्षाको सवालमा पेन्सनको प्रावधानको कुराले धेरैको ध्यान खिचेको छ, खासगरी दुईवटा कारणले । अर्थशास्त्रीय निगम र विकासको संगठन (ओईसीडी) (लेफबिज १९९५, र ओईसीडी १९९८) र विश्व बैंक (१९९४), औद्योगिक अर्थशास्त्रमा निर्भरहरूले 'जनसांख्यकीय समस्या' प्रति ध्यान केन्द्रित गरेका छन् ।

यो समस्यासँगै आगामी 'बेबी बुम' पुस्ताको निवृत्तिभरण र सँगसँगै तिनको लामो जीवन सम्भावना र न्यून फर्टिलिटी दर र त्यसका अनुपातमा काम गर्ने जनसंख्याप्रति आश्रितहरूको संख्या धेरै छ । फ्रान्स, जर्मनी र इटालीजस्ता देशहरूका लागि आयरल्याण्ड, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिकामा भन्दा जनसांख्यिक चलन नै बढी महत्वपूर्ण हुनेछ । जनसांख्यिक समस्यालाई लागू गर्ने कुरो यो हो कि भविष्य निवृत्तिभरण आम्दानीका लागि फ्रान्स, जर्मनी र इटालीजस्ता देशहरू वित्तपोषित अथवा लगानी नगरिएका सामाजिक सुरक्षामा निर्भर छन् । (फिगर १)

**फिगर १ युरोपेली जनसंख्या र सामाजिक सुरक्षा कार्यक्रमको अन्तर्क्रिया**

जनसांख्यिक संकटका प्रभाव

| स्तम्भ १ मा निर्भर | उच्च | मध्यम | न्यून |
|---|---|---|---|
| उच्च | × | | |
| मध्यम | | × | |
| न्यून | | | × |

यहाँसम्मकि, जर्मन रोजगारहरूलाई उपलब्ध योजनासमेत प्राय: कम कोषीय हुन्छन् (प्रिगि १९९८) । तर एङ्लो अमेरिकन देशमा बहुसंख्यक कामदारहरू कोषीय परिपूरक निवृत्तिभरणमा आधारित हुन्छन् (डेभिस १९९५) । तर यो आश्चर्यको कुरो होइन कि धेरै युरोपियन देशहरूमा दीर्घकालीन सामाजिक सुरक्षाको जिम्मेवारी घटाएर पेन्सनलाई बढवा गर्ने कुरा भइराखेको छ, जसले गर्दा आर्थिक भार कम परोस् । यो खासगरी युरोपको संक्रमणकालीन अर्थशास्त्रका कारण देखिएको हो । ठूला सरकारी इन्टरप्राइजेजहरूलाई वैयक्तिकतर्फ रूपान्तरण गर्दै साना तथा मझौलालाई प्रश्रय दिने क्रममा, यी देशहरूले यस्तोखाले पेन्सन प्रणाली ल्याउने वाचा गरेका छन्, जसले गर्दा एउटा कल्याणकारी राज्यका समस्याहरू समाधान होउन् ।

विकसित मुलुकका आर्थिक संरचनाका सतही भिन्नताहरूलाई तिनका वैधानिक संचरनाका फरकसँग हेर्नुपर्ने हुन्छ (हेर्नुहोस् ला पोर्ता १९९७, १९९८) । तर यो पनि सत्य हो कि एङ्लो अमेरिकन अर्थतन्त्रमा गत तीस वर्षको पेन्सन कोषको यो चामत्कारिक वृद्धिले अमेरिकन अर्थबजारको तात्विक कुरा प्रष्ट्याउन सहज पुऱ्याउँछ । (क्लार्क २०००), भेन्चर पुँजी, प्रारम्भिक पब्लिक अफरिङ (आईपीओज्) र एङ्लो अमेरिकन लिक्विडीटी संस्थागत लगानीकर्तासँग सम्बन्ध राख्छन् (डेभिस र स्टेइल २०००) । यो लेखमा म सेवानिवृत्ति आम्दानीका फरक-फरक स्वरूप र तिनको सामाजिक सुरक्षा (स्तम्भ १), प्रायोजित सामाजिक सुरक्षा योजना (स्तम्भ २) र



व्यक्तिगत सेवानिवृत्ति खाता (स्तम्भ ३) सँग जोड्दै व्याख्या गर्न चाहन्छु ।

त्यो मोडल संरचनाबाट म पहिलो स्तम्भमा बढी जोड दिन चाहन्छु । जसमा आम प्रकारको परिभाषित नाफा (डिबी) र परिभाषित योगदान (डिसी) पेन्सन योजना पनि जोडिनेछ । तेस्रोमा पेन्सन कोषको व्यवस्थापन र संरचना जोडिने छ, जबकि पेन्सन कोष लगानी र अर्थबजारका सम्बन्ध चौंथो शिर्षक हो । म यो कुरालाई समाधान नभएका या अति समस्याले युक्त परिपूरक पेन्सन प्रक्रियाका कुराहरू गरेर टुंग्याउने छु, सम्बोधन नभएका गरिब कामदारहरूका समस्या, प्रक्रिया चल्ने उपयुक्त ढंग, संस्था र व्यक्तिबीचको सम्बन्धको कारण हुने जोखिम । परिपूरक पेन्सन प्रक्रियाका फाइदाहरूबारे जानिरहँदा राज्य प्रायोजित सामाजिक सुरक्षाका प्रावधान र त्यसका सीमा र सान्दर्भिकता पनि छन् (डिस्ने १९९६) ।

## निवृत्तिभरण आम्दानीका स्तम्भ

२० औं शताब्दीका धेरैजसो कल्याणकारी राज्यहरूलाई ख्याल गर्दा पनि पहिलो स्तम्भ र दोस्रो स्तम्भको लामो इतिहास छ । बेलायतले पहिलो पटक १९ औं शताब्दीको अन्त्यतिर केही छानिएका कामदारहरूलाई परिपूरक पेन्सन ल्यायो । यतिखेरको पेन्सन संरचना र तरिका २० औं शताब्दीमा ठूला कर्पोरेसनले अंग्रेजी भाषा बोलिने देशहरूमा आफ्ना कामदारहरूका लागि ल्याएको पेन्सन सुविधा योजनाहरूको अग्रदूत हो (ब्लेक, १९९५, हाना १९८६ र सास १९९७ हेनुहोस्) । खास त्यतिनै खेर हुनुपर्छ, बेलायत सरकारले पनि दोहोरो इन्स्योरेन्स प्रावधान ल्यायो जसले कामदारलाई स्वास्थ्य र अन्य जोखिमबाट बाँच्न पाइने कुराले उत्साहित बनायो (क्लार्क २०००) ।

जर्मनीमा पनि धेरैले विश्वास गरेको राज्य पोषित सामाजिक सुरक्षा, धेरै कामदारहरूलाई पेन्सन दिने योजना १९ औं शताब्दीको अन्त्यतिरै आएको थियो । यीमध्ये धेरै २० औं शताब्दीको समस्याहरूका बाबजुद पनि ती योजनाहरू अहिले पनि छँदैछन् । यसकारण सेवानिवृत्तिका आम्दानीका अनेकौं तरिकाहरू छन् । उदाहरणका लागि स्तम्भ १ सेवानिवृत्ति आम्दानीलाई विभिन्न सामाजिक वर्ग र पुस्ताबीच भएको सामाजिक सम्झौताको फ्रेममा रहेको प्रक्रियाबाट दिलाउन सकिन्छ । फाइदाका तहहरू आवश्यकता र तोकिएका शिर्षकहरूबाट तय गरिन्छ न कि कमाइएको आम्दानीबाट ।

तर जर्मनीजस्ता देशमा चलाइएको कर सम्बन्धित स्किमबाट तय गरिएको हुन्छ, जसले कामदारको आयलाई प्रतिबिम्बित गर्छ । नेदरल्याण्ड र स्विजरल्याण्डमा भने स्तम्भ १ र स्तम्भ २ का बीचमा एक सेवानिवृत्त आम्दानी स्थापना एकदमै निकटको सम्बन्ध छ । जननीतिका कारण सेवानिवृत्ति आम्दानी प्रतिस्थापन राज्यले कोषीय सामाजिक सुरक्षा र आयोजित पेन्सन योजनाका सदस्यताको संयोजनमा

**फिगर २ अवकासभरण स्तम्भ र सामाजिक संगठनको निवृत्तिभरण व्यवस्थाबीच अन्तर्क्रिया**

**अवकासभरण व्यवस्थाका सामाजिक रूप**

| अवकासका प्रकार आम्दानी | सामाजिक करार | | ऐक्यबद्धता | | पेसा | | वैयत्तिक | |
|---|---|---|---|---|---|---|---|---|
| | एसएस | कर | कलेक्टिभ | कर्पोरेट | रोजगार दाता | संझौता | बीमा | कोष |
| स्तम्भ १ | × | × | × | | | | | |
| स्तम्भ २ | | | × | × | × | × | | |
| स्तम्भ ३ | | | | | | × | × | × |

गरिन्छ। एउटा तहमा सरकारी तहबाट ऐक्यबद्धता लागू गरिन पनि सकिन्छ। अर्को तहमा कामदार र मजदुरहरू दुवैले ऐक्यबद्धताको अपेक्षा गर्न सक्छन्। व्यवहारमा, स्तम्भ २ को सदस्यता भन्नुको अर्थ मजदूर र कर्मचारी संगठनप्रतिको सामूहिक प्रतिबद्ध हुनु हो, अर्को जोखिम (मृत्यु, अपांगता, सेवानिवृत्ति) को माध्यमबाट। स्तम्भ २ को पेन्सन दिइन्छ, किनकि रोजगारदाताहरूले योजना प्रस्तुत गर्छन्। जस्तोकि सदस्यता मुनाफाका रूपमा व्यवसायिक समूह प्रायः योजना सहभागिता प्रस्तुत गर्छन्।

एङ्लो अमेरिकन देशहरूमा स्तम्भ १ र स्तम्भ २ पेन्सन प्रक्रियामा प्रस्टै भिन्नता छ। कामदारहरूलाई दुईमध्ये एक रोज्न लगाइएला। त्यसका अलावा, अनेक खालका वित्तीय संस्थाहरू, यस्तो खालको पेन्सन प्रक्रियामा संलग्न हुन्छन्। धेरै र ठूला रोजगारदाताहरू स्तम्भ ३ पेन्सनका लागि भूस्वामि, ठूला बैंक, लगानी व्यवस्थापकमा भर पर्छन् भने साना कम्पनीहरू इन्स्योरेन्स कम्पनीमा निर्भर रहन्छन्। तर अमेरिकामा यो परिवर्तित हुँदैछ किनकि स्तम्भ २ पेन्सन प्रक्रिया स्तम्भ ३ झैं नै हुँदैछ।

धेरै देशहरूमा स्तम्भ २ योजनालाई कर्मचारी लाभ योजनाका रूपमा लक्षित गरेर सुरु भयो। यसमा अन्तिम तलब र कति वर्ष उसले काम गरेको भन्ने आधारमा नोकर-चाकरसमेतको व्यवस्था हुन्थ्यो (क्लार्क २००० र सास १९९७)। गैरयोजना कर लाभांसले बाँडिएको योगदानलाई उत्साहित गऱ्यो। यसले स्तम्भ १ र ३ लाई पनि फाइदा नै पुऱ्यायो। यद्यपि, १९५० पछि, एङ्लो सेक्सन अमेरिकन समाजमा



कामको अवस्था र तलबमा पेन्सन लाभांस आधारित थियो। यसले नाटकीय रूपमा १९६० सम्म कभरेज दर बढायो, 'बेबी बुम' पुस्ता कामदारको रूपमा आएका कारण। कभरेज दर पचास प्रतिसम्म बढ्यो र विस्तारै घट्यो। अष्ट्रेलियामा योभन्दा भिन्न थियो। उसले अनिवार्य स्तम्भ २ लागू गऱ्यो (एडे र सिमन १९९८)।

माथि नै उल्लेख भइसक्यो कि डिबी योजना *डिसीका* कारण कटौती भयो। गत दश वर्षमा थोरै मात्रै केही डिबी योजना लागू भएका छन्। तर धेरै डिबी योजनाहरू हटाइएका छन् र डिसी ४०१(के ) लागू गरिएको छ (लग एण्ड राडर १९९८)। अमेरिका डिसी योजनामा जानुका कारणहरूबारे धेरै कुरा र प्रयासहरू गरिएका छन्।

## स्वरूप, संरचना र व्यवस्थापन

स्तम्भ २ पेन्सन संरचना जटिल छ। जहाँ कामदारहरू सामूहिक बार्गेनिङ, सहमति, पेन्सन, सम्बन्धित इन्स्युरेन्स र स्वास्थ्य सेवामा सम्बोधित हुन्छन्। जुन कुरो व्यवस्थापन र श्रमिकबीचको सौदाबाजीको महत्वपूर्ण अंश हो। यो कुरो खासगरी अमेरिका, बेलायतमा हुने गर्दछ र जर्मनी, नेदरल्याण्ड, स्विडेन, स्विजरल्याण्डमा पनि यो महत्वपूर्ण छ। नियोक्ताका हकमा, राम्रोसँग आफ्नो जनशक्तिको राम्रो व्यवस्थापन हुन्छ। पेन्सन सुविधा नै यस्तो साधन हो जसले गर्दा आफ्ना मजदुरहरूलाई आफ्नो कम्पनीसँग सदैब जोडेर राख्न पाइयोस् र प्रतिस्पर्धि बजारमा भनेको जस्तो जनशक्ति त्यही पेन्सनका कारण आकर्षित होउन्। धेरै वर्षसम्म पेन्सनको सम्बन्ध उमेर र काम गरेको अवधिसँग जोडियो। यसबाट खासै काम लगाउनेहरूले प्रतिफल पाउँदैनन् भन्ने धारणा राखियो। १९७० र १९८० को दशकमा अमेरिकामा प्रारम्भिक १० वर्ष कामको अवधि, उमेर र सेवा गर्दा ७५ हुनैपर्ने प्रावधान थियो। यसमा पचास वर्षको उमेर र २५ वर्षको काम हुनुपर्थ्यो।

१९७० र १९८० मा, यद्यपि नागरिक अधिकारको प्रगतिशील तन्काइले गर्दा विभेदकारी नीतिका विरुद्धमा कानुनहरू बने र कामको अवधि पनि घट्यो र सेवाको समय पनि लम्बियो। त्यसका साथै दिगो आर्थिक र व्यापारिक विकास र त्यसमा श्रम व्यवस्थापनको पहुँचका कारण पेन्सन सुविधा अलि सहज हुन पायो। त्यसको फलस्वरूप छिट्टै निवृत्तिभरण र पेन्सनको व्यवस्थाका कारण बूढा कामदारहरूले काम छोड्न पाए र जाँगरिला र फुर्तिला युवायुवतीले काम पाउने क्रम बढ्यो। यसले बेरोजगारीको तत्कालिक चुनौतीलाई पनि हल गऱ्यो।

एङ्लो सेक्सन अमेरिकन संसारमा, प्रायोजित पेन्सन योजनाहरू तीनवटा संस्थागत अनिवार्यताअनुसार मिलाइन्छ। यिनीहरूलाई यसरी व्याख्या गर्न सकिन्छ- १. प्रायोजकको चाहना र योजना नाफाकर्ताको इच्छाको औपचारिक

**फिगर ३ वाणिज्य सेवा उद्योगमा करार र कोषबीचको अन्तर्क्रिया**

सेवा प्रदायकमा कोष

| करारको लम्बाइ | उच्च | मध्यम | न्यून |
|---|---|---|---|
| लामो | दक्ष परामर्शदाता | | |
| मध्यम | | जिम्मावाल | |
| छोटो | | | लगानी गर्ने कम्पनीहरू |

विभाजन, २. नाफाकर्ताको इच्छाको विश्वास, र ३. लगानी तथा व्यवस्थापनसम्बन्धी विज्ञहरूको डेलिगेसन (लेड्बेयन १९९७)। डिबी योजनाको कानुनी आवश्यकताको सम्बन्धमा के बुझ्नु जरुरी छ भने यी योजनाहरू आंशिक रूपमा स्वायत्व हुन्। डिसी योजनाको बारेमा जो नाफाकर्ताहरू हुन्, उनीहरू नै यस योजनाका बारेमा प्रायः आफैँ जिम्मेवार हुन्छन्। जसरी योजना सहभागिताका एजेन्ट भनेका जमानीकर्ताहरू हुन्, त्यसैगरी वाणिज्य सेवा प्रदायक पनि हुन्। वर्षौंदेखि यस्ता योजनाहरूलाई सञ्चालन गर्दा थुप्रै रणनीतिहरू सञ्चालनमा आएमा छन्।

कामदारहरूलाई सरसल्लाह प्रदान गर्नु, कम्पनीको नीति नियम र मर्यादामा रहेर जमानी र सेवाप्रदायका कुरा राख्नु पनि हो। अर्को काम भनेको प्रतिस्पर्धि वाणिज्य सेवा प्रदायकहरूसँग उही कामको सवालमा प्रतिस्पर्धा गर्नु, अनुशासन कायम राख्नु र पर्याप्त सेवासुविधा पनि हो। तैपनि यसका साथै विशेष सुविधा र शक्ति भएका सेवा प्रदायकहरूसँग विश्वासको वातावरण बनाउनु अनि ज्ञान आदान-प्रदान गर्नु पनि छँदैछ। यसको प्रभावस्वरूप पेन्सन सुविधा र सेवा प्रदायकका बीचमा उच-निचपना भेटिन्छ (क्लार्क २००)।

१९९० पछि ठूला योजनाहरूलाई पनि आन्तरिक कोष व्यवस्थापन कारबाही गर्न एकदमै कठिन भयो। तलब, बोनस र क्यारियर प्रस्पेक्टजस्ता विषयमा आन्तरिक व्यवस्थापकका विषयमा प्रमुख ठूला कम्पनी जस्तैः गोल्डम्यान, स्याक्स र जेपी मोर्गानले लिएका नीतिहरूले गति लिएका छैनन्। त्यसका साथै, तत्कालै कम्प्युटर



प्रणालीमा गर्नुपर्ने लगानीले गर्दा धेरै पुँजीहरू पलायन भएका छन्। यसको अर्थ प्रशस्त पुँजी छैन। महादेशीय युरोपमा, यद्यपि पेन्सनसम्बन्धी वित्तीय सेवा अल्ली फरक छ। होलेण्ड, उदाहरणका लागि पेन्सन कोष प्रायोजकसँग जोडिएको हाइब्रिड वित्तीय सेवा सम्पीडितहरू। निर्देशनालयहरू एक-अर्कामा खप्टिएका हुन्छन्। यसकारण कि धेरै ठूला कोषहरू उपभोक्ताहरू र वित्तीय सेवा दुवैका ढुवानीकर्ता रहेका हुन्छन्।

बीमा मर्चेन्ट सेवाहरू, इन्स्युरेन्स र लगानी र व्यवस्थापन सेवाहरू पनि हल्याण्ड पेन्सन कोषसम्बन्धी कम्पनीहरू भेटिन सक्छन्। युरोपमा पेन्सन सेवा देशअनुसार फरक छ। यद्यपि सम्भवतः अरू देशभन्दा हल्याण्डले धेरै नै वाल स्ट्रिट र लन्डनबाट अत्याधिक विज्ञहरूको सहयोग लिएको छ। जसमा अत्याधिक आर्थिक उत्पादन गर्ने कुरो छ। जर्मन र स्विस कोषको लागि त्यसका विपरीत, बैंकहरूसँगको दिगो र लामो सम्बन्धका कारण सम्बन्धित एक्टुएरियल पेन्सन कोषको प्रावधानलाई माथ गरेको छ। यसर्थ, अहिलेसम्म धेरै युरोपियन देशहरूमा वित्तीय सेवा संस्थाहरूको बजार भनेको आन्तरिक बजार नै हो, जुन सिधा सम्बन्धको हुन्छ या व्यवस्थापकीय समितिहरू सम्बन्धित संस्थाहरूको हुन्छ। यो एङ्लो अमेरिकन विश्वको विपरीत ध्रुवी बजार सेवाको विपरीतभ्कैं लाग्छ (डफी १९९८ र एडवायस र फिसर १९९४)।

कानुनमा पेन्सन कोष जमानीहरूले नाफाकर्ताको स्वार्थको हितमा काम गर्नुपर्ने व्यवस्था छ। त्यो स्वार्थ, योजनाहरूको प्रकार, सापेक्षित प्रौढता र नाफाकर्ताको रोजाइअनुसार फरक पर्छ। उदाहरणका लागि एउटा सापेक्षित प्रौढ डिबी योजना जोसँग धेरै निवृत्तहरू हुन्छन्, त्यसको तुलनामा क्रियाशील योगदानकर्ताको बेग्लै रणनीति हुन सक्छ। माथिको पहिलो उदारहणमा योजना प्रायोजकले सबै योजनाको खतरा मोल्छ। जबकि, उदाहरणका लागि योजनामा सहभागीले आफ्नो अनुमानित निवृत्तिभरण आम्दानीको मूल्यको खतरा व्यहोर्छ। यस्ताखाले फरकहरू, पेन्सन योजनाले माग गरेबमोजिम वित्तीय सेवाका प्रकृति र संरचनामा प्रतिबिम्वित हुन्छन्। ठीक त्यही समयमा, यद्यपि त्यस्तो केही घट्नाहरू देखिएका छैनन्, जसले पेन्सन योजनाले कमजोर रूपमा काम गर्छ। (हेर्नुहोस् लेहम्यान र टिम्मरम्यान १९९८)।

विश्वासी, वृहत निर्णय निर्माण, प्राथमिक एजेन्ट सम्बन्ध, बजार गैरबजार सम्बन्ध र सेवाप्रदायकको लागत संरचनालाई प्रतिबिम्वित हुने न्यूनतम कार्यदक्षताका लागि लेखा अध्ययनको महत्वपूर्ण क्षेत्र हो (क्लार्क, २०००)। वित्तीय सेवा प्रदायक र वित्तीय बजार गहिरोसँग एक-अर्कासँग पेन्सन कोष प्रक्रियासँग बाँधिएका छन् या जोडिएका छन्, कमसेकम एङ्लो अमेरिकन विश्वमा। वास्तवमा, तर्कसहित यो कुरो भन्न सकिन्छ कि विश्व वित्तीय बजारको कार्य संस्थागत लगानीकर्ताहरूको निर्णयसँग सम्बन्धित छ (पेन्सन कोष र तिनको एजेन्ट)। यस सन्दर्भमा लगानी व्यवस्थापन प्रक्रिया वैचारिक रूपमा वित्तीय बजारको सिद्धान्तबाट प्रभावित हुन्छ (सार्पे र

अलेक्ज्याण्डर हेर्नुहोस्) ।

यहाँ म सिधै सहज वित्तीय संस्थाको बारेमा चर्चा गर्ने छैन । हाउथाक्कर र विलियम्सन (१९९६) ले यी बारेमा लेखेका छन् । बरू म लगानी व्यवस्थापन प्रक्रियालाई ख्याल गर्नेछु, जुन पेन्सन कोषसँग सम्बन्धित छ । पेन्सन कोषका लागि तीनवटा सिद्धान्तले लगानी निर्णय निर्माणमा दबाबमा पार्छन् । १. वर्षौंवर्ष र लामो समयसम्म सम्पति र दायित्वलाई सुहाउँदो बनाएर । २. पोर्टफोलियो विविधीकरणबाट जोखिम व्यवस्थापन गरेर ३. वित्तीय सेवाबाट मूल्य व्यवस्थापन । कानुन र व्यवहारिक प्रयोगबाट एङ्लो अमेरिकन डिबी पेन्सन वर्तमान कोष मूल्य जुन अनुमानित दायित्वको विरुद्ध हुन्छ । सापेक्षित कमजोर कोषका लागि सेवानिवृत्त नाफा लिनेहरूका तुलनामा क्रियाशील धेरै संख्याका सहभागीका साथ दायित्व बढी हुन्छ ।

त्यसकारण यस्ता कोषले कडा लगानी नीति लिन्छन् जसबाट अधिकतम् प्रतिफल होस् (ब्लेक १९९८) । त्यसका साथै जिम्मेवार कोषले अनुमानित दायित्व पूरा गर्ने सम्भवाना हुन्छ । त्यसैगरी कम उमेरका डिसी योजनाका सहभागीहरू प्रायः अनुमान गर्छन् कि तिनले आफ्नो प्रारम्भिक वर्षहरूमा अलि ठूलो तहका खतरा मोल्नुपर्ने हुन्छ । जबकि पछि भने जोखिमको ख्याल गरिएको हुन्छ । यो एकदमै सम्भव छ कि पेन्सनसम्बन्धी लगानी उत्पादनको राम्रो बजार पनि छ । कुनैमा खतरा छ, उत्तिकै नाफा पाउने सम्भावना पनि छ ।

लगानी उत्पादनको मागको त कुरा छँदैछ, जोखिम व्यवस्थापन पनि लगानी व्यवस्थापनको केन्द्रमा छ (एम्ब्याचसिर र एज्रा १९९८) । यहाँ, आधुनिक पार्टफोलियो (एमपिजे), सिद्धान्त र लगानी निर्णयका बारेमा महत्वपूर्ण छ । यसको प्रारम्भिक स्वरूप र पछिल्लो संस्करणसम्म आइपुग्दा सम्पत्ति निर्धारणमा *एमपिटी*को महत्वपूर्ण प्रभाव छ ।

यस सवालमा, जोखिम कोषको प्रोफाइल पूरा आम्दानीको पोर्टफोलियो हो । यो सैद्धान्तिक बूँदालाई कहिलेकाहीँ खास लगानीको नाफा र घाटाका बहसहरूमा हराउँछ । वास्तवमा यो खालको HERD व्यवहार र मानसिकता आर्थिक अध्ययनहरूको महत्वपूर्ण अवधारणा हो (थ्यालेर १९९२) । स्थापित या मानिएको सिद्धान्तअनुसार लगानी व्यवस्थापक कार्यका बारेमा गरिएको आम कार्यशक्तिको अनुमान गर्न कठिन छ । यद्यपि लगानी व्यवस्थापकहरू शृंखलाबद्ध घोषणा गर्छन् कि विगतको कार्यशैलीले भविष्यको कार्यको निश्चिन्तता होइन, उनीहरूको सर्वपरिचित र विज्ञप्ति नामले उल्टै विपरीत काम गर्छ । कार्यगत घटनाक्रमले सुझाएको छ कि भविष्यको कार्यदक्षताको बारेमा प्रष्ट हुन सकिन्न । त्यो भविष्यले नै बनाउने छ । सालाखाला यस्तो पनि देखिन्छ कि क्रियाशील लगानी व्यवस्थापकहरू बजार *इन्डाइसेस* (डिजेआईए र एफटीएस १००) मा कम काम गर्छन् ।



त्यसकारण पेन्सन कोषहरूले लगानी गरिएको धनमा तुलनात्मक रूपमा कम फिर्ता पाउँछन्, अपेक्षित दायित्वको सापेक्षित स्थायित्वभन्दा । बारम्बार संस्थागत उपभोक्ताहरूले लगानी व्यवस्थापनका कुरा विश्वास गर्ने गरेका छैनन् । यस सन्दर्भमा भिन्नभिन्न खालका रक्षात्मक नीतिहरू आएका छन् । व्यवस्थापकलाई छानेर अन्डर पर्फमेन्स रोक्ने प्रयास भएको छ त कहिलेकाहीं लगानी व्यवस्थापनकै खर्च घटाउने काम पनि भएका छन् त कहिले माथि उल्लेखित दुवै शैलीलाई संयोजन गर्ने गरिएको छ । यस्तो देखिन्छ कि ठूला कोषहरू नाफाको निश्चिन्तता नभएर प्रायः लगानी व्यवस्थापनमा केन्द्रित हुन्छन् ।

यो वातावरणमा लगानी व्यवस्थापन उद्योगले दुई बेग्लाबेग्लै ढंगबाट प्रतिक्रिया व्यक्त गरेको छ । ग्राहकको लागत व्यवस्थापनप्रतिको मर्जिङ र अक्वीजीसन भएका छन् । त्यही समयमा ठूला व्यवस्थापकहरू पनि साना ग्राहकलाई लिने सवालमा चुजी भएका छन् । एङ्लो अमेरिकन विश्वमा त्यहाँ मध्यम खालको लगानीका लागि थोरै ठाउँ छ जोसँग न मापनको फाइदा छ न त प्रतिइकाई उत्पादन लागतको अनुभव नै (क्लार्क २०००) ।

धेरै महत्वपूर्ण कुरो, यस्तो तर्क पनि गरिन्छ कि एङ्लो अमेरिकन पेन्सन कोष र वित्तीय बजारको निकट सम्बन्धका कारण नयाँ वित्तीय उत्पादन र नयाँ वित्तीय संस्थाहरूको विकास भएको छ (बलेन्सिक र वेस्टर्न १९९८) । तर त्यसको विपरीत त्यस्ता देशहरू जुन धितो प्रक्रिया र बैंकिङ संस्थाहरूमा आश्रित छन् । यसमा संस्थापकहरू एक-अर्कामा खप्टिएका छन् । तिनीहरू एङ्लो अमेरिकनभन्दा कम सिर्जनशील भएको ठानिन्छ । यो तथ्यलाई अमेरिकन प्रविधिमा आधारित इन्टरनेट स्टक (नयाँ अर्थशास्त्र) ले बल पुऱ्याएको छ । स्पष्ट रूपमा भेन्चर पुँजीको विकास (जुन पेन्सन कोषहरूसँग सहकार्य गर्छन्) ले नै एङ्लो अमेरिकन अर्थशास्त्रसँग महादेशीय युरोपलाई भिन्न बनाएको छ । यद्यपि, विकसित अर्थतन्त्रहरूमा देखिएका फरकहरू अमेरिकन पेन्सन कोषको 'खगोलशास्त्रीय' वृद्धिसँग नजिकबाट जोडिएको हुन सक्छ (लाङ्बेन १९९७) ।

## खुला र नसुल्झिएका विषय

पूर्वी युरोप र सोभियत साम्यवादको विघटनपछि सेवा निवृत्ति आम्दानी र सामाजिक सुरक्षा र परिपूरक पेन्सन प्रक्रियाका बारेमा पुनः सोच्न सकिने अवस्था आएको छ । केहीका लागि यसको समाधान प्रष्ट छ, कल्याणकारी राज्य पेन्सनलाई घटाउने र त्यसको सट्टामा नयाँ परिभाषित योजना र व्यक्तिगत सेवानिवृत्ति खाता ल्याउने । त्यसो गर्दा एङ्लो अमेरिकन पेन्सन प्रक्रियाका सीमा र युरोपियन प्रक्रियाको लगातार विविधताप्रति तुलनात्मक रूपमा थोरै मात्रै चासो राखिएको छ (हेर्नुहोस

डिस्ने) । एङ्लो अमेरिकन संसारका डिबी र डिसी कोषीय सबै पेन्सन प्रक्रियाका नाफाका लागि काम गर्न योग्य पचास प्रतिशत कामदारमध्येबाट कभरेज दर ५० प्रतिशतको अवस्थामा स्थिर रहेका छन् ।

एङ्लो अमेरिकन विश्वको पेन्सन प्रक्रियाको सीमा र पश्चिम युरोपको पेन्सन प्रक्रियाको विविधताको बारेमा थोरै मात्रै ध्यान दिइएको छ (हेनुहोस् डिस्ने) । एङ्लो अमेरिकन संसारमा डिबी र डिसी कोषीय सबै आर्थिक मुनाफाका गत तीस वर्षमा कभरेज दर ५० प्रतिशतमा छ । ऐतिहासिक रूपमा कभरेज दर, वृद्ध र सांगठनिक रूपमा एकिकृतहरूमाझ एकदमै धेरै छ र एकदमै कमचाहिँ असंगठित कम उमेरका स्त्री कामदार हुन् । महत्वपूर्ण कुरा, जागिरको अवधि, तलब तह, उद्योगको आबद्धताअनुसार कभरेज दर वर्तमानमा धेरै अस्थिर छ । फलस्वरूप त्यहाँ ठुलो श्रमशक्ति जो सामाजिक सुरक्षाबाहेक निवृत्तिभरण आम्दानीका लागि पर्याप्त योगदान जुटाउन असम्भव छ । त्यसैकारण धेरै मान्छेहरू जागिर छोड्दासमेत गरिब नै रहन्छन् । यो समस्याका समाधानहरू फरक-फरक छन् । जस्तोकि अस्ट्रेलिया र स्विजरल्याण्डले परिपूरक पेन्सनमा अनिवार्य सहभागिताको नीति ल्याएका छन् । जबकि बेलायत सरकारले कम लागतको 'स्टकहोल्डर' बुँदा ल्याएको छ । कम ज्याला र आम्दानीका अन्य कुनै पनि उपायले समस्या समाधान गर्ने देखिँदैन (स्मलहट १९९९) ।

उद्योग समीक्षकहरू विश्वास गर्छन् कि यो खतरा झनै महत्वपूर्ण छ । योजना प्रायोजन र सहभागिताका सन्दर्भमा यो खतरा सान्दर्भिक पनि छ । युरोपियन परिपूरक पेन्सन प्रक्रियाको पूरक चरित्र यो हो कि यसको निरन्तर पेन्सन मुनाफा र इन्स्योरेन्ससँग सम्बन्धित छ । एउटा अनुमान राखिन्छ कि कामदारहरू तिनका रोजगारदाताका तुलनामा खासगरी बढी खतरामा हुन्छन् । अन्त्यमा, यो कुरो ख्याल गरिनुपर्छ कि धेरै युरोपियन देशका पेन्सन प्रक्रिया संरचना र डिजाइनहरू विश्वयुद्धका मागबाट प्रेरित या ऋणी भएका छन् धेरै देशका लागि, तर थोरैजसो एङ्लो अमेरिकनबाहेक । वाचा गरिएका पेन्सन मुनाफाहरू वर्तमान तलबमानहरूसँग जोडिएका छन् । तर जर्मनीजस्तो देश, नेदरल्याण्ड र स्विजरल्याण्डमा पेन्सन व्यवस्था सधैं संयुक्त रूपमा व्यवस्थापन गरिएको 'बार्गेनिङ' संस्थाहरू जोडिएका थिए ।

कार्य काउन्सिल, प्रतिनिधित्वको संयुक्त बोर्ड, पेन्सन व्यवस्थापन बोर्ड, सबै एक-अर्कासँग सम्बन्धित छन् । धेरैका लागि यो नै सामाजिक बजारको उपयुक्त संरचना हो । एङ्लो सेक्सन बजार समाजले भने यसलाई प्रतिरोध गर्छ । पेन्सन योजना सहभागीहरू फर्मभित्र र सम्बन्धित संस्थाहरूभित्र लोकतान्त्रिक अधिकारहरूसँगै प्रतिनिधित्व गरिरहेका हुन्छन् । यो कर्पोरेट पुँजीबाहेकका मोडल विषय र यसका



फाइदा-बेफाइदाका बारेमा धेरै लेखिएका छन् (हट्टन १९९५ र प्रिगे १९९८) । त्यो पनि युरोपियन युनियनहरूको एकता र विश्वव्यापीकरणको वर्तमान प्रक्रियाको अवस्थाबीच यो मोडल अबको केही दशकमा बाँच्छ कि बाँच्दैन भन्ने कुरो खुला प्रश्न हो । यदि यसो भयो भने युरोपियन परिपूरक पेन्सन, एङ्लो अमेरिकन पेन्सनसँग कलहमा रहनेछ । यस सवालमा योजना प्रायोजक र सहभागीहरूका सवालमा सैद्धान्तिक सवालहरू लुकेका छन् । त्यो हो कि कसले कर्पोरेट पुनर्संरचनाको गहन खतरा र सम्मान व्यहोर्ने ?

***अनुवादक : शरद चिराग***

## सन्दर्भ सामग्री

Ambachtsheer, K. P. and D. Ezra. 1998. Pension Fund Excellence. New York: J.Wiley. *(An informed view of the theory and practice of pension fund management.)*
Berlinski, M. R. and S. R. A. Western. 1998. Perspectives on the US asset management business. In Institutional Investors in the New Financial Landscape edited by H. Blommenstein and N. Funke. Paris: OECD, pp. 109-130. *(Explains and documents the growth of the Anglo-American institutional investment industry.)*
Blake, D. 1995. Pension Schemes and Pension Funds in the United Kingdom.Oxford: Oxford University Press. *(An economic account of the structure and performance of UK pension funds.)*
Blake, D. 1998. Pension schemes as options on pension fund assets: implications for pension fund management. Insurance: Mathematics and Economics 23, 263-86 *(An ptions-based theoretical treatment of the theory of pension fund investment/management).*
Blake, D., B. N. Lehmann, and A. Timmermann. 1999. Asset allocation and pensionfund performance. Journal of Business 72, 429-469 *(A systematic empirical* analysis of UK pension fund performance.)
Clark, G. L. 1993. Pensions and Corporate Restructuring in American Industry. Baltimore: Johns Hopkins Press. *(A case-by-case assessment of US bankruptcy and pension policies in corporate restructuring.)*
Clark, G. L. 2000. Pension Fund Capitalism. Oxford: Oxford University Press. (Focuses upon the nature of Anglo-American pension fund investment decisionmaking.) Davis, E. P. 1995. Pension Funds: Retirement Income Security and Capital Markets. An International Perspective. Oxford: Oxford University Press. *(A comparative perspective on the structure and performance of pension fund systems.)*
Davis, E. P. and H. Steil. 2000. Institutional Investors. Cambridge MA:

MIT Press (An economic account of the structure and organization of the institutional investment industry.)
Disney, R. 1996. Can We afford to Grow Older? Cambridge MA: MIT Press *(A review and assessment of the economic issues regarding social security ad pensions.)*
Disney, R. 2000. Crises in public pension programmes in the OECD: what are the reform options? Economic Journal 110, F12-27 *(A look at the "reform" options, assuming there is a role for government.)*
Dufey, G. 1998. The changing role of financial intermediation in Europe. International Journal of Business 3 (1), 49-67. *(A contemporary account of the role of intermediation in Europe.)*
Edey, M. and J. Simon. 1998. Australia's retirement income system. In Privatizing Social Security edited by M. Feldstein. Chicago: University of Chicago Press, pp. 63- 97. *(A comprehensive overview of the relationship between pillar I and pillar II* pensions in Australia).
Edwards, J. and K. Fischer. 1994. Banks, Finance and Investment in Germany. Cambridge: Cambridge University Press. (The seminal economic account of German corporate finance.)
Ellis, C. 1998. Winning the Loser's Game. 3rd Edn. New York: J. Wiley. (**A** practitioner's guide to the complex world of investment management.)
Esping-Anderson, G. 1989. The Three Worlds of Welfare Capitalism. Oxford: Polity Press. *(A sociological analysis of various continental European welfare* systems, circa 1980s.)
Feldstein, M. 1998. Introduction. In Privatizing Social Security edited by M.Feldstein. Chicago: University of Chicago Press, pp. 1-29. *(A summary of the issues involved in privatizing social security systems, using examples from around the world.)*
Gruber, J. and D. Wise. 1997. Social security programs and retirement around the world. Working Paper 6134. Cambridge MA: National Bureau of Economic Research. *(A comparative economic approach to social security systems.)*
Hannah, L. 1986. Inventing Retirement: The Development of Occupational Pensions in Britain. Cambridge: Cambridge University Press. *(An economic history of UK* occupational pensions.)
Houthakker, H. and P. J. Williamson. 1996. The Economics of Financial Markets. Oxford: Oxford University Press. *(An economic account of the structure and performance of financial markets.)*
Hutton, W. 1995. The State We Are In. London: Jonathon Cape. *(Argues German* co-determination is a better system of corporate governance.)
Langbein, J. 1997. The secret life of the trust: the trust as an instrument of commerce. Yale Law Journal 107, 165-189. *(Provides an historical legal account* of the significance of trust institutions in pension fund governance.)



La Porta, R., F. Lopez-de-Silanes, A. Shleifer, and R. W. Vishny. 1997. The legal determinants of external finance. Journal of Finance 52, 1131-50. ***(****Cross-country* analysis of the legal and economic institutions of finance.)
La Porta, R., F. Lopez-de-Silanes, A. Shleifer, and R. W. Vishny. 1998. Law and finance. Journal of Political Economy 106, 1113-55. *(Cross-country analysis of the* legal and economic institutions of finance.)
Leibfritz, W., D. Roseveare, D. Fore, and E. Wurzel. 1995. Ageing populations, pension systems and government budgets: how do they affect saving? Working Paper 156. Paris: Economics Department, OECD. *(Documents trends in savings and* ageing across the OECD.)
Logue, D. E. and J. S. Rader. 1998. Managing Pension Plans. Boston: Harvard Business School Press. *(An administrative account of the issues in pension fund* management.)
Mitchell, O. 1998. Administrative costs in public and private retirement systems. In Privatizing Social Security edited by M. Feldstein. Chicago: University of Chicago Press, pp. 403-455. *(A rare empirical analysis of the costs of different types of* pensions).
Nussbaum, W. 1999. Das System der beruflichen Vorsorge in den USA. Berne: Haupt. *(An analysis of the US pension and insurance system relevant to* continental Europe.)
Organisation of Economic Co-Operation and Development. 1998. Maintaining Prosperity in an Ageing Society. Paris. *(Sketches the dimensions and policy* implications of the "demographic bomb".)
Prigge, S. 1998. A survey of German corporate governance. In Comparative Corporate Governance: The State of the Art and Emerging Research edited by K. J. Hopt, H. Handa, M. J. Roe, E. Wymeersch and S. Prigge. Oxford: Oxford University Press, pp. 943-1043. *(An exhaustive account of German corporate governance.)*
Queisser, M. 1998. Pension reform: lessons from Latin America. Policy Brief 15, Paris: OECD Development Centre. *(A policy assessment of Latin American* pension reforms.)
Rein, M. and E. Wadensjo. Eds. 1997. Enterprise and the Welfare State. Cheltenham: Edward Elgar. *(A set of studies making the connection between* welfare and employers across advanced economies.) Roe, M. J. 1994. Strong Managers, Weak Owners: The Political Roots of American Corporate Finance. Princeton: Princeton University Press. *(A legal and economic* account of US corporate governance.)
Sass, S. 1997. The Promise of Private Pensions. Cambridge MA: Harvard University Press. *(Provides an economic history of US pensions.)* Sharpe, W. and G. J. Alexander. 1995. Investments. 5th Edn. Englewood Cliffs:

Prentice-Hall. *(A treatise on investments and modern portfolio theory.)*
Smallhout, J. H. 1999. The Uncertain Future: Securing Pension Promises in a World of Risk. Chicago: Irwin. *(Raises concern about the risks of current pension* arrangements.)
Thaler, R. 1992. The Winner's Curse: Paradoxes and Anomolies in Economic Life. New York: Free Press *(A collection of essays on behavioral lacunae in financial* markets.)
Valdes-Prieto, S. (Ed) 1997. The Economics of Pensions. Cambridge: CambridgeUniversity Press. *(A collection of essays on the economics of supplementary* pension systems.)
World Bank. 1995. Averting the Old Age Crisis. Washington DC. *(A comparative* assessment of the global demographic trends and the relevant policy issues.) The International Encyclopedia of Business and Management IEBM Handbook of Economics edited by William Lazonick

## Web Page Sources

www.pionline.com *(data bases, news and information on the Anglo-American* pension fund investment management industry)
www.pensions-research.org *(academic electronic forum for pension and insurance research based at the Department of Economics, Birkbeck College,* London)
www.ssrn.com *(the largest on-line source of academic literature on financial* markets, economics and regulation related to pensions and insurance)



**लेखक परिचय** : गोर्डन एल क्लार्क, भूगर्भशास्त्रका प्राध्यापक र अक्सफोर्ड विश्वविद्यालय वातावरण केन्द्रका प्रमुख हुन् । सन् १९९५ मा उनले यो जिम्मेवारी लिनुपूर्व हार्वड विश्वविद्यालय, जोनएफ केनेडी स्कुल अफ गभरमेन्ट, सिकागो विश्वविद्यालय, कार्नेगी मेलोन विश्वविद्यालयको हेन्ज स्कुल अफ पब्लिक पोलिसी एन्ड म्यानेजमेन्ट र मोनाश विश्वविद्यालयमा प्राध्यापन र अनुसन्धानको काम गरे । प्राध्यापक क्लार्कले युरोपेली आयोगको डीजी रिसर्च टीएमआर प्यानेलमा बेलायतको प्रतिनिधित्व गरेका छन् । यसैगरी उनी बार्बिक विश्वद्यिालयको इएसआरसी सेन्टर फर दी स्टडी अफ ग्लोबलाइजेसन एन्ड रिजनलाइजेसनको सल्लाहकार बोर्डमा सदस्य छन् । यसैगरी उनी स्वीडेनको लन्ड विश्वविद्यालयको स्ट्राटेजिक एड्भाइजरी बोर्ड र अष्ट्रेलियाको मेलबोर्न विश्वविद्यालयको मानार्थ प्राध्यापक पनि हुन् ।

# वृद्धवृद्धाका सामाजिक सुरक्षाका मुद्दा

**डा. तारालाल श्रेष्ठ**

## जेष्ठ नागरिक : कहाँ कति (अ)सुरक्षित ?

'न सकिन्छ गरीखान न सकिन्छ मरी जान बुढेसकालैमा' भन्ने जस्ता बोलका गीतदेखि 'पशु बूढो भए भीर खोज्छ, मान्छे बूढो भए निहुँ खोज्छ' जस्ता अनगिन्ती उखान-टुक्काहरूसम्मले हाम्रो समाजमा वृद्धवृद्धाका हविगत कति कहालीलाग्दो अवस्थामा रहेको छ भन्ने यथार्थको चित्रण गर्छ । यस्ता अभिव्यक्तिले वृद्धवृद्धाका निराशाका सुस्केरा मात्र होइन उनीहरूको सामाजिक-पारिवारिक द्वन्द्वात्मक सम्बन्धलाई पनि उजागर गरेको देखिन्छ । अभिताभ बच्चन र हेमा मालिनीद्वारा अभिनित चलचित्र 'बागवान'लगायत हाम्रै समाजमा दैनिक जीवनमा देखिने यथार्थ जीवन भोगाइका वास्तविक चित्रहरूले पनि वृद्धवृद्धा हाम्रो घर, परिवार र समाजमा कति (अ)सुरक्षित छन् भन्ने तथ्यलाई प्रतिबिम्बित गरिरहेको छ ।

हाम्रा अविभावक हामी र हाम्रै घर-समाजमा असुरक्षित रहन्छन् भने के उनीहरू हामीभन्दा पर, पराइको आश्रयमा वा अन्यत्र कतै सुरक्षित रहन सक्छन् ? के आफ्ना छोरा-नाति, आफन्त र इष्टमित्रमाझ असुरक्षित हाम्रा अविभावक वृद्धाश्रममा सुरक्षित रहन्छन् भन्ने कुराको ग्यारेन्टी गर्न सकिन्छ ? आफ्नै भन्नेले बोझ सम्झन्छन् भने पराइले त्यो बोझलाई बोक्नुपर्ने केको बाध्यता छ ?

जति-जति मानिस वृद्धावस्थामा प्रवेश गर्दै जान्छ उति-उति तिनले सामजिक र पारिवारिक सुरक्षा खोज्दै जान्छ । अधिकांश वृद्धवृद्धालाई विविध खालका विशिष्ट रेखदेख र सामाजिक सुरक्षाको आवश्यकता पर्छ । लिन्चका अनुसार, 'ती तमाम



सुरक्षाको प्रत्याभूति गर्ने पहिलो कर्तव्य परिवार र आफन्तजनकै हो किनकि उनीहरू अन्यबाट भन्दा पनि विशेषतः आफ्नै परिवार, इष्टमित्र र समाजबाट मद्दतको अपेक्षा राख्छन् ।'[1] चालिसे र ब्राइटमेनका अनुसार, 'दक्षिण एसियामा देखिएको सामाजिक-सांस्कृतिक संस्कारमा प्रायः सबै वृद्धवृद्धा आफ्नो परिवारमा घुलमिल भएर बस्न चाहन्छन् र उनीहरूले अनौपचारिक किसिमबाट परिवारलाई हरेक ढङ्गले मद्दत गरिराखेका हुन्छन्, तर तिनका योगदानको कदर भएको छैन । उनीहरूको नियमित आर्जनको स्रोत पनि छैन । उनीहरू आफ्नै समाज र परिवारदेखि पनि एक्लिँदै गएका छन् ।'[2] वृद्धवृद्धाहरूका बहुरूपी समस्याका एकिकृत समाधानका उपाय के के हुनसक्छ ? उनीहरूको सामाजिक (अ)सुरक्षाका लागि हामी कत्तिको गम्भीर छौं ? लेखाजोखा गर्न ढिला भइसकेको छ ।

अहिलेसम्मको सामाजिक सुरक्षाका चर्चा गर्नलायक कार्यक्रम भनेको वृद्धभत्ता हो । यो अन्य देशको दाँजोमा उल्लेख गर्नलायक ठूलो कार्यक्रम पनि होइन तर यसको प्रभाव राम्रो देखिएको छ भने यसले पनि हाम्रो समाजमा वृद्धवृद्धाको अवस्था कति नाजुक रहेको छ भन्ने प्रष्टिन्छ । मासिक १ सय भत्ताको व्यवस्था गर्दा गर्व गर्नुपर्ने अवस्थामा बाँचेका अधिकांश वृद्धवृद्धाका अवस्था कहालिलाग्दो रहेको अनुमान यसैबाट गर्न सकिन्छ । चुडाराज उप्रेतीका शव्दमा, 'वृद्धभत्ता नै एउटा अहिलेसम्मको सबैभन्दा उल्लेखनीय सामाजिक सुरक्षाका कार्यक्रम हो जसले बढ्दो बुढ्यौलीका बहुरूपी मुद्दालाई भने सम्बोधन गर्न सक्दैन ।'[3]

अर्को धेरैको ध्यानाकर्षण हुने गरेको विषय हो, वृद्धाश्रम । तर, वृद्धाश्रमका बारेमा वकालत गरिहाल्नु पहिले केही चिन्तन-मनन गर्नु आवश्यक छ । के वृद्धाश्रम उपेक्षित र तिरस्कृत वृद्धवृद्धाका सहज जीवन यापनको विकल्प बन्न सक्छ ? के वृद्धाश्रम सामाजिक सुरक्षाको विकल्प हो ? वृद्धवृद्धाका लागि सामाजिक सुरक्षाका हिसाबले अन्य के के विकल्प उपयुक्त हुन सक्छन् ? पुस्तान्तरणको खाडल न्यूनीकरण गरेर हाम्रा अग्रज अविभावकलाई आफ्नै घर-परिवारमा सहज जीवन यापनको

---

[1] Lynch in his paper 'Who Supports Whom ? How Age and Gender Affect the Perceived Quality of Support from Family and Friends' published in the journal called The Gerontologist, 38, has talked about this issue in detail.

[2] 'Social Support and its Corelation with Loneliness and Subjective Well-being: A Cross-cultural of Older Nepalese Adults.'Asian Social Work and Policy Review 4 (2010) 1-25.

[3] Ageing and Social Security System in Nepal: Scope and Challenges. Chuda Raj Upreti. Network of Asia-Pacific Schools and Institutesof Public Administration and Governance (NAPSIPAG) Annual Conference 2006. University of Sydney, 4-6 December 2006

वातावरण कसरी कायम गर्न सकिन्छ ? आजसम्म उपेक्षा गरीआएको वृद्धवृद्धाका मुद्दा भयावह समस्याका रूपमा अहिले हरेक समाजमा देखापरेको छ/पर्दैछ। यस चुनौतीसँग लड्न हामीले के गर्दैछौं, के गर्नसक्छौं ? यसका बारेमा गहन चिन्तन गर्न अबेर भइसकेको त छैन ? तथ्याङ्कीय झलकले बुढ्यौली विश्वव्यापी मुद्दा बन्दैछ र यसले आर्थिक सम्पन्नताका हिसाबले विपन्न मुलुक नेपाललाई पनि नराम्ररी पिरोल्दै छ भन्ने स्पष्टै देखाउँदै छ।

## बुढ्यौली : विश्वव्यापी मुद्दा र नेपाल

घट्दो जन्मदर र घट्दो मृत्युदर तथा विज्ञान र औषधि प्रविधिमा देखिएको उच्च सफलताका क्रान्तिले विश्वभर वृद्धवृद्धाका जनसङ्ख्या र अनुपातमा उल्लेख्य वृद्धि हुँदै गएको छ। वृद्धवृद्धाका लागि काम गरिरहेको अन्तर्राष्ट्रिय संस्था हेल्प एज इन्टरनेशनलले प्रकाशन गरेको रिपोर्टअनुसार वृद्धवृद्धाका जनसङ्ख्या विश्वव्यापी रूपमा अन्य उमेरसमूहको दाँजोमा सबैभन्दा तीव्र गतिमा बढिरहेको छ। बीसौं शताब्दीको सबैभन्दा ठूलो ठानिएको यस सफलताले हामीलाई लामो जीवन बाँच्न सक्ने आधार त दिएको छ तर समयमै ध्यान नदिने हो भने वृद्धवृद्धाका मुद्दा भविष्यमा भयावह बन्नपुग्ने निश्चित छ।

केही दशकयता विश्वभरि जीवन प्रत्यासामा उल्लेख्य वृद्धि हुँदै गएको देखिएको छ। त्यही भएर सन् १९८० यता वृद्धवृद्धाका मुद्दामाथि विश्वव्यापी चासो बढ्न थालेको हो। सन् १९५० अघि विश्वका प्रत्येक १३ जनामध्ये एकजना वृद्धवृद्धा रहेको तथ्य थियो। सन् १९५० यता त्यस अनुपातमा वृद्धि भएर प्रत्येक १० जनामध्ये एकजना वृद्धवृद्धा रहेको तथ्यांक देखिएको छ। विकासशील देशहरूमा वृद्धवृद्धाको जनसङ्ख्याको वृद्धिदर र अनुपात अझ उच्च देखिएको छ।[4] बीसौं शताब्दीको अन्तसम्म करिब १० प्रतिशतको हाराहारीमा रहेको वृद्धवृद्धाका जनसङ्ख्या एक्काइसौं शताब्दीको मध्यसम्ममा २१ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ, जुन सङ्ख्या ०-१४ वर्ष उमेरसमूहको भन्दा बढी पुग्ने देखिन्छ। संयुक्त राष्ट्रसंघको जनसङ्ख्याको बनोट तथा विभाजन अध्ययनसम्बन्धी रिपोर्टअनुसार ६० वर्षभन्दा माथि उमेरसमूहलाई वृद्धवृद्धा मानेको छ र भविष्यमा वृद्धवृद्धाको जनसंङ्ख्याको वृद्धि अनुपातमा कूल जनसङ्ख्याको कति भाग ओगट्छ भन्ने कुराको प्रक्षेपण गरेको छ। उक्त रिपोर्टअनुसार, सन् २०५० सम्ममा प्रत्येक ५ जनामध्ये एकजना ६० वर्षभन्दा माथिका वृद्धवृद्धा हुनेछन् भने सन् २१५० सम्ममा यो अनुपात बढेर प्रत्येक ३ जनामध्ये एकजना वृद्धवृद्धा हुने आँकडाको प्रक्षेपण गरिएको छ। त्यसमा पनि वृद्धवृद्धाको उच्चवृद्धिदर र बढ्दो अनुपात गाउँमा भन्दा सहरमा बढी छ। बहुसङ्ख्यक वृद्धवृद्धा अर्थात् ५१

[4] संयुक्त राष्ट्रसंघ रिपोर्ट २००१।



प्रतिशतभन्दा बढी सहरमा बस्छन् भने त्यसमा ५५ प्रतिशतभन्दा बढी महिला वृद्धाको सङ्ख्या रहेको तथ्य छ। त्यसैगरी पछिल्ला केही दशकयता वृद्धवृद्धाको जनसङ्ख्याको वृद्धिदर र अनुपातमा अझ उच्चवृद्धि देखिएको छ। सन् १९९० मा विश्वको कूल जनसङ्ख्याको ९ प्रतिशत वृद्धवृद्धा रहेको देखिन्छ भने यसको वृद्धिदरको अनुपातका आधारमा सन् २०३० सम्ममा यो प्रतिशतमा वृद्धि भएर तीन गुनाभन्दा बढीले वृद्धि हुने अनुमान गरिएको छ। त्यसको सबैभन्दा बढी असर उच्चवृद्धिदर भएका गरिब विकासशील देशमा बढी पर्नेछ। किनकि, विश्वको कूल वृद्धवृद्धाको सङ्ख्यामध्ये ५० प्रतिशत एसियामा र २५ प्रतिशत एउटै देश चीनमा मात्रै रहने देखिन्छ। वृद्धिदरको यस अनुपातका आधारमा विकसित देशहरूमा सन् १९८० देखि सन् २०२५ को बीचमा वृद्धवृद्धाको जनसङ्ख्याको वृद्धिदर ३२.५ प्रतिशतसम्म पुग्ने अनुमान छ भने विकासशील देशमा यो वृद्धिदरको अनुपात ८८.६ प्रतिशतसम्म पुग्ने अनुमान छ। यस आधारमा सन् २०२५ सम्ममा विश्वको कूल जनसङ्ख्याको १.९ प्रतिशत वृद्धवृद्धाको सङ्ख्या विकसित देशमा हुनेछन् भने ८.१ प्रतिशत वृद्धवृद्धा विकासशील देशमा रहने छन्। यस किसिमको वृद्धवृद्धाको जनसङ्ख्याको वृद्धिदर र बढ्दो अनुपातको असर नेपालजस्तो विकासशील र आर्थिक सम्वृद्धिका हिसाबले कमजोर राष्ट्रमा बढी पर्ने कुरामा कसैको दुईमत हुन सक्दैन्।

## तथ्याङ्कमा वृद्धवृद्धा

नेपालका वृद्धवृद्धामा पढ्न र लेख्नसक्ने निम्नतम् साक्षरको सङ्ख्या निक्कै कम देखिन्छ। केन्द्रीय तथ्यांक विभागले सन् २००३ मा प्रकाशन गरेको आँकडाअनुसार नेपालमा वृद्धवृद्धाको कूल जनसङ्ख्यामा सामान्य पढ्न र लेख्नसक्ने जम्मा २७.० प्रतिशत पुरुष र ४.०७ प्रतिशत महिला छन्, जसमध्ये १०.८९ प्रतिशत विदुर र २८.१९ प्रतिशत विधवा देखिन्छ। त्यसैगरी कूल वृद्धवृद्धाको जनसङ्ख्यामा १.४३ प्रतिशत पुरुष र १.२२ प्रतिशत महिला वृद्धवृद्धा एकल जीवन यापन गरिरहेका देखिन्छन्।[5] नेपालका बहुसङ्ख्यक वृद्धवृद्धा (८५ प्रतिशतभन्दा बढी) गाउँमा बस्छन्, जसमध्ये ४७.१२ प्रतिशत आर्थिक हिसाबले सक्रिय देखिन्छन्। तर, उनीहरूको  परिश्रम र सीपको मूल्याङ्कन गर्ने संस्कारको विकास र विस्तार हुन सकेको छैन्। त्यसमा पनि महिलाको आर्थिक क्षमता माथिको पहुँच न्यून देखिन्छ। ६५ वर्षभन्दा माथि उमेरसमूहका वृद्धवृद्धामा पुरुष ५९.९ प्रतिशत आर्थिक सुरक्षाका हिसाबले केही हदसम्म सक्रिय देखिन्छन् तर त्यसमा महिलाको सङ्ख्या निक्कै न्यून (३४.३ प्रतिशत) देखिन्छ।[6]

नेपाल पूर्वीय र पश्चिमी संस्कृतिबीचको द्वन्द्वात्मक अवस्थाबाट अघि बढिरहेको

[5] केन्द्रीय तथ्यांक विभाग रिपोर्ट इ. २००३।

[6] केन्द्रीय तथ्यांक विभाग रिपोर्ट सन् (२००३ शिक्षा तथा जनसङ्ख्या मन्त्रालय रिपोर्ट सन् २००२।

छ । संयुक्त पारिवारिक संरचना भत्कँदै गएको छ भने नयाँ आधुनिक भनेर प्रचारित पश्चिमी संस्कृतिले जरा गाढ्दै जाने क्रममा वृद्धवृद्धा र नयाँ पुस्ताबीच थप द्वन्द्वात्मक अवस्थाको सिर्जना भएको छ । त्यसमा पुराना पुस्ता पराजित बन्दै जाने क्रम बढेको छ । जसलाई कतिपय विश्लेषकले 'सांस्कृतिक साम्राज्यवाद' भन्दै आलोचनात्मक विश्लेषण गर्दै आएका छन् । पश्चिमी संस्कृतिको जति नै दास बन्दै गएको भए पनि हाम्रो समाजमा परिवारलाई सबैभन्दा बढी महत्वका साथ हेर्ने गरिन्छ । अधिकांश वृद्धवृद्धा अनपढ र शिक्षित भए पनि सामान्य लेखपढ मात्र गर्न सक्ने अवस्थामा छन् । परिवारिक संरक्षणबिना कुनै पनि वृद्धवृद्धा सुखी र सुरक्षित जीवन यापन गर्न सक्दैनन् । कूल वृद्धवृद्धामध्ये ८० प्रतिशत छोरा-बुहारीसँग बस्ने गरेको तथ्यांक छ । अचम्मको कुरा के भने, जम्मा २.७ प्रतिशत मात्र वृद्धवृद्धा आफ्ना छोरी-ज्वाइँसँग बस्ने गरेको पाइन्छ । यति धेरै भिन्नताको कारण पूर्वीय सनातनी संस्कृतिलाई लिन सकिन्छ । वृद्धवृद्धा छोरा-बुहारीसँग बस्नुपर्छ र छोरीको शरणमा बस्नु पाप मान्ने कुरा त्रुटीपूर्ण छ । अहिलेको बढ्दो बसाईसराइँको जमानामा अधिकांश छोराछोरी जन्मस्थान भन्दा अन्यत्र गएर लामो समय बस्ने र काम गर्ने संस्कृतिको आँधीमा धेरै सङ्ख्यामा वृद्धवृद्धाले आफ्नो पालन-पोषण र रेख-देख गर्ने आफन्तबाट टाढा भएर बस्नुपर्ने बाध्यता छ । जति बढी वृद्धवृद्धाको जनसङ्ख्या वृद्धि हुँदै जान्छ, त्यति नै उनीहरूको समस्या बढ्ने देखिन्छ । बढ्दो वृद्धवृद्धाका जनसङ्ख्यालाई दीर्घकालीन नीति तथा कायक्रमका साथ समयमै सम्बोधन र व्यवस्थापन नगर्ने हो भने यसले हाम्रो परिवार, समाज र देशलाई नै नराम्ररी पिरोल्ने निश्चित प्रायः छ ।

दिन-प्रतिदिन नेपालमा पनि वृद्धवृद्धाको जनसङ्ख्या तीव्र गतिमा बढिरहेको देखिन्छ । सन् २००१ को जनगणनाअनुसार नेपालको कूल जनसङ्ख्याको ६.५ प्रतिशत हिस्सा ६० वर्षभन्दा माथिका वृद्धवृद्धाले ओगटेको देखिन्छ भने ७५ वर्षभन्दा माथिका जनसङ्ख्या १.३ प्रतिशत रहेको देखिन्छ । यस तथ्लाई तलका तालिकाले अझ स्पष्ट पार्दछ-

| जनगणना वर्ष | ७५ वर्षभन्दा माथिका जनसङ्ख्या | | | कूल जनसङ्ख्या | |
|---|---|---|---|---|---|
| | सङ्ख्या | कूल जनसङ्ख्या प्रतिशत | वृद्धि दर | सङ्ख्या | वृद्धिदर |
| १९७१ | ९५००७ | ०.८२ | -- | ११५५५९८३ | -- |
| १९८१ | १४४१९७ | ०.९६ | ४.१७ | १५०२२८३९ | २.६२ |
| १९९१ | १८५१६५ | १.०० | २.५० | १८४९१०९७ | २.१० |
| २००१ | २९५४५९ | १.२७ | ४.६७ | २३२१४६८१ | २.२७ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग र जनगणनाका रिपोर्ट १९७१-२००१ ।*



त्यसो त ७५ वर्ष उमेरसमूह र त्यसभन्दा माथिका जनसङ्ख्याको वृद्धि अनुपातको वृद्धि उच्च रहेको यी र अन्य विभिन्न प्रकाशित र अप्रकाशित तथ्याङ्कले देखाउँछ । सन् २००१ को जनगणनाको तथ्याङ्कअनुसार ७५ वर्षभन्दा माथिका जनसङ्ख्याको वृद्धिदर ४.६७ प्रतिशत देखिन्छ जुन कूल जनसङ्ख्या वृद्धिदरको दाँजोमा दोब्बर बढी हो । यसले कूल जनसङ्ख्याको अनुपातभन्दा वृद्धवृद्धाको जनसङ्ख्याको वृद्धिदर धेरै उच्च रहेको देखाउँछ । यस अनुपातका आधारबाट विश्लेषण गर्दा नेपालको वृद्धवृद्धाको जनसङ्ख्या बीस वर्षभन्दा कम समयमा दोब्बर हुने देखिन्छ । नेपालको जनगणनाका आधारमा हेर्दा वृद्धवृद्धाको जनसङ्ख्याको वृद्धिदर दुई प्रतिशतभन्दा उच्च रहँदै आएको देखिन्छ । जुन भोलिका दिनमा भयावह समस्या बन्न सक्छ । यसलाई तलको तालिकाका आधारबाट यसरी देखाउन सकिन्छ-

| जनगणना वर्ष (सन्) | जनसंख्या वृद्धिदर प्रतिशतमा) | वृद्ध जनसङ्ख्याको वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|
| १९६१ | १.६५ | १.७९ |
| १९७१ | २.०७ | २.४२ |
| १९८१ | २.६६ | ३.२६ |
| १९९१ | २.१० | २.२६ |
| २००१ | २.२५ | ३.५ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग १९६१-२००१ ।*

हुन त जैविक वा शारीरिक अवस्थाका आधारमा मात्र कसैलाई वृद्ध वा वृद्धा भन्नु ठिक या बेठिक भन्ने बहस पनि नउठेको होइन । तर, विश्व स्वास्थ्य संघले ६० वर्षभन्दा माथि उमेरसमूहका मानिसलाई वृद्धवृद्धा मानेको छ र त्यसलाई नेपालले पनि स्वीकारेको छ । पछिल्लो समयमा जीवन प्रत्यासामा अत्यन्त उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ । सन् १९५१ मा जम्मा २७ वर्ष जीवन प्रत्यासा रहेकोमा सन् २००८ मा ६४ वर्षसम्म पुगेको अवस्था छ ।[7] नेपालजस्तो आर्थिक सामर्थ्यको हिसाबले विपन्न मुलुकमा वृद्धवृद्धा जनसङ्ख्यामा देखिएको उच्च वृद्धिदरको असरका बारेमा मात्र अध्ययन-विश्लेषण होइन, उनीहरूको सामाजिक सुरक्षाका मुद्दामा पनि दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयनको टड्कारो खाँचो देखिन्छ । वृद्धवृद्धासँग

[7] केन्द्रीय तथ्यांक विभाग २००८

सम्बन्धित आर्थिक मामिलाले देशको पूरा अर्थतन्त्रलाई पनि असर पुऱ्याउने निश्चित छ । त्यसतर्फ पनि सरोकारवाला सबैले बेलैमा विचार पुऱ्याउनु अपरिहार्य छ ।

नेपालमा वृद्धवृद्धाका मुद्दामाथि स्थानीय वा राष्ट्रियस्तरबाट कुनै चासो नभएको भने होइन । सन् १९८२ मा अष्ट्रियाको भियनामा भएको वृद्धवृद्धाका मुद्दालाई सम्बोधन गर्न आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल सहभागी नभए पनि स्पेनको मादरिदमा भएको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भने नेपाल संलग्न भएको थियो । त्यसपछि नेपालमा पनि वृद्धवृद्धाका विषयमा खोज, अनुसन्धानदेखि नीति-निर्माणका तह र सामाजिक सुरक्षाका आधारमा समेत आवाज उठ्न थालेको देखिन्छ । केही हदसम्म भए पनि स्थानीय व्यक्तिगतदेखि राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरसम्मको सहयोगमा वृद्धवृद्धाका विषयमा सामाजिक सुरक्षाका केही उल्लेखनीय काम भएका छन् । मादरिदको सम्मेलनले निर्दिष्ट गरेको मान्यताअनुरुप नेपालमा वृद्धवृद्धाका लागि भनेर 'राष्ट्रिय योजना तर्जुमा २०६२' बनेको थियो । जसले वृद्धवृद्धाका सामाजिक-आर्थिक सुरक्षामा जोड दिने कार्यक्रममाथि जोड दिएको पाइन्छ । वृद्धवृद्धाका लागि छुट्टै ऐन बन्ने क्रममा रहेको देखिन्छ । गणतान्त्रिक अन्तरिम संविधानमा वृद्धवृद्धाका सामाजिक र अन्य सुरक्षासम्बन्धी छुट्टै नीतिमा जोड दिइएको छ, जसमा ६० वर्षभन्दा माथिका वृद्धवृद्धालाई विभिन्न ६ समूहमा विभाजन गरेर विशेष सुविधा र सुरक्षाको व्यवस्था गर्ने उल्लेख छ । यसमा आर्थिक समस्या, पारिवारिक समस्या, घरबाट निकालिएका, मानसिक तथा शारीरिक समस्यामा परेका, परिवारविहीनताका समस्यादेखि गाउँ, जिल्ला र नगरसम्म विविध सेवा-सुविधा लगायतका समस्यालाई सम्बोधन गर्न खोजिएको त देखिन्छ भलै यो अझसम्म पेन्डिङमै छ ।

## वृद्ध भत्ताको व्यवस्था र सामाजिक सुरक्षा

विश्वव्यापी रूपमा स्वीकारेको वृद्ध भत्तालाई नेपालले ७५ वर्षभन्दा माथिका वृद्धवृद्धालाई मासिक एक सय रुपैयाँका दरले वितरण गर्ने निर्णय र त्यसको कार्यान्वयन नेपाली वृद्धवृद्धाका सामाजिक सुरक्षाको आजसम्मको सबैभन्दा उल्लेखनीय कदम मान्न सकिन्छ । तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले १६ डिसेम्बर १९९४ मा पहिलो पटक यसलाई घोषणा गरी कार्यान्वयनमा ल्याएका थिए । २ जुलाई १९९५ मा सर्वप्रथम यसलाई पाँच विकास क्षेत्रका पाँच जिल्लामा नमूनाका रूपमा प्रयोग गरिएको थियो । यस कदमको चौतर्फी स्वागत भएपछि आर्थिक वर्ष १९९५-९६ देखि यसलाई ७५ वटै जिल्लामा विस्तार गरियो । यसको प्रवन्धको जिम्मा स्थानीय विकास मन्त्रालयलाई दिइएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)को अल्पमतको सरकार ढलेपछि १९९६-९७ मा नेपाली कांग्रेस पुनः सत्तामा आयो जसले वृद्धभत्तालाई निरन्तरता मात्र दिएन,



यसलाई थप नविन कार्यक्रमका साथ विस्तार गरियो । कांग्रेस सरकारले यस कार्यक्रममा विधुवा भत्ता र अपांग भत्तासहित दुई सामाजिक सुरक्षाका कार्यक्रमको घोषणा गरी कार्यान्वयनमा ल्याएको थियो । विधुवाका हकमा ६० वर्षदेखि एक सय रुपैयाँ उपलब्ध गरियो भने अपांगका हकमा अन्धा, हात वा खुट्टा नभएका अथवा हातखुट्टा भए पनि काम नगर्ने भएको अवस्थामा १६ वर्षभन्दा माथिका सबै अपांगलाई एक सय रुपैयाँ उपलब्ध गराइएको थियो । सन् १९९९ देखि अन्तर्राष्ट्रिय वृद्धवृद्धा दिवसका दिन पारेर वृद्धवृद्धा, विधुवा र अपांगलाई प्रतिमहिना एक सय रुपैयाँका दरले वितरण गर्दै आएको भत्तालाई बढाएर एक सय पचास पुऱ्याइएको थियो । यसको पनि चौतर्फी स्वागत भएको थियो । त्यसपछि, त्यसलाई क्रमशः दुई सय बनाइएको थियो भने हाल (सन् २००८/२००९) को आर्थिक बजेटदेखि त्यसलाई वृद्धि गरी पाँच सय रुपैयाँ पुऱ्याइएको छ । वृद्धवृद्धा, विधुवा तथा अपांगलाई प्रदान गरिँदै आएको भत्ता सामाजिक सुरक्षा र सम्मानका हिसाबले सह्रानीय छ । यसका विपक्षमा उभिने सायद सिला खोज्दा भेट्न सकिन्न । तर, अझसम्म पनि कैयौं वास्तविक लक्षित वर्गले यसबाट फाइदा लिन सकिरहेका छैनन् । नागरिकताका आधारमा स्थानीय विकास मन्त्रालयले नगरपालिका र गाउँ विकास समितिमार्फत् उपलब्ध गराउँदै आएको भत्ता प्राप्त गर्ने आधार भने उमेर र नागरिकतालाई मात्र लिइएको छ । जसकारण कैयौं वास्तविक लक्षित समूहका व्यक्ति यसबाट वन्चित छन् । नागरिकता नभएका ७५ वर्षभन्दा माथिका वृद्धवृद्धाले जन्मस्थान र बाबुको नागरिकताका आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्थासमेत गरियो । त्यो पनि नभए मतदाता नामावली र त्यो पनि नभए जन्मकुण्डलीका आधारबाट पनि धेरैले नागरिकता प्राप्त गरेर भत्ता प्राप्त गरेका उदाहरण छन् । तर, ७५ वर्षभन्दा माथिका अधिकांश वृद्धवृद्धा अशिक्षित भएका कारण र दुर्गम गाउँमा बसोबास गरीआएका वृद्धवृद्धालाई सदरमुकामसम्म ल्याईपुऱ्याउन धेरै कठिन छ । अझै थुप्रै वृद्धवृद्धा, विधुवा र अपांग अर्थात् वास्तविक लक्षित वर्ग राज्यबाट प्राप्त हुँदै आएको सामाजिक सुरक्षाका यस्ता कार्यक्रमबाट वन्चित छन् । त्यसको एउटा ज्वलन्त नमूना हुन्, मदरी माया चेपाङ । सामाजिक सुरक्षाबारे घोत्लिँदा ती चेपाङ्नी बजैलाई बिर्सन सकिन्न । ती अपांग तथा वृद्धा मदरी माया चेपाङमा समर्पित यस स्तम्भकारको अनुभवमा आधारित एक जीवनी अध्ययनलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ-

मानिसलाई सम्मानजनक ढंगबाट बाँच्न र आफ्नो व्यक्तित्वको विकास गर्नको लागि विभिन्न किसिमका हक, अधिकार र सामाजिक सुरक्षाको आवश्यकता पर्छ । कुनै पनि व्यक्तिले उसले प्राप्त गर्ने हक, अधिकार र सामाजिक सुरक्षा विशेषतः उसको परिवार, समाज र राष्ट्रबाट प्राप्त गर्ने हो । भलै अझसम्म स्वर्ग र भगवानको अस्तित्वको बारेमा धेरैमा विश्वास कायमै छ । वास्तविक पीडित तथा लक्षित वर्ग वा व्यक्तिलाई तिनले राज्यबाट प्राप्त हुने त्यस्ता हक, अधिकार र सामाजिक सुरक्षा

अत्यन्त महत्वपूर्ण हुन्छ/हुनुपर्छ । सिद्धान्त र नियमका कुरा धेरै पढियो/पढाइयो । नीति र नियतीका भिन्नताहरूबीच विद्यमान खाड्ल पुर्ने कर्ममा हामी कत्तिको सक्रिय भएका छौं भन्ने कुरामा चिन्तन गर्नैपर्ने बेला आएको छ ।

लोकतान्त्रिक राज्यमा जनताका हक, अधिकार र सामाजिक सुरक्षाको सुनिश्चित तथा हरेक नागरिकको योगदान अनुसारको कदर हुन्छ र सबैले आफ्नो अधिकार उपभोग गर्न पाउँछ भन्ने मान्यता धेरै पढियो/पढाइयो । तर, लोकतान्त्रिक राज्यमा पनि पाखा परेका वा पाखा पारिएका विविध वर्ग समुदायका मानिस व्यवहारिक रूपले आफ्नो हक, अधिकार र सामाजिक सुरक्षाबाट वन्चित भइरहेको नियति विश्व जगतमा अझसम्म छ्यापछ्याप्ति छन् । हाम्रो देशमा यो समस्या अझ विकराल अवस्थामा विद्यमान छ । गरिब, दलित, जनजाति तथा पिछडिएका वर्ग अझै पनि विविध कारणले राज्यबाट प्राप्त हुने न्यूनतम हक, अधिकार र सामाजिक सुरक्षा उपभोग गर्नबाट वन्चित छन् । मेरो जीवनमा भित्रसम्म छोएको त्यसको एउटा ज्वलन्त उदाहरण काँकडा गाविस वडा नं. १ निवासी मदरीमाया प्रजाको जीवन भोगाई र उनको व्यक्तित्व हो ।

अप्रिल आन्दोलन (२०६२-६३) को पृष्ठभूमि बन्दै गर्दा तत्कालिन श्री ५ को सरकार र फ्रान्सेली सरकारको संयुक्त सहयोगमा सञ्चालित खाद्य सुरक्षा कार्यक्रमको एक सहयोगी पात्र बनेर म मकवानपुरको चेपाङ बस्ती घुम्दै थिएँ । माओवादी आन्दोलन उत्सर्गमा प्रवेश गर्दै थियो । बाह्रबुँदे सहमतिका आधार बन्दै र भत्कँदै थियो । शान्ति वार्ताहरू एक पछि अर्को भङ्ग भइरहेको थियो । म भने अनकन्टार चेपाङ बस्तीको बस्ती/गाउँ घुमफिर गर्दै थिएँ । त्यही क्रममा मदरीमाया चेपाङसँग भेट भयो । लामो भलाकुसारी पनि भयो । उनी परिवार, समाज र राष्ट्रबाट पाउनुपर्ने हक, अधिकारबाट जीवनको उत्तरार्द्धसम्म पनि पूर्ण रूपले बाहिरिँदै आएकी एक प्रतिनिधि पात्र थिइन् । उनी मकवानपुर जिल्लाको दुर्गम मानिने काँकडा गाविसको धुसाराङ गाउँमा जन्मेर पूरै जीवन एकैस्थानमा बिताउने आदिवासीमध्येका एक जीवित पात्र थिइन् । नेपालको खाँटी आदिवासी भएर पनि उनीसँग आफू नेपाली भएको प्रमाण नेपाली नागरिकता नहुँदा अनागरिकका रूपमा बाँच्न बाध्य बिनिहेको उनलाई पत्तै थिएन । उनी राज्यबाट पाउने सम्पूर्ण सरकारी तथा अन्य सेवा र सुविधाहरूबाट वन्चित थिइन् । नागरिकता र वृद्ध-विधुवा भत्ता उनका लागि आकासको फलझैँ भएको थियो ।

समग्रमा नेपाल अधिराज्यको सिमानाभित्र बसोबास गर्दै आएको व्यक्ति प्रचलित कानुनअनुसार नेपालको नागरिक हुन् र संवैधानिक प्रावधानअनुसार कुनै व्यक्तिको बाबु नेपाली छ भने तिनले सहजै नागरिकता पाउँछ भन्ने कुराकोसम्म कुनै ज्ञान थिएन, उनलाई । नत जान्ने/बुझ्ने नाताकुटुम्बहरूलाई उनको नागरिकता बनाई वृद्धाभत्ता पाउने वातावरण मिलाइदिने चासो थियो । कुनै नेपालीले नेपालको नागरिकता



त्यागेर विदेश गएको भए तापनि पुःन विदेशी नागरिकता त्यागेर स्वदेशको नागरिकता प्राप्त गर्न सक्छन् । त्यसो त नेपालको राट्र भाषा बोल्न र लेख्न जानेका कुनै पनि व्यवसाय गरी कम्तीमा १५ वर्षदेखि नेपालमा बसोबास गर्दै आएका विदेशी नागरिकले समेत आफ्नो देशको नागरिकता त्यागेको खण्डमा नेपाली नागरिकता प्राप्त गर्न सक्छन् । विवाहित विदेशी महिला तथा ख्यातिप्राप्त व्यक्तिलाई सम्मानस्वरूप नागरिकता प्रदान गरिने प्रावधान छ । त्यही क्रममा नेपालमा नागरिकता काण्ड पनि निक्कै घटेको देखिन्छ । तर, दुःखको कुरा, मकवानपुरको हकमा ८० प्रतिशत मदरीमायाँ जस्ता आदीवासी 'प्रजा' भनेर चिनिने चेपाङ जाति नागरिकताको अधिकारबाट वन्चित रहेको तथ्य केही वर्षअघिसम्म छापामा आइरहेको थियो । त्यसको एउटा प्रतिनिधि पात्र थिइन्, मदरीमाया चेपाङ ।

उसो त कुप्रो शरीर, चाउरी परेको अनुहार, पटपट फुटेका हातगोडा र मैला झुत्रे पोशाकले जसोतसो लाज ढाक्दै अनकन्टार गाउँको झुपडीमा कालकुरीरहेकी ८० वर्षीया वृद्धा (२०६२ सालको सन्दर्भमा) मदरीमाया चेपाङको जीवनको आफ्नै कथा थिए । सुन्नेलाई सामान्य लागे पनि मदरीमाया जस्ती भोग्नेका लागि भने यो एक निष्ठुर विवसता र तीतो वास्तविकता हो ।

सानै उमेरमा सोही गाउँको आफ्नै जातको केटासँग विहे गरी घरबार सम्हाल्न पुगेकी मदरीमाया एउटा भएको छोरो र श्रीमान् दुवै खसेपछि एउटा छोरीलाई नासोका रूपमा घरमा छाडेर माइतीमा शरण लिन पुगेकी रहिछन् । केही वर्षपछि दोस्रो विहे गरेर दुई छोरी जन्मेपछि फेरि दैवले उनलाई दोस्रो पटक विधुवा बनायो । अब जाने कहाँ, गर्ने के ? त्यसपछि पनि उनी आफ्नो जीवनको सम्पूर्ण ऊर्जा त्यही गाउँमा खर्चिइन् । यो गाउँबाहेक अन्य ठाउँ घुमेको बारेमा जिज्ञासा राख्दा जीवनमा एक पटक १२ दिन लगाएर काठमाडौं हिंडेर नुन लिन गएको उनले बताइन् । गाडी चढेको उनलाई अनुभवसम्म थिएन । एक पटक रूखबाट लडेर ढाड भाँचिएपछि उनी पूरै कुप्रिएर हिंडिरहेकी थिइन् । उनले सकी-नसकी खेतबारी र वनपाखा गर्न छाडेकी थिइनन् । उनी छोरीको सहारामा बाँच्दै आएकी थिइन् । उनीसँग नागरिकता र वृद्धभत्ताको बारेमा सोद्धा थोते दाँत देखाएर हाँस्दै आफूलाई केही पनि थाहा नभएको प्रतिक्रिया व्यक्त गरिन् ।

## 'नागरिकता ? थाहा छैन'

'वृद्ध भत्ता थाहा छैन', उनले हात हल्लाउँदै चर्को आवाजमा भनेकी थिइन् ।

वृद्धभत्ताका बारेमा प्रष्ट पारेपछि उनले उच्चइच्छा व्यक्त गर्दै चेपाङ लवजमा भनेकी थिइन्- 'पइसा पाए त यो बुढेसकालमा कति राम्रो लगाउँथे र कत्ति मीठो-मीठो खाने थिएँ होला ।'

त्यसो त मदरीमायाले जीवनको त्यस क्षणसम्म १५ रुपैयाँभन्दा बढी कहिल्यै हातमा नपरेको बताएकी थिइन् । यदि कसैले नागरिकता बनाउन सदरमुकाम लाने बन्दोबस्त गरिदिएमा उनी खुसीले जुनसुकै समयमा पनि सदरमुकाम आउन तयार थिइन् । जीवनमा कहिल्यै खुसीको अनुभवसम्म पनि नगरेको बताउने मदरी मायासँग केवल एकै दिनमा वा एकै क्षणमा बन्नसक्ने एउटा नागरिकता नहुँदा कति धेरै खुसी लुटिइरहेको थियो, उनलाई पत्तो थिएन । जीवनभरमा दस-पन्ध्र रुपैयाँसम्म पनि हात कहिल्यै नपरेको भए पनि आफ्नो अधिकारले नै भत्तास्वरूप प्राप्त हुने हजारौं रकम प्रत्येक महिना वर्षौंदेखि गुम्दै गइरहेको उनलाइ पत्तै थिएन । आफ्नै छोरीले भत्ता खाने बेला भइसक्दासमेत उनी राज्यद्वारा प्रदान गरी आएको हक, अधिकार र सामाजिक सुरक्षाबाट पूर्ण रूपमा वन्चित थिइन् ।

नेपाल चेपाङ संघलगायत केही संस्थाहरूले नागरिकता बनाउन सहजकर्ताको भूमिका खेलेर नागरिकताविहीन चेपाङ नागरिकहरूलाई नागरिकताको प्रमाण पत्र प्रदान गराउँदै आएको केही खबर आएको थियो । तर, चेपाङ बस्तीमा मदरीमाया जस्ता अनगिन्ती नागरिकताविहीन वृद्धवृद्धाहरूका व्यथा त्यसैगरी लुकेर बसेको देखिन्थ्यो । नेपाल चेपाङ संघले २०५९ सालमा चितवन, धादिङ, गोरखा र मकवानपुरका १७ गाविसमा नागरिकता भए/नभएको पत्ता लगाउन नमूना सर्वेक्षण गर्दा करिब ८० प्रतिशत चेपाङहरू उमेर पुगेर पनि नागरिकताविहीन भेटिएको तथ्य सार्वजनिक गरेको थियो । त्यसपछि यस समस्या समाधान गर्न चेपाङ संघ तथा सामुदायिक विकास संगठन लगायतका संस्थाहरूले एउटा अभियानकै रूपमा अघि सारेको थियो । अधिकांश चेपाङको हातमा नागरिकता प्रदान गर्ने तीन वर्षे योजना कार्यक्रमको सुरुवात मकवानपुरमा १० जना चेपाङलाई नागरिकता दिलाएर सुरु भएको थियो । तर, यस कार्यको रफ्तार सन्तोषजनक नभएको विश्लेषण पनि आएको थियो । त्यस्तो स्थितिलाई केलाउँदा अधिकांश चेपाङ वृद्धवृद्धाहरूसँग सदरमुकामसम्म आउने-जाने आर्थिक सामर्थ्य नरहेको अवस्था छ । भोकमरि र अनिकाल दैनिक जीवनको अनुभव रहेको अवस्थामा नागरिकता टोली गाउँमा नै परिचालन गर्नुपर्ने अपरिहार्य देखिन्छ ।

केवल नागकिता मात्र प्रदान गर्न सकिएमा पनि 'हंगर वेल्ट' (भोका क्षेत्र) समेत भनेर चिनिएको सुगम जिल्ला मकवानपुरका विकट भीरपाखामा बस्दै आएका चेपाङ वृद्धवृद्धालगायतका अन्य धेरै मानिसले भोक विरुद्धको संघर्षमा ठूलो विजय पाप्त गर्ने थिए । वृद्धवृद्धा, विधुवा, अपांग, र पिछडिएका जनजातिलाई, मदरीमायाजस्तै पाखा परेका/पाखा पारिएकाहरूको हक, अधिकार र सामाजिक सुरक्षाको सुनिश्चितताबिना वास्तविक अर्थमा लोकतन्त्र स्थापित बन्न सक्दैन । चेपाङ्नी बजै मदरीमायाजस्तै थुप्रै नागरिकताविहीन थिए, अझै छन् । हाम्रै समाजमा पनि वृद्धवृद्धा, विधुवा र अपांग भत्ताबाट वन्चित छन् कि ?



*चेपाङ्नी बजै मदरीमाया र उनको विकट बस्तीबाट छुट्टिएपछि देशमा ठूलो उथल-पुथल भयो । टाउकामा ठूलो मूल्य (आतंककारी बिल्ला) बोकेर उनको गाउँमा सेल्टर लिएर वर्षौंदेखि बसीआएका माओवादी केन्द्रतिर हान्निएका छन् । सयौं गैससले करोडौं डलर चेपाङ उत्थानका नाममा भित्र्याएर पचाइसकेका छन्, राजा महेन्द्रले राखी दिएको थल 'प्रजा' जातिसमेत भनेर चिनिने चेपाङ केही वर्ष अघिसम्म ओडारमै थिए, सायद केही अझै ओडारमै छन् । उनीहरूको घर भए पनि कटेराबाट बनेका झुपडी हेर्दा उनीहरू अझै १८ औं शताब्दीमै बाँचिरहेझैं देखिन्छ । राज्यको पहुँच त्यहाँसम्म पुग्न सकेको छैन् । उनीहरू राज्यसम्म आइपुग्न पनि सकेका छैनन् । अरबौं डलर खन्याइएको आँकडा छ चेपाङ बस्तीमा । तर मदरीमायाले एउटा नागरिकतासम्म नपाएर, आदिबासी अब्बल अनागरिक नेपाली भएर जीवन लीला समाप्त गर्नुपर्ने बाध्यता थियो उनलाई । देशमा धेरै हल्लाखल्ला भयो, परिवर्तनको । आवाजविहीन र इतिहासविहीनहरू बोल्न थालेका र सामाजिक सुरक्षाका सुनिश्चितताका लागि आवाज उर्लिरहेको यस समयमा मलाई भने बेलाबेलामा यही प्रश्नले पछ्याइरहन्छ- के मदरीमायाहरूले नागरिकता पाए होलान् ?*

सामाजिक सुरक्षाबाट वञ्चित मदरीमायालाई के थाहा, विश्वभर शिक्षक, कर्मचारी, सेना, प्रहरी लगायतका सरकारी कर्मचारीलाई पेन्सनको व्यवस्था छ । नेपालमा पनि यसको व्यवस्था छ । सरकारी कोषको ठूलो हिस्सा यसमा खर्च भईआएको देखिन्छ । तर, वृद्धवृद्धाका हकमा जम्मा ७ प्रतिशतले मात्र पेन्सन सुविधा प्राप्त गर्ने अवस्था देखिन्छ । सेनाले ४६ वर्षदेखि र अन्यले ५८/६० वर्षदेखि पेन्सन सुविधा लिने गरेकामा वृद्धवृद्धाले भने ७५ वर्षदेखि मात्र जम्मा मासिक सय रुपैयाँका दरले वृद्ध भत्ता पाउने गरेको अवस्थालाई पनि गर्व गर्नुपर्ने अवस्था छ । सन् १९५४/५ देखि ७५ वर्षभन्दा माथिका उमेरसमूहका जेष्ठ नागरिकको सम्मानमा मासिक एक सय रुपैयाँ भत्तास्वरूप वितरण गरिँदै आएको अवस्थामा त्यसलाई वृद्धि गरेर सन् १९९९ देखि मासिक एक सय पचास रुपैयाँ गराइयो । यसलाई अझ वृद्धि गरेर सन् २००५/६ देखि मासिक दुई सय रुपैयाँ गराइएको छ भने साठी वर्षभन्दा माथिका विधुवा र सोह्र वर्षभन्दा माथिका अपांगलाई मासिक एक सय पचास रुपैयाँ वितरण गर्ने गरियो र अहिले त्यसलाई बढाएर पाँच सय रुपैयाँ बनाउने जुन व्यवस्था छ यसले असहाय वृद्धवृद्धालाई सामाजिक-आर्थिक सुरक्षाका दृष्टिकोणबाट धेरै प्रभावकारी भूमिका खेलेकोमा कसैको दुईमत हुन सक्दैन । तर, अझसम्म पनि वृद्धवृद्धा, विधुवा तथा अपांगलाई वितरण गरिँदै आएको यो सुविधामा ७४ प्रतिशतको मात्र पहुँच पुगेको तीतो यथार्थ छ ।[8] कूल जनसङ्ख्याको एक चौथाई माथि

[8] हेर्नुस, सत्रौं अन्तर्राष्ट्रिय वृद्धवृद्धा दिवसका अवसरमा नेपालले आयोजना गरेको कार्यक्रममा हेम शर्माद्धारा प्रस्तुत कार्यपत्र ।

उल्लेखित मदरीमाया चेपाङजस्ती सच्चा लक्षित वृद्धवृद्धा अझसम्म पनि यो सुविधाबाट वञ्चित देखिन्छन् ।

## पारिवारिक⁄सामाजिक दायित्व

बढ्दो बुढ्यौली बोझ हो कि गर्वको विषय हो ? आदर्शका वाक्य धेरै छन् । सिद्धान्तका ठेलीदेखि विभिन्न संघसंस्थाका तथ्याङ्कीय झलकसहितको ठेलीको पनि कमी छैन । तर, सभ्य र साक्षरताले चुली चुमेको भनेर बहुप्रचारित एक्काइसौं सताब्दीको विश्व समाजमा हाम्रा जेष्ठ नागरिकहरू धुरुधुरु रोइरहेका छन् भने हामी कसरी शिक्षित र सभ्य कहलिन्छौं ? वृद्धवृद्धा, विधुवा र अपांगका लागि सामाजिक-आर्थिक सुरक्षाका क्षेत्रमा प्रदान गर्दै आएको वृद्धभत्ता र स्वास्थ्य सुविधाका केही पहल कदमलाई तारिफ गर्नुपर्छ, तर यो पर्याप्त कदम भने होइन । वृद्धवृद्धाका अनगिन्ती समस्या केही सय भत्ता प्रदान गरेरमात्र समाधान हुन सक्दैन । वृद्धाश्रम निर्माण विस्तार गरेर र असहाय तथा परिवार पीडित केही सय वृद्धवृद्धालाई वृद्धाश्रममा भर्ना गराएरमात्र पनि वृद्धवृद्धाका बहुआयामिक समस्याको समाधान असम्भव छ । सरकारले आजसम्म के गऱ्यो र त्यसको असर के कस्तो छ भन्ने विषयमा मात्र होइन हामी युवापुस्ता र हाम्रा परिवारले पनि हाम्रा अग्रज जेष्ठ नागरिको सम्मानपूर्ण रेखदेख र सहज वातावरण निर्माणमा के के गर्दै छौं वा के गर्नु आवश्यक छ भन्ने विषयमा गम्भीर बहस र त्यसबाट निस्कने निचोडलाई व्यवहारमा प्रयोग गर्नु अपरिहार्य छ ।

सरकारी पक्षबाट आजसम्मको पहली कदमलाई अवलोकन गर्दा नवौं योजनादेखि वृद्धवृद्धाका सिर्जनात्मक र सम्मानजनक क्षमता र सुरक्षालाई पारिवारिक र सामाजिक स्तरबाटै सुरक्षाको प्रत्याभूति गर्ने प्रतिवद्धता उल्लेख त गरिएको छ, तर यसको व्यवहारिक ठोस पहलकदमी भने केही भएजस्तो देखिन्न । त्यसपछि पनि वृद्धवृद्धाका समस्याबारे विविध ऐन, निमय र कार्यक्रमका बारेमा बहस भएका छन् । अन्तरिम संविधान २००६ मा त्योभन्दा अगाडिदेखि उपलब्ध गरिँदै आएको वृद्ध⁄विधुवा भत्तालाई कायम राखी वृद्धवृद्धाका हकमा अलग्गै ऐन बनाउने कुरा उल्लेख छ । अन्तरिम संविधान २००७-२०१० ले पनि वृद्धवृद्धाका लागि अलग्गै ऐन बनाउने र अन्य आर्थिक-सामाजिक सुरक्षाका विविध कार्यक्रम निर्माण गरेर लागू गर्ने उल्लेख छ । यसअन्तर्गत् उनीहरूको स्वास्थ्यलाई ध्यानमा राखी अस्पतालमा बेडको व्यवस्था र सार्वजनिक सवारीमा पनि छुट्टै सिटको व्यवस्था गर्नेदेखि थप वृद्धाश्रमको निर्माणका कार्यक्रसम्ममा जोड दिइएको देखिन्छ ।[9]

[9] MWCSW, Government of Nepal, 2065. Senior Citizen Regulation, 2065. Kathmandu, Nepal : Ministry of Women Children and Welfare.



बढ्दो सहरीकरण, औद्योगीकरण र भूमण्डलीकरणका कारण पारिवारिक संरचनामा फेरबदल, पुराना मान्यताको विस्थापन र पूर्वीय मान्यताका जीवनशैलीमा निक्कै परिवर्तन देखिएको छ । संयुक्त परिवारको अवधारण भत्किएको छ । एकल परिवारमा हजुरबुबा-हजुरआमालाई नसमेट्ने अवस्था आएको छ । बुढ्यौलीको विश्वव्यापी समस्यामा नेपाल अछुतो रहन सक्दैन । आर्थिक सामर्थ्यको हिसाबले कमजोर नेपालमा यसको असर अझ बढी पर्ने स्पष्ट देखिन्छ । त्यससँग सामना गर्न अस्थिर नेपाल सरकार कत्तिको सक्षम रहला, अवस्था निराशावादी छ । वि.स. २०५८ सालदेखि जेष्ठ नागरिक ऐनको थालनी भएको नेपालमा यस एक दशकको अवधिमा वृद्धवृद्धा र विधुवाभत्ता नै सबैभन्दा उल्लेखनीय काम भएको देखिन्छ । विश्लेषकहरूका अनुसार थोरै रकमबाट सुरु भएको भए पनि नेपाली वृद्धभत्ता विश्वकै विशिष्ट मान्न सकिन्छ । यसबाट अत्यन्त विपन्न अवस्थामा रहेका ग्रामीण वृद्धवृद्धा सबैभन्दा बढी लाभान्वित भएको पाइन्छ । भियाना सम्मेलन र संयुक्त राष्ट्रसंघको निर्देशिकाअनुरूप विशेष योजना बनेका छन् । माड्रिडमा भएको विश्व सम्मेलनको निर्देशिकाअनुरूप यस योजना र ऐनले जेष्ठ नागरिकका सामाजिक सुरक्षामाथि विशेष जोड दिएको देखिन्छ । जेष्ठ नागरिकसम्बन्धी ऐन २०६३ लाई प्रभावकारी ढंगले परिचालन गर्ने प्रतिबद्धताको प्रभावकारीता कत्तिको हुने हो, हेर्न बाँकी छ ।

वृद्धवृद्धाका बढ्दो विश्वव्यापी जनसङ्ख्या र तिनका समस्या कुनै व्यक्तिविशेष र परिवार विशेष समस्यामात्र होइन, यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्या हो । तीव्र गतिमा बढिरहेको यस उमेरसमूहले नेपालजस्तो अल्पविकसित राष्ट्रलाई अझ बढी पिरलोमा पार्ने निश्चित प्रायः छ । वृद्धवृद्धाका समस्या अनेक छन । त्यसलाई निधान गर्ने दीर्घकालीन योजना र त्यसका कार्यान्वयनका आधारभूत पक्षहरू के के हुन सक्छ भन्ने विषयमा गम्भीर डिस्कोर्स र प्रभावकारी कार्यक्रमको टड्कारो खाँचो छ । सरोकारवाला र सरकारी निकायबीच पनि साझा अवधारणाअनुरुप अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

नेपालमा जम्माजम्मी ७० वटा वृद्धवृद्धालाई लक्षित गरी सरकारी नीति-नियमअनुरूप दर्ता भएर स्थापना भएका संघ-संस्थाहरू रहेको तथ्यांक छ । यस सङ्ख्यामा सरकारी, गैरसरकारी, व्यक्तिगत र सहकारीमूलक सबै पर्छन् । अन्य उमेरसमूहलाई लक्षित गरेर खोलिएका संघ-संस्थाका दाँजोमा यो सङ्ख्या अत्यन्तै न्यून होला, तर साँच्चै प्रभावकारी उद्देश्यलाई प्रभावकारी ढंगले पूरा गर्ने अठोटका साथ अघि बढ्ने हो भने सङ्ख्यात्मक आकारले धेरै प्रभाव पार्दैन । यसका लागि व्यक्ति, समाज र सरकारबीच दीर्घकालीन सहकार्य आवश्यक छ । समस्याको चुरो के हो भन्ने अध्ययन विश्लेषण गरेर ठोस पहल कदम, दीर्घकालीन रणनीति र कार्यनीतिका साथ अघि नबढ्ने हो भने वृद्धवृद्धाको समस्याले पनि नेपाललाई निक्कै पिरलो गर्ने निश्चित प्रायः देखिन्छ ।

सर्वप्रथम सरकारबाट वृद्धवृद्धालाई कसरी सहज र सम्मानजनक ढङ्गबाट परिवार र समाजमा बाँकी जीवन सुरक्षित किसिमले गुराजा गर्न सक्छन् भन्ने कुराको प्रत्याभूति हुने किसिमका स्पष्ट कार्य योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्छ। यस क्षेत्रमा कार्यरत संस्था, त्यसका विज्ञ र सरोकारवालाहरूसँग सहकार्य गर्नु पनि पर्छ। हाल नेपाल सरकारसँग सम्बन्धन लिएर दर्ता भई कार्यरत ७० वटा संस्थाले के कसरी काम गरिरहेका छन् त्यसको पनि अध्ययन विश्लेषण आवश्यक छ।[10]

पछिल्ला समयमा वृद्धाश्रम खोल्ने लहर चलेको भए तापनि हालसम्म पन्ध्र सयको हाराहारिमा मात्र वृद्धवृद्धा वृद्धाश्रममा बस्दै आएका पाइन्छ। वृद्धाश्रम बुढ्यौलीका तमान समस्याको समाधान कदापि बन्न सक्दैन्। सन् १७७६ देखि सञ्चालनमा रहेको नेपालको सबैभन्दा जेठो पशुपति वृद्धाश्रम हो। यसलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सञ्चालनको जिम्मा लिएको भए पनि र देशभरिबाट विभिन्न किसिमका सहयोग हुँदै आए पनि यससँग आश्रित करिब २३० वृद्धवृद्धाको अवस्था त्यति सन्तोषजनक देखिँदैन।

पशुपति वृद्धाश्रमका अलवा अन्य थुप्रै वृद्धाश्रम छन्। पशुपति वृद्धाश्रमबाट प्रकाशित प्रतिवेदनअनुसार मुलुकमा विधिवत दर्ता भएका ४५ वृद्धाश्रमहरू छन् त्यसमा सक्रिय करिब २५ वटा मात्र देखिन्छ।[11] तर, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका अनुसार मुलुकभरि जम्माजम्मी ११५ वृद्धाश्रम र हेरचाह केन्द्र छन्। देवघाट, विराटनगर, वीरगन्ज, बुटवल, धनकुटा, राजविराज लगायतका स्थानमा अवस्थित वृद्धाश्रम सबै गरेर जम्माजम्मी पन्ध्र सय वृद्धवृद्धा बस्दै आएका छन्। यसरी एक-दुई प्रतिशत वृद्धवृद्धालाई वृद्धाश्रमको व्यवस्था गरिदिएर मात्र उनीहरूका तमाम समस्यालाई सम्बोधन गरिएको प्रत्याभूति गर्न सकिन्न। मुख्य चुनौती भनेको वृद्धवृद्धालाई सम्मानका साथ सहज सामाजिक र पारिवारिक वातावरणमा आत्मनिर्भर कसरी गर्न सकिन्छ भन्ने हो। प्रत्येक वृद्धवृद्धाले आफ्नो बुढ्यौली जीवनको तयारी के कस्तो छ, पारिवारिक सहयोग र सामाजिक अवस्थामा हिजो, आज र भोलिका दिनमा के कति परिवर्तन हुँदै आएको छ, त्यसमा आफूलाई कहाँ कसरी एडजस्ट गराउन सकिन्छ भन्नेबारेमा वृद्धवृद्धा कत्तिको सचेत छन्? परिवार र आफन्तजन यसप्रति कत्तिको गम्भीर छन्। सरकारी कार्यक्रम र समाज तथा परिवारका बीच कत्तिको सहकार्य भईआएको छ? परिवर्तित सामाजिक/पारिवारिक परिस्थितिमा वृद्धवृद्धाका आर्थिक वा आन्दानीको सुनिश्चितता, स्यास्थ्य सुरक्षा तथा मनोवैज्ञानिक/भावनात्मक सुरक्षा, दैनिक जीवनमा बिहानदेखि राति सुत्नेबेलासम्म

[10] जि.सि.एन. २०१०।

[11] पशुपति बृद्धाश्रम स्मारिका २०६२।



घरपरिवारमा रेखदेख, आदर-सत्कार र सन्तुलित खानपिनको सुनिश्चितता कसरी गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण छलफलको विषय बन्नुपर्छ।

बढ्दो भूमण्डलीकरण, सहरीकरण र व्यक्तिवादी-पुँजीवादी समाजमा परिवार टुक्रिएको छ। सामूहिकताका भावनाले भरिपूर्ण मन पनि टुक्रिएर खुम्चिएको छ। परिवारका सक्रिय सदस्य सहर र विदेश पलायन भएका छन्। छोटो समयमै नयाँ पिँढीका युवायुवतीका जीवनशैलीमा यति धेरै परिवर्तन आएको छ कि त्यसमा वृद्धवृद्धा एडजस्ट हुनै सक्दैनन्। आफ्नै घर, परिवार र समाजमा पनि वृद्धवृद्धा बेवारिसेझैँ बन्न पुगेका छन्। आर्थिक रूपले सम्पन्न वृद्धवृद्धा पनि अहिले एक्लिएका छन्। धेरै व्यक्तिगत घर पनि वृद्धाश्रमजस्तो बन्न पुगेको छ, जहाँ काललाई कुरिरहेका वृद्धवृद्धा आफ्ना घर छाडेर अन्यत्र गएर काम गरीबसेका व्यस्त आफन्तलाई सम्झेर बसिरहेका छन्।

नेपालको पूर्वीय संस्कृतिको सामूहिकतापूर्ण सामाजिक पारिवारिक मान्यता भत्कँदो क्रममा छ। यस क्रमलाई रोक्न सकिन्न। वृद्धवृद्धाजति सबैलाई वृद्धाश्रममा लगेर राख्न पनि सकिन्न, राख्नु पनि हुन्न। हजुरबा-हजुरआमा आफ्नो घर परिवारमा छोराछोरी-नातिनातिनीसँग जत्तिको सुखी अन्य कोहीसँग हुन सक्दैनन्। वृद्धवृद्धाको पहिलो सुरक्षाको प्रत्याभूति प्रदान गर्ने भनेको आफ्नो परिवारमा नै हो। उनीहरूको पहिलो पालन पोषणको प्रत्याभूति पनि परिवारले नै गर्ने हो। होलसेलमा उमेरका आधारमा वृद्धभत्ता जसरी प्रदान गरिँदै आएको छ त्यो पनि वैज्ञानिक छैन्। मदरीमाया चेपाङजस्ती जीवनभरि १०/१५ रुपैयाँ हात नपरेको व्यक्ति अझै धेरै यस सुविधाबाट वन्चित छन्। तर करोडपतिहरूसमेत यसबाट लाभ लिइरहेका छन्। जो करोडपति छन्, जसका छोराछोरी लाखौं आम्दानी गरिरहेका छन्, त्यस्ता सम्पन्न छोराछोरीका वृद्ध बाबुआमा अपहेलित छन् भने त्यसको आर्थिक भारसमेत राज्यले लिनु पर्दैन।

शिक्षित छोराछोरीले असिक्षित आमाबाबुलाई घरबाट निकाल्छन् भने तिनको मानसिक उपचार वृद्धाश्रममा हुन सक्दैन। छोराले रेखदेख नगरे छोरीले गर्छन्, तिनले पनि नगरे अन्य आफन्तले गर्छन्/गर्नुपर्छ, भन्ने संस्कृतिको विकास नगरी हुँदैन। वृद्धवृद्धाले पनि रूढीवादी संस्कारको ह्याङ्ओभरलाई न्यूनीकरण गर्नुपर्छ। त्यसका लागि सरकारी, गैरसरकारी र सामाजिक संस्थादेखि व्यक्तिगत स्तरसम्म सबैले ध्यानदिनु आवश्यक छ। छोरीका घरमा वृद्ध बाबुआमा बसेमा पाप लाग्दैन। त्यो अधिकारकै कुरो हो भन्ने संस्कृतिको विकास गर्नुपर्छ। वृद्धभन्दा वृद्धालाई बढी लाञ्छना लगाइन्छ। सेतै कपाल फुलेकी निरिह 'आमै' कदापि बोक्सी होइनन्, ती माया र सम्मानकी खानी हुन्। समस्या होलान वृद्धवृद्धाका पनि, तर त्यसको समाधान लाञ्छना होइन, वृद्धाश्रम त झन् हुँदै होइन। वृद्धाश्रम वृद्धवृद्धाका चाहना कदापि होइन। यो वृद्धवृद्धाको बाध्यता मात्र हो। वृद्धाश्रमको विकास र विस्तार

वृद्धवृद्धाको व्यक्तिगत चाहना विपरीत मात्र छैन, यो सामाजिक-सांस्कृतिक तथा राष्ट्रिय विकासको पनि विपक्षमा छ ।

वृद्धवृद्धाहरू सीप र शक्तिका स्रोत हुन् तर आजसम्म तिनका शक्तिको राम्ररी सदुपयोग र सम्मान गर्ने संस्कार बनिसकेको छैन । घर र समाजबाट विस्थापित वृद्धवृद्धालाई वृद्धाश्रममा होइन, आफ्नै घर परिवार र आफन्तकहाँ स्थापित गर्ने संस्कारका लागि सरोकारवालाहरूको ध्यानाकर्षण हुनु आवश्यक छ । वृद्धाश्रम संस्कृतिलाई उत्साहित होइन निरुत्साहित गर्नुपर्छ । त्यसका लागि एकिकृत कार्यक्रमको आवश्यकता छ । एउटा व्यक्ति, परिवार वा राष्ट्रले आफ्नो जेष्ठ नागरिकलाई कसरी सम्मान गर्ने गरेको छ त्यसले त्यस व्यक्ति, परिवार वा राष्ट्रको सभ्यतालाई निर्धारण गर्छ भन्ने संस्कृति सिकाउन ढिला भइसकेको छ । जनसङ्ख्याको ठूलो हिस्सा वृद्धवृद्धाले ओगट्दै आएको अवस्थामा उनीहरूसँग जोडिएको आर्थिक पक्षलाई पनि विशेष महत्वका साथ हेर्नु आवश्यक छ । उनीहरूको सकारात्मक पूराना मूल्य र मान्यतालाई संरक्षण गर्दै विस्थापित, विचलित र विक्षिप्त अवस्थामा रहेका अग्रज अविभावकलाई आफ्नै घर, परिवार, समाजमा आफ्नै आफन्तमाभ छोरानाति-नातिनीसँग घुलमिल भएर सहज, सरल र सुरक्षित जीवन यापनको प्रत्याभूति गराउने पहिलो कर्तव्य परिवारको हो, आफन्तकै हो, अनिमात्र अन्य सरकारी तथा गैरसरकारी निकायको यसमा भूमिका रहन्छ । हाम्रा जेष्ठ नागरिकको रेखदेख र सुरक्षाको पहिलो प्रत्याभूति परिवार र स्थानीय निकाय/समाजबाटै हुनुपर्छ, अनिमात्र राज्य वा दातृ निकाय तथा राष्ट्रिय कार्यक्रमको सहयोग सदुपयोग गर्ने संस्कृति निर्माणमा लाग्नु वृद्धवृद्धाका सामाजिक सुरक्षाका मुद्दा प्रभावकारी समाधानको बाटोतिर लम्किन सक्छ ।

## सन्दर्भ सामग्री

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, जनसङ्ख्या महाशाखा । *नेपाल जनसङ्ख्या प्रतिवेदन* । काठमाडौं । २०६५ ।

Bista, Prem Singh. *The Condition of Elderly People in Kathmandu*. Unpublished Ph.D. Dissertation. Kathmandu: CDPS TU, 2006.

---"Population Ageing: Global and Nepalese Perspective". *Population and Development in Nepal*. Ed. Bal Kumar KC. Kathmandu: CDPS TU, 2000.

Central Bereau of Statistics (CBS). *Population Monograph of Nepal*, Vol. I and Vol. 2 Kathmandu, 2003.

Chalise, Hom Nath. Demographic Situation of Population Ageing in Nepal. Vol. 4. No. 3. Issue 15, 354-362. Kathmandu: University Medical Journal, 2006.



Lynch, S. A.. "Who Supports Whom? How Age and Gender Affect the Perceived Quality of Support from Family and Friends". *The Gerontologist*, 38, 1998. 231–8.

MWCSW, Government of Nepal. *National Plan of Action, 2062 for Senior Citizens.* Kathmandu: Ministry of Women Children and Welfare, 2062 B.S.

MWCSW, Government of Nepal. *Senior Citizen Acts.* Kathmandu: Ministry of Women Children and Welfare, 2063 B.S.

MWCSW, Government of Nepal. *Senior Citizen Regulation, 2065*. Kathmandu: Ministry of Women Children and Welfare, 2065 B.S.

MWCSW, Government of Nepal. *Senior Citizens Policy and Working Policy*. Kathmandu: Ministry of Women Children and Welfare, 2002.

National Planning Commission (NPC) Nepal. *Three Year Interim Plan (2007/08–2009/10)*. Kathmandu: National Planning Commission, 2007.

Upreti, Chuda Raj. "Ageing and Social Security System in Nepal: Scope and Challenges." *Network of Asia-Pacific Schools and Institutesof Public Administration and Governance (NAPSIPAG) Annual Conference 2006.* University of Sydney, 4-6 December 2006.



**लेखक परिचय** : डा. तारालाल श्रेष्ठ हाल अंग्रेजी केन्द्रीय विभाग कीर्तिपुरमा अध्यापन गर्छन् र सोही विभागले सञ्चालन गर्दै आएको अंग्रेजी एम.फिल. कार्यक्रममा संलग्न छन् । सबाल्टर्न अध्ययनमा विद्यावारिधि गरेका उनले विविध विषयमा अनुभव सँगालेका छन् । उनले दलित, जनजाति तथा समावेशीसम्बन्धी कृतिहरूको सहलेखन र सम्पादन गरेका छन् ।

# अपांगता भएका नागरिकको सामाजिक सुरक्षा

**ध्रुव सिम्खडा**

'अनमिनको अनुपस्थितिमा शान्ति प्रक्रिया अपांग हुन्छ ।'[1] नेपाल कम्युनिष्ट पार्टी एकीकृत माओवादी सचिव सीपी गजुरेलको उक्त भनाई शारीरिक रूपमा अपांग भएको कुनै व्यक्तिप्रति लक्षित होइन, यद्यपि उनले अपांग शब्दको प्रयोग जसरी गरेका छन्, त्यसले नेपाली समाजमा अपांगता भएका नागरिकहरूप्रतिको हाम्रो सोचाई कस्तो रहेको छ भन्ने देखाएको छ । हाम्रो समाजमा अपांगता भएका नागरिकहरूले केही गर्न सक्दैनन्, उनीहरू अरूको दया र मायाका पात्र हुन् भन्ने दृष्टिले हेर्ने गरेको पाइन्छ । अरूको सहाराबेगर अपांगता भएका आफैँले केही गर्न सक्दैनन्, कमजोर हुन्छन् भन्ने आम समाजकै मानसिकता छ । सीपी गजुरेलको भनाइले नेपाली समाजको यही मानसिकतालाई प्रतिबिम्वित गरेको छ । २०६७ पुस ९ गते गजुरेलले कान्तिपुर एफएमको 'द हेडलाइनर्स' कार्यक्रमलाई अन्तर्वार्ता दिने क्रममा उक्त कुरा बताएका थिए ।

शरीरको निश्चित भाग दुर्बल भएपनि अपांगता भएका व्यक्तिहरू फरक ढंगले सक्षम हुन्छन्, तर हाम्रो समाजमा अपांगता भएका नागरिक फरक ढंगले सक्षम हुन्छन् भन्ने बुझाई नेतादेखि आमनागरिकसम्म भएको पाइँदैन् । अपांगता भएका व्यक्तिहरू फरक ढंगले सक्षम हुन्छन् भन्ने उदाहरण खोज्न अन्त कहीँ जानैपर्दैन,

[1] सीपी गजुरेल, माओवादी सचिव, २०६७ पुस ९ गते, बिहान ७ बजे कान्तिपुर एफएममा प्रशारित कार्यक्रम, द हेडलाइनर्स, प्रस्तोताः प्रवीण अधिकारी ।



भृकुटी मण्डपस्थित राष्ट्रिय अपांग महासंघको कार्यालयमा गए पुग्छ । त्यहाँ विभिन्न थरिका अपांगता भएका व्यक्तिहरू आ-आफ्नो काम कुशलता साथ गरिरहेका हुन्छन् । स्वयम् महासंघका अध्यक्ष वीरेन्द्रराज पोखरेल आँखा देख्दैनन्, दृष्टिविहीन हुन् तर उनी कम्प्युटर चलाउन कुनै पनि सवलांगभन्दा कम छैनन् । यस दृष्टिले उनी अपांग अर्थात् कमजोर होइनन्, केवल फरक ढंगले सक्षम र सफल व्यक्ति हुन् ।

स्केन्डेनेभियन मुलुकहरूमा अपांगता भएका नागरिकले समाजमा सवलांग समान अधिकारको उपभोग गर्न पाउनु उनीहरूको अधिकार हो । त्यहाँ 'दयाको भीख होइन' भन्ने मान्यता स्थापित भएको छ । तर नेपालको सन्दर्भमा अपांगता भएका व्यक्तिहरूको अधिकारको कुरा उठेपनि यसमा विभेद भएको पाइन्छ । त्यसकारण नेपालका फरक ढंगले सक्षम र सफल व्यक्तिहरू जसलाई अपांगता भएका नागरिक भनिन्छ, उनीहरू पनि राज्यले अरू सरह अधिकार दिनुपर्छ भनी संघर्षरत् छन् ।

अपांगता भएका नागरिकहरूले विभिन्न समयमा गरेको अधिकार आन्दोलनकै कारण तत्कालीन श्री ५ को सरकारले २०३९ सालमा अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ लागू गरेको थियो तर त्यसबखत अपांगता भएका व्यक्ति कति प्रकारका हुन्छन् ? उनीहरूलाई अधिकारको रूपमा राज्यले कस्तो सेवा सुविधा दिने ? भन्दा पनि उनीहरू केही गर्न सक्दैनन् त्यसकारण 'केही दिनुपर्छ' भनेर दान दिने खालको मानसिकता बनाएर ऐन ल्याएको बुझ्न सकिन्छ । भलै ऐनको व्यवस्था भएको करिब ७ वर्षपछि २०४६ र २०६३ को जनआन्दोलनपछि भने अपांगता भएकाहरूले बिस्तारै अपांगता हुनु कुनै दोष या खोट नभई बाध्यताको उपज भएकाले राज्यले उनीहरूको अधिकार सुरक्षित गर्नुपर्ने आवाजलाई तेजी पार्न थाले । यो ऐन निर्माण भएको ठीक २४ वर्षपछि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०६३ साल भदौ २ गतेको राजपत्रमा अपांगताको परिभाषा तथा अपांगपनको निर्धारण[2] सम्बन्धी एक सूचना प्रकाशित गरेको थियो । उक्त सूचनामा अपांगताको बर्गीकरण गर्दै यसको प्रकारसमेत उल्लेख गरिएको छ ।

## परिभाषा र प्रकार

मानव शरीरका अंगहरू र शारीरिक प्रणालीमा देखिने समस्याले भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारबाट समेत सिर्जना हुने अवरोधका कारण दैनिक क्रियाकलाप सञ्चालन गर्न कठिनाई हुने अवस्थालाई अपांगता भनिन्छ ।

[2] अपांगताको परिभाषा तथा अपांगपनको निर्धारण पुस्तिका, खण्ड ५६, अतिरिक्तांक ३३ ख प्लस २ नेपाल राजपत्र भाग ३, मिति २०६३ भदौ २ गते, प्रकाशक- एक्सन एड नेपाल, लाजिम्पाट र राष्ट्रिय अपांग महासंघ नेपाल, भृकुटी मण्डप, काठमाडौं ।

अशक्तताको अवस्था हेरी अपांगताको बर्गीकरण गरिएको छ । अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ का अनुसार अपांगतालाई चार भागमा बर्गीकरण गरिएको छ । जुन निम्नप्रकार छन्-

(क) पूर्ण अशक्त अपांगता : दैनिक क्रियाकलाप सञ्चालन गर्नका लागि अरूको सहारा लिँदा पनि गाह्रो पर्ने अवस्थालाई व्यक्तिको पूर्ण अशक्त अपांगता मानिन्छ ।

(ख) अती अशक्त अपांगता : दैनिक रूपमा व्यक्तिगत क्रियाकलाप गर्न र सामाजिक गतिविधिमा सहभागिता जनाउन निरन्तर अरूको सहारा लिनुपर्ने स्थितिलाई अती अशक्त अपांगता भनिन्छ ।

(ग) मध्यम अपांगता : भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम पाएमा अरूको सहयोग नलिईकनै पनि नियमित दैनिक कार्य र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्नेलाई मध्यम अपांगता मानिन्छ ।

(घ) सामान्य अपांगता : सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफैँ नियमित दैनन्दिनी र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपांगता मानिन्छ ।

शरीरका प्रणाली र शारीरिक अंगहरूमा देखिएका समस्या तथा कठिनाइको प्रकृति हेरी त्यसैको आधारमा अपांगता निर्धारण गरिएको छ । जसअनुसार ७ प्रकारका अपांगता छन् । जुन यसप्रकार छन्-

१. शारीरिक अपांगता : स्नायु, मांसपेशी र जोर्नी तथा हड्डीहरूको बनावट एवं सञ्चालनमा हुने समस्याबाट व्यक्तिमा यसप्रकारको अपांगता हुन्छ । जस्तैः बाल पक्षघात (पोलियो), मस्तिष्क पक्षघात, शारीरिक अंगविहीन, कुष्ठ रोग, मांसपेशी बिचलन, जोर्नी र मेरुदण्डसम्बन्धी समस्या, क्लब फिट अर्थात् पैतला फर्केको, रिकेट्स, हड्डीसम्बन्धी अशक्तता शारीरिक अपांगता हुन् । विश्व स्वास्थ्य संगठनका अनुसार होचा-पुड्का पनि यस वर्गका अपांगता भएका व्यक्ति हुन् ।

२. दृष्टिसम्बन्धी अपांगता : कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङको ज्ञान हुन नसक्नुलाई दृष्टिसम्बन्धी अपांगता भनिन्छ । यसका पनि दुई प्रकार छन्- (क) दृष्टिविहीनता : औषधि, शल्य चिकित्सा तथा चस्माको प्रयोग गर्दा पनि कुनै व्यक्तिको दुवै आँखाले १० फिट दुरिको वस्तु देख्न सक्दैन अर्थात् स्नोलेन चार्टको पहिलो पंक्तिको अक्षर ३/६० पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई दृष्टिविहीन मानिन्छ । (ख) न्यून दृष्टि : औषधि, शल्य चिकित्सा तथा चस्माको प्रयोग गर्दा पनि कुनै व्यक्तिले २० फिटको दुरिबाट हातका औँला छुट्याउन सक्दैन अर्थात् स्नोलेन चार्टको चौथो पंक्तिको अक्षर ६/१८ पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई न्यून दृष्टि भएको मानिन्छ ।



३. सुनाईसम्बन्धी अपांगता : स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्यालाई सुनाईसम्बन्धी अपांगता भनिन्छ । यसका पनि दुई प्रकार छन्- (क) बहिरा : कान नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने र सञ्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति बहिरा हुन् । ८० डेसीबलभन्दा माथिको ध्वनी अर्थात् आवाज सुन्न नसक्ने व्यक्ति बहिरा हुन् । (ख) सुस्त श्रवण : कान कम सुन्ने तर सफासँग बोल्न सक्ने, थोरै सुन्न सक्ने र सुन्नको लागि कानमा श्रवणयन्त्र राख्नुपर्ने व्यक्ति सुस्त श्रवण हुन् । ६५ देखि ८० डेसीबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्तिलाई सुस्त श्रवण मानिन्छ ।

४. श्रवण दृष्टिविहीन अपांगता : एउटै व्यक्ति सुन्न पनि सक्दैन र देख्न पनि सक्दैन भने त्यस्तालाई श्रवण दृष्टिविहीन अपांगता भएको मानिन्छ ।

५. स्वर बोलाईसम्बन्धी अपांगता : बोली स्पष्ट नहुनु र भकभक गरी बोल्नुलाई स्वर र बोलाईसम्बन्धी अपांगता भनिन्छ ।

६. मानसिक अपांगता : मस्तिष्क र त्यससम्बन्धी अंगहरूमा उत्पन्न समस्याका कारण सचेतन, अभिमुखीकरण, स्फुर्ति, स्मरण शक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादन गर्दा उत्पन्न समस्याको कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्न नसक्नु तथा बौद्धिक सिकाइमा ढिलो हुनुलाई मानसिक अपांगता भनिन्छ । यसका तीन प्रकार छन्- (क) बौद्धिक अपांगता/सुस्त मनस्थिति : १८ वर्ष पहिलै बौद्धिक विकास नहुँदा उमेर तथा वातावरण सापेक्ष क्रियाकलाप गर्न कठिनाई हुने व्यक्तिलाई बौद्धिक अपांगता वा सुस्त मनस्थिति भएको मानिन्छ । (ख) मानसिक अस्वस्थता : मानसिक कमजोरीका कारण दैनिक जीवन यापन गर्न कठिनाई हुने अशक्ततालाई मानसिक अस्वस्थता मानिन्छ । (ग) अटिजम् : जन्मजात रूपमा नै कुनै व्यक्तिको उमेरको विकाससँगै सामान्य व्यवहार नदेखिनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया दोहोऱ्याइरहनु, अरूसँग घुलमिल गर्न नचाहनु या तीव्र प्रतिक्रिया गर्नुलाई अटिजम् भनिन्छ ।

७. बहु-अपांगता : एउटै व्यक्तिमा हुने दुई वा दुईभन्दा बढी अपांगताको समस्यालाई बहु-अपांगता भनिन्छ ।

हाम्रो समाजमा अपांगता भएका व्यक्तिले विभिन्न प्रकारका समस्या झेल्नु

परेको अवस्था छ । अपांगता भएकाहरूले दैनिक जीवनमा पाइला-पाइलामा कठिनाईको सामना गर्नुपर्छ । अपांग भएकै कारण उनीहरूलाई शौचालय जानसम्म पनि समस्या छ । त्यस्तै दृष्टिविहीनलाई परीक्षा भवनमा परीक्षा दिन जाँदा ब्रेल लिपिको अभावमा लेख्न समस्या छ । अपांगता भएकाहरूका लागि यस्ता समस्याको बर्णन गरीसाध्यै छैन । सरकारले अपांगता भएका व्यक्तिहरूले दैन्दिन भोग्नुपर्ने व्यावहारिक समस्याहरूको सम्बोधन गर्न सकेको छैन ।

## व्यावहारिक समस्या

२०३९ सालमा अन्तर्राष्ट्रिय अपांग वर्षको उपलक्ष्यमा सञ्चालित अपांगता भएका नागरिकहरूको नमूना सर्वेक्षण गर्दा नेपालको कूल जनसंख्याको ३ प्रतिशत अर्थात् प्रत्येक एक हजार जनामा ३० जना अपांग रहेको उल्लेख गरिएको थियो तर विश्व स्वास्थ्य संगठनको अनुमानमा विकासोन्मुख मुलुकहरूमा उनीहरूको संख्या १० प्रतिशतको हाराहारीमा रहेको छ । नेपालमा यससँग सम्बन्धित संघ/संस्थाहरूमा संलग्न व्यक्तिहरूका अनुसार १२-१५ प्रतिशत अपांगता भएका नागरिकहरू छन् । यस हिसाबले नेपालमा करिब २४ लाख अपांगता भएका नागरिकहरू रहेका छन् तर २०५८ को राष्ट्रिय जनगणनामा चाहिँ उनीहरूको तथ्यांक लिइएन । २४ लाख अपांगता भएका नागरिकका समस्या राज्यले नीतिगत सम्बोधन गर्न नसक्दा उनीहरू अप्ठ्यारो जीवन बाँच्न विवस छन् ।

२०६७ मा गिनिज बुक अफ् द वर्ल्ड रेकर्डमा संसारका सबैभन्दा होचा व्यक्तिका रूपमा दर्ज हुन सफल खगेन्द्र थापा मगरलाई खाने चम्चादेखि लगाउने कोटसम्मको समस्या परेको छ । सामान्य चलनको चम्चा उनका लागि डाडुजत्रै हुनाले अप्ठेरो परेको हो भने उनले लगाउने कोट सिलाउन नमानेपछि दोब्बर पैसा तिरेर सिलाउनु परेको उनका निकटस्थ सहयोगी मीनबहादुर थापा मगर बताउँछन् । यस्तै होचा-पुड्काले व्यहोर्नु परेको अर्को समस्या हो-ढोकाको छेस्किन माथि राखिनु । यसले गर्दा शौचालय जाँदा उनीहरूलाई निकै समस्या पर्छ । हाँस्य कलाकार तथा होचा-पुड्का लोकनाथ ढकाल पनि बारम्बार यो समस्याबाट पीडित भएको बताउँछन् । यस्तै समस्या खगेन्द्रलगायत सबै होचा-पुड्काले व्यहोर्नु परेको छ ।

त्यसो त हाम्रा भौतिक निर्माणका सार्वजनिक र निजी भवनहरू अपांगमैत्री छैनन् । यसले गर्दा अपांगता भएका नागरिकहरू दैनिक कार्य सञ्चालनमा निकै असुविधा व्यहोर्न बाध्य छन् ।  २०६३ सम्म हाम्रा भौतिक निर्माणहरू सफल बयस्क व्यक्तिका लागि मात्र हुनेगरी निर्माण गरिए । यसकारण अपांगता भएका, वृद्ध, बालक र असक्तहरूले हैरानी भोग्नु परेको छ । सामाजिक सुरक्षा जस्तो नागरिकले राज्यबाट पाउनुपर्ने सेवाबाट उनीहरू वञ्चित छन् ।



२०६३ असोज २७ गते अपरान्ह दुई बजे एक हुल मानिस ह्वीलचेयरसहित सिंहदरबारस्थित राष्ट्रिय योजना आयोगको मूलद्वारमा पुगे । लगभग आधा घन्टा आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेललाई कुरेर बसिरहे । उनीहरूले अघिल्लै दिन आयोगका उपाध्यक्ष डा. पोखरेलेसगँ भेट गर्ने समय लिएका थिए तर लगभग आधा घन्टासम्म उनीहरू उपाध्यक्ष डा. पोखरेलको कार्यकक्ष तेस्रो तल्लामा पुगेनन् । उनीहरूलाई कुरेर बसेका उपाध्यक्ष डा. पोखरेलले आफ्ना कार्यालय सहायकसँग दुई बजेको समय लिएर नेपाल अपांग मानव अधिकार केन्द्रका पदाधिकारीहरू साँढे दुई बजेसम्म पनि किन आएनन् भनी बुझ्न लगाए । केहीबेर सोधखोज गरेपछि थाहा भयो, उनीहरू माथि आउन नसकेर तलै गेटमा बसिरहेका थिए । उनीहरूलाई प्रधानमन्त्री कार्यालयको 'लिफ्ट'बाट माथि आउन भनियो । 'अपांगता' भएकाहरू ह्वीलचेयर गुडाएर त्यहाँ पुगे तर पूर्वपट्टिको 'लिफ्ट' बिग्रेको र पश्चिमपट्टिको 'लिफ्ट' चलाउने कर्मचारी घर हिँडिसकेकाले त्यो सम्भव भएन । केन्द्रका अध्यक्ष सुदर्शन सुवेदीसहित केही अपांगता भएकाहरू उपाध्यक्षको कार्यकक्षमा उक्लेर ह्वीलचेयर प्रयोगकर्ताहरूलाई माथि आउन अप्ठेरो भएको बताएपछि मात्रै समस्याको बारेमा थाहा भयो । उपाध्यक्ष डा. पोखरेलले भने, 'आउँदैछन् भन्ने जानकारी पाएकाले म कुरे बसिरहेँ । उनीहरू तलै पर्खिरहेका रहेछन् । ह्वीलचेयर प्रयोगकर्ता माथि आउन सक्दैनन् भन्ने नै सोचिएन ।' त्यसपछि भूमिगत तलामा रहेको पुस्तकालयमा भेटघाटको प्रबन्ध मिलाइयो ।'[3]

२०६३ पछि अपांगता भएका नागरिकहरूले अपांगता हुनु कुनै दैवी श्राप नभएको र समाजमा प्रतिष्ठापूर्वक बाँच्न पाउनु उनीहरूको मानव अधिकार हो भन्दै आन्दोलन चर्काउन थाले । फलस्वरूप अपांगता भएकाहरूको अधिकारभन्दा पनि दया-मायाको कुरा गर्ने हाम्रो समाजमा केही परिवर्तनका संकेतहरू देखिन थालेका छन् । उनीहरूलाई राज्यले सुविधा दिनुपर्छ भन्ने मान्यता विकसित भएको छ । सार्वजनिकलगायत निजीस्तरका भौतिक निर्माण र यसअघि नै भएका भवन, सडक आदिको पुनर्निर्माण गर्दा अपांगमैत्री बनाउन थालिएको छ । यति हुँदाहुँदै पनि अझै हाम्रा अधिकांश भवनलगायत अन्य भौतिक निर्माणहरू अपांगमैत्री छैनन् । यसको मारमा पदविहीन अपांगता भएकाहरू मात्र होइनन् पदमा पुगेर वा संविधान लेख्ने जिम्मेवारी पाएका सभासदहरूसमेत परेका छन् । यस्तै मार व्यहोर्न बाध्य शारीरिक अपांगता भएकी सभासद इन्द्रमाया गुरुङ पनि हुन् ।

अपांगता भएका नागरिकहरूलाई नयाँ बानेश्वरस्थित संविधानसभा भवनको तीन नम्बर गेटबाट प्रवेश गरी बैठक कक्षसम्म पुग्न कठिनाई छैन, तर रोष्ट्रममा

[3] ध्रुव सिम्खडा, हिमाल खबरपत्रिका, 'सेवा नभएको देश' रिपोर्ट, १६-३० कात्तिक, २०६३

बोल्न सुविधा छैन । ह्विलचेयर गुडाएर रोष्ट्रममा गएर बोल्न सकिँदैन । यतिमात्र होइन, सिंहदरबारस्थित चार तलामाथि रहेको माओवादी संविधानसभा दलको कार्यालयमा जान त झनै अप्ठ्यारो छ । लिफ्ट पनि छैन । त्यहाँ जानुपर्दा साथीहरूले बोकेर लैजाने गरेको सभासद इन्द्रमाया बताउँछिन् । संवैधानिक समितिको बैठकमा जान पनि त्यस्तै समस्या छ । समितिका कर्मचारीहरूलाई लगिदिनुस् न भन्दा कुनै दिन त कुर्दाकुर्दै दुई घन्टा पनि बितेको उनले बताइन् । अपांगता भएका नागरिकलाई जतातत्तै समस्यै समस्या छन् । राष्ट्र बैंकमा एटिएम कार्डको लागि फारम भरेको ८ महिनामा बल्लबल्ल कार्ड दिएको बताउँदै इन्द्रमायाले भनिन्, 'पैसा अरूले झिकेर लगिदिन्छ भनेर उनीहरूले कार्ड दिन धेरै गाह्रो माने ।'[4]

## सरकारी नीतिमा अपांगता

नीतिगत समस्याहरूको उपयुक्त समाधान नगरेसम्म व्यावहारिक समस्या हल गर्न सकिँदैन । नीतिगत सम्बोधन हुने भनेको संविधान ऐन, नियमावली निर्देशिकामार्फत् हो । अहिले मुलुक नयाँ संविधान निर्माणको चरणमा छ । त्यसकारण नयाँ संविधानमा अपांगता भएका व्यक्तिहरूका बारेमा कसरी सम्बोधन गरिन्छ ? त्यो हेर्न बाँकी छ । यस लेखमा अहिलेसम्म सरकारले गरेका नीतिगत सम्बोधनहरूको चर्चा गरिनेछ । अहिलेको संक्रमणकालीन अवस्थामा हामी अन्तरिम संविधान २०६३ द्वारा निर्देशित छौं । नेपालको अन्तरिम संविधान २०६३ (पहिलो संशोधन, २०६३ चैत ३०) भाग ४, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत् धारा-३३ घ (१) मा अपांगता भएकाहरूको लागि गरिएको व्यवस्थामा भनिएको छ, 'मुलुकको राज्य संरचनाका सबै अंगहरूमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपांग, पिछडिएको वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।' अपांगता भएका नागरिकहरूको सामाजिक संरक्षणको बारेमा संविधानको भाग ३, को धारा १८ बोलेको छ । संविधानको भाग तीन, धारा १८ को मौलिक हकअन्तर्गत् उल्लेख गरिएको छ, 'महिला, श्रमिक, वृद्ध, अपांग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।' त्यसैगरी धारा ३५ को उपधारा ९ र १४ मा अपांगहरूको संरक्षण र उन्नतिको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नेलगायत सकारात्मक विभेदको नीति अबलम्वन गर्नेछ भनी उल्लेख गरिएको छ । २०६३ को दोस्रो संशोधनले अपांगता भएका नागरिकहरूको सामाजिक सुरक्षाको लागि गरेको व्यवस्था हेर्दा यो कुनै बाध्यकारी नभई ऐच्छिक जस्तो मात्र देखिन्छ । खासमा अपांगता भएका

[4] ध्रुव सिम्खडा, हिमाल खबरपत्रिका, सभासद इन्द्रमाया गुरुङसितको अन्तर्वार्ता, १-१५ फागुन, २०६६



नागरिकलाई सम्बोधन गरी बनाइएका ऐन/नियम बाध्यकारी नहुँदा यसको कार्यान्वयन फितलो बन्न पुगेको छ ।

अपांगसम्बन्धी व्यवस्था गर्न बनेको ऐन, नियम, नियमावली र निर्देशिकामा 'राज्यले गर्न सक्नेछ' भनिएको छ । यसले गर्दा यो गरे पनि भयो नगरे पनि भयो, कुनै बाध्यता भएन । अन्तरिम संविधानमा यी सबै व्यवस्था ऐच्छिक जस्तो मात्र छन् । शिक्षा ऐनमा अपांगता भएका बालबालिकाले शिक्षा पाउनु उनीहरूको अधिकार हो भन्ने स्थापित गरिनुपर्छ भन्ने मान्यता राख्छन् शारीरिक अपांगता भएका तथा गायक मनिष प्रसाईं । यसबारे अलिअलि प्रयास गरिएको भएपनि 'सबैका लागि शिक्षा' कार्यक्रममा अपांगता भएकाहरूलाई समेटिएको छैन । यसमा काम गर्ने व्यक्तिलाई तालिमको व्यवस्था छैन । माध्यमिक विद्यालयको सामाजिक शिक्षाअन्तर्गत् अपांग शीर्षकमा पढाई हुने गरेपनि विश्व विद्यालयमा यससम्बन्धी पाठ्यक्रम तर्जुमा गरिएको छैन । यी सबै कुरा सामाजिक सुरक्षाभित्रै पर्ने बताउँदै मनिष भन्छन्, 'सामाजिक सुरक्षाको हिसाबले राज्यले अलिअलि भत्ता दिनेबाहेक केही गरेको छैन ।'[5]

## फितलो कार्यान्वयन

नेपाल अधिराज्यको संविधान, २०४७ ले राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत् धारा-२६ मा अपांगता भएकाहरूले समाजमा इज्जतपूर्वक बाँच्न पाउनुपर्ने उल्लेख गरेको थियो । भनिएको थियो, 'राज्यले अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपांग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्वन गर्नेछ ।'[6] यस अतिरिक्त अपांग संरक्षण तथा कल्याण ऐन-२०३९, मुलुकी ऐन-२०२० अदालती बन्दोबस्तको महल २५ मा अपांगता भएकाहरूको हकहितको कुरा गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन-२०५५ को दफा २५ (१) अन्तर्गत् प्रत्येक वडाले वडाभित्रका अपांगहरूको संरक्षण र जीविकोपार्जनसम्बन्धी कार्यमा सहयोग पुर्‍याउनुपर्ने व्यवस्था गरिएको छ । दफा २८ को (ट) विविध शीर्षकअन्तर्गत् गाविसले आफ्नो क्षेत्रभित्रका अपांगहरूको लागत राख्ने र तिनीहरूलाई उपयुक्त स्थानमा राख्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै दफा ९६ को विविध शीर्षकअन्तर्गत् नगरपालिका क्षेत्रभित्रका अपांगहरूको नगरपालिकाले लागत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

यस्तै सवारी ऐन-२०४८ ले सार्वजनिक सवारी साधानमा चार सिट अशक्त

[5] २०६७ माघ १६ गते मनिष प्रसाईंसँग गरेको कुराकानीमा आधारित ।

[6] नेपाल अधिराज्यको संविधान, २०४७ बाट ।

व्यक्ति (जसमा अपांग पनि पर्छन्) र दुई सिट महिलाका लागि सुरक्षित राख्नुपर्ने व्यवस्था गरेको छ तर यसलाई कडाईका साथ व्यवहारमा उतार्न सकिएको छैन। केही सार्वजनिक सवारी साधनका धनीले यस्तो व्यवस्था गरेकाले स्थानीय रुटमा चल्ने यात्रुबस, माइक्रोबस, सफा टेम्पो आदिमा यस्तो व्यवस्थाको लागि अगाडिपट्टिको सिटमाथि अपांग तथा महिलाको लागि भनी लेखिएको देख्न सकिन्छ तर त्यस्ता सिट पनि सांग/सवलांग व्यक्तिहरूले ओगट्ने गरेको देख्दा उदेक लाग्छ।

उपभोक्ता ऐन-२०५४ र औषधि ऐन-२०३५ ले अपांग बन्नुपर्ने अवस्था सिर्जना गर्ने माथि सजायँको व्यवस्था गरेको पाइन्छ। उता संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन-२०५२ ले अन्धो, अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै समाज कल्याण ऐन-२०४९ ले अपांगहरूको हकहितको व्यवस्था गर्ने उल्लेख गरेको छ। यी केही महत्वपूर्ण ऐन र तिनमा भएका व्यवस्थासम्बन्धी संक्षेपीकरण मात्र हुन्। यसअतिरिक्त पनि अन्य थुप्रै ऐन-नियम नबनेका होइनन्। तसर्थ ऐन-नियमको व्यवस्थालाई हेर्ने हो भने हामीले जत्तिको असहाय, अशक्त, वृद्ध, महिला, बालबालिका र अपांगता भएका नागरिकहरूलाई सेवा कसैले पनि दिएको छैन होला, तर कार्यान्वयन पक्ष यसको ठीक विपरीत रहेको छ। अपांगता भएका नागरिकहरूका सन्दर्भमा समाजको सोच अझै पुरानै छ। त्यसमा सोचेजति परिवर्तन आउन सकेको छैन।

अपांग संरक्षण तथा कल्याण नियमावली-२०५१, बालबालिकासम्बन्धी नियमावली-२०५१, श्रम नियमावली-२०५०, चियाबगान नियमावली-२०५०, शिक्षा नियमावली-२०५९ र शिक्षक सेवा नियमावली-२०५७ ले पनि अपांगता भएका नागरिकहरूको हकहितको पक्षमा थुप्रै कानुनी प्रावधानहरूको व्यवस्था गरेको छ। शिक्षक सेवा आयोग नियमावलीको नियम ९(१) मा शिक्षकले अध्यापन अनुमतिपत्र लिनका लागि अनिवार्य तालिम लिनुपर्ने व्यवस्था गरेको छ, तर यसमा जुनसुकै कुरा उल्लेख गरिएको भएपनि तालिम नलिएका महिला वा अपांगले यो नियम प्रारम्भ भएको मितिले २ वर्षसम्म अध्यापन अनुमतिपत्रका लागि परीक्षाको उम्मेदवार बन्न पाउनेछन्। शिक्षा नियमावली-२०५९ ले अन्धा, बहिरा, सुस्तमनःस्थिति भएका वा शारीरिक कारणले अपांगता भएका विद्यार्थीलाई अपांगताको प्रकृति हेर्दा निर्धारित समयभित्र परीक्षा दिन नसक्ने भएमा बढीमा एक घन्टासम्म थप समय उपलब्ध गराउन सकिने विशेष व्यवस्था गरेको छ।

दसौं योजना (२०५९-६४) मा अपांगता भएका नागरिकहरूको लागि सेवा, सुविधा र अवसर उपलब्ध गराउने पूर्वाधारको तयारी, रोजगारीमूलक तालीम, ३५ जिल्लामा विशेष शिक्षा कार्यक्रम, अपांगपन न्यूनीकरणको लागि निरोधात्मक तथा प्रतिरोधात्मक कार्यक्रम, ५० जिल्लामा अपांग परिचयपत्र वितरण, समुदायमा आधारित



पुनर्स्थापना कार्यक्रम आदि सम्पन्न भएको छ।[7] अपांगता भएका नागरिकको सामाजिक सुरक्षा र आर्थिक सम्बर्द्धनका लागि राष्ट्रियस्तरमा एक अपांग संरक्षण कोष स्थापना गर्ने दसौं योजनाको रणनीति थियो, तर यस्तो कोष हालसम्म पनि स्थापना हुन सकेको छैन।

अपांग संरक्षण तथा कल्याण नियमावली- २०५१ को नियम- ५ अनुसार २०५७ सालमा सरकारले निर्देशिकामार्फत् अपांगपन परिचयपत्रको व्यवस्था गरको छ। यसले अपांगहरूको पहिचान गरी सेवा र सुविधा दिन सहयोग पुगेको छ। (क), (ख), (ग) र (घ) गरी परिचयपत्र चार प्रकारको बनाइएको छ। पूर्ण अशक्त अपांगता भएका नागरिकलाई रातो रङको 'क' वर्गको परिचयपत्र दिइन्छ। अति अशक्त अपांगता भएकालाई नीलो रङको 'ख' वर्गको परिचयपत्र उपलब्ध गराइएको छ। मध्यम अपांगता भएकालाई पहेंलो रङको 'ग' वर्गको परिचयपत्र उपलब्ध गराइएको छ भने सामान्य अपांगता भएका नागरिकहरूका लागि सेतो रङको 'घ' वर्गको अपांगताको परिचयपत्र उपलब्ध गर्ने व्यवस्था गरिएको छ।[8] यसरी अपांगता भएकाहरूको कानुनी संरक्षण र विकासका लागि निम्नानुसार ऐन, नियम, नीति कार्यान्वयनमा रहेका छन्- (क) मुलुकी ऐन, २०२० (ख) शिक्षा ऐन, २०२८ (ग) श्रम ऐन, २०४८ (घ) बालबालिकासम्बन्धी ऐन, २०४८ (ङ) समाज कल्याण ऐन, २०४९ (च) स्थानीय स्वायत्त शासन ऐन, २०५५ (छ) शिक्षा नियमावली, २०५९ (ज) विशेष शिक्षा नीति, २०५३ (झ) अपांग सेवा राष्ट्रिय नीति, २०५३ (ञ) अपांगसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३। अपांगता भएका नागरिकहरूको हकहित र सुरक्षाका लागि थुप्रै ऐन, नियम, कानुन र नीतिहरू हुँदाहुँदै पनि आजसम्म उनीहरूको वास्तविक तथ्यांक चाहिँ सार्वजनिक हुन सकेको छैन। व्यावहारिक पक्ष निकै कमजोर रहेको छ। २०६२/६३ को जनआन्दोलनपछि चाहिँ राज्यले अपांगमैत्री भवन, सडकलगायत सार्वजनिक निर्माणमा केही सकारात्मक सुधारहरू गरेको छ।

सार्वजनिक महत्वका भौतिकस्थल (अग्ला र ठूला भवन, चलचित्र भवन, बैंक, विद्यालय, अस्पताल, कार्यालय, सडक, सडकपेटी आदि) निर्माण गर्दा अपांगमैत्री हुनुपर्ने सरकारी नीति[9] अनुसार ७५ वटै जिल्ला प्रशासन कार्यालयमा अपांगता

---

[7] अपांगता विषयमा बनेका ऐन, नियम, नीति निर्देशन र अन्तर्राष्ट्रिय घोषणाहरूको संग्रह, २०६२, प्रकाशक- राष्ट्रिय अपांग महासंघ नेपाल, भृकुटीमण्डप, काठमाडौं, नेपाल।

[8] अपांगसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना- २०६३, प्रकाशन संयोजन राष्ट्रिय अपांग महासंघ नेपाल, २०६३

[9] अपांगसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३, प्रकाशन संयोजन राष्ट्रिय अपांग महासंघ नेपाल, २०६३, पृ. २७

भएका नागरिकहरूको सहज पहुँच पुऱ्याउन सरकारले सबै प्रशासन कार्यलयमा ऱ्याम्प निर्माणको लागि निर्देशन दिइसकेको छ। यसमुताविक केही जिल्लाबाहेक सबैले ऱ्याम्पको व्यवस्था गरिसेका छन्। सिंहदरबारस्थित ग्यालरी बैठक जहाँ संसदको बैठक बस्थ्यो त्यहाँ पनि अपांगमैत्री ऱ्याम्पको निर्माण २०६३ मै भएको थियो। त्यस्तै नयाँ बानेश्वरस्थित संविधानसभा भवनमा पनि अपांगता भएकाहरूको सहज पहुँचको लागि ऱ्याम्प निर्माण भइसकेको छ। स्थानीय र निजी दुवै क्षेत्रले अपांगमैत्री भौतिक संरचना निर्माणमा ध्यान दिन थालेको पाइए पनि तिनको आय-आर्जन र स्रोतको सम्बन्धमा भने राज्यले उचित प्रबन्ध मिलाउन नसक्दा सामाजिक सुरक्षाको पाटो कमजोर रहेको छ।

## सरकारको प्रयास

समाजका अशक्त, बालबालिका, वृद्धवृद्धा र अपांगता भएका नागरिकहरूको कुरा गर्नासाथ उनीहरूलाई राज्यले उपलब्ध गराउने सेवा सुविधाको कुरा आउँछ। उनीहरूका लागि राज्यले कति बजेटको व्यवस्था गर्न सक्छ ? यसलाई हेर्ने समाजको दृष्टिकोण बदलिएको छ कि उही पुरानै छ त्यसमा पनि यो कुरा निर्भर गर्छ। बजेटकै कुरा गर्दा गतवर्ष नेपाल सरकारले अपांगता भएकाहरूको लागि रातो किताबमा रु. १ करोड ३५ लाख छुट्याएको छ। महासंघका महासचिव सञ्जय वान्तवाका अनुसार यसबाहेक अप्रत्यक्ष बजेट पनि छ। त्यस्तो बजेट स्थानीय विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय आदिबाट उपलब्ध भइरहेको छ।

सरकारले अगाडि बढाएको सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत् अपांगता भएका नागरिकहरूको हकहितको निम्ति सचेतना फैलाउने कार्यक्रम पनि रहेको छ। राष्ट्रिय योजना आयोगले सन् २०१० को अगस्ट २६ देखि ३० सम्म धुलीखेलमा डिफिड र एडीबीको सहयोगमा सामाजिक सुरक्षासम्बन्धी एक कार्याशालाको आयोजना गरेको थियो। आयोगले सदस्य सचिवको नेतृत्वमा एक राष्ट्रिय स्टेरिङ कमिटी नै गठन गरेर सामाजिक सुरक्षासम्बन्धी ५ दिने तालिमको आयोजना गरेको थियो। यसबाट पनि सरकार समाजका अशक्त, असहाय, वृद्धवृद्धा र अपांगता भएकाहरूको लागि सामाजिक सुरक्षा प्रदान गर्ने मार्गमा अगाडि बढ्न खोजेको प्रमाण भेट्टिन्छ।

कार्यक्रममा आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले सहस्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि सामाजिक सुरक्षातर्फ ध्यान दिनु जरुरी भएको उल्लेख गर्दै त्यसको लागि विद्यमान आपूर्ति व्यवस्थामा हस्तक्षेप गरी लक्षित वर्ग, समुदायसमक्ष पुऱ्याउनु आवश्यक रहेको उल्लेख गरेका थिए।[10] सरकारले अपांगता भएकाहरूको

[10] नेपाल न्युज डटकम, सेप्टेम्बर १, २०१०



लागि गरेका केही सामाजिक कामको बुँदागत टिपोट बक्स- १ मा उल्लेख गरिएको छ।

अपांगता भएका नागरिकहरूको सुरक्षा र हितको लागि गैरसरकारी संघ-संस्थाको भूमिका पनि महत्वपूर्ण रहेको छ। उनीहरूको अधिकार स्थापित गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा भएका अभिसन्धिहरूको व्यवस्था बारेमा सर्वसधारणदेखि नेता र नीति निर्माताहरूसम्म चेतना फैलाउने काममा गैरसरकारी क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ। यतिमात्र होइन, ती संस्थाहरूको सहयोगमा अपांगता भएका नागरिकहरू सीपमूलक कार्यक्रम गरी आर्थिक र भौतिक रूपमा समेत लाभान्वित हुँदै आइरहेका छन्।

ह्याण्डीक्याप इन्टरनेशनल नेपाल, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय अपांग महासंघ नेपालको संयुक्त तत्वावधानमा अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवं स्वेच्छिक प्रोटोकल २००६ बाट प्राप्त सुझावहरू समेटेर निकालिएको पुस्तिकामा अपांगता भएकाहरूको सचेतना अभिवृद्धि, पहुँच, व्यक्तिगत स्वतन्त्रता, दुर्व्यवहारबाट मुक्ति, यातना वा अन्य प्रकारका अमानवीय र अपमानजनक व्यवहारको अन्त्य, शिक्षा, स्वास्थ्य, बासस्थान र पुनर्स्थापना राजनीति, मतदानमा सहभागिता र सामाजिक गतिविधिमा निर्वाध सहभागिता, काम र रोजगारी, खेलकुद तथा सांस्कृतिक कार्यक्रममा सहभागितालगायत सामाजिक संरक्षणसम्बन्धी विषय उल्लेख गरिएको छ। अपांगता भएका व्यक्तिहरूलाई उनीहरूको प्रत्यक्ष सरोकार हुनेलगायतका अन्य नीति र कार्यक्रमहरूको निर्णय गर्ने प्रक्रियमा सक्रिय रूपमा संलग्न हुन पाउने अवसर र अधिकार उपलब्ध हुनुपर्छ।[11]

विकासमा पछाडि परेका तथा मूल प्रवाहीकरण हुन नसकेका महिला, बालबालिका, दलित, आदिवासी/जनजाति र अपांगहरूको सशक्तीकरण गरी विकासमा पहुँच विस्तार गर्ने उद्देश्यका साथ सरकारले २०६३ असोज १० गते गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि तयार गरी वडास्तरसम्म सामाजिक सुरक्षा र विकास निर्माण कार्यमा लक्षित वर्गलाई सहभागी गराउने नीति लिएको छ।

अहिले १३ हजार ५ सय अपांगता भएका बालबालिकाले सरकारी, गैरसरकारी संस्था र निजीक्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन्। ४० जना अपांगता भएका विद्यार्थीले स्नातकोत्तर, ७५ जनाले स्नातक र एक हजार जनाले एसएलसी उत्तिर्ण गरेका छन्। शिक्षा मन्त्रालयले ७१ जिल्लामा दृष्टिविहीन, बहिरा तथा सुस्त श्रवण भएका र सुस्तमनःस्थितिका बालबालिकालाई ३ सय ३० स्रोत कक्षा सञ्चालन गरेको छ। त्यस्तै छात्रवृत्ति र विशेष शिक्षा कार्यक्रमबाट ९ हजार एक सय अपांगता भएका बालबालिकाले लाभ लिइरहेका छन्। दुई हजार प्राथमिक शिक्षकले विशेष शिक्षासम्बन्धी आधारभूत तथा जागरण तालिम लिएका छन्।

[11] अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् स्वेच्छिक प्रोटोकल २००६, पृष्ठ ३

शिक्षा विभागले ७५ वटै जिल्लामा अपांगता भएका बालबालिकाको लागि छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, शिक्षण सामग्री र उपकरणहरूको व्यवस्था गरेको छ। ४७ जिल्लामा अपांग बालबालिकाको लागि लेखाजोखा केन्द्र स्थापना गरेको छ। त्यस्तै २२ जिल्लाका २१० विद्यालयमा समाहित शिक्षा कार्यक्रम सञ्चालन गरेको छ।[12]

अशक्त अपांगहरूको संख्या र अपांगताको अवस्था हेरी सरकारले विकास क्षेत्र, अञ्चल र आवश्यक स्थानमा अपांग घर सञ्चालनको नीति लिएको छ। घरबास नभएका अपांगता भएका व्यक्तिका लागि उक्त प्रयोजनको लागि सरकारले निःशुल्क रूपमा जग्गा उपलब्ध गराउने नीतिसमेत तय गरेको छ। फौजदारी अभियोगबाहेक मानसिक अपांगता भएका व्यक्तिलाई कारागारमा नराख्ने सरकारको नीति रहेको छ।

नेपालमा सबैभन्दा बढी शारीरिक अपांगता भएका र त्यसपछि क्रमशः दृष्टिविहीन, बहिरा, बौद्धिक अपांगता भएकाहरू रहेका छन्। उमेरका हिसाबले ४० वर्षभन्दा कमका अपांगता भएकाहरू बढी छन्। बहिरा र बौद्धिक अपांगता जन्मैदेखि, शारीरिक अपांगता हुर्कंदै जाँदा, अन्धोपना जन्मजात तर दृष्टि क्षमता उमेर ढल्किँदै जाँदा कमजोर हुँदै जान्छ। प्रायःजसो अपांगता वंशाणुगत, पोषणको अभाव, लागू औषधको प्रयोग, असामयिक र अप्राकृतिक जन्मबाट भएको पाइन्छ। यसरी अपांगता जन्मजात हुने हुँदा गर्भास्थादेखि नै आवश्यक प्रतिरोधका उपाय अँगाल्न जरुरी छ। सहर बजारमा अपांगतासम्बन्धी धारणामा परिवर्तनहरू आइरहेको भएपनि ग्रामीण भेकमा अझै पुरातन सोचले उनीहरू पीडामा बाँच्न विवश छन्। त्यसकारण एकफेर हाम्रो सांस्कृतिक र सामाजिक चिन्तनमा परिवर्तन गर्न देशव्यापी अधिकार आन्दोलनको आवश्यकता रहेको अपांगता भएका नागरिकहरू बताउँछन्।

नेपाली समाजमा अपांगलाई कमजोर अर्थमा लिइने र हेलाँको दृष्टिले हेर्ने परिपाटी अझै भएकोले अपांग नागरिकहरूलाई सह्य हुँदैन। त्यस्तो व्यवहारले उनीहरू दुःखित मात्र हुँदैनन् आन्दोलित पनि हुने गरेका छन्। समाजको यस्तो हेराइका विरुद्ध उनीहरूले धेरैपटक आन्दोलन गरेका छन्। फेरि ज-जसले अपांग शब्दलाई कमजोर अर्थमा प्रयोग गरे तिनको विरुद्ध खुलेरै विरोधमा उत्रिन थाले। यतिगर्दा पनि चाहेजति सुधार नभएपछि उनीहरूले यो शब्द नै बदल्नेसम्मको अभियान चलाए। फलस्वरूप, 'अपांग' शब्दको ठाउँमा 'अपांगता भएका नागरिक/व्यक्ति' लेख्न थालिएको छ। खासगरी यो अभियान २०६३ को जनआन्दोलनको सफलतापछि अघि बढेको हो। र, अहिले प्रायः सबैले अपांग भन्न र लेख्न छाडिसकेका छन्, सबैले अपांगता भएका नागरिक/व्यक्ति नै प्रयोग गर्छन्।

मुलुकमा समावेशी लोकतन्त्रलाई संस्थागत गर्ने कुरा भइरहेको छ।

[12] अपांगसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३



संविधानसभाबाट नयाँ संविधान लेखिँदैछ। यो ऐतिहासिक अवसर र नेपाली समाज रूपान्तरण भइरहेका बेला अपांगता भएका नागरिकहरूले पनि नयाँ पद्धति सहितको नयाँ नेपालमा आफ्नो हक-अधिकारको सुनिश्चितता र मानसम्मान होस् भन्ने चाहेका छन्। उनीहरूले संगठित रूपमा आफ्ना माग राख्दै आएका छन्। कतिसम्म भने, नयाँ संविधानमा अपांगता भएका नागरिकहरूले आफ्ना हक-अधिकारलाई राज्यले ऐच्छिक रूपमा लिपिबद्ध नगरी बाध्यात्मक रूपमा कार्यान्वयन हुनेगरी गरोस् भनी अपांगता भएका नागरिकहरूको छाया संविधानसभा गठन गरेर देशभरि नै आफ्ना अधिकारबारे चेतना फैलाउने काम गरेका छन्। उक्त छाया संविधानसभाद्वारा संविधान राम्रो मात्र होइन हाम्रो पनि बनोस् भन्दै सुझावहरू दिएको छ।

प्रत्येक नगारिकको सर्वांगीण विकास गर्नेक्रममा 'अपांगता भएका नागरिकहरू अवसरबाट वञ्चित भएको आत्मसात् गर्दै' भन्ने वाक्यांश संविधानको प्रस्तावनामा उल्लेख गरिनुपर्ने उनीहरूको आवाज रहेको छ। यसैगरी मौलिक हकअन्तर्गत् उनीहरूको आत्मसम्मानसहित सामाजिक एवम् सबै प्रकारका भेदभाव विरुद्धको हक हुनुपर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, सूचना तथा सञ्चार, पहुँच, पुनर्स्थापना, खेलकुद आदिमा सहभागिताको समान अवसर सुनिश्चित गरिनुपर्ने, राज्य संयन्त्रमा उनीहरूको समान सहभागिता र पहुँच हुनुपर्ने, उनीहरूलाई आवश्यक सहायक सामग्रीहरू उपलब्ध गरिनुपर्ने र अपांगता भएका बालबालिका र महिलाका लागि विशेष संरक्षणको हक दिलाउने व्यवस्था अब बन्ने संविधानमा हुनुपर्छ।

'राज्य पुनर्संरचना गर्दा राज्यको स्थानीय, प्रादेशिक र केन्द्रीय तहसम्म अपांगता भएका व्यक्तिहरूको समुचित प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ' भनी अपांगता भएकाहरूको छाया संविधानसभाले संविधानसभा समक्ष सुझाव पेश गरेको छ। तर यहाँनेर खट्किएको एउटा कुरा के हो भने, उनीहरूले नै तयार पारेको संविधानको खाकामा गरिएको व्यवस्थासमेत बाध्यकारी नभई ऐच्छिक नै हुने गरी भाषाको प्रयोग गरिएको छ। उनीहरूद्वारा तयार पारिएको छाया संविधानमा यो यो कुरा संविधानमा गर्नुपर्छ वा हुनुपर्छ र त्यसपछि बनाइने ऐन-नियममा पनि गरिनेछ वा हुनेछको साटो गरिन्छ वा हुन्छ भनी उल्लेख हुनु अनिवार्य छ। यसो नहुँदा अपांगता भएकाहरूको लागि बनाइने ऐन-नियमहरू बाध्यकारी नहुन सक्छन्। त्यस्तै सबै राजनीतिक दलमा उनीहरूको समुचित प्रतिनिधित्व हुनुपर्नेतर्फ पनि उनीहरूले जोड दिएका छन्। उनीहरूले बुझ्ने भाषा र लिपिमा आधारित भएर सामाजिक र सांस्कृतिक गतिविधिमा सहभागी गराउने नीति लिनुपर्छ र उनीहरूको संलग्नतामा एक अपांगता भएका व्यक्तिहरूको राष्ट्रिय अधिकार आयोग गर्न पनि उनीहरूले सुझाएका छन्। अपांगता भएकाहरूको अधिकारलाई नयाँ संविधानमा मौलिक हकअन्तर्गत् राखिनुपर्छ र राज्य पुनर्संरचना गर्दा अपांगमैत्री पूर्वाधार निर्माण गरिनुपर्ने उनीहरूको माग छ।

**सरकारद्वारा उपलब्ध सेवा र सुविधा**

१. प्रत्येक जिल्ला प्रशासन कार्यालयबाट अपांग परिचयपत्र वितरण गरिँदै आएको छ ।

२. गाउँ विकास समिति वा नगरपालिकाबाट हरेक महिना रु. १७५ का दरले अपांग भत्ता उपलब्ध गराउँदै आएको छ ।

३. सरकारी स्कुलबाट बहिरा र अन्धा बालबालिकाको लागि विशेष शिक्षाको व्यवस्था गरिएको छ ।

४. अपांगता भएकाहरूको लागि त्रिविअन्तर्गत्का सबै क्याम्पसमा नि:शुल्क शिक्षाको व्यवस्था मिलाइएको छ ।

५. अपांगता भएका बालबालिकाका लागि सरकारी स्कुलमा नि:शुल्क दिने गरिएको छ ।

६. अपांगताको अवस्था हेरी सरकारी स्कुलमा अध्ययतरत बालबालिकालाई प्रत्येक महिना रु. ५० देखि रु. १००० सम्म छात्रवृत्ति दिने प्रबन्ध मिलाइएको छ ।

७. २०६३ मा संशोधन गरिएको निजामति सेवा ऐनअनुसार अपांगता भएकाहरूको लागि निजामति सेवामा ५ प्रतिशत आरक्षण गरिएको छ ।

८. सरकारी र निजी दुवै क्षेत्रका आन्तरिक वायुसेवाले अपांगता भएकाहरूको लागि ५० प्रतिशात भाडा छुट दिनुपर्नेछ ।

९. सरकारी स्कुलमा पढाउनका लागि पनि अपांगता भएकाहरूलाई आरक्षित सिट राखिएको छ ।

१०. सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूमा अपांगता भएकाहरूको सामान्य जाँच गर्दा पैसा नलाग्ने र उपचारसमेत नि:शुल्क गरिने प्रबन्ध पनि सरकारले गरेको छ ।

११. सिटीईभिटीले उनीहरूलाई तालिम दिनुका साथै परीक्षामा सम्मिलित अपांगता भएकाहरूलाई थप १० नम्बर दिनेसमेत व्यवस्था गरेको छ ।

१२. बहिराहरूका लागि नेपाल टेलिभिजनबाट हप्ताको एकपटक सांकेतिक भाषामा समाचार प्रसारणको प्रबन्ध सरकारले मिलाएको छ ।

१३. अपांगता भएकाहरूको लागि सार्वजनिक यातायातको साधनमा आरक्षित सिटको व्यवस्था पनि सरकारले गरेको छ ।

१४. अपांगता भएका नागरिकहरूले प्रयोग गर्ने वस्तु (ह्विलचेयर, ह्वाइट क्यान, श्रवणयन्त्र, ब्रेल उपकरण, नक्कली खुट्टा, क्यालिपर्स, क्रचेज, वाकिङ स्टिक, एल्बो क्रचेज, चारपांग्रे स्कुटर, अन्य हाडजोर्नीसम्बन्धी उपकरण) मा लाग्ने भन्सार कर छुटको प्रबन्ध मिलाएको छ ।

१५. नेपाल अन्धा कल्याण संघ, नेपाल नेत्रहीन संघ, अपांग संघ जोरपाटी, बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, सुस्तमनःस्थिति कल्याण संस्थाहरू, मस्तिष्क पक्षघात स्वावलम्वन समूह, आईएनएफ, आनन्द भवन अस्पताल, कुष्ठरोग निवारण संघलगायतका संस्थाहरूले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा ४८ भन्दा बढी जिल्लामा सामुदायिक पुनर्स्थापना केन्द्र अर्थात् कम्युनिटी वेस्ट रिह्याविलेशन सेन्टर खुलेका छन् ।



## मानसिक रूपान्तरण अनिवार्य

अपांगता भएका व्यक्तिहरूको हक-अधिकार र सम्मानको ग्यारेन्टी संवैधानिक रूपमै या नीतिगत रूपमै गरिनु आवश्यक छ । हालका दिनसम्म कार्यान्वयन तहमा देखिएका फितलोपनमा सुधार ल्याउनु पनि उत्तिकै जरुरी छ । तथापि यी कुराभन्दा पनि मुख्य कुरा के भने नेपाली समाजमा अपांगता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणमै परिवर्तन ल्याउनु आवश्यक छ । पूर्वजन्ममा पाप गरेका कारण अपांग भएको भन्ने परम्परावादी मानसिकतामा कमी आएपनि अझै अपांगता भएका नागरिकहरूलाई स्वाभाविक हिसाबले लिएको पाइँदैन । माओवादी सचिव सीपी गजुरेलले मात्र अपांगलाई कमजोर अर्थमा बुझेका होइनन्, कांग्रेस केन्द्रीय सदस्य तथा सभासद डा. शेखर कोइरालाले पनि उनीहरूप्रति हेर्ने दृष्टिकोणमा अझै परिवर्तन गर्न सकेका छैनन् । डा. कोइरालाले २०६७ पुस १६ मा *कान्तिपुर* दैनिकको लागि पठाएको लेखमा संविधानसभाको महत्व र त्यसमा दलीय अकर्मण्यतालाई लिएर गरेको विश्लेषणमा अपांग शब्दलाई कमजोर रूपमा प्रयोग गरेको स्पष्टै बुझ्न सकिन्छ । उनको उक्त लेखको यो अंश हेरौं, 'ऐतिहासिक जिम्मेवारी बोकेको संविधानसभा साउन २ गतेदेखि बस्न नसकिरहेको तथ्यले हामी समयमै संविधान निर्माण गर्न सक्छौं भन्ने कुरा जनतालाई झुठो बोल्नुबाहेक अरू केही होइन जस्तो लाग्छ । राजनीतिक दलहरूले यो ऐतिहासिक जिम्मेवारी निर्वाचित संस्थामार्फत् पूरा गर्न सक्नुपर्छ । पार्टीका नेतृत्वसामू अर्को विकल्प छैन । यसका लागि दलहरूले लोकतन्त्रलाई नै अर्जुनदृष्टि बनाउन सक्नुपर्छ तर कांग्रेस र एमालेको अकर्मण्यता र माओवादीको अलोकतान्त्रिक अभिव्यक्तिहरूले लोकतन्त्ररुपि भ्रूणलाई कुरूप र अपांग बनाउने हो कि भन्ने चिन्ता छ ।'

त्यस्तै अपांगता भएकाहरूलाई हेर्ने र बुझ्ने दृष्टिकोण काठमाडौं विश्वविद्यालयका प्राध्यापक तथा नेपाली शैक्षिक उन्नयनका खातिर समाजलाई नेतृत्व गर्दै आएका प्रा. मनप्रसाद वाग्लेको पनि बदलिएको रहेनछ । प्रा. वाग्लेले पनि *कान्तिपुर* दैनिकको लागि पठाएको २०६७ पुस २० गतेको लेखमा यस्तो उल्लेख गरेका थिए, 'शिक्षामा न्यूनतम राष्ट्रियस्तरको खाँचो : दोस्रो खुड्किलो, न्यूनतम स्तरलाई लिन सकिन्छ । कुनै पनि राष्ट्रले आफ्नो शिक्षालयमार्फत् भावी पिँढीका लागि कुन तहमा, कुन विषयमा र कुन कक्षामा कस्तोस्तर निर्धारण गर्ने भन्ने कुरा सोच्न सकेन भने त्यो राष्ट्रको शिक्षा लङ्गडो हुन्छ र त्यस्तो शिक्षामा गरिएको लगानी व्यर्थ खेर जान्छ ।'

चिकित्सक सभासद कोइराला र प्राध्यापक वाग्ले मात्र होइनन् राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सचिव डा. शंकरकृष्ण श्रेष्ठसम्मले पनि अपांगलाई कमजोर रूपमै बुझ्दै आएका छन् । डा. श्रेष्ठले आफ्नो लेखमा उल्लेख गरेका थिए, 'आफूद्वारा न्यायाधीशमा सिफारिस गरिएका व्यक्तिउपर निजको कार्य अक्षमता, भ्रष्टाचारजस्ता विविध विषयमा कारबाहीको सिफारिस गर्न नपाउने कानुनी व्यवस्थाले स्वतन्त्र

न्यायपालिकाका पहरेदारको हैसियतमा रहेका न्यायधीश नियुक्ति तथा व्यवस्थापनको जिम्मेवारी बोकेको न्याय परिषदको यस्तो अपांग स्वरूपको पीडा यसपाला ज्यादै खट्किएको पाइन्छ ।' (न्यायधीश बम प्रकरणमा जित कसको ?, *कान्तिपुर* दैनिक, २०६७ पुस ५)

कोइराला, वाग्ले र श्रेष्ठले *कान्तिपुर* दैनिकमा प्रकाशनका लागि पठाएका आ-आफ्ना लेखमा अपांग शब्दलाई कमजोर अर्थमा प्रयोग गरेका थिए । यसरी अपांगता भएका नागरिकहरूप्रति नेपाली समाजको पुरातनवादी सोचले यतिधेरै जरो गाडेको छ त्यो जानेर या नजानेर बारम्बार अभिव्यक्त हुने गर्छ । प्रकट हुने गर्छ । जबसम्म अपांगता भएका नागरिकलाई कमजोर ठान्ने नेपाली समाजको पुरानो संस्कार बदलिँदैन तबसम्म उनीहरूको सामाजिक सुरक्षाको कुरा दया-मायाको खातिर मात्र हो भन्ने सोचाइ रहिरहन्छ । अपांगता भएका नागरिकहरूका लागि भनिएको सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमले व्यावहारिक रूपमा सफलता प्राप्त गर्न सक्दैन ।

## निष्कर्ष र सुझाव

१. अपांगता भएकाहरूको सेवा अपरिहार्य राष्ट्रिय तथा सामाजिक दायित्व हो भन्ने बोध हुन नसकिरहेको अवस्थामा सामाजिक जागरण अभियान र उनीहरूप्रति सम्मानजनक व्यवहारको आवश्यकता छ । उनीहरूको सम्मानमा आँच पुग्नेगरी हेलाँ गर्ने र अपांग शब्दलाई कमजोर अर्थमा प्रयोग गर्ने आदत पूर्णतः हटाउने अभियान थाल्नुपर्छ ।

२. अपांगतासम्बन्धी ऐन, कानुनहरूलाई ऐच्छिक नभई बाध्यकारी बनाइनुपर्छ । अहिलेका ऐन, कानुन र नियमहरू सबै ऐच्छिक मात्र छन् ।

३. सरकारी र निजी क्षेत्र दुवैले अपांगमैत्री भौतिक निर्माणमा ध्यान दिनुपर्छ । यसतर्फ केही सकारात्मक संकेत देखिए पनि पूरै सफलता प्राप्त भइसकेको छैन ।

४. राज्यले भावी संविधानमा अपांगता भएकाहरूको सामाजिक सुरक्षा, उनीहरूको मौलिक हक, मानव अधिकार, राज्यका विभिन्न तहमा आरक्षण र सकारात्मक विभेदको नीतिअन्तर्गत् समावेशी नीति लिनु आवश्यक छ ।

५. आगामी २०६८ असारमा सञ्चालन हुने राष्ट्रिय जनगणनामा अपांगता भएकाहरूको सही तथ्यांक लिने प्रबन्ध मिलाउनुपर्छ ।

६.. सहर र ग्रामीण भेकका अपांगता भएकाहरूबीचको सुविधालाई मध्यनजर राखेर कार्यक्रम तय गर्नुपर्छ ।

७. दलित, महिला, मधेसी र बालबालिकामा रहेको अपांगताको नाजुक सामाजिक स्थिति निराकरणको लागि राज्यले उचित ध्यान पुऱ्याउनुपर्छ ।



८. विभिन्न मन्त्रालय, विभाग, गैरसरकारी संघ/संस्था, सामाजिक संस्था, अपांगसम्बन्धी निकाय र विभिन्न संगठनको समन्वयकारी भूमिकामा अपांगतासम्बन्धी सामाजिक क्रियाकलाप सञ्चालन गरिनुपर्छ ।

९. सेवा-सुविधा अपांगहरूको लागि दया-मायाको भीख नभई उनीहरूको अधिकारको कुरा हो भन्ने मान्यता समाजमा स्थापित गर्नुपर्छ ।

१०. अपांगता भएकाहरूको लागि सामाजिक सुरक्षाका प्याकेजहरू ल्याउनुपर्छ ।

११. अपांगहरू पनि समाज परिवर्तनका पार्टनर हुन् भन्ने मानसिकताको विकास गरिनु आवश्यक देखिन्छ । तसर्थ विकासमा उनीहरूलाई सहभागी गराउने नीति लिनुपर्छ ।

१२. अपांग हुने/बन्ने अवस्थाको नियन्त्रणको लागि सकभर सरकारी र गैरसरकारी क्षेत्रबाट साझेदारी चेतना अभियानहरू सञ्चालन गर्नु उचित हुन्छ । सकभर अपांगपनको नियन्त्रण गर्नु नै पहिलो बुद्धिमानी कदम हो ।

१३. अपांगता भएकाहरूलाई रोजगारी र सीपमूलक कार्यक्रममा सहभागी गराइ आत्मनिर्भर बनाउने नीति आवश्यक छ ।

१४. स्कुल तहदेखि विश्वविद्यालयसम्म नै अपांगता भएकाहरूको बारेमा पाठ्यपुस्तक तर्जुमा गरी पठनपाठनको व्यवस्था गरिनुपर्छ । त्यसोगर्दा अपांगता भएकाहरूको वास्तविक समस्यासँग भावी पुस्ता जानकार रहन पाउँछ ।

१५. अपांगता भएका नागरिकलाई हेर्ने पुरातनवादी सोच अर्थात् नजरिया परिवर्तन नगरेसम्म हामीले उनीहरूको अधिकार रक्षा गर्न सक्दैनौं । नाना, छाना र खाना मात्रै अपांगता भएकाहरूको समस्या होइन, पुरानतवादी सामाजिक दृष्टिकोण सबैभन्दा ठूलो समस्या हो ।



**लेखक परिचय** : २०६३ सालमा मुनिश्वर अपांगता राष्ट्रिय पुरस्कारबाट सम्मानित भएका ध्रुव सिम्खडा अपांगता भएका नागरिकका विषयमा कलम चलाउँदै आएका सञ्चारकर्मी हुन् । उनी हाल *कान्तिपुर* दैनिकसँग आवद्ध छन् । *कान्तिपुर* पब्लिकेसनको सह-प्रकाशन *नेपाल* साप्ताहिकमार्फत् एक दशक पहिले मूलधारको पत्रकारितामा प्रवेश गरेका उनी यसअघि हिमाल खबर पत्रिकामा विशेष संवाददाताका रूपमा कार्यरत थिए । समसामयिक राजनीति र विभिन्न सामाजिक विषयमा लेख्न रुचाउने सिम्खडाले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका छन् ।

# सकारात्मक बाटोमा एकल महिलाका मुद्दा

**लिली थापा**

## विषय प्रवेश

नेपाल संसारकै कम विकसित मुलुकहरूमध्ये एक पर्दछ । यहाँ झन्डै २ करोड ६० लाख जनसंख्यामध्ये आधाभन्दा बढी अन्दाजी ५२ प्रतिशत महिला छन् । संसारका धेरै देशहरू जस्तै : नेपाल पनि एक पितृसत्तात्मक समाज भएको देश हो । जहाँ महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा लिने गरेको पाइन्छ । यहाँ विवाह गरेर अर्काको घरमा जानु र छोराछोरी जन्माउनुलाई महिलाको उपलब्धिको रूपमा लिइने गरेको पाइन्छ । कतिसम्म भने, हाम्रो समाजमा छोरा नजन्माउनुमा महिलाको 'दोष' देख्ने गरिएको पाइन्छ । यद्यपि अहिले सहरी समाजमा बसोबास गर्ने केही सीमित वर्गको सोचमा भने केही परिवर्तन आएको देखिन्छ । अवसरको यथेष्ट पहूँचमा रहेका केही महिलालाई नगन्ने हो भने, समग्रतामै नेपाली महिलाको अवस्था आज पनि दयनीय छ । अझ श्रीमानको मृत्यु भएर विधवा हुने एकल महिलाहरू अत्यन्त नराम्रो अवस्थामा छन् ।

विधवा भन्ने परिपाटि कहिलेदेखि सुरु भएको हो र यो के आधारमा वर्गीकरण गरिएको हो भन्ने कुरा अहिलेसम्म पनि विभिन्न विज्ञ तथा समाजसेवीले ठम्याउन सकेका छैनन् । तैपनि श्रीमानको मृत्युपश्चात महिलाको पहिचान बनाउन विधवा भन्ने परम्परा बसेको पाइन्छ । विधवा शब्द वैदिक भाषाबाट सुरु भएको पाइन्छ र पछि गएर इण्डो युरोपियन भाषा भएको मान्यता छ । युरोपियन भाषाहरूमा यो शब्दप्रति एकरूपता जस्तै पाइन्छ । लैटिन भाषामा विदुवा, इटालियनमा वेदवा,



स्पेनिसमा विउदा, फ्रेन्चमा वेड, स्टेमोनिकमा विदवा, रसियनमा विदोला, जर्मनमा वितुवा, पर्सियनमा वेवा भन्ने चलनलाई पनि यो शब्द श्रीमानको मृत्यु भएको महिलाहरू माथि भनिने गरेको पाइन्छ ।

***(Dr. Giinny Srivastav- victims of discrimination)***

नेपाली समाजमा परापूर्वकालमा लोग्नेको मृत्युपश्चात सती जाने प्रथा थियो । लोग्नेको मृत शरीरसँगै बाँधेर चितामा राखेर जलाइन्थ्यो र त्यतिबेला विधवाको कुनै अर्थ थिएन किनकि लोग्नेको जीवनसँग ती महिलाको पनि इहलीला समाप्त हुन्थ्यो । इतिहासमा उल्लेख गरेअनुसार, पहिलेका राजा महाराजाहरूका धेरै श्रीमतीहरू राजा मरेपछि पालैपालो आगोमा हामफालेर मर्न बाध्य पारिन्थ्यो । जब सतीप्रथाको अन्त्य भयो तब लोग्ने नभएका महिलाले विधवा बनेर कस्टपूर्ण जिन्दगी खेप्दै आएका छन् । सामाजिक, आर्थिक र मनोवैज्ञानिक रूपमा समाजको सिकार हुँदै आएका छन् । परापूर्वकालदेखि अहिलेको गणतान्त्रिक नेपालसम्म आइपुग्दा नेपालमा एकल महिलाको अवस्थामा के कति परिवर्तन भएको छ, उनीहरूको सामाजिक हैसियत र मानसम्मान कुन स्तरमा छ र राज्यले यसबारे कस्तो नीति लिएको छ भन्ने चर्चा यस आलेखमा गरिनेछ ।

## सामाजिक/सांस्कृतिक विभेद

माथि नै भनियो, नेपाली समाज अहिले पनि पितृसत्तात्मक सोचले ग्रसित छ । यही पितृसत्तात्मक सोच महिलाहरूमाथि विभेद र उत्पीडनको मुख्य कारक रहँदै आएको छ । घरदेखि राज्यको नीतिगत तहसम्म महिला विभेदमै छन् । घरको सबै निर्णय पुरुषले गर्ने गर्दछन् । घर धन्दाको सबै काम तथा केटाकेटी हुर्काउने काम, वृद्धवृद्धाको हेरचाह गर्नेलगायतका सबै काम महिलाले नै गर्नुपर्छ भन्ने मान्यता जीवितै छ र उनीहरू गर्दै आएका पनि छन् । मुलुक गणतान्त्रिक युगमा प्रवेश गरेको छ र संविधान निर्माण प्रक्रियादेखि राष्ट्रिय राजनीतिमा तुलनात्मक रूपमा महिला सहभागितामा वृद्धि हुँदै गएको नकार्न सकिन्न यद्यपि आम रूपमा हेर्दा अझै नेपाली महिला पिछडिएकै अवस्थामा छन् । घरको कामलाई नै सर्वमान्य सम्झने यस समाजमा हालसम्म पनि बालिका, किशोरी र महिलालाई शिक्षामा कम प्राथमिकता दिइने गरिन्छ । जसले गर्दा अधिकांश महिलाहरू आफ्नो अधिकारबारे अनभिज्ञ नै हुन्छन् ।

नेपाली समाजमा रूढीवादी परम्परा र अन्धविश्वास कति जड भएर बसेको छ भन्ने बुझ्न छोरा पाउनका लागि ७ वटीसम्म श्रीमती भित्र्याएको घटनाले पनि स्पष्ट पार्दछ । एउटा छोराको लागि १० वटासम्म छोरी पाइरहेको, छोरा नजन्माएको कारणले घरबाट निकालिनु परेको, सौता भित्र्याएका तथा छोरा पाउनको लागि धन

सम्पत्ति दान धर्म गर्नेको संख्या बढी नै भेटिन्छन् । यसले नेपाली समाजमा पुरुषको कति महत्व छ भन्ने कुरा दर्शाउँदछ । नेपाली महिलाहरूकै स्थितिको लेखाजोखा गर्ने हो भने सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपमा असमानता भोगिरहेको पाउँछौं । आम महिलाको यस्तो दुरावस्था छ भने एकल महिलाको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था त झनै ठीटलाग्दो छ ।

मृत्यु अन्तिम सत्य हो । यो मान्छेको बसमा हुन्न । जन्मेपछि मर्नुपर्छ भन्ने साश्वत कुरा हो । त्यसैले विवाहपछि लोग्ने वा स्वास्नीमा कुनै न कुनै एकले पहिले मर्नुपर्छ नै । विवाहित महिलाको मृत्युपछि पुरुष एक्लै भएमा उसलाई विदुर र लोग्नेको मृत्यूपछि एक्लै बाँच्न विवस महिलालाई विधवा भन्ने गरिएको छ । विधवा र विदुरको संख्याको तुलनात्मक अध्ययन गर्ने हो भने संसारमा विदुर भन्दा विधवाको संख्या बढिरहेको पाइन्छ ।

नेपालमा लोग्नेको मृत्युपछि एक्ला भएका महिलाहरूलाई विधवा अथवा विधवी भन्ने चलन छ । नेपालकै विभिन्न जातजातिमा आफ्नै भाषाअनुरुप यसलाई विभिन्न नाम दिएको पाइन्छ । तराईको मैथिली समाजमा श्रीमानको मृत्यु भएको महिलालाई 'राँडी' भनिन्छ जुन नेपाली भाषामा तल्लो स्तरको अपहेलित शब्द मानिने गरिन्छ । जुम्लामा छोराछोरी भएका विधवा महिलालाई 'छारुवा राँडी' भनिन्छ भने छोराछोरी नभएकालाई 'चिलेरी राँडी' अथवा 'निखाक राँडी' भनिन्छ । त्यस्ता महिलाहरू कसैको पनि अगाडि पुर्न हुँदैन र कुनै पनि सामाजिक⁄सांस्कृति कार्यमा सहभागी हुन पाउँदैनन् । कहाँसम्म भने, उनीहरूले हिंड्ने ढोका नै अर्को पारेको हुन्छ । समाजले विधुवालाई यति तिरस्कार र पीडा दिएको हुन्छ कि उनीहरू आफूले आफैँलाई शारीरिक रूपले बाँचे पनि मानसिक रूपले मरेको ठान्छन् । महिला अधिकारकर्मीहरूले विधुवा शब्द प्रयोग गर्दा कटु भयो भनेर पति नभएका महिलालाई एकल महिला भन्ने गरिएको छ । राष्ट्रियस्तरमा भएको महिला अधिकारकर्मीहरूको गोष्ठीले नै विधुवालाई एकल महिला भनेर सम्बोधन गर्ने तय गरेको हो ।

एकल महिलालाई श्रीमानको मृत्युको कारणको आरोप लगाउने गरिन्छ । आफ्नै परिवारले पनि बिभिन्न लाञ्छना लगाई घरबाट निकाल्ने गरिएको पाइएको छ भने एकल महिला भएपश्चात घरभित्रै बढी हिंसामा परेको पाइएको छ । एकल महिलाको सबैभन्दा ठूलो समस्या आफ्नो जिन्दगीको निर्वाह कसरी गर्ने भन्दा पनि आफ्नो बालबच्चाको जीवन निर्वाह तथा तिनको पढाइको रहेको हुन्छ । यो समस्याले गर्दा साथै अशिक्षा, गरिबी तथा द्वन्द्वको कारणले बिस्थापित हुनाले एकल महिलाहरू अनौपचारिक क्षेत्रतर्फ कार्य गर्न बाध्य छन् । जहाँ उनीहरूले थोरै पारिश्रमिकमा धेरै काम गर्नुपर्ने, अस्वस्थकर वातावरणमा काम गर्नुपर्ने लगायतका कारणले उनीहरूको स्वास्थ्यस्थिति बिग्रँदै गएको र बिभिन्न रोग तथा एचआईभीजस्ता रोगले ग्रस्त भएको



पाइएको छ । एकल महिलाका बालबच्चाहरू पनि त्यस्ता वातावरणले शिक्षा तथा स्वास्थ्योपचारबाट वञ्चित हुनुपरेको पाइन्छ । तसर्थ आफ्नो तथा आफ्नो बाल बच्चाको लागि युवा एकल महिला बढी हिंसा खप्न बाध्य छन् । यी सम्पूर्ण अवस्थाहरूले गर्दा एकल महिलाहरू शारीरिक, मानसिक तथा आर्थिक रूपमा कमजोर हुँदै गई आत्मविश्वास गुमाउनु परेको अवस्था छ ।

एकांकीपन, सुनापन, सामाजिक तिरस्कार, रूढीवादी परम्परा, अमानवीय चलन आदिले गर्दा एकल महिलाहरू मानसिक तथा शारीरिक हिंसाबाट पीडित पारिएको हुन्छ । श्रीमानको मृत्यु हुनेबित्तिकै अपनाउनु पर्ने नियमहरूबाट नै हिंसाको पहिलो सिकार बन्न पुगेकी एकल महिलाले त्यसपछिका दिनहरूमा परिवार तथा समुदायबाट गरिने व्यवहारमा फरक पर्नाले पनि मानसिक आघात पर्न गई आफ्नो आत्मसम्मान गुमाइसकेकी हुन्छिन् । हिंसा भन्नाले शारीरिक अत्याचार मात्र नभई मानसिक रूपमा पर्न जाने आघातलाई पनि मानिन्छ । शारीरिक हिंसाभन्दा पनि मानसिक हिंसा तथा प्रताडना अझ बढी डरलाग्दो हुन जान्छ ।

विशेषगरी नेपालमा एकल महिलाहरू शारीरिक कुटपिट, भावनात्मक कठोर शब्द, गाली गलौज यौन दुराचार, दोषारोपण, सम्पत्तिबाट बेदखल, अपर्याप्त खाना, हिंड्डुलमा प्रतिबन्ध आदि हिंसाबाट पीडित भइरहेका हुन्छन् ।

नेपालबाट हजारौं बालबालिका बेचबिखन भएका तथ्यलाई मात्र केलाउने हो भने त्यहाँ बाबु नभएका एकल महिलाका छोराछोरीको संख्या धेरै हुन सक्ने सम्भावना रहेको हुन्छ । एकल महिलाहरूलाई बाँच्नको लागि खानैपर्ने बाध्यतालाई परिपूर्ति गर्नको लागि पनि आफ्नो एघार-बाह्र वर्षका छोराछोरीलाई काम तथा अवसरको खोजिमा अन्यत्र पठाउने गरेको पाइन्छ । गाउँ-घरका एकल महिलाका छोराछोरीहरू सहरमा काम गर्नको लागि घरायसी नोकरको रूपमा वा श्रम गराउन पठाउने गर्दछन् । चौध⁄पन्ध्र वर्षकी छोरी छ भने उनलाई छिट्टै विवाह गरेर पठाइदिन पाए आफ्नो बोझ हलुका हुने भन्ने भावनाले गर्दा पनि एकल महिलाका छोरीहरूका छिट्टै विवाह गर्ने गरेको पाइन्छ ।

त्यसैगरी विभिन्न प्रकारका समस्याले गर्दा एकल महिलाका छोराछोरीले पढ्ने अवसर पाइरहेका हुँदैनन् । नेपाली समाजमा बाबुपछिका छोरालाई नै घरमुली मान्ने प्रथाले उमेर नपुगेका छोराहरूले आफ्नै आमामाथि दबाब दिइरहेको पाइन्छ । 'बाबु नभएको छोरा र काठी नभएको घोडा' बराबर भन्ने उखानले पनि बाबुले नै छोराछोरीको भविष्य बनाउने हो भन्ने धारणालाई बढावा दिन्छ र त्यहाँ एकल महिलालाई कम महत्व दिइरहेको हुन्छ । एकल महिला आमाहरू आफू पनि त्यति सचेत नभइरहेको अवस्थामा आफ्नो छोराछोरीलाई राम्रो बाटोमा लगाउन गाह्रो पर्न जान्छ र बाध्यताले नै छोराछोरीलाई टाढा राख्नुपर्ने भएकोले आफ्ना छोराछोरीहरूको

भविष्य बनाउने प्रति सोच राख्न सक्तैनन् ।

एकल महिलाको अवस्थाको विश्लेषण गर्दा उनीहरू अमानवीय सांस्कृतिक प्रचलनले जगटिएको पाइन्छ । उनीहरूमा यो गर्न हुने, यो गर्न नहुने भन्ने विविध प्रतिबन्धहरू लगाइएको हुन्छ । सानै उमेरमा विवाह गरिदिने चलन जसमा मानव अधिकारको लागि महिला, एकल महिला समूहको सर्वेक्षणअनुसार ४० प्रतिशतभन्दा बढी महिलाहरूले २० वर्ष अगाडि विवाह गरेको पाइन्छ भने करिब ६७ प्रतिशत एकल महिलाहरू २० देखि ३५ वर्षको उमेरमा एकल भएका र उनीहरूको ३ देखि ४ जना छोराछोरीहरू रहेको पाइएको छ । यसैगरी उनीहरूको शिक्षाको क्षेत्रमा पनि कम पहुँच रहेको छ जसमा २९ प्रतिशत एकल महिलाहरू पूर्ण रूपमा अशिक्षित छन् र मात्र २ प्रतिशत एकल महिलाहरूले उच्चशिक्षा हासिल गरेका छन् । कानुनी सहायताअन्तर्गत् करिब सय जना एकल महिलामा १० जना एकल महिलाहरू कानुनी सहयताबाट वञ्चित छन् । १० जना युवा एकल महिलामध्ये ३ जना एकल महिलाहरू यौन हिंसाबाट पीडित भएका छन् । २० प्रतिशत एकल महिलाहरू द्वन्द्वको कारणले बिस्थापित भएका छन् भने धेरै एकल महिलाहरूले आफ्नो सम्पति माथिको अधिकारमा पहुँच प्राप्त गर्न नसकेको अवस्था रहेको छ । कुनै न कुनै रूपले एकल महिलाहरू चरम हिंसाबाट पीडित भएको अवस्था छ । ग्रामीण भेगका एकल महिलाहरूको नागरिकता, नाता प्रमाणीत, विवाह दर्ता जस्ता महत्वपूर्ण कागजपत्रहरू नभएको अवस्थाले गर्दा आफ्नो अधिकारबाट वञ्चित रहेका छन् ।

आज नेपालमा द्वन्द्वबाट एकल बन्न पुगेका युवा एकल महिलाहरूको संख्या कति छ भन्ने कुराको सत्य-तथ्य नभए पनि मानव अधिकारको लागि महिला, एकल महिला समूहसँग आबद्ध ४२५ गाविसमा दर्ता गराएको संख्या मात्र ३४९७ भन्दा बढी भेटिएको छ । श्रीमानको मृत्यु भएको कुरा दर्ता गराउनुपर्छ, जन्म दर्ता तथा विवाह दर्ता गराउनुपर्छ भन्ने मान्यता धेरै नेपालीहरूमा भएको पाइँदैन ।

*(श्रोत : एकल महिला (विधवा)कै क्षेत्रमा कार्यरत गैरसरकारी संस्था मानव अधिकारको लागि महिला एकल महिला समूहले सन् २००६ मा ५४ वटा जिल्लाका ४२५ वटा गाविसमा आबद्ध भएका ४१,५३० एकल महिला (विधवा)को अवस्थाको विश्लेषणबाट प्राप्त जानकारीको आधारमा)*

## विभेद विरुद्धको अभियान

मुलुकमा भएको अग्रगामी परिवर्तन संस्थागत भइसकेको छैन यद्यपि सबै तह र तप्का, वर्ग, पेशा, जनजाति, लिङ्ग नयाँ परिवर्तनका लागि जुर्मुराएको अवस्था छ । सबैले राष्ट्रिय मुलधारमा आफ्नो प्रतिनिधित्व खोज्ने र आफ्ना हक अधिकारका लागि आवाज उठाउने प्रवृत्ति घनिभूत भएको छ । एकल महिलाहरूका सन्दर्भमा पनि



गैरसरकारी क्षेत्रबाट उनीहरूलाई संगठित गर्न, हक अधिकारबारे सचेत पार्दै राज्यसँग माग गर्न विभिन्न कामहरू भएका छन् । विभिन्न महिला अधिकारकर्मी समूहहरूले एकल महिलाको अवस्थामा सुधार ल्याउँदै तिनका हक अधिकार स्थापित गर्न विभिन्न गतिविधि गर्दै आएका छन् । एकल महिलाको सामाजिक हैसियतमा दिगो बनाउने र सुधार्नेदेखि राज्यको नीति निर्मातासम्मलाई विभेदकारी कानुन परिमार्जन गर्न विभिन्न गतिविधिहरू गर्ने गरिएको पाइन्छ ।

एकल महिलाका घर परिवार र समाजले गर्दै आएको विभेद र अमानवीय व्यवहारलाई चित्रण गर्दै विभिन्न नाटकहरूको प्रस्तुतीकरणबाट समाजलाई झकझकाउने काम भएको छ, जसबाट महिला अधिकारकर्मीहरूले एकल महिलाका वास्तविक मर्मप्रति ध्यानाकर्षण गराएका छन् । विभिन्न गैरसरकारी संस्थाले समूहमा सहयोगी साथीमार्फत् एकल महिलाका हक अधिकारको बारेमा चेतना जगाउन घरदैलो कार्यक्रम गर्ने गरेको छ । जबसम्म घर-परिवारले एकल महिलाको विभेदलाई अन्त्य गर्न सहयोग गर्दैन तबसम्म बाहिरबाट एकल महिलाको विभेद अन्त्य गर्न मुस्किल पर्छ । महिला अधिकारकर्मीहरूले बेलाबेलामा एकल महिलाका घर परिवारका सदस्यहरू खासगरी सासु-आमाहरूलाई समूहमा ल्याएर एकल महिलाका समस्याबारे छलफल गर्ने र बुझाउने गर्नाले पनि समाजमा एकल महिलाप्रतिको धारणामा सकारात्मक परिवर्तन आएको छ ।

## सकारात्मक परिवर्तन

महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धिको बुँदा १ मा 'महिलालाई वैवाहिक आधारमा कुनै किसिमको भेदभाव गर्न पाइदैन' भन्ने कुरा उल्लेख गरिएको छ तर नेपालका महिलाहरूलाई वैवाहिक आधारमा सामाजिक, आर्थिक, कानुनी तथा सांस्कृतिक रूपमा भेदभाव गरिएका धैरै दृष्टान्त अहिले पनि भेटिन्छ । महिला भेदभाव, एकल महिलाले भोग्नु परेको पीडा अद्यापि छन् भन्ने कुरामा विवाद हुन सक्दैन यद्यपि केही वर्षयता नेपालको सामाजिक परिवेश र महिलाको स्थानका बारेमा व्यापक फेरबदल हुँदै आएको कुरालाई पनि नकार्न सकिँदैन । केही वर्षयता नेपालमा सामाजिक संरचना र सामाजिकीकरणमा फरक र लैंगिक विकासमा सरकारी गैरसरकारी क्षेत्रबाट अग्रसरता लिएको देखिन्छ । महिलालाई सहनशीलताको मूर्ति मानिँदै आए पनि अब त्यो छवि भत्किएको छ । महिलाहरूले पनि मोर्चा सम्हालेर पुरुष सरह नै युद्धमा होमिन थालिसकेको अहिलेको अवस्थामा महिला पनि सहनशीलताका प्रतिमूर्ति हुन्छन् भन्ने सोचलाई गलत सावित गरिदिएको छ । श्रीमानको मृत्युबाट एक्लै घर परिवारको जिम्मेवारी बोकेर बसेका महिलाहरूले पनि पितृसत्तात्मक सोचमा फरक धारणा ल्याउन मद्दत पुऱ्याएको पाइन्छ ।

द्वन्द्वले अथवा अन्य कारणले श्रीमानको मृत्यु भएर एक्लै बसेका महिलाहरूमा आएको भूमिका परिवर्तन, आफ्नो पहिचान बनाउने थालनी तथा निर्णयमा आफ्नै सहभागिता आफ्नो हक अधिकारको उपयोग गर्न पाउने खोजी तथा स्रोत तथा साधनमा पहुँच र नियन्त्रण बढ्दै गएकोले पनि पितृसत्तात्मक समाजले तोकिदिएको लैंगिक भूमिकामा सकारात्मक परिवर्तन आएको भन्न सकिन्छ।

आजभन्दा ५० वर्षअघिका एकल महिलाहरूको जुन अवस्था थियो, जुन सामाजिक-सांस्कृतिक प्रणाली थियो, त्यसमा आज पक्कै केही राम्रा परिवर्तनहरू भएको पाइन्छ। जसरी नेपालमा सतीप्रथा बन्द भयो त्यसपछि केही शताब्दी एकल महिलाहरू समाजमा अदृश्य रूपले बसेका भए तापनि योगमाया देवीको संघर्ष र उनले वैधव्य जीवनलाई त्यागेर पुनर्विवाह गर्नु एकल महिलाको लागि परिवर्तनतर्फ सुरु गरेको पाइला थियो भन्नुमा दुईमत छैन। कतिपय धार्मिक मान्यतालाई कायम राखेर एकल महिलाहरू आफ्नो पहिचानलाई गुमाएर बाँच्न विवश भए पनि महिला विकासको फड्को मार्न थालेदेखि आफ्नो हक अधिकारप्रति सचेत हुँदै आएको पाइन्छ।

नेपालमा केही त्यस्ता कुसंस्कारहरूलाई एकल महिलाले तोड्दै आएको घटना कतै-कतै थाहा भए पनि करिब १० वर्षदेखि त्यस्ता महिलाहरूको सामुदायिक अभियानस्वरूप जिल्ला, गाविसस्तरमा एकल महिला समूह स्थापना गरेर समूहगत रूपमा सामाजिक मूल्य मान्यतालाई विश्लेषण गर्दै आएका पाइन्छ। जसको फलस्वरूप बिस्तारै एकल महिलाहरूमा हिनताबोध गराउने, आत्मविश्वास गुमाउने आदि कारक तत्वहरूलाई परित्याग गर्दै नयाँ जीवन सुरु गर्ने पहल गरिरहेको पाइएको छ। २०५८ सालमा बर्दियाको टुँडिखेलमा दशैंको अवसरमा त्यहाँ अवस्थित एकल महिला समूहले सबै एकल महिलाहरूलाई सामूहिक दशैंको रातो टीका लगाउने अभियान गरेका थिए। विशेषगरी त्योभन्दा पहिला प्रत्यक्ष रूपमा एकल महिलाले रातो टीका लगाउने जमर्को गर्न सकेका थिएनन्।

## एकल महिलाका सामाजिक सुरक्षा

नेपालका एकल महिलाहरूले कानुनी रूपमा पूर्ण अधिकार प्राप्त गर्न सकेको छैन। श्रीमानको मृत्युपछि एकल महिलाको स्वतन्त्रतालाई कुण्ठित पार्नका लागि विभिन्न कानुनी बाधाहरू मुलुकी ऐनले राखेको छ जसमा एकल महिलाको लागि कानुन बनाउने निर्माताहरू पितृसत्तात्मक सोचले ग्रस्त हुनुको उपज हुन सक्छन्। जसले गर्दा एकल महिलाका लागि तोकिएका कानुनहरू अरूमा आश्रित पार्ने खालका रहीआएको देखिन्छ। कानुनी, सांस्कृतिक र सामाजिक रूपले अपहेलित एकल महिलाहरूले अब आएर आफ्नो हक अधिकार खोज्ने अभियान थालिसकेका छन्।

हाल नेपालमा एकल महिलाहरू संगठित भएर आ-आफ्नो हक अधिकारको



लागि स्थानीयस्तरमा परिवर्तनको संवाहकको रूपमा परिचालित भएको पाइन्छ। जसले गर्दा विगतमा भन्दा एकल महिलामाथि हिंसा र अन्याय केही हदसम्म कमी आएको छ भने उनीहरूको सशक्त अभियानले गर्दा नेपाल सरकारले पनि केही सामाजिक सुरक्षाका नीति तथा कार्यक्रम ल्याउनुको साथै विभेदकारी कानुनमा पनि परिवर्तन गर्न बाध्य भएको छ। कानुनमा रहेको विभेद नहटाउन्जेल एकल महिलाप्रतिको विभेद हटाउन नसकिने देखेर विभेदकारी कानुन हटाउन सर्वोच्च अदालतमा त्यस्ता कानुनउपर रिट दायर गरिएको थियो। एकल महिलाहरू संगठित हुँदै बढाएको अभियान सफलतातिर उन्मुख छ भन्ने यसले प्रस्ट्याएको छ। नेपाल सरकारले एकल महिलाको सामाजिक सुरक्षा ग्यारेन्टी गर्न निम्न लिखित नीतिहरू अवलम्बन गरेको छ-

- महिलाले पुनर्विवाह गरेपश्चात् मृत्यु भएको पूर्व श्रीमानको सम्पत्ति फिर्ता गर्नु नपर्ने।
- एकल महिलाहरूले मृत्यु भएको श्रीमानको सम्पत्ति प्राप्त गर्न ३५ वर्षको उमेरसम्म कुर्नु नपर्ने।
- एकल महिलाहरूले राहदानी बनाउनको लागि घरको पुरुष सदस्यको स्वीकृति लिनु नपर्ने।
- एकल महिलाहरूले आफ्नो भागको सम्पत्ति बेचबिखन गर्न वा कसैलाई दिन चाहेमा १६ वर्ष उमेर पूरा गरेका छोराछोरीहरूको स्वीकृति लिनु नपर्ने।
- एकल महिलाहरूले सम्पत्तिमा हकदाबी गर्नको लागि सर्तमा बस्नपर्ने जस्ता प्रावधानहरू समेत खारेज भएको छ।
- एकल महिला विवाह गर्ने जोडीलाई रु. ५०,००० दिने सरकारी नीतिका बिरुद्धमा सर्वोच्च अदालतमा मुद्दा दायर भई अन्तरिम आदेश प्राप्त गरी सो नीति कार्यान्वयनमा लागू नहुने व्यवस्था भएको छ।
- ४० वर्ष माथिका एकल महिलाहरूले मात्र विधवा भत्ता प्राप्त गर्ने नीतिमा समेत मुद्दा दायर भई समानताको हक कायम गराउँदै उमेरको हदबन्दीसमेत खारेज भएको छ।
- नेपालको दशौं, एघारौं पञ्चवर्षीय तथा अन्तरिम योजनामा एकल महिलाको मुद्दा समावेश भएको छ।
- क्रियागत रूपमा रहेको अब बन्ने नयाँ संविधानमा एकल महिला (विधवा) का सवाल मौलिक हक अधिकार तथा सामाजिक सुरक्षामा समेत समावेश

भएको छ ।

- नेपाल सरकारको आउँदो राष्ट्रिय जनगणना २०६८ को कार्यक्रममा एकल महिलाको तथ्यांक लिने प्रश्नसमेत राखिएको छ ।
- एकल महिला सुरक्षा सेवा कोष (सञ्चालन)समेत गठन भएको छ ।
- दक्षिण एसियाली एकल महिला विकासका लागि सशक्तीकरण सञ्जाल स्यानवेडको माध्यमबाट पनि एकल महिला (विधवा)हरूले जीवनको हरेक क्षेत्रमा विकास समृद्धि र उत्थानका लागि सक्रिय भएर लागेका छन् । उक्त सञ्जालको माध्यमद्वारा सार्कस्तरीय सम्मेलनको कोलम्बो घोषणापत्रको बुँदा नं. ३२ मा एकल महिला (विधवा)हरूको सामाजिक सुरक्षा हक-हितको लागि सम्बोधन भएको छ ।
- महिलाका मुद्दालाई संयुक्त राष्ट्रसंघसम्म पनि वकालत गर्ने उद्देश्यले महिला विरुद्धका सम्पूर्ण भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि **(CEDAW)** सम्मेलनमा एकल महिलाको छाया प्रतिवेदन सन् २००४ मा प्रस्तुत गरिएको छ ।

उल्लेखित बुँदाहरूका आधारमा भन्ने हो भने नेपाल सरकारले एकल महिलाको सामाजिक सुरक्षा र संरक्षणको सवालमा केही सकारात्मक थालनी गरेको देखिन्छ । एक महिलाले पूर्ण अधिकार पाए या समाजको पितृसत्तात्मक चिन्तन बदलिइसक्यो भन्ने होइन, तर पीडामा परेका एकल महिलाका मानव अधिकार, सामाजिक, आर्थिक अधिकारलाई उल्लेखित बुँदाहरूले निकै हदसम्म सम्बोधन गर्न खोजेको देखिन्छ । सरकारले एकल महिलाका लागि राष्ट्रिय कार्य योजना तयार पार्ने तत्परता साथै एकल महिलाका सुरक्षाका लागि आकस्मिक कोषको स्थापना गर्ने र एकल महिलाको सही अवस्था जान्न राष्ट्रिय जनगणनामा तथ्यांक लिने आदि कार्यको सुरुवात स्वागतयोग्य र सकारात्मक छ ।

नेपालमा अब बन्ने भावी संविधानमा एकल महिलाका लागि सामाजिक सुरक्षाका विशेष कार्यक्रमलाई मौलिक हक अधिकारभित्र पार्ने प्रयास सराहनीय छ । यसको साथै हालैमात्र राष्ट्रिय योजना आयोगअन्तर्गत् बन्न लागेको सामाजिक सुरक्षाको नीतिमा पनि एकल महिलाको मुद्दालाई प्राथमिकताको साथ हेरिएको छ । माथि उल्लेखित सरकारी, गैरसरकारी प्रयासका बाबजुद पनि नेपालमा सबै क्षेत्र, तह तप्काका एकल महिलाको स्थिति अझै चुनौतीपूर्ण रहेको पाइन्छ । तसर्थ विभिन्न क्षेत्रबाट महिलाको जनसंख्याभित्र पारिने यो वर्गका महिलाहरूको अवस्थालाई ध्यानमा राखेर सकारात्मक विभेदपूर्ण नीति ल्याई अवसरहरू प्रदान गर्नसके समुन्नत र सिर्जनशील समाजको निर्माण हुने कुरामा दुईमत छैन ।



| देश | विधुवा | विधुर |
|---|---|---|
| **अफ्रिका** | | |
| • दक्षिण अफ्रिका | ५९ प्रतिशत | ८ प्रतिशत |
| • सबसाहारान अफ्रिका | ४४ प्रतिशत | ७ प्रतिशत |
| **ल्याटिन अमेरीका र क्यारीवीयन** | | |
| • क्यारीवीयन | ३४ प्रतिशत | १२ प्रतिशत |
| • सेन्ट्रल अमेरीका | ३६ प्रतिशत | १२ प्रतिशत |
| • दक्षिण अमेरीका | ३७ प्रतिशत | १३ प्रतिशत |
| **एसिया** | | |
| • पूर्वी एसिया | ४९ प्रतिशत | १४ प्रतिशत |
| • दक्षिण पूर्वी एसिया | ४९ प्रतिशत | १४ प्रतिशत |
| • दक्षिण एसिया | ५१ प्रतिशत | ११ प्रतिशत |
| **युरोप** | ५८ प्रतिशत | १४ प्रतिशत |

***स्रोत** : The world's women 2000*

'दाङ जिल्लामा एक राधेश्याम नाम गरेका प्रहरी सरुवा भएर गए । त्यहाँ बसाइको क्रममा नै सोही गाउँकी सीतासँग उनको प्रेम भयो र त्यहींको एक मन्दिरमा उनीहरूले विवाह गरे । राधेश्यामले सीतालाई दशैंमा घर भित्र्याउँछु भनेर आश्वासन दिएको १ वर्ष बित्दा पनि सीतालाई उनले घर लगेनन् र पछि द्वन्द्वमा भिडन्त हुँदा राधेश्यामलाई माओवादीहरूले गोली हानेर हत्या गरिदिए । राधेश्यामको मृत्यु हुँदा सीता सात महिनाको गर्भवती थिइन् । सीताको आमा-बाबुले किरिया गर्न सीतालाई राधेश्यामको गाउँ लिएर गए । त्यहाँ पुग्दा थाहा भयो राधेश्यामको जेठी श्रीमती तथा छोराछोरी थिए भनेर । सीतालाई उनका सासु-ससुराले घरमा हुलेनन् । उनी फर्केर आमा-बाबु कहाँ नै आइन् । त्यहीं छोरा जन्माइन् । त्यो बालकलाई बाबुको नाम दिन सीता राधेश्यामको गाउँमा गइन् तर त्यहाँ विवाह दर्ता केही नभएकोले र विवाह गरेको केही प्रमाण नभएकोले त्यो हुन सकेन ।'

## निष्कर्ष

हिजोसम्म घर-घर र चुलो-चौकोमा सीमित एकल महिलाका आवाज अब गाउँ-गाउँबाट उठेर अब सिंहदरबारको योजना निर्माण हुने कोठासम्म पुगिसकेको छ । अहिले पनि हामी अधिकारकर्मीहरू एकल महिलाका हक अधिकारप्रति सचेत हुँदै सरकारले एकल महिलाका सवाललाई कसरी सम्बोधन गर्छ र परिमार्जित नीतिलाई कसरी कार्यान्वयन गर्छ हेरेर बसेका छौं । एकल महिलालाई संगठित गर्दै उनीहरूको चेतनाको स्तर फराकिलो पार्ने अभियानमै छौं । स्थानीयस्तरदेखि क्षेत्रीय, राष्ट्रियस्तर

अझ दक्षिण एसियाली मुलुकहरूमाझ तथा अन्तर्राष्ट्रियस्तरसम्म नेपाली एकल महिलाका अवस्था, समस्या र चुनौतीबारे विमर्श गर्ने काम बढिरहेको छ। एकल महिला नामक म आफैं सम्बद्ध संस्थाले एकल महिलाका सवाललाई उजागर गर्दै त्यसलाई थप विस्तार गर्ने योजनाअनुरूप अन्तर्राष्ट्रियस्तरका सम्मेलनहरूसमेत गरेको छ। हामी दया-माया, सहानभूति होइन, अधिकारमा विश्वास गर्छौं। हामीले थालेको अधिकार आन्दोलनका प्रभावस्वरूप नेपाल सरकारले पनि एकल महिलाका सवाललाई सम्बोधन गरेको छ। सरकारले एकल महिलालाई विवाह गर्ने जोडीलाई पचास हजार दिने घोषणा अत्यन्त सकारात्मक छ। सर्वोच्च अदालतले नेपालको इतिहासमा पहिलो पटक विवाहको परिभाषा दिएर एकल महिलाको प्रतिष्ठा बढाएको छ।

एकल महिला आन्दोलनको डेढ दशक लामो आन्दोलनका क्रममा देशका कुना-कुनाबाट आएको आवाजलाई मूलप्रवाहीकरण नगरेसम्म एकल महिलाको समस्याको निराकरण नहुने कुरालाई स्वीकार्दै नेपाल सरकारले हालैमात्र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयअर्न्तगत् एकल महिलाका लागि आकस्मिक कोषको स्थापना गरेको छ। नेपालको इतिहासमा पहिलोपटक एकल महिलाको सवाललाई राष्ट्रिय रूपमा नै लैजानुपर्ने अपरिहार्यतालाई स्वीकार्दै एकल महिलाको राष्ट्रिय कार्यनीति बनाउन आवश्यक ठानिनु प्रशंसनीय छ। अब सरकारले हालसम्म गरेका सम्बोधन र तय गरेको नीतिको कार्यान्वयन पक्ष कस्तो रहनेछ भन्ने हेर्न भने बाँकी छ।

---



**लेखक परिचय** : महिलाका अधिकार अझ त्यसमा पनि एकल महिलाको सशक्तीकरण र अधिकारको वकालत गर्दै आएकी लिली थापा एक अग्रणी अधिकारकर्मी हुन्। पद्मकन्या क्याम्पसमा सह-प्राध्यापकका रूपमा कार्यरत उनी अशोका फेलो हुन् र अहिले उनी वुमन फर ह्युमन राइट्स, सिङ्गल वुमन ग्रुपकी संस्थापक हुन्। हाल त्यसै संस्थासँग सम्बद्ध छन्।

# सामाजिक सुरक्षा र बालसंरक्षण अनुदान

**विष्णुप्रसाद गौली**

सामाजिक सुरक्षा राज्यको कल्याणकारी धारणाको उपज हो। सामाजिक सुरक्षा मानवीय सुरक्षा र संरक्षणको महत्वपूर्ण पक्ष हो, जसले व्यक्तिलाई उसको भविष्यको जोखिम न्यून गर्न सहयोग पुऱ्याउँदछ। यसले मानिसहरूलाई जोखिमबाट बचाउन तथा यस्ता जोखिमबाट हुन सक्ने क्षतिमा सामना गर्ने क्षमता विकास गर्न सहयोग गर्दछ। सामाजिक सुरक्षा त्यस्ता नीति तथा क्रियाकलापहरूको समग्र स्वरूप हो, जसमा मूलतः कमजोर, सीमान्तकृत र जोखिममा रहेका नागरिकको जीविकोपार्जन र कल्याणको निमित्त आवश्यक संरक्षण र प्रबर्द्धन (Protection & Promotion) का कार्यहरू गरिन्छ।

'सामाजिक संरक्षण' नयाँ शब्द हो जसले व्यापक अर्थमा यी सबै अवधारणाहरूलाई समेट्न र सामाजिक सुरक्षाका सबै पक्षलाई प्रतिविम्बित गर्न सकेको देखिन्छ। सामाजिक सुरक्षा, सामाजिक बीमा तथा आर्थिक सहयोगमात्र नभई गरिबी घटाउने वा मानवीय पुँजी वृद्धि गर्ने र समावेशीकरणलाई सहयोग पुऱ्याउनेसँग सम्बन्धित छ। यतिबेला सामाजिक संरक्षण भन्नाले आय विपन्नता तथा आर्थिक संकटलाई मात्रै सम्बोधन नगरी, सामाजिक कमजोरी तथा जीविकामा जोखिमतालाई समेत सम्बोधन गर्नेखाले सार्वजनिक क्रियाकलापहरू पर्दछन्। सामाजिक संरक्षण अति विपन्नलाई संरक्षण गर्न र तिनीहरूमा सेवाको पहुँच पुऱ्याउने अन्य आर्थिक उपायहरूभन्दा प्रभावकारी देखिन्छ। यससम्बन्धी धेरैजसो परिभाषाहरू दोहोरो प्रकृतिका छन्। यिनीहरूले वञ्चितीको प्रकृति र नीतिगत



प्रतिक्रियाको स्वरूपलाई अर्थ्याउँदछन्। तर पनि प्रायः सबैजसो परिभाषाहरूले (क) कमजोरी तथा जोखिम, (ख) उनीहरूको अस्वीकार्य स्तरको वञ्चितीकरण, (ग) सामाजिक तथा सार्वजनिक क्रियाकलापजस्ता कुराहरूलाई समेट्ने गर्दछन्।[1] नेपालको सन्दर्भमा सामाजिक सुरक्षा सामाजिक (Social Security), सामाजिक सुरक्षा जाल (Social Safety Net) तथा सामाजिक संरक्षण एकै अर्थमा प्रयोग भएको पाइन्छ।

**सामाजिक सुरक्षा** : कल्याणकारी पद्धति, विकसित मुलुकहरूले अपनाएको विस्तृत सामाजिक बीमा तथा सामाजिक सहयोग प्रणालीसँग मिल्दोजुल्दो रूपमा हेरिन्छ।

**सामाजिक सुरक्षा जाल** : संरचनात्मक समायोजन अथवा अन्य राष्ट्रिय संकटको बेलामा अपनाइने अल्पकालिन प्रतिकारक उपायहरू।

**सामाजिक संरक्षण** : आय विपन्नता आर्थिक संकट सामाजिक कमजोरी तथा जीविका रूपान्तरणलाई समेट्ने अधिकारमा आधारित व्यापक अवधारणा।

सामाजिक सुरक्षाअन्तर्गत् निम्न कुराहरू समाहित हुने गरेको पाइन्छ-

- गरिब तथा असहायहरूलाई गरिने आयको वितरण वा हस्तारण (Income Transfer (Cash), उपभोग्य वस्तुको सहायता (Consumption Transfer-Food)
- जीविकोर्पाजनको अभावमा सुरक्षाको जोखिममा परेकाहरूको लागि संरक्षण (Protect the vulnerable against livelihood risks)
- वञ्चितीकरणमा परेका सीमान्तकृत र पिछडावर्गलाई सम्मानपूर्वक जीवनको निमित्त सामाजिक अवस्थामा सुधार (Enhance the social status and rights of people who are socially excluded and marginalized)

## **सामाजिक सुरक्षाका रणनीतिक अवधारणा** (Conceptual Strategy of Social Security)

समाजिक सुरक्षाको विषयमा स्पष्ट सैद्धान्तिक आधार औंल्याउन कठिन छ तथापि यसमा सामाजिक, आर्थिक र अधिकारमा आधारित तीन मुलभूत अवधारणा समेटेको पाइन्छ। यसैलाई सामाजिक सुरक्षाको रणनीतिक अवधारणाको रूपमा हेर्ने गरिन्छ।

---

[1] ठाकुर ढकाल द्वारा भावी नेपाल नागरिकको पहल भाग- ३ मा प्रस्तुत कार्यपत्र- नेपालमा सामाजिक संरक्षण : अनुभव, मुद्दाहरू र विस्तारबाट साभार २००९

**(क) Social – "Social Risk Management":**

सामान्य अवस्थामा पनि अत्यन्त संकटपूर्ण वा दारुण जीवन व्यतित गरिरहेका नागरिकहरूको सामाजिक जोखिम व्यवस्थापनको लागि सामाजिक संरक्षणको ढाँचा तर्जुमा गरिएको हुन्छ । यो मूलतः मानिसको जीवनबृत्ति संरक्षणमा केन्द्रीत रहने गर्दछ । संकटकालिन अवस्था वा प्राकृतिक प्रकोपको अवस्थामा विपत्तिबाट प्रभावित मानिसहरूको संकट व्यवस्थापन निमित्त पनि सामाजिक जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको (नगद वा बस्तुगत सहयोग) संचालन हुने गर्दछ । यसैले संकटको व्यवस्थापन पनि सामाजिक संरक्षणको क्रमको संभागको रूपमा लिइन्छ । सामाजिक जोखिम व्यवस्थापनको उपकरणलाई सामाजिक संरक्षण वा मानवीय जीवन यापनमा सहयोगी दुवै रूपमा लिन सकिन्छ ।

**(ख) Economic– "Transformative Social Protection":**

यो मूलतः समाजको रूपान्तरणसँग सम्बन्धित छ, जुन मानवीय जीवनस्तरमा सुधार वा गुणस्तरीय मानवीय जीवनको प्रबर्द्धनको निमित्त अबलम्बन गरिन्छ । मानिसहरूलाई गरिबीको कुचक्र वा अतिविपन्नताको दलदलबाट माथि ल्याउन आय, मानवीय अवस्था वा वञ्चितीलगायतका कारण सामाजिक दृष्टिले गरिबीको रेखामुनी रहेका सीमान्तकृत र जोखिममा परेका व्यक्ति/समुदायलाई सम्बोधन गर्नुपर्ने हुँदा राज्यको तर्फबाट सहयोग पुऱ्याई उनीहरूको आर्थिक तथा सामाजिक रूपले रूपान्तरण गर्नु आवश्यक हुन्छ । यसले समाजमा विद्यमान सामाजिक गरिबीलाई न्यून गर्दै लैजान्छ । यसअन्तर्गत् समावेशी अवधारणा अन्तरनिहित रहन्छ । व्यक्ति समुदायलाई एक अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण गर्न यसले मद्दत गर्दछ । यसैले सामाजिक संरक्षणलाई आर्थिक वृद्धि वा विकासको परिवर्तनकारी अवयवको रूपमा पनि बुझ्न सकिन्छ ।

**(ग) Right Based– "Universal Social Minimum":**

यसले सम्मानयुक्त मानवीय जीनको मान्यता अनुसारको सामाजिक संरक्षण प्रणालीको अपेक्षा गर्दछ । यो सिद्धान्तले सरकार, दाता र नागरिक गाह्रो हो भन्ने अवधारणाभन्दा माथि उठेर अधिकारमा आधारित संरक्षण र विकासको मान्यता स्थापित गर्दछ । सिद्धान्ततः सरकारको मुख्य काम नै नागरिकको सेवा र हित हो । अतः जनताको सेवामा समर्पित हुनु सरकारको कर्तव्य हो । यसमानेमा संकट वा जोखिममा परेका जनताले सेवा पाउनु उनीहरूको अधिकार नै भएकोले यसलाई अधिकारमा आधारित सामाजिक संरक्षण भनिन्छ । यो नागरिक जागरणको प्रतिफल हो । जनताका अधिकारस्वरूप सरकारले न्यूनतमरूपमा जनताप्रति निर्वाह गर्नुपर्ने उत्तरदायित्व बहनस्वरूप गर्नुपर्ने कार्यहरू Universal Social Minimum अन्तर्गत् पर्दछन् ।



समाजिक सुरक्षा मुलुक र जनताको अवस्थाअनुसार फरक-फरक दृष्टिकोण र कार्यक्रममा आधारित हुन सक्दछन् । सामाजिक सुरक्षाले देहायका अवस्थाको सम्बोधन गरी नागरिकलाई सहयोग पुऱ्याउने प्रयास गर्दछन्-




## नेपालमा सामाजिक सुरक्षा

नेपालको अन्तरिम संविधान २०६३ (सन् २००७) ले सामाजिक संरक्षणलाई मौलिक अधिकारको रूपमा मान्यता दिएको छ । संविधानको धारा २२(२) ले बालबालिकाको लागि पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको अधिकारको प्रत्याभूति गर्दछ र यसको लागि सकारात्मक विभेदको कानुन बनाउनु पर्ने दायित्व र अधिकार सरकारमा रहेको भनी उल्लेख गरेको छ । अन्तरिम संविधानले विपन्नता र कमजोर अवस्थामा रहेकाहरूको लागि सामाजिक संरक्षण प्रदान गर्न पनि राज्यलाई निर्देशित गरेको छ । त्यस्तै, बाल ऐन १९९२, मुलुकी ऐन १९६३ (श्रीमान-श्रीमती महल), जेष्ठ नागरिक ऐन र स्थानीय स्वायत्त शासन ऐन १९९९ जस्ता सामाजिक सुरक्षासँग सम्बन्धित अन्य ऐन पनि विद्यमान छन् । यी प्रावधानहरू हुँदाहुँदै पनि, चीरकालिक विपन्नता तथा सामाजिक जोखिमलाई न्यून गर्न वा पन्छाउन व्यक्ति वा परिवारलाई सहयोग गर्ने कुनै हस्तान्तरण/प्रवाह (transfers)

वा सेवा वा सार्वजनिक नीतिहरूसहित सामाजिक सुरक्षालाई जनअधिकारको रूपमा सुनिश्चित गर्ने विशेष प्रकारका कानुन भने छैन । नेपालमा विद्यमान सामाजिक संरक्षण नीति तथा कार्यक्रमहरू विशेष प्रकारका सामाजिक संरक्षण कानुनको आधारमा भन्दा पनि अध्यादेशबाटै बनेका हुन् । यस्ता अध्यादेशहरूलाई सरकारले रद्द गर्ने वा परिवर्तन गर्न सकिन्छ, जबकि कानुन हुँदा परिवर्तन गर्न धेरै कठिन हुन्छ । नेपालको औपचारिक सामाजिक सुरक्षा प्रणालीअन्तर्गत् सीमित मात्राको सामाजिक तथा स्वास्थ्य बीमा, वृद्धावस्था निवृत्तिभरण, अपांगता भत्ता, एकल महिला भत्ता, प्रसुति योजनालगायत लघुवित्तीय योजना तथा श्रम बजार कार्यक्रमहरू जस्ता सामाजिक सहयोग कार्यक्रमहरू पर्दछन् । दक्षिण एसियामा नेपाल मात्रै यस्तो देश हो जहाँ सन् १९९४ मा बिना योगदान सामाजिक निवृत्तिभरण प्रदान गरिएको थियो । विश्वव्यापी योजनाको रूपमा वृद्धभत्तालाई सामाजिक सुरक्षा प्रणालीको निर्माणमा एक महत्वपूर्ण भाग मानिन्छ ।[2] तर पनि नेपालमा विस्तृत सामाजिक सुरक्षा नीति तथा कार्यक्रमको अभाव छ । नेपालमा सामाजिक सुरक्षाका थुप्रै संयन्त्रहरू भए तापनि तिनिहरू छरिएर रहेका, कम प्रभावकारी र सीमित संख्याको पहुँचभित्र छन् ।

| सामाजिक सुरक्षा आधार | नेपाल प्रगति |
|---|---|
| वृद्धभत्ता | ● जेष्ठ नागरिक भत्ता<br>● एकल महिला भत्ता |
| बाल अनुदान | ● बाल अनुदान (कर्णाली, दलित, छात्रा)<br>● छात्रवृत्ति |
| अपांगता अनुदान | ● कठोर प्रकृतिका अपांगता अनुदान<br>● कम कठोर प्रकृतिका अपांगता अनुदान |
| बेरोजगार कार्यक्रम | ● ग्रामीण समुदाय पूर्वाधार कार्यक्रम<br>● कर्णाली रोजगार कार्यक्रम<br>● युवा स्वरोजगार कार्यक्रम |
| अन्य कार्यक्रमहरू | ● १० वटा लोपोन्मुख समुदायहरू |

## वृद्धवृद्धा, विधवा, अपांग तथा लोपोन्मुख जनजाति समूहहरू

वृद्धभत्ता कार्यक्रम सन् १९९४ देखि सुरु भयो । सुरुमा ७५ वर्षदेखि माथिका जेष्ठ नागरिकहरूलाई प्रतिमहिना रु. १०० का दरले यो वितरण गरिएको थियो । यो

[2] सामाजिक सुरक्षासम्बन्धी कार्यविधि- स्थानीय विकास मन्त्रालय ।



मासिक भत्ता क्रमशः बढ्दै गएर सन् २००८ मा आइपुग्दा प्रतिमहिना रु. ५०० हुन पुग्यो र यसको लागि आवश्यक उमेर ७० वर्ष रहन गयो । तर दलित र कर्णालीका जनताको लागि यो ६० वर्ष कायम गरिएको छ । यो वृद्धको उमेर निर्धारण र बढेको भत्ता रकमका कारणले उक्त रकम प्राप्त गर्नेहरूको संख्या सन् २००७/०८ मा ३६०,७३३ रहेकोमा सन् २००८/०९ मा यो दोब्बर अर्थात् ७५२,७९७ पुग्न गएको छ र यसको लागि बजेट भने चार गुणा बढ्न गएको छ । यो लाभलाई गाविसहरूमा देशव्यापी रूपमा तीन महिनाको एक पटक गरी वितरण गरिन्छ, यसको लागि आफ्नो परिचयपत्र साथमा लिई आउनु पर्नेछ ।

'जीविका भत्ता' को रूपमा दिइने एकल महिला भत्ता चाहिँ, ६० वर्ष माथिका विधवाहरूको लागि प्रदान गरिएको छ । त्यस्तै, अन्य आयस्रोत नहुनेहरू, पारिवारिक सहयोग नहुने, श्रीमानको पेन्सन नहुने, आदिलाई प्रतिमहिना नेरु. १५० प्रदान गरिन्थ्यो । तर सन् २००८ देखि ६० वर्ष माथिका सबै एकल महिलाको लागि मासिक भत्ता नेरु. ५०० पुऱ्याइएको छ । त्यस्तै, यो पछिल्लो व्यवस्थाअनुसार विधवा भत्ता प्राप्त गर्ने महिलाहरूको संख्या पनि २,५०,००० बाट ५,००,००० पुग्न गएको छ, त्यस्तै यसको बजेट पनि साढे पाँच गुना वृद्धि भएको छ ।[3]

**अपांगता भत्ता** : यस कार्यक्रमअन्तर्गत् पूरै अशक्त र अपांगहरूलाई नेरु. १,००० प्रतिमहिना प्रदान गरिँदै आएको छ, जबकि आंशिक अशक्तता वा अपांगता भएकाहरूलाई भने प्रतिमहिना रु. ३०० प्रदान गरिँदै आएको छ । यसको लागि नेपाली नागरिक र अपांगताको सूचीमा सूचिकृत हुनु आवश्यक छ ।

आर्थिक वर्ष २००८/०९ देखि राउटे, कुसुण्डालगायत १० लोपोन्मुख जातिहरूको लागि नगद भत्ता प्रदान गरिँदै आएको छ । त्यसमा पनि राउटेको लागि प्रतिमहिना रु. १,००० र अन्य जातिहरूको लागि रु. ५०० निर्धारण गरिएको छ । यसरी लोपोन्मुख समुदायको लागि गरिने यस्तो फरक व्यवहारको लागि खास कुनै स्पष्ट आधार कारण खुल्न सकेको देखिँदैन ।

यसरी सामाजिक सहयोग योजनाको लागि छुट्टयाइएका कुल बजेट चाहिँ आ.व. २००७/०८ सम्ममा कुल ग्राहस्थ उत्पादनको १.७४ प्रतिशत रहन गएको छ । आ.व. २००९/१० को बजेट भाषणअनुसार यो नेरु. २३ अर्ब हुन गएको छ । तर पनि सामाजिक सुरक्षाको लागि छुट्टाइएको कुल बजेट ८ प्रतिशत मध्य ५ प्रतिशत चाहिँ योगदानसहित खर्च रहन गएको छ भने ३ प्रतिशत चाहिँ वृद्ध भत्ता,

[3] सामाजिक सुरक्षा कार्यविधिले उल्लेख गरेअनुसार राष्ट्रिय कोष वा सार्वजनिक संस्थाबाट पेन्सन प्राप्त गर्नेहरूले वृद्धभत्ता पाउने छैनन् । यस अवस्थामा यसलाई विश्वव्यापी मानिदैन पनि ।

एकल महिला भत्ता, र अन्य प्रकारका योगदानरहित सामाजिक सुरक्षा कार्यक्रमहरू पर्दछन् । तर पनि, हालैको युनिसेफ-विश्व खाद्य कार्यक्रमको अध्ययनअनुसार बाल नगद हस्तान्तरण प्रदान गरिएमा तिनीहरूले बालबालिकाहरूलाई नै प्रत्यक्ष फाइदा हुने खर्चहरूमा प्रयोग गर्ने बताए । अध्ययनले देखाएअनुसार ४३ प्रतिशत नगद चाहिँ पूरक खानामा, ३० प्रतिशत चाहिँ बालबालिकाको शिक्षामा खर्च हुँदो रहेछ । अन्य खर्चहरू, जस्तोकि स्वास्थ्योपचारको लागि ११ प्रतिशत, अतिरिक्त खानाको लागि ६ प्रतिशत, कपडामा ७ प्रतिशत, ले पनि बालबालिकालाई सहयोग पुऱ्याउँदो रहेछ ।[4] यस्तो सामाजिक सहयोग कार्यक्रमले समूह वा स्पष्ट लक्षित पद्धति अनुशरण गर्दछन् । यस्तो लक्षित विधिले कार्यान्वयनलाई सहज बनाउँछ । तर पनि यसको 'चुहावट' भने निकै हुन सक्दछ ।

## नेपालमा बालसंरक्षण अनुदान

आर्थिक वर्ष २०६६/६७ बाट प्रारम्भ भई यो कार्यक्रम निरन्तर चालु रहेको छ । कर्णाली अञ्चलका सबै परिवारका ५ वर्ष मुनिका २ जना बालबालिका र अन्य जिल्लाका विपन्न दलित परिवारका ५ वर्ष मुनिका २ जना बालबालिकालाई वार्षिक रु. २०० का दरले यो अनुदान उपलब्ध गराइन्छ ।[5] अनुदान बालबालिकाको आमालाई र आमा नभएको अवस्थामा संरक्षकलाई उपलब्ध गराउने व्यवस्था छ ।[6]

उमेरगत तथ्यांक विश्लेषणले नेपाली बालबालिका असमानरूपमा गरिबीको चपेटामा परेको देखिएको छ । सन् २००३/०४ मा राष्ट्रिय गरिबी ३१ प्रतिशत रहेकोमा बालबालिकाको हकमा यो ३६ प्रतिशत थियो । नेपालका ६९ प्रतिशत बालबालिका सात आधारभूत आवश्यकतामध्ये कम्तीमा एउटाबाट गम्भीर रूपमा वञ्चित रहेका छन् । सबैभन्दा चिन्ताजनक सूचकहरू पोषणयुक्त खानेकुरा र सरसफाइमा देखिएको छ । नेपालमा ५ वर्ष मुनिका बालबालिका (४९ प्रतिशत) मध्ये प्रत्येक दोस्रो बच्चा पोषणयुक्त खानाको अभावमा पुड्का वा उमेरअनुसार कम उचाइका छन् । ब्रिस्टल सूचकले ११ प्रतिशत कुपोषण सबैभन्दा चिन्ताजनक हुने देखाइएको छ ।[7]

बालबालिकाको सही तथ्यांकको अभाव एउटा समस्याको रूपमा रहेको छ । राज्यद्वारा प्रदान गरिने सेवाहरूलाई बालबालिकाको जन्मदर्तासँग आवद्ध गर्न सकिएको

[4] युनिसेफ तथा विश्व खाद्य कार्यक्रम-२००८, काठमाडौं नेपाल ।

[5] बजेट वक्तव्य : २०६६/६७ अर्थमन्त्रालय, नेपाल सरकार ।

[6] बाल अनुदान कार्यविधि २०६६/६७, स्थानीय विकास मन्त्रालय, काठमाडौं ।

[7] बाल गरिबी तथा विभेद, युनिसेफ, राष्ट्रिय योजना आयोग- न्यू एरा २००९, काठमाडौं नेपाल ।



छैन । नाम र राष्ट्रियताको पहिचान प्रत्येक बालबालिकाको पहिलो अधिकार हो । यो अधिकारको संरक्षण गर्न/गराउन अभिभावक र स्थानीय निकायहरूको महत्वपूर्ण भूमिका रहन्छ । बालअधिकारसम्बन्धी महासन्धिको धारा ७ ले 'सबै बालबालिकाको कानुनी रूपमा दर्ता भएको नाम र राष्ट्रियता, आफ्नो अभिभावकको बारेमा थाहा पाउने र सकेसम्म अभिभावकबाट स्याहार पाउने अधिकार हुन्छ' भनी गरेको व्यवस्थालाई आत्मसात गरी नेपाल सरकारले बालसंरक्षण अनुदानलाई बालबालिकाको जन्मदर्तासँग आवद्ध गर्ने प्रयास गरेको छ ।

बालस्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले पोषणमा खर्च गर्ने गरी बाल संरक्षण अनुदानको व्यवस्था गरिएको हो । मानिसको मस्तिष्कको ८० प्रतिशत विकास ३ वर्ष मुनिको उमेरमा हुने भएकाले यस उमेरसमूहका बालबालिकको पोषण सुधारमा सबैको ध्यान जान जरुरी छ । बालअधिकारसम्बन्धी महासन्धि (CRC) र राष्ट्रिय ऐन, कानुन नीतिका आधारमा बालकको सर्वांगीता विकास गर्न सरकारी, गैरसरकारी संस्था, दातृ निकाय, राजनीतिक दलहरू र नागरिक समाजको गहन भूमिका भएकाले राष्ट्रले यस दिशामा थप प्रभावकारिताको अपेक्षा गरेको छ ।

बाल संरक्षण अनुदान कार्यान्वयनका सन्दर्भमा कणली अञ्चलका पाँच जिल्लामा यो कार्यक्रम निकै प्रभावकारी रूपमा लागू भएको छ । कणाली अञ्चलमा बाल अनुदान कार्यान्वयनका लागी युनिसेफ तथा स्थानीय गैरसरकारी संस्थाहरूले सहयोग पुऱ्याउँदै आएका छन् । गत वर्ष कर्णालीका पाँच जिल्लामा ७२८४२ पाँच वर्ष मुनिका बालबालिकाहरूले अनुदान प्राप्त गरे । पाँच वर्ष मुनिका बालबालिकाहरूको जन्मदर्ता झन्डै पाँच गुना वृद्धि भई २०८९६ बाट ८५६२४ पुगेको छ ।[8]

कर्णाली अञ्चल बाहेकका अन्य जिल्लाहरूमा गरिब दलित परिवारका ५ वर्ष मुनिका २ जना बालबालिकालाई पनि आर्थिक वर्ष २०६७/२०६८ देखि बाल अनुदान वितरण गरिएको छ । तथापी गरिब दलित परिवारका ५ वर्ष मुनिका कुल कति बालबालिकाले अनुदान प्राप्त गरे भन्ने तथ्यांक भने उपलब्ध हुन सकेन । बाल अनुदान कार्यन्वयनका सिलसिलामा थुप्रै चुनौतीहरू रहेका छन् । गाविसस्तरमा ५ वर्ष मुनिका बालबालिकाहरूको अध्यावधिक तथ्यांक नहुँदा अनुदान पाउनेको संख्या एकिन गर्न तथा अनुदान वितरण गर्न कठिनाइ रहेको छ । गाविस तहमा सामाजिक सुरक्षाका विभिन्न संयन्त्रहरू प्रभावकारीरूपमा लागू गर्ने एवम् अनदान वितरण गर्ने पर्याप्त क्षमतामा कमी देखिन्छ ।

अन्त्यमा, नेपालजस्तो आर्थिक असमानता सामाजिक वहिस्करण, गरिबी तथा

[8] जिल्ला विकास समितिहरू र स्वास्थ्य सेवा विभागका प्रतिवेदनहरूमा आधारित

द्वन्द्वका असरहरूलाई सम्बोधन गर्न सामाजिक सुरक्षा अत्यन्त प्रभावकारी उपायका रूपमा लिन सकिन्छ । कुपोषण तथा गरिबीको मारमा परेका बालबालीकाहरूको विकासका लागि बाल अनुदान निकै प्रभावकारी देखिएको छ । यसलाई देशभरीका सम्पूर्ण पाँचवर्ष मुनिका बालबालिकासम्म पुऱ्याउन सकेमा बालबालिकाको शारीरिक तथा मानसिक विकासमा प्रत्यक्ष मद्दत पुग्नेछ । बालबालीकामा गरिएको लगानीले तिनलाई सक्षम नागरिकका रूपमा विकास गरी व्यक्तिगत पारिवारिक एवम् देशकै उत्पादकत्वमा सकारात्मक योगदान पुग्नेछ ।

**लेखक परिचय** : विष्णुप्रसाद गौली स्थानीय विकास मन्त्रालयमा उपसचिवका रूपमा कार्यरत छन् । उनी जनसंख्या तथा पन्जीकरण व्यवस्थापन शाखा, जसले सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्दछ, का प्रमुख रहेका छन् ।

# सम्पादकीय नीति

नेपाली भाषामै खँदिला समाजशास्त्री सामग्रीहरू उपलब्ध गराउने र समाजविज्ञानको अध्ययनलाई अगाडि बढाउने उद्देश्यले रूपान्तरण : समाज अध्ययनको प्रकाशन थालिएको हो । यो अर्ध-प्राज्ञिक जर्नल काठमाडौंबाट वर्षमा दुई पटक प्रकाशित हुनेछ । यसमा राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक विषयका अनुसन्धान तथा विश्लेषणमूलक सामग्रीहरू छापिने छ । त्यस्ता सामग्रीहरू अनुसन्धान, विचार लेख, निबन्ध, टिप्पणी, रिपोर्ट, अन्तर्वार्ता वा किताब समीक्षाको रूपमा छापिने छ । अंग्रेजी वा अरू भाषाका उपयोगी लेखहरू पनि नेपालीमा अनुवाद गरी प्रकाशन गर्ने नीति रहेको छ ।

यस जर्नलमा सामान्यतः ३,००० देखि १०,००० शब्दसम्मका लेखहरू समावेश गरिन्छन् । तर विषय र लेखन हेरी त्योभन्दा लामा वा छोटा लेखहरू पनि छाप्न सकिनेछ । जर्नलको लागि पठाइएका सामग्री अन्त कतै प्रकाशित भएको हुनुहुँदैन । सम्पादन समूहले लेखहरू छनोट गर्नेछ । छनोट भएका लेखहरूमाथि सम्बन्धित विषयका ज्ञाता तथा सम्पादकहरूबाट टिप्पणी, सुझाव आएमा लेखकले परिमार्जन गर्नुपर्नेछ । अस्वीकृत लेखहरू फिर्ता गरिने छैन । लेखहरू इमेल वा प्रिन्ट गरेर पठाउन सकिनेछ । लेखसँगै टेवल, नक्सा, चित्र र फोटो समावेश गर्न सकिनेछ । लेख छापिएपछि लेखकलाई दुई प्रति जर्नल उपलब्ध गराइनेछ ।

फुटनोट सम्बन्धित पेजमा राख्नु पर्नेछ । कसैलाई धन्यवाद दिनु परेमा लेखको अन्तमा राख्न सकिनेछ । लेखमा अरूको लिखित शब्द वा अन्तर्वार्ता/कुराकानीलाई राख्नु परेमा ५० शब्दसम्म “डबल इन्भर्टेड कमा” भित्र राख्न सकिनेछ तर त्योभन्दा बढी शब्द भएमा छुट्टै नयाँ अनुच्छेदमा अक्षरको आकार घटाई ‘इन्डेन्ट’ गरेर राख्नु पर्नेछ । किताब वा अन्य कुनै सामग्रीबाट लिखित सामग्री उतार्दा स्रोत स्पष्टसँग खुलाइनु आवश्यक छ अर्थात् लेखकको दोस्रो नाम (थर), वर्ष र पेज नम्बर उल्लेख गरिनु पर्छ । उदाहरणको लागि :

> प्रजातान्त्रिक नागरिक समाजको निर्माणमा दाताहरूले पनि दोहोरो भूमिका खेलिरहेका छन् । दाताहरू आफूले अनुदान दिएकाहरूप्रति मात्र होइन, आफ्नै सहयोगको आन्तरिक स्रोतमाथि पनि उत्तरदायी हुनुपर्छ भन्ने तथ्य जहिले पनि छुट्ने गर्छ । राजदूतावासहरूले असोज १८ को राजाको निर्णयलाई ढाडस दिनु र पाँच दलको प्रजातान्त्रिक विरोधलाई मत्थर गर्न अनुरोध गर्नुले दाताहरू ‘कानुनी राज’ तर्फ कति प्रतिबद्ध छन् भन्ने स्पष्ट भएको छ (तामाङ २०६०: ६) ।

## सन्दर्भ सामग्रीको सूची

लेखको अन्तमा सन्दर्भ सामग्रीको सूची वर्णानुक्रमअनुसार राखिनेछ । यसमा कस्तो शैली अपनाउने भन्ने जानकारीका लागि हरेकको एकएक ओटा उदाहरण तल दिइएको छ । सन्दर्भ सामग्रीको सूचीमा तल दिइएअनुसार ‘पङ्चुएसन’ चिह्न र ‘इटालिक्स’ को प्रयोग गरिन्छ ।

**पुस्तकः** थापा, मञ्जु । २०५७ । *सञ्चारमा नियाल्दा महिला* । काठमाडौंः अस्मिता महिला प्रकाशन गृह ।

**सम्पादित पुस्तकः** थापा, दीपक सं. । सन् २००३ । *अण्डरस्ट्याण्डिङ द माओइस्ट मुभमेन्ट अफ नेपाल* । काठमाडौंः मार्टिन चौतारी/सेन्टर फर सोसल रिसर्च एण्ड डेभलपमेण्ट ।

**सम्पादित पुस्तकको लेखः** गौतम, भास्कर । २०६० । टीठलाग्दो छ छापामा गरिबीको लेखन । *मिडियाको चिरफारः केही सामाजिक सन्दर्भ* । प्रत्यूष वन्त र रमेश पराजुली, सं., पृं.१११-१५२ । काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

**एक जनाले लेखेको पुस्तकको निबन्ध वा रिपोर्टः** न्यौपाने, गोविन्द । सन् २००१ । अर्थ-राजनीतिक परिवेश र अग्रगमनको सम्भावना । *नेपाली समाजको रूपान्तरणः पृष्ठभूमि, परिवेश र व्यूहरचना*, पृ. १३३-१३७ । काठमाडौंः सेन्टर फर डेभलपमेन्ट स्टडिज ।

**जर्नलको लेखः** मास्के, महेश । सन् १९९८ । जनआन्दोलनमा चिकित्सकहरूः स्मृतिमा कोरिएको एउटा आन्दोलन-कथा । *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* ३(१): १२७-१७९ ।

**एकभन्दा धेरै लेखकः** थापा, मञ्जु र अञ्जु क्षेत्री । २०४९ । महिला र सञ्चारः विश्वव्यापी सरोकार । *पत्रकारितामा महिला प्रश्न* । अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था, सं., पृ. १४८-१७८ । काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट ।

**सेमिनारमा प्रस्तुत कार्यपत्रः** महर्जन, पञ्चनारायण । सन् २००१ । नेपालमा माओवादी जनयुद्ध । ‘नेपालको प्रजातान्त्रिक आन्दोलनमा द्वन्द्व व्यवस्थापनका रणनीतिहरू’ विषयक सेमिनारमा प्रस्तुत कार्यपत्र, ५ अक्टुबर ।

**अप्रकाशित सामग्रीः** दर्नाल, सुभाष कुमार । २०६० । दलित आन्दोलन र आरक्षणको राजनीति । अप्रकाशित निबन्ध ।

**म्यागेजिन वा पत्रिकाको लेख, समाचार र विज्ञापन/सूचना (क्रमशः):**

तामाङ, सेरा । २०६० । नेपाली नागरिक समाजमाथि पुनर्विचार । *कान्तिपुर*, २८ कात्तिक, पृ. ६ ।

राजधानी । २०६० । माओवादीले भौतिक संरचनामाथि आक्रमण नगर्ने (समाचार) । ५ कात्तिक, पृ. १ ।

हिमाल । २०६० । शान्ति र द्वन्द्व व्यवस्थापनसम्बन्धी पत्रकारिता तालिम (विज्ञापन) । १-१६ कात्तिक, पृ. ४५ ।

**इन्टरनेटमा प्रकाशित लेखः** Kumar, kanchan, 2003, Mixed Signal: A History of Radio Broadcasting Policy in India. Available at htt://mail.sarai.net/pipemail/cr-india/2003-june/002416.html website. Accessed on 9 January 2006.